# DIRECTORATE OF DISTANCE EDUCATON

# UNIVERSITY OF NORTH BENGAL

## MASTER OF ARTS - NEPALI

## SEMESTER-IV

## कृति र कृतिकार विशेष अध्ययन

## NEP(DE)-PG-C-405

# BLOCK-2

**UNIVERSITY OF NORTH BENGAL**

Postal Address:

The Registrar,

University of North Bengal,

Raja Rammohunpur,

P.O.-N.B.U.,Dist-Darjeeling,

West Bengal, Pin-734013,

India.

Phone: ( O ) +91 0353-2776331/2699008

Fax:( 0353 ) 2776313, 2699001

Email: regnbu@sancharnet.in ; regnbu@nbu.ac.in

Wesbsite: www.nbu.ac.in

First Published in 2019

All rights reserved. No Part of this book may be reproduced or transmitted,in any form or by any means, without permission in writing from University of North Bengal. Any person who does any unauthorised act in relation to this book may be liable to criminal prosecution and civil claims for damages. This book is meant for educational and learning purpose. The authors of the book has/have taken all reasonable care to ensure that the contents of the book do not violate any existing copyright or other intellectual property rights of any person in any manner whatsoever. In the even the Authors has/ have been unable to track any source and if any copyright has been inadvertently infringed, please notify the publisher in writing for corrective action.infringed, please notify the publisher in writing for corrective action.

# FOREWORD

The Self-Learning Material (SLM) is written with the aim of providing simple and organized study content to all the learners. The SLMs are prepared on the framework of being mutually cohesive, internally consistent and structured as per the university's syllabi. It is a humble attempt to give glimpses of the various approaches and dimensions to the topic of study and to kindle the learner's interest to the subject

We have tried to put together information from various sources into this book that has been written in an engaging style with interesting and relevant examples. It introduces you to the insights of subject concepts and theories and presents them in a way that is easy to understand and comprehend.

We always believe in continuous improvement and would periodically update the content in the very interest of the learners. It may be added that despite enormous efforts and coordination, there is every possibility for some omission or inadequacy in few areas or topics, which would definitely be rectified in future.

We hope you enjoy learning from this book and the experience truly enrich your learning and help you to advance in your career and future endeavours.

# कृति र कृतिकार विशेष अध्ययन

## BLOCK-1


एकाइ – 1, नेपाली साहित्यका अमर साहित्यकार अगमसिंह गिरीका कृतिबारे विशेष अध्ययन

एकाइ – 2, अगमसिंह गिरीको जीवन र दर्शन

एकाइ – 3, अगमसिंह गिरीको कृतिमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनता

एकाइ – 4, अगमसिंह गिरीको विशेष साहित्यिक योगदान

एकाइ – 5, अगमसिंग गिरीका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषता

एकाइ – 6, नेपाली साहित्यका अमर साहित्यकार हरिभक्त कटुवालका कृतिबारे विशेष अध्ययन

एकाइ – 7, हरिभक्त कटुवालको जीवन र दर्शन


## BLOCK-2


एकाइ **– 8,** हरिभक्त कटुवालको कृतिमा निहित सामाजिक**,** सांस्कृतिक**,** मानवीय मूल्य अनि सार्वजनीनता**........................................................................ 7**

एकाइ – 9**,** हरिभक्त कटुवालको विशेष साहित्यिक योगदान**....................... 29**

एकाइ **– 10,** हरिभक्त कटुवालका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषता **.................................................................................................... 59**

एकाइ – 11**,** नेपाली साहित्यका अमर साहित्यकार भूपि शेरचनका कृतिबारे विशेष अध्ययन**.......................................................................... 87**

एकाइ **– 12,** भूपि शेपचनको जीवन र दर्शन **.......................................... 115**

एकाइ – 13**,** भूपि शेरचनको कृतिमा निहित सामाजिक**,** सांस्कृतिक**,** मानवीय मूल्य अनि सार्वजनीनता**.................................................................. 148**

एकाइ – 14**,** भूपि शेरचनको विशेष साहित्यिक योगदान र उनका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषता**...................................................... 181**

# BLOCK-2 कृति र कृतिकार विशेष अध्ययन

यस **कृति र कृतिकार**अन्तर्गत रहेको यस प्रभाग - 1 लाई हामी यसरी अध्ययन गर्न सक्छौं –

**एकाइ – 8, हरिभक्त कटुवालको कृतिमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनता** यस एकाइमा हरिभक्त कटुवालबारे विषद रूपमा सर्वेक्षणात्मक अध्ययन गरिने छ । यस अध्ययन गनार्थ हरिभक्त कटुवालको साहित्यिक परिचयलाई केलाउँदै हरिभक्त कटुवालका साहित्यिक कृतिहरू आदिको अध्ययन गरिने छ । यस अतिरिक्त हरिभक्त कटुवालको कृतिमा निहित सामाजिक मूल्य, सांस्कृतिक मूल्य, मानवीय मूल्य र सार्वजनीनता आदिबारे पनि एकाइमा अध्ययन – विश्लेषण गरिने छ ।

**एकाइ – 9, हरिभक्त कटुवालको विशेष साहित्यिक योगदान** यस एकाइमा हरिभक्त कटुवालको विशेष साहित्यिक योगदानबारे विस्तृत रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ हरिभक्त कटुवालको साहित्यिक परिचय दिएर हरिभक्त कटुवालको साहित्यिक यात्राबारे पनि अध्ययन विश्लेषण यस एकाइमा गरिने छ । यसका अतिरिक्त हरिभक्त कटुवालको साहित्यिक योगदान अन्तर्गत उनलाई कविको रूपमा, गीतकारको रूपमा, कथाकारको रूपमा, नाटककारको रूपमा, सम्पादकको रूपमा पनि यस एकाइमा अध्ययन गरिने छ।

**एकाइ – 10, हरिभक्त कटुवालका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषता** यस एकाइमा हरिभक्त कटुवालका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषताबारे विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गर्दा विशेष हरिभक्त कटुवालको सामान्य परिचय दिएर हरिभक्त कटुवालका रचनाहरूको अध्ययन यस एकाइमा गरिने छ । यसका अतिरिक्त हरिभक्त कटुवालका रचनाहरूको संरचना पाइने विशेषता र हरिभक्त कटुवालका रचनाहरूको शैलीमा पाइने विशेषता आदिको पनि यस एकाइमा चर्चा गरिएको छ ।

**एकाइ – 11, नेपाली साहित्यका अमर साहित्यकार भूपि शेरचनका कृतिबारे विशेष अध्ययन** यस एकाइमा कवि भूपि शेरचनलाई विशेष अध्ययन गरिने छ । यस अध्ययन गनार्थ भूपि शेरचनको साहित्यिक परिचयलाई केलाउँदै भूपि शेरचनका साहित्यिक कृतिहरूबारे अध्ययन यस विश्लेषण – नभएर मात्र यति । छ गरिने एकाइमा **नयाँ झ्याउरे** कविता सङ्ग्रह, **निर्झर** कविता सङ्ग्रह, **घुम्ने मेचमाथि अन्धो मान्छे** कविता सङ्ग्रह आदिको पनि यस एकाइमा अध्ययन गरिएको छ ।

**एकाइ – 12, भूपि शेरचनको जीवन र दर्शन** यस एकाइमा भूपि शेरचनको जीवन र दर्शनबारे विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ भूपि शेरचनको साहित्यिक परिचय दिएर भूपि शेरचनको जीवनको अध्ययन अतिरिक्त यसका । छ गरिने एकाइमा यस विश्लेषण – भूपि

शेरचनको साहित्यिक परिचयमा उनको जन्म तथा मृत्यु, परिवार, शिक्षा – दिक्षा, पेशा, सेवा तथा संलग्नता, सम्मान तथा पुरस्कार साथै भूपि शेरचनको कृतिगत दर्शन आदिको पनि यस एकाइमा अध्ययन गरिएको छ ।

**एकाइ – 13, भूपि शेरचनको कृतिमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनता** यस एकाइमा भूपि शेरचनको कृतिमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनताबारे विशेष रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ भूपि शेरचनको साहित्यिक परिचय दिँदै उनका साहित्यिक कृतिहरूमा निहित विभिन्न पक्षबारे अध्ययन – एकाइमा यस विश्लेषण गरिने छ । यसका अतिरिक्त प्रस्तुत एकाइमा भूपि शेरचनको कृतिमा निहित सामाजिक मूल्य, सांस्कृतिक मूल्य, मानवीय मूल्य र सार्वजनीनता आदिबारे पनि विस्तृत रूपमा अध्ययन गरिने छ ।

**एकाइ – 14, भूपि शेरचनको विशेष साहित्यिक योगदान र उनका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषता** यस एकाइमा भूपि शेरचनको विशेष साहित्यिक योगदान र उनका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषताबारे विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ भूपि शेरचनको साहित्यिक यात्राको अध्ययन गर्दै उनका साहित्यिक योगदानबारे अध्ययन यस एकाइमा गरिने छ । यसका अतिरिक्त कवि भूपि शेरचनलाई कविको रूपमा, गीतकारको रूपमा, नाटककारको रूपमा र अन्य व्यक्तित्वको रूपमा अध्ययन गरिने छ । यस बाहेक प्रस्तुत एकाइमा कवि भूपि शेरचनका रचनाहरूको संरचना पाइने विशेषता र शैलीमा पाइने विशेषता आदिको पनि अध्ययन गरिने छ ।

# एकाइ – 8, हरिभक्त कटुवालको कृतिमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनता

**संरचना**

8.0 उद्देश्य

8.1 परिचय

8.2 हरिभक्त कटुवालको सामान्य परिचय

8.3 हरिभक्त कटुवालको कृतिहरू

8.4 हरिभक्त कटुवालको कृतिमा निहित सामाजिक मूल्य

8.5 हरिभक्त कटुवालको कृतिमा निहित सांस्कृतिक मूल्य

8.6 हरिभक्त कटुवालको कृतिमा निहित मानवीय मूल्य

8.7 हरिभक्त कटुवालको कृतिमा निहित सार्वजनीनता

8.8 उपसंहार

8.9 सार

8.10 अनुशीलनी

8.11 अतिरिक्त अध्ययन

8.12 मूल्यबृद्धिको निम्ति उत्तर

## 8.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- हरिभक्त कटुवालको साहित्यिक परिचय
- हरिभक्त कटुवालको कृतिहरू
- हरिभक्त कटुवालको कृतिमा निहित सामाजिक मूल्य
- हरिभक्त कटुवालको कृतिमा निहित सांस्कृतिक मूल्य

- हरिभक्त कटुवालको कृतिमा निहित मानवीय मूल्य
- हरिभक्त कटुवालको कृतिमा निहित सार्वजनीनता

## 8.1 परिचय

**हरिभक्त कटुवाल** एक प्रसिद्ध साहित्यकार तथा गीतकार हुन्। हरिभक्त कटुवालको जन्म 1935, जुलाई 2 (विस 1992 असार 18 गते) असम राज्यमा वीरबहादुर कटुवाल र विष्णुमाया कटुवालको छोरोको रूपमा भएको थियो। हरिभक्त कटुवाल नेपाली साहित्य जगतका एक मूर्धन्य कवि तथा गीतकार हुन् । वि. सं. 1992 साल असार 18 गते भारतको आसाममा जन्मिएका उनी तीसको दशकका चर्चित कवि तथा गीतकार हुन् । उनको बुबाको नाम वीरबहादुर कटुवाल र आमाको नाम विष्णुमाया कटुवाल हो । वि. ए. सम्म अध्ययन गरेका उनको वास्तविक नाम हुमबहादुर कटुवाल हो ।

कटुवालमा वाड्मयको बहुआयमिक प्रतिभा थियो । कवि हरिभक्त कटुवालके **सम्झना** (वि. सं. 2016), **भित्रि मान्छे बोल्न खोज्छ** (वि. सं. 2018), **यो जिन्दगी खै के जिन्दगी ?** (वि. सं. 2029), **बदनाम मेरा यी आँखाहरू** (वि. सं. 2044) आदि कविता सङ्ग्रह, **सुधा** (वि. सं. 2021) खण्डकाव्य, **ऐतिहासिक** (वि. सं. 2020), **स्पष्टीकरण** (वि. सं. 2030) कथा सङ्ग्रह, **म मरेको छैन** एकाङ्की सङ्ग्रह साथै **पूर्व किरण** (वि. सं. 2021) सम्पादन तथा **चरित्रपाठ ब्याकरण, शिशुबोध ब्याकरण** आदि अनुवाद पनि प्रकाशित छन् ।

## 8.2 हरिभक्त कटुवालको सामान्य परिचय

हरिभक्त कटुवाल नेपालबाट असम फर्के पछि 10 सेप्टेम्बर 1979 (वि. सं. 2037 भदौ 25 गते) 45 बर्षको उमेरमा अल्सरको कारणबाट मृत्यु भयो । हरिभक्त कटुवाल अब छैनन् , उनी बाँचेका भए यो वर्ष 80 का हुन्थे। आँग्लाहरू यस घडीलाई अक्टोजेरियन भन्छन्। उनी अक्टोजेरियनमा हुँदा गाली खाँदै हुन्थे कि ताली, त्योचाहिँ अनुमान गर्न गाह्रो छ। 42 वर्ष दुई महिनाको जिन्दगी बाँचेर उनी खुदा हाफिज भए। अहिले बाँचेका स्रष्टाको तुलनामा उनले आधा जीवन पाएका थिए तर ख्याति र चर्चा त्यत्तिकै दोब्बर।

कटुवाल जन्मेको डेढ़ वर्षमा ब्रह्मपुत्रमा आएको बाढीले उनको घरै भत्काइदियो। त्यसपछि कटुवालको परिवार घरबिहीन बन्यो। घरबिहीन बनेर कटुवाल परिवार

यताउति भौंतारिरिहिड्यो। त्यतिमात्र होइन, त्यो घरमा सँधैभरि आर्थिक हाहाकारको बादल मड़ारिरह्यो। विवश थिए बीरबहादुर कटुवाल। आफ्नो श्रीमती र छोरा हरिभक्त कटुवाललाई बिरालुले बच्चा सारेजस्तो कहिले यता, कहिले उता सारिहिँड़े बीरबहादुरले। तर, यो सायदै दैवको परीक्षा थियो, तिनीहरू जतासुकै गए पनि आर्थिक अभावको बादल तिनीहरूमाथिनै मड़ारिरह्यो। त्यतिखेरदेखिको त्यो अवस्था पछिसम्मै रहिरह्यो। आर्थिक अभावको खाड़ल झन् ठूलो, झन् ठूलो हुँदै गइरह्यो, घटेन, सानो भएन। यद्यपि, बीरबहादुर कटुवालले छोरालाई अक्षर चिन्हाउनुपर्छ भन्ने कुरा बिर्सेनन्। यस्तो स्थितिमा पनि तिनले छोरालाई स्थानीय स्कूलमै भए पनि पढ्न पठाए।

कटुवालले स्थानीय स्कूलमै क, ख पढ़े। असमियाभाषामै स्कूले शिक्षा ग्रहण गरे। जसोतसो कक्षा 10 को बोर्ड परीक्षा उत्तीर्ण गरे। त्यसपछि पनि उनले उच्चतर माध्यमिक पढ्न चाहेका थिए, तर पार लगाउन सकेनन्। किनभने उनले उच्चतर माध्यमिक पढ्दापढ्दै डिगबोईको नेपाली स्कूलमा पढ़ाउन थाले। त्यो उनको वाध्यता नै थियो। स्कूल नपढ़ाएर पनि घरको भारमा काँध थाप्नुपर्ने स्थिति थियो र भनौंनै भने त यो उनको निम्ति एउटा अवसर थियो। तिनले अवसर आत्मसात गरे। त्यो स्कूलमा उनी चित्र अनि खेलकूदको गुरू थिए। त्यसैबेला उनले आफ्ना विद्यार्थीलाई नृत्य र सङ्गीत पनि पढ़ाए। बड़ो गर्वको कुरा, उनले त्यहाँ सोरठी नृत्यको पनि प्रचलन गराए। उनैका कारणले त्यो ठाँउमा सोरठी नृत्यले पनि लोकप्रियता हासिल गरेको थियो। डिगबोईको विष्णुमन्दिर समितिमा उनले पढाएका विद्यार्थीहरूले पछि नृत्य र गायनमा ख्याति कमाएका थिए। यसको एउटा अलग्गै अध्याय छ। उनले जेसुकै गरे पनि उनको प्रतिभा स्फूरण हुनमा कसै, केहीले रोकेन। कटुवालमा वाङ्मयको बहुआयमिक प्रतिभा थियो। त्यसताकको कालखण्डमा उनले त्यहाँ साहित्य लेखन अनि मूर्त र अमूर्त चित्रकलामा ख्याति आर्जन गरे। उनैले डिगबोईमा नेपाली भाषामा आधारित नाटक र एकाङ्की नाटक खेल्ने र खेलाउने प्रथाका जग पनि खनेका थिए। उनको कलम सबै विधामा बराबर चलेको छ, यसले तिनलाई बहुआयामिक साहित्यकार बनाइदिएको छ भन्दा अत्युक्ति नहोला। कटुवालले असमकै सनकसिंह ठकुरी र माया ठकुरीकी छोरी जयकुमारीसँग बिहे गरे। यी दम्पतिबाट तीन छोरी र एक छोरा जन्मे। त्यसपछि स्वास्नी, छोराछोरी हुर्काउन, पाल्न यिनी क्रियाशील भए।

कटुवालको एउटा नराम्रो बानी थियो, त्यसैले तिनी जता गए पनि अन्ततः हारेरै फर्कन्थे। त्यसैले हो तिनको स्कूलको जागिर पनि गयो। एकचोटि तिनी हेल्थ इन्सपेक्टर भए, तर त्यो जागिर पनि गयो। यहाँसम्म कि, केही सीप नचलेर तिनले एकचोटि सब्जी पसल पनि थापे। तर अन्तमा, यसमा पनि तिनी टिकेनन्। तिनको यही नटिक्ने बानी अथवा चञ्चले स्वाभावले गर्दा तिनको यो स्थिति भएको थियो। निक्कै क्रियाशील भएर तिनले सब्जीको व्यापार गरेका हुन्। सब्जी ब्यापार गर्दा तिनी मिर्मिरेदेखि रातिसम्म सब्जीमण्डीमानै पलैंटी कसेर बस्थे। तरकारी व्यापारमा पनि उनी टिकिरहन सकेनन् र अर्को व्यवसायको खोजिमा लागे। परिणामस्वरूप उनले परदेशी होटल खोले। उनको होटलमा पनि उधारो भात खानेको जनसंख्या बढ्न थाल्यो। अनि होटल सुकेनासझैं गल्न थालेपछि उनले त्यस ठाँउबाट पनि आँसुले हात धोए। यतिहुँदाहुँदै पनि उनी साहित्य र संस्कृति गतिविधिमा लागि बस्थे। कटुवालले आफ्नै बुताले साँस्कृतिक कार्यक्रम र साहित्यिक गोष्ठीहरूको आयोजना गरिरहन्थे। उनको हरेक सास फेराईमा वाड्मय हुन्थ्यो। त्यसैले उनको भोकतीर्खै वाड्मयमा नै समर्पित थिए। त्यसैबेला उनैको सम्पादनमा मूक्ति र हिमालय साहित्यिक पत्रिका प्रकाशित भए। त्यसबेला उनी नेपाली साहित्य, सङ्गीत र पत्रकारिताका क्षेत्रमा सुप्रसिद्ध भइसकेका थिए। त्यही रौनकले उनको सर्वत्र चर्चा र परिचर्चा पनि हुन थालेको थियो।

दार्जीलिङका प्रतिभाहरू नेपाल भासिएझौं हरिभक्त पनि नेपाल भित्रिए। विस 2024 -मा नेपालमा राष्ट्रव्यापी साहित्य सम्मेलन भएको थियो। त्यस सम्मेलनमा असमबाट हरिभक्त कटुवालले भाग लिएका थिए। त्यतिबेला केदारमान व्यथितले उनलाई काठमाडौं आउने निम्ता दिएका थिए। 2026 सालमा उनी असमबाट काठमाडौं गए। काठमाडौंमा प्रवेशसँगसँगै कटुवालले काम पनि पाए। त्यसबेला उनलाई व्यथितको पहलमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको मुखपत्र प्रज्ञाको प्रबन्ध सम्पादकमा भर्ना गरियो। त्यही समयमा उनी सिद्धिचरण श्रेष्ठ, माधव घिमिरे, विजय मल्ल, ईश्वरवल्लभ, भूपी शेरचन, उत्तम कुँवर र अम्बर गुरुडका सम्पर्कमा पनि पुगे। केदारमान व्यथितले स्थापना गरेको नेपाली साहित्य संस्थानमा पनि कटुवाललाई सचिव बनाइएको थियो। अनि त्यस ठाँउमा साहित्यिक व्यक्तिहरूसँग कटुवाल रक्सी खाई बस्थे। त्यतिबेला उनीसँग साँगी लाग्न घरीघरी भूपी शेरचन र ईश्वरवल्लभ पनि पुग्नेगर्थे। रक्सी खाएका बेला कटुवाल निहुँमात्रै खोज्थे। त्यसैले बिजुली खाएका बेला उनका छेउ स्रष्टाहरू

प्रायः जान मान्दैन थिए। रत्नशमशेर थापाका अनुसार रक्सी खाएर मातेका बेला एकपटक कटुवालले भूपी शेरचनको लुगानै च्यातिदिएका थिए।

धेरै ठेस लागेपछि कटुवालले जीवन बुझ्दै गए। उनको जीवनको विशेषता हो, उनी इमान्दार थिए। जस्तै कठोर जरीमाना भोग्नु परे पनि उनी असत्य बोल्दैन थिए। यस्तो राम्रो मान्छे पनि जिन्दगीमा सफलता नपाएर रक्सीमा डुब्नथाले। तर त्यही रक्सीले उनलाई डुबाइदियो। 20 वर्षको उमेरदेखि कटुवालले आफ्ना रचना पत्रपत्रिकामा छपाउन थालेका हुन्। लेख्तालेख्तै यिनले काठमाडौं जाँदा एउटा गीतसङ्ग्रह, एउटा कविता सङ्ग्रह र एउटा खण्डकाव्य लिएर गएका थिए। काठमाडौं गएपछि उनले 'यो जिन्दगी खै के जिन्दगी' प्रकाशनमा ल्याए। त्यसै कवितासङ्ग्रहले यिनलाई चर्चाको शिखरमा पुऱ्यायो। त्यसपछि उनले कथासङ्ग्रह 'स्पष्टिकरण' प्रकाशित गरे। अनि उनको शेषपछि भीमकान्त उपाध्यायको सङ्कलन र सम्पादनमा 'बदनाम मेरा यी आँखाहरू' प्रकाशनमा आयो। त्यस कृतिमा पनि उनका कलजयी गीतिकविता सङ्ग्रहित भए। उनका धेरै कविताहरू गीत बनेका छन्, कर्णप्रिय।

## 8.3 हरिभक्त कटुवालको कृतिहरू

कवि हरिभक्त कटुवालको साहित्यिक कृतिहरूमा **सम्झना** (वि. सं. 2016), **भित्रि मान्छे बोल्न खोज्छ** (वि. सं. 2018), **यो जिन्दगी खै के जिन्दगी ?** (2029), **बदनाम मेरा यी आँखाहरू** (वि. सं. 2044) आदि कविता सङ्ग्रह, **सुधा** (वि. सं. 2021) खण्डकाव्य, **ऐतिहासिक** (वि. सं. 2020), **स्पष्टीकरण** (वि. सं. 2030) कथा सङ्ग्रह, **म मरेको छैन** एकाङ्की सङ्ग्रह साथै **पूर्व किरण** (वि. सं. 2021) सम्पादन तथा **चरित्रपाठ ब्याकरण, शिशुबोध ब्याकरण** आदि अनुवाद पनि प्रकाशित छन् ।

प्रकाशित कृतिहरू -

**कविता/गीतसंग्रह** :- सम्झना (वि. सं. 2016), भित्रि मान्छे बोल्न खोज्छ (वि. सं. 2018), यो जिन्दगी खै के जिन्दगी ? (वि. सं. 2029) र बदनाम मेरा आँखाहरु (वि. सं. 2044)

**खण्डकाव्य** :- सुधा (वि. सं. 2021)

**कथासंग्रह** :- ऐतिहासिक (सह- वि. सं. 2020), स्पष्टीकरण (वि. सं. 2030)

**एकांकीसंग्रह** :- म मरेको छैन

**सम्पादन** :- पूर्व किरण (वि. सं. 2021)

**अनुबाद** :- चरित्रपाठ ब्याकरण, शिशुबोध ब्याकरण

## 8.4 हरिभक्त कटुवालको कृतिमा निहित सामाजिक मूल्य

कवि हरिभक्त कटुवालका कृतिहरू प्राय: नेपाली समाज, जीवन र लोक परिवेशमा आधारित पाइन्छ । मूल रूपमा उनको जीवनका सम्पूर्ण भाग नेपाली जाति र समाजको निम्ति बितेको पाइन्छ । तर यस्ता कवि कटुवाललाई कहिले नेपाली जाति र समाजले चिन्न सकेन । कवि कटुवाल आसामका तारा थिए, उनकै पछि लागेर अन्य पर्वाञ्चलका साहित्यकारहरू पनि नेपाली आकाशमा उदाएका छन् , नेपाली संसारमा चिनिएका - चर्चामा आएका हुन् ।

आफ्नो जीवनकालमा अम्बर गुरुङको संगीतमा अञ्जु देवीले गाएको गीत बीसको दशकमा रेकर्ड भएको थियो रेडियो नेपालमा । यो समय भूपेन हजारिका पनि काठमाडौंमै अमूर्त कलाको अध्ययन गर्ने क्रममा कीर्तिपुर र भक्तपुरतिर थिए भने यही समय पुर्खाको हड्डी खुड्डी खोज्दै हरिभक्त कटुवाल पनि नेपाल आएका थिए । पछि भूपेन भारत फर्के । अञ्जु देवी पनि फर्किइन् तर हरिभक्त भने यतै नेपालमा बसे । मूलत: त्यससमय आसाम विशाल भारतमा एक प्रान्तका रूपमा विस्तीर्ण भइसकेको थियो, अखोम् देशको अहम् त्यागेर। इतिहास छिटपुटमा रूपमा कतै नमिले पनि हरिभक्तसित मेल खान्छ। हरिभक्तको समस्या के थियो भने उनी यता बसेर पनि यताका हुन सकेनन्, उता गएर पनि उताका हुन सकेनन्।

हरिभक्तको आउनेजाने क्रम चलिरह्यो। न उनी यताका भए, न उताका। आसामका प्राय: स्रष्टा, कलाकार वा नेताको यो समस्या अहिले पनि छ, देश नहुनुको पीडा। हरिभक्तको यो पीडा जगजाहेर थियो तर हरिभक्तको अर्को पीडा त झन् उजागर भयो यहाँ आएपछि, अपारिवारिक हुनुको पीडा। उनकी पत्नी र उनका भाइपरिवार पनि उनीसित खुसी थिएनन् भन्ने बुझियो। हरिभक्त जीवनको अन्त बेलासम्म यहीँ बसे, पछि स्वास्थ्योपचार गराउँछु भनेर जन्मभूमि फर्के र त्यहीँ प्राण त्यागे 2037 साल भदौ 25 मा। उनी बित्दा नेपालमा भर्खरै बहुदललाई

हराएर निर्दलीय व्यवस्थाले जनमत पाएको थियो र उनले अन्तिम रचना पनि त्यहीबारेमा लेखेका थिए,

**'बहुदलको हार**
**हाम्रो हार हो।'**

यो उनको रचना उनकै हस्तलिपिमा 'आकुञ्चन' - को आवरणमा छापिएको थियो। उनको यो रचनामा नेपालप्रेम थियो किनकि उनी नेपालका अरू कवि जस्तै भएर क्रान्तिमा उत्रेका थिए, सडक कविता क्रान्तिमा। प्रायः यो संस्कार दार्जिलिङ, आसाम, देहरादुनबाट आएका लेखक कलाकारमा पाइँदैन। ती नेपालमा केही उथलपुथल भयो भने हाम्रो भारत भन्दै जन्मस्थान फर्किहाल्छन् तर हरिभक्तले एक स्रष्टा भएर त्यो अर्थमा नेपालप्रति बेइमानी गरेनन्। उनी नेपाली युवाको भविष्यप्रति चिन्तित थिए नै। त्यति बेला नै उनले भोलिको नेपाल सम्झेर लेखेका थिए,

**ती जो बिहानै काखीमा**
**पुस्तकको ठेली च्यापेर**
**हूलका हूल निस्किरहेछन्**
**गल्लीगल्लीबाट**
**तिनलाई बाटो छोडिदेऊ**
**ती लहरजस्तै उर्लेर आइरहेछन्...**

वि. सं. 2046 साल वा 62/63 को आन्दोलनमा कुनै दार्जिलिङ, कालिम्पोङ, आसमबाट आएर नेपाली भएर बसेका कुनै सिनेकर्मी, संगीतकर्मी, साहित्यकर्मी वा रंगकर्मी मैदानमा देखिएनन्; मानौं यो उनलाई पालनपोषण गर्ने देश नै होइन। बरु ती नेपाली नागरिकतामा अमेरिका पलायन हुन तयार भए तर नेपाली र नेपालको स्वप्न निर्माणको लहरमा एक दिन उभिएनन्। वा त्यस आन्दोलनको पंक्तिमा एक दिन धर्नामा आएनन्। यस कुरामा यी र यस्ता प्रवृत्तिका सबैलाई दनक दिएर गए, कटुवालले। कटुवाल यस अर्थमा तीभन्दा एककदम अगाडि। र, सधैं एक कदम अगाडि नै रहे। हरिभक्त कटुवाल बित्दा यो राष्ट्र आधा शोकमा थियो, जनमतसंग्रहमा धाँधली भएर जनमतको पराजय भएकोमा। कटुवालको शोकमा कसैले आँसु बगाउन पाएनन् तर रेडियो नेपालले उनी बितेको दिनभरि उनका तीनचार गीत बजाइरह्यो,

**बतासले झारेका फूलहरू सँगालेर राखे है...**
**पोखिएर घामको झुल्काभरि सँघारमै...**

**मेरो यो गीतमा जो मूर्च्छना छ त्यो तिमी होइनौ...**

**तिमी फूलहरूमा किन हाँसिरह्यौ... आदि आदि।**

स्मरणीय रहोस्, यति बेलासम्म उनको अर्को गीत मलाई नसोध कहाँ दुख्छ घाउ म जे छु ठीकै छु, रेकर्ड भएको थिएन। हरिभक्तलाई त्यति बेलाका युवाकवि लेखकले भावभिनी भएर सम्झे, रोए पनि। उनको समयमा लेखनमा देखिएका युवाकवि लेखक जीवन आचार्य, दिनेश सत्याल, दिनेश अधिकारी, अशेष मल्ल, गगन विरही, किशोर पहाडी, कणाद महर्षि निकै भावुक भए। पोखराबाट उनको सम्झनामा कटुवाल विशेषांक पनि निकाले पोखरेली सर्जकले। त्यो पोखराको गुण नै मान्नुपर्छ कटुवालप्रति। कटुवाललाई नजिकबाट देखेर चिन्ने मान्छे कम थिए, त्यसमध्ये पंक्तिकार स्वयं पनि एक हुनुको अपराध स्वीकार्छ। कटुवाललाई नचिनेर पनि चिनेको बहानामा तथानाम लेख्ने कति थिए, त्यस्ताप्रति पंक्तिकारको सदैव आपत्ति छ। अहिलेका नाम चलेका एकजना पत्रकारले भानु मासिकको कटुवाल विशेषांकमा यस्तो लेखेको पनि पाइयो, '41, 42 सालतिर कटुवाल बिहानै मेरो घर आइरहन्थे धोबी धारामा।'

कटुवाल मरिसकेपछि पनि उनको घर आएको कुरा उनी कसरी लेख्न सक्थे, कसैले नारायण गोपाल बितेको एक वर्षपछि कुनै लेखकको बिहेमा आएको कुराजस्तो। नारायण गोपाल र हरिभक्त कटुवाल यस्ता कटु मधु स्मरणमा हरेक नेपालीको जीवनमा जोडिइरहन्छन् विश्वास भए पनि नभए पनि। लेख्नेलाई एक किसिमको तातो आनन्द आइरहँदो हो। हिन्दुस्तानमा गालिबले यस्तै जीवन बाँचे, भए नभएको, भ्रमको, मायावी जालोको। यस्तो सौभाग्य (भनौं वा दुर्भाग्य?) हामीकहाँ कटुवाल र नारायण गोपालले धेरैधेरै नै पाए। नारायण गोपाल र कटुवालले आफ्नो जीवनमा गालिबन भएर बाँच्ने प्रशस्त मौका पाए। असन, कमलाछी, भोटाहिटी, मासाँगल्ली, रञ्जनाको गल्ली, ढोकाटोल... यी सारा बाटो कटुवालले कहिले नारायण गोपालसित, कहिले भूपिसित, कहिले ईश्वरवल्लभसित, कहिले बलराम थापासित बिताएका थिए। कटुवाल र नारायण गोपाल एकअर्कालाई सम्बोधन गर्दा कट्टुवाल र पाइन्टवाल भन्थे। जीवन ठट्टामा बिताए पनि दुवैले गीतमा गाम्भीर्य भाव पछिसम्मै कायम राखे।

नारायण गोपाल फुटबलका फ्यान थिए, कटुवाल क्रिकेटका। कटुवाल गुरुदत्त हेर्थे पर्दामा, नारायण गोपाल - दिलीप कुमार। नारायण गोपालका सबै गीतमा कटुवाल जिउँदा छन्। कटुवालले कविता, कथा, गीतबाहेक नाटक पनि लेखे तर चलेन। तर उनको जीवनमा लेखिएका दुई वायोपिक नाटक सर्वाधिक सफल भए।

कवि नाटककार अशेष मल्लले लेखेको 'मलाई नसोध कहाँ दुख्छ घाउ' मञ्चन हुँदा काठमाडौंमा तहल्का मच्चिएको थियो। यही नाटकमा आजकी चर्चित अधिकारकर्मी सपना मल्ल प्रधानले कटुवालकी पत्नीको भूमिकामा सशक्त अभिनय गरेर ख्याति पाएकी थिइन्। तर वास्तवमै कटुवालकी पत्नी जसकुमारीले कति दुःख पाइन्, यसको हिसाब न कटुवाललाई थाहा छ, न कटुवालप्रेमीलाई नै। यो नाटक मञ्चन भएपछि स्वरसम्राट नारायण गोपालले आफ्नो संगीतमा यो गीत रेकर्ड गरे, जसमा संगीत संयोजनमा दिव्य खालिङले अद्‌भुत छाप छोडे,

**कतै बिरानीमा हराएँ भने म**

**कतै बेहोशीमा कराएँ भने म**

**मेरो प्राप्ति यही ठाने पुग्छ**

**मेरो घाउ तिमी नहाँसे पो दुख्छ।।**

यस गीतको रेकर्डिङपछि कटुवाल पुनर्जीवित भए र सम्झे उनलाई सारा जगतले एकपटक विभिन्न सन्दर्भमा। उनका छोरा दिगन्त क्षेत्रीले यो गीत रेकर्ड भएपछि स्वरसम्राट् नारायण गोपाललाई पठाएको पत्र इतिहास बन्नसक्छ तर पत्र ल्याउने उनका आसामी मित्रले बेइमानी गरेपछि नारायण गोपालले भनेका थिए, 'आसामीहरू कटुवालका साहू निस्के, उनलाई बेच्दै खाए।' कटुवालका धेरै गीतमा संगीत गर्ने र उनीसित धेरै संगत गर्ने अम्बर गुरुङ भन्छन्, 'कटुवालको एउटा छोटा बानी छ। धेरैलाई एउटै गीत बाँडिहिँड्छ। संगीत गर्नुअघि उसलाई सोध्नुपर्छ।' कटुवालको यो अप्रिय बानीको सिकार पंक्तिकार स्वयं पनि भएको छ, उनले मलाई डायरीमा लेखिदिएको गीत म अन्तिम मान्थेँ, मैले त्यो गीत नयाँ गायक रूपकुमार राईलाई रञ्जित गजमेरको संगीतमा गाउन दिएँ -

**कस्तो बाटो हिँडिएछ**

**फूल कतै भेटिएन**

**काँडा धेरै थिए होलान्**

**पाइला त्यहाँ टेकिएन।**

गीत रेकर्ड भएपछि थाहा भयो, यो मुम्बईमा संघर्षरत नेपाली गायक उदित नारायण झासित पनि एक प्रति सुरक्षित रहेछ। कटुवाल कहाँ कता कुन अवस्थामा छरिएका छन्, यो पत्ता लगाउन यो लेखले पुग्दैन। उनी धेरैका संस्मरणमा धेरै किसिमले छन्, सीके रसाइली, दीपक जंगम, तोया गुरुङ, मुरलीधर आदि - आदिका स्मृतिपटबाट केही आउन बाँकी नै छ अझै। आएका जति सबै सत्य नभए पनि उनी बाँचेका छन्, सबैको मृत अमृत स्मृतिमा।

## 8.5 हरिभक्त कटुवालको कृतिमा निहित सांस्कृतिक मूल्य

असमका निकै चर्चित कविहरूमा हरिभक्त कटुवालकै नाउँ अग्रिम पंक्तिमा आउँथ्यो । उनी 'आकाशका तारा के तारा' लेखेर निकै नामी कवि भएका थिए । लोकप्रिय कवि भएका थिए । त्यति बेलासम्म उनको **भित्री मान्छे बोल्न खोज्छ** कविता संग्रह प्रकाशित भैसकेको थियो । उनको **सुधा** खण्डकाव्य पनि प्रकाशित भएको थियो । सुधा खण्डकाव्यमा कविले शिलाङको सुनाकुरुङका प्रसिद्ध झरना – विडन र विशप फल्सहरूको प्राकृतिक सौन्दर्यको चर्चा गरेका छन् । त्यतिबेला हरिभक्त कटुवाल कै सम्पादनमा असमेली 12 जना कविहरूको संयुक्त कविता संग्रह **पूर्व किरण** पनि प्रकाशित भएको थियो । यसमा कृष्णप्रसाद ज्ञवाली, पुष्पलाल उपाध्याय, गोपीनारायण प्रधान, गजेन्द्र क्षेत्री, लक्ष्मीप्रसाद तिम्सिना, पद्मबहादुर थापा, जगत बहादुर प्रधान, हरिप्रसाद गोर्खा राई, हरिश पुरी, हरिभक्त कटुवाल, गुरुभक्त जैसी र बिरही सुब्बाका कविताहरू संग्रहित गरिएका छन् ।

हरिभक्त कटुवालले डिग्बोईबाट **मुक्ति** प्रत्रिकाको सम्पादन पनि गरेको कुरा पनि थाहा पाइन्छ । शिलाङमा कृष्णप्रसाद ज्ञवालीले हरिभक्त कटुवालका खुब कुरा गर्दथे । त्यसरी नै प्रा. गोपीनारायण प्रधान पनि हरिभक्त कटुवालका खुब कुरा गर्दथे । त्यतिबेला शिलाङका नेपाली साहित्यकारहरूका बीचमा हरिभक्त कटुवाल एउटा चर्चित व्यक्तित्व बनिसकेका थिए । त्यसैले पनि हरिभक्त कटुवाल अन्यको निम्ति अपरिचित व्यक्ति भएर पनि वास्तवमा पुरै परिचित व्यक्ति जस्ता भएका थिए । नेपालमा लाग्नुभन्दा पहिले हरिभक्त कटुवाल आफूलाई प्रवासी भन्दथे । आफ्नो नामसित प्रवासी उपनाथ जोड्दथे । शिलाङ छँदा छंदै नै हरिभक्त कटुवाल नेपालमा प्रवेश गरेका थिए । नेपाल प्रवेश गर्नासाथ उनले आफ्नो नामसित जोडिएको उपनाथ प्रवासी हटाएका थिए । उनी हरिभक्त कटुवाल "प्रवासी " - बाट हरिभक्त कटुवाल भएका थिए ।

हरिभक्त कटुवाल नेपालको प्रज्ञा प्रतिष्ठानमा जागिरे थिए । माघ 3 गते 2027 सालको कुरा । नेपालको साहित्य परिषद्को कार्यालयमा हरिभक्त कटुवाललाई कतिपय साहित्यकारले भेट्दा उनी शान्त र गंभीर मुद्रामा पाएका थिए । उनको बोली बिनम्र र शिष्ट थियो । उनले अत्यन्त शालिन तरिकाले कुराकानी गर्ने गर्थे ।

उनको बोलीमा आवेग थिएन । आवेश थिएन । आक्रोश थिएन । उनी त त्यतिबेला ठूलो तूफान पछि शान्त बनेको समुन्द्र जस्ता देखिन्थे । ठूलो सुनामी पछि शान्त बनेका सागर जस्तो देखिन्थे । निश्चित रुपमा कवि हरिभक्त कटुवालमा शिरदेखि पाउसम्म कवि व्यक्तित्व झल्किन्थ्यो । हरिभक्त कटुवालले लेखेको कतिपय कविताका सुन्दर हरपले उनको सम्पूर्ण जीवनको कथा बोले जस्तो लाग्छ । उनको इतिहास बोले जस्तो र भावना चाहना आत्मा बिचार र दर्शन नै बोलेको जस्तो लाग्छ ।

वर्तमानमा हरिभक्त कटुवाल हामीबीच छैनन् । तर उनका कृतिहरूमा निहित विविध मूल्यहरू मध्ये सांस्कृतिक मूल्य अत्यन्तै बेजोडको पाइन्छ । तथापि मलाई लाग्दछ हरिभक्त कटुवाललाई असमले चिनेन । मलाई लाग्दछ हरिभक्त कटुवाललाई नेपालले पनि चिनेन । सबभन्दा दुखलाग्दो कुरा त के भने हरिभक्त कटुवाललाई हरिभक्त कटुवाले नै चिनेनन् । यसैले हामी सबैले हरिभक्त कटुवाललाई समयभन्दा पहिले नै गुमायौं । नेपाली साहित्य विशेषतः नेपाली साहित्यको काव्य र गीत संगीत क्षेत्रको एकजना अत्यन्त प्रतिभाशाली व्यक्तित्वलाई गुमायौं । एकजना अत्यन्त सृजनशील व्यक्तित्वलाई गुमायौं । एकजना अत्यन्त उर्जावान् व्यक्तित्वलाई गुमायौं । उनीबाट हामीले आज जे प्राप्त गर्न सक्दथ्यौं त्यो प्राप्त गर्न सकेनौं । तर पनि हरिभक्त कटुवालले हामीलाई थोरै समयमा धैरै कुरा दिएर गएका छन् । उनी यतिबेला हामीबीच नभए पनि आफ्ना अमर कृतिहरूमा सधैं बाँचिरहने छन् । मुख्यत उनका कालजयी कविता र मुटु छुने गीतहरूमा बाँचिरहने छन् ।

## 8.6 हरिभक्त कटुवालको कृतिमा निहित मानवीय मूल्य

नेपाली समाजमा कटुवाल थरका व्यक्ति चर्चामा आएको र छाएको पहिलो हरिभक्त नै थिए। त्यसको धेरै समयपछिमात्र पूर्वसेनाप्रमुख रुकमांगद कटुवालजी आए, 'टु' मा उकार हटाएर कटवाल भएर। नत्र दोस्रो कटुवाल अहिलेसम्म कोही जन्मेको छैन हरिभक्तलाई माथ गर्ने। असार 18 गते उनको जन्म भारत आसामको डिब्रुगढमा भएको थियो, विक्रमाब्द 1992 मा। भारतमा विक्रमका शाखा सन्तानले शासन छोडेर अन्तिम भायसराय लोर्ड माउन्टवेटन ब्रिटिस राजमा थिए। आसाम अलग्गै मुलुक थियो, आसामलाई त्यो बेला अखोम् भन्थे।

अखोम जस्तै त्रिपुरा पनि अलग्गै मुलुक थियो त्यो बेला र त्यहाँ वर्मन वर्ग शासनाधिकारी थिए। त्यही वर्मनवंशका उत्तराधिकारी राजपाट छोडेर मुम्बईको बलिउडमा पुगेका थिए, ती थिए सचिनदेव वर्मन। तर जीवनका कतिपय रिक्तता र मानवीय सम्बन्धलाई खोज्दै हरिभक्त कटुवाल आसामबाट नेपाल आएका थिए। धैरैले छोडेको नाम, दौँतरीहरूले बिटुल्याएको नाम र देशले एक प्रकार तिरस्कृत गरेको नाम हरिभक्त कटुवाल उनको मनमस्तिष्कमा थियो र उनी भनिरहेका थिए, म रक्स्याहा हरिभक्त कटुवालको बर्कोमुनि कतै ओझेल पर्न पुगेको सर्जक हरिभक्त कटुवाललाई देशले चिनोस् भन्ठान्छु । हो, यसै असारको मुटुमै आउँदोरहेछ अर्को एउटा बेनाम दिन, जो साँझको घामजस्तै क्यालेण्डरको फगत अर्को एउटा मिति चिप्लिएसँगै चिप्लिन्छ र हराउँछ । हो, असार 18 को त्यो दिन, जुन दिन पीडाको सबैभन्दा मृदु उत्सव मनाउने नेपाली गीतकार र कवि हरिभक्त कटुवाल जन्मिएका थिए । देशबाट हारेर मृत्यु उद्यानतिर स्वतस्फूर्त लागेका कटुवालका लागि देशले उनलाई यसरी बिर्सिएको कुरा कुनै नयाँ कुरा सायद होइन, तर उनका थर्थराइरहेका ओठबाट मोती बनेर झरेका ती स्वर्णीम गीतहरू सुनेर जीवनलाई चिन्ने हराजौँ नेपालीहरूका लागि यो राष्ट्रिय लज्जाको विषय हो । हुन त कसरी पो सम्झियोस् देशको कनिष्ट पुस्ताले कटुवाललाई ? भानुभक्तलाई सम्झना भानु जयन्ती हुन्छ, उनको सालिक छ, उनका नाउँमा विद्यालय र पार्कहरू छन् । उसनका सन्तान यतै छन्, श्राद्ध गरि रहन्छन्, सम्झाइ रहन्छन् । देवकोटाका नाममा त केके छन् केके, अनि नयाँ नयाँ कुरा निर्माण गरिहरहने आफन्तहरू छन् । तर हरिभक्त? न कुनै सडक उनको नाउँमा देखियो, न कुनै अध्ययन केन्द्र, न प्रतिष्ठान, न पुरस्कार, न उद्यान, न बगैँचा, न हुलाक टिकट, न कुनै सालिकगएर अहिले र ! उनका हृदयविदारक गीतको एकाध पारखीको सम्झनामा बाहेक उनको नाउँ पनि बिलाउँदै गएको छ ।

एउटा स्मृतिग्रन्थ र एकाध पत्रिकाका विशेषाङ्क बाहेक हरिभक्त कटुवाललाई हामीले हाम्रा सम्झनाका किस्तीभित्र अटाउन किन नसकेको होला ? हरिभक्त, तिम्रो मृत्युअघिको जिन्दगी र तिम्रो मृत्युपछिको सम्झना तिम्रै गीतजस्तो बनेको छ -

**मलाई नसोध कहाँ दुख्छ घाउ ।**
**म जे छु, ठीकै छु, बिथोल्न नआऊ ।**

नेपालका लागि हरिभक्त कटुवाल त्यो तारा हो, जसको उज्यालोमा गीत भर्न र रात -रातभरि पालम नाच्न सक्तछ देश । तर हत्केलामै खस्यो त्यो तारा भने

त्यसलाई थेग्न सक्ने हत्केलो देशसँग छैन । नेपालका लागि हरिभक्त पीडाको त्यो प्रहशन हो, जो रङ्गञ्चको नायकमा देखिँदासम्म "मनोरञ्जन" - को एउटा मर्मभेदी दृश्य बनिरहन्छ । तर जब त्यो जिन्दगीमै खस्छ, त्यसलाई थेग्न नसकेर आँखा बन्द गरिदिन्छ । नेपाली साहित्यका लागि हरिभक्त कटुवाल त्यो कोइला हो, जसको कालो सबैले देखे, तर त्यो आफैँ जलेर भर्भराउँदो उज्याले छर्न थालेपछि सबै निदाए । हरिभक्त कटुवाल नेपालको छातीभत्रिको त्यो दुखिरहने घाउ हो, जो घरिघरि बल्झिरहन्छ, र सम्झाइरहन्छ हामीलाई कि निष्ठुर हुनुको पनि एउटा सीमा हुन्छ ।

सडक र गल्लीहरूले चिनेको नाम, भट्टी पसल र सस्ता शराबीहरूले पुजेको नाम, एक बदनाम प्यारो हरिभक्त कटुवाल नेपाली साहित्य आकाशमा कहिल्यै अस्ताउने त्यो सूर्य हो, जसको तेजस्वी उज्यालोलाई थेग्न नसकी देशले धेरै मोडहरूमा आँखा चिम्लिएको थियो । हरिभक्तको नाम जोन किट्स र पीबी सेली र एडगार्ड एलन पोको उचाइँको नाम हो । असमको बर्डबिल ख्वाङ् गेर्गेरीमा जन्मिएका हरिभक्तलाई नेपाल बोलाउने नामहरू भने चान्चुने नाम होइनन् । स्वयं महाराज धिराज महेन्द्रबाट निगाह भै बस्केको हो । पछि, महान कविह्रदय र राजनैतिक व्यक्तित्व केदारमान व्यथितको प्रत्यक्ष निम्ता पनि हरिभक्तले नापएका कहाँ हुन् र? तर एउटा कवि र गीतकार कविता र गीतसँगै हुर्किएको अलिकित स्वाभिमान र प्रेम चेतना — अहँ, यी दरवारहरूका वरिपरि आफूलाई फुलाउन सकेन, र पुनः धुलोमै फर्कियो र वैलायो एउटा अजम्मरी फूल । यसरी गरेका थिए उनले आफ्नै मूल्याङ्कन्ः

**चैतको एउटा हुरी मात्र**
**बस, त्यत्ति**
**बिजुलीको**
**एउटा चम्काइमा**
**त्यत्ति ।**

हरिभक्त कटुवालका रचनाहरूमा वेदनाको शिखर भेट्न सकिन्छ भने त्यही वेदनामा बाँच्ने आशा पनि पाइन्छ । बाच्न चाहेको, हाँस्न चाहेको तर बचाइ र हँसाइमा व्यवहारको खग्रास ग्रहण अनुभूत गरेको तथ्य भेटिन्छ। आशाहरू उद्यत छन् हिँड्न तर गोडाहरू मानिरहेका छैनन्। फूल छ गीतमा, जुनेली छ गीतमा, वेदनाको विरह छ र वनपाखा छ तर ती सबैसँग कतै न कतै आँसुको विस्कुन छ र

जीवनको आकाशमा वादल लागेको अनुभव छ। भत्किएको छ हृदय तर त्यही भत्किएको ठाउँबाट निर्माणको जग उठाउन पाए हुन्थ्यो भन्ने सङ्कल्प पनि छ। निराशाहरू टेकेर उठेको यो आशामा म जीवनको प्रेरणा भेट्छु। हरिभक्तका गीतले स्वयं हरिभक्तलाई सम्झाइरहेझैँ लाग्छ – हेर बाबु हरिभक्त बाँच्नु छ, जसरी पनि बाँच्नु छ तर सिर्जनाहीन भएर बाँच्नु हुन्न है। हरिभक्तका हरगीतमा जुन मूर्च्छना छ, त्यो हरिभक्तको हृदय खोपिएको मूर्च्छना हो तर सिर्जना सार्वजनिक भएपछि सबैको हुँदो रहेछ, हरिभक्तका गीत आज सबै नेपाली स्रोताको साझा संवेदना भएजस्तो लाग्छ। निधनको झण्डै - झण्डै 4 दशकपछि पनि रोजाइको उत्तिकै उपल्लो स्थानमा रहनुको पछाडि उनको काव्यिक संवेदनाले काम गरेको छ। गीतकार हुन होइन, उनी गीत लेख्न गीतकार भएका हुन्।

सूर्यविक्रम ज्ञवाली, लैनसिंह वाङ्देल, अम्बर गुरुङ र हरिभक्त कटुवालहरू केही समयको फरकमा सँगसँगै जसो नेपाल आए। जसले बोलाएको भए पनि वा जसरी आएको भए पनि बोलाइँदा वा ल्याइँदा दर्शाइएको प्रेम र बाँडिएको भावुकता दिगो रहेन। कल्पनाको चुली चढाएर निम्तो गर्नेले आएपछि आवश्यक चुलो - चौकोको चाँजोसम्म मिलाइदिएनन् सायद्। विरक्तिको बिउ झाँगिएपछि निराशाले घर बनाउँछ। हरिभक्तका गीतहरूमा तिनै निशारा घनीभूत भएर देखा पर्छन्। उनी कँसिलो भाव र सघन चेतनाका उपल्लो कवि हुनाले निराशाको घरलाई उनले काव्यिक धुरी दिए। त्यही भयो उनको गीतको विशेषता र उनी फरक कोटीको अब्बल गीतकारका रूपमा स्थापित छन्। उनले कस्तो लुगा लगाए वा के - के खाए अथवा कुन घरमा डेरा बसे वा कोसँग उनको प्रेम थियो ? मेरो पुस्तालाई त्यसको खासै सरोकार छैन। सरोकार छ त उनको गीति विषय र त्यसले आज मलाई र मेरो पुस्तालाई पारेको प्रभाव। उनी यर्थाथवादी गीतकार हुन् तर यथार्थको नाममा कलाको मुहार उनले कुरुप पारेका छैनन्, झन् उजिल्याएका छन्। प्रेमको भावुकता भन्दा यथार्थसँग जोडिएको सहजताबीच उनी उनकै पारामा उभिन्छन् –

**कति कति आँखाहरू बाटो छेक्न आउँछन्**
**परेलीमा बास मग्न कति आँखा धाउँछन्**
**यति धेरै मानिसका यति धेरै आँखा**
**मलाई भने तिम्रै आँखा रोजूँ रोजूँ लाग्छ ।**

सीधा बुझिने यी पङ्तिहरूमा फरक फरक अर्थ बोध गर्न सकिन्छ। स्रोताले पनि विषयलाई आआफ्नै सीमामा राखेर आफ्नै पाराले बुझ्न पाउँछ। भावको विचरणमा

स्रोता र पाठकले खेल्न पाउनु राम्रा स्रष्टाले पाठक - स्रोतालाई दिने काव्यिक स्वतन्त्रता हो। लेख्नकै लागि त सरल लेखन झन् गाह्रो कुरा हो तर सरल भएर पनि सम्प्रेष्य हुनु र विषयबोध र दर्शनको बाछिटा लिएर आउनु त निकै माथिल्लो क्षमता हो, जो हरिभक्तमा प्रष्ट देखिन्छ।

## 8.7 हरिभक्त कटुवालको कृतिमा निहित सार्वजनीनता

**मलाई नसोध कहाँ दुख्छ घाउ, म जे छु ठीकै छु बिथोल्न नआऊ...**' जस्ता कहिल्यै नओइलाउने गीत र 'यो जिन्दगी खै के जिन्दगी' जस्ता कालजयी कविता लेख्ने स्रष्टा हरिभक्त कटुवालले यो संसार छाडेको धेरै वर्ष भयो। तर उनले लेखेका गीत सुन्दा र कविता पढ्दा अझै पनि हामीलाई ख्याउटे शरीर, तिखा आँखा अनि तिल र चामल मिसाए जस्तो कपाल भएको टाउको बोकी बेपरवाह तरिकाले काठमाडौंका सडकपेटीमा लर्खराउँदै हिँड्ने एउटा मानिसको झझल्को नआई छाड्दैन। नेपालमा पञ्चायती व्यवस्था चलिरहेको थियो र त्यसप्रति असन्तोष बढ्दै थियो। त्यही क्रममा 2036 सालमा ठूलै आन्दोलन चल्यो। आन्दोलनलाई ऊर्जा दिन साहित्यलाई पनि माध्यम बनाइएको थियो। त्यसै मेसोमा सडक कविता आन्दोलनको अभियान चल्यो।

काठमाडौं उपत्यकाभित्र र बाहिरका सडक, चोक, गल्लीहरुमा कविहरु भेला भई उपस्थित जनमानसलाई परिवर्तनकामी कविता सुनाएर आन्दोलनलाई उचाइ दिने गरिन्थ्यो। यस्ता कार्यक्रमका मुख्य 'हिरो' हुन्थे कवि कटुवाल। शरीर ख्याउटे भए पनि कविता जोशिला हुनाले उनी त्यस्ता कार्यक्रममा सधैँ आकर्षणको केन्द्र रहन्थे। सरल शब्दमा सटिक प्रस्तुति उनको कविता र गीतको मुख्य सौन्दर्य हो। उनी भारतको आसाममा नेपाली मूलका समुदायमा जन्मी हुर्केका व्यक्ति थिए। साहित्य सेवाको सिलसिला उनले केही वर्ष नेपालमा बिताए। उनको जीवन शैली पटक्कै आकर्षक नभए पनि लेखन शैली भने विछट्टै आकर्षक थियो। नारायणगोपाल स्वर सम्राट कहलिनुमा उनको जादूमयी स्वरको जति भूमिका थियो, उनको त्यो स्वरले पाएका मोहनी शब्दको पनि त्यति नै भूमिका छ। आफ्ना शब्दले नारायण गोपाललाई मात्र होइन, सिंगै नेपाली सङ्गीतलाई कालजयी बनाउने गीतकारहरु रत्नशमशेर थापा, नगेन्द्र थापा, गोपाल योञ्जन, चाँदनी शाह, कालीप्रसाद रिजाल, क्षेत्रप्रताप अधिकारी, दिनेश अधिकारी, नीर शाह आदिकै

लहरमा हरिभक्त कटुवाल पनि पर्छन्। अहिलेको पुस्ताले उनलाई सशरीर नचिने पनि उनका गीतहरु नयाँ पुस्तामाझ अझै पनि लोकप्रिय छन्। 'मलाई नसोध कहाँ दुख्छ घाउ...', 'पोखिएर घामको झुल्का...', 'मेरो आँखालाई राखने...' आदि नारायण गोपालको स्वरमा रहेका उनका गीत आज पनि संसारभर छरिएका नेपालीबीच लोकप्रिय छन्।

उनको अर्को विशेषता थियो - भाषा प्रेम। बहुभाषी उनी नेपाली, आसामी, बंगाली, हिन्दी, अङ्ग्रेजी आदिका राम्रा ज्ञाता थिए। आफू जहाँ बस्यो त्यहाँको भाषालाई सम्मान गर्नु र सिक्नसमेत जाँगर चलाउनु उनको विशेषता थियो। उनी काठमाडौं बस्दा नेवारी भाषा पनि सिकिरहेका थिए। एकथरी मानिस अङ्ग्रेजी जानेपछि अरु कुनै भाषा जान्नुपर्ने आवश्यकता देख्दैनन् भने कतिपय आफ्नो भाषालाई मात्र उच्च अरु भाषालाई तुच्छ ठान्छन्। अनि कैयौंले भाषालाई राजनीतिक स्वार्थको दुनो सोझ्याउने माध्यम बनाउन पनि पछि परेका छैनन्। तर यी सबै प्रवृत्तिभन्दा पृथक कवि कटुवाल भने सबै भाषालाई माया गर्थे र सम्भव भएसम्म सिकेरै भाषाको सम्मान गर्थे। उनको अर्को आकर्षण थियो– असाध्यै राम्रा अक्षर। कविता र गीतको भाव जस्तै सुन्दर अक्षर थिए उनका। देवनागरी र अङ्ग्रेजी दुवै अक्षर राम्रा लेख्ने उनले अक्षरको प्रसङ्ग चल्दा यस पंक्तिकारसँग (2035 तिर) एक पटक भनेका थिए - अक्षर राम्रो बनाउनु छ भने प्रेमपत्र लेख्नुपर्छ भाइ, तिम्रो उमेरमा त मैले प्रेमपत्र कति लेखेँ, लेखेँ।

उनी क्रिकेट खेलका असाध्यै सौखिन थिए। आफ्नो उमेरमा क्रिकेट खेले कि खेलेनन् थाहा भएन तर मदिराले लठ्ठ परेर खुट्टा टेक्नसमेत नसक्ने अवस्थामा पनि उनी भारततिर भएका क्रिकेट म्याचको अल इन्डिया रेडियोबाट आउने प्रत्यक्ष प्रसारण ध्यानपूर्वक सुनेर उत्तेजित हुन्थे। उनी काठमाडौंमा रहँदा अहिलेको जस्तो क्रिकेटको प्रत्यक्ष प्रसारण हेर्न नेपाल टेलिभिजन युग प्रारम्भ भएकै थिएन भने क्रिकेट खेल पनि आमजनचासो भन्दा बाहिरको विषय थियो तर उनको क्रिकेट मोह देख्दा हामी भने छक्क पर्थ्यौं। उनले जीवनमा धेरै घाम - पानी बेहोरे। सागसब्जी बेच्नेदेखि साहित्य सम्पादन गर्नेसम्मका काम उनले गरी भ्याए। उनी आसामसँग असन्तुष्ट भएर काठमाडौं आउँथे अनि काठमाडौंसँग असन्तुष्ट भएर फेरि आसाम पुग्थे। उनलाई नरुचाउनेहरुको पनि कमी थिएन, न त उनलाई रुचाउनेहरुको अभाव थियो। उनको जीवन शैली र लेखन शैलीबीच ठूलो अन्तरविरोध थियो। कतिपय मानिस उनको जीवन शैलीको मात्र चर्चा गरेर

उनलाई उपेक्षा गर्थे, अनि कतिपय उनको लेखन शैलीलाई नै उच्च महत्व दिई उनलाई आदर गर्थे।

## 8.8 उपसंहार

सडक र गल्लीहरूले चिनेको नाम, भट्टी पसल र सस्ता शराबीहरूले पुजेको नाम, एक बदनाम प्यारो हरिभक्त कटुवाल नेपाली साहित्य आकाशमा कहिल्यै अस्ताउने त्यो सूर्य हो, जसको तेजस्वी उज्यालोलाई थेग्न नसकी देशले धेरै मोडहरूमा आँखा चिम्लिएको थियो । हरिभक्तको नाम जोन किट्स र पीबी सेली र एडगार्ड एलन पोको उचाइँको नाम हो । असमको बर्डबिल ख्वाङ् गेर्गेरीमा जन्मिएका हरिभक्तलाई नेपाल बोलाउने नामहरू भने चान्चुने नाम होइनन् ।

असमका निकै चर्चित कविहरूमा हरिभक्त कटुवालकै नाउँ अग्रिम पंक्तिमा आउँथ्यो । उनी 'आकाशका तारा के तारा' लेखेर निकै नामी कवि भएका थिए । लोकप्रिय कवि भएका थिए । त्यति बेलासम्म उनको **भित्री मान्छे बोल्न खोज्छ** कविता संग्रह प्रकाशित भैसकेको थियो । उनको **सुधा** खण्डकाव्य पनि प्रकाशित भएको थियो । सुधा खण्डकाव्यमा कविले शिलाङको सुनाकुरुङका प्रसिद्ध झरना –विडन र विशप फल्सहरूको प्राकृतिक सौन्दर्यको चर्चा गरेका छन् । त्यतिबेला हरिभक्त कटुवाल कै सम्पादनमा असमेली 12 जना कविहरूको संयुक्त कविता संग्रह **पूर्व किरण** पनि प्रकाशित भएको थियो । यसमा कृष्णप्रसाद ज्ञवाली , पुष्पलाल उपाध्याय , गोपीनारायण प्रधान , गजेन्द्र क्षेत्री ,लक्ष्मीप्रसाद तिम्सिना ,पद्मबहादुर थापा , जगतबहादुर प्रधान , हरिप्रसाद गोर्खा राई , हरिश पुरी, हरिभक्त कटुवाल, गुरुभक्त जैसी र बिरही सुब्बाका कविताहरू संग्रहित गरिएका छन् ।

कटुवालका कविताहरूमा विम्ब र प्रतीकको प्रयोग कम छ तर कविताहरू अति मर्मस्पर्शी छन र व्यंग्यात्मक छन। कवि आशावादी र जीवनवादी पनि छन। उनका गीतहरूले पनि धेरै ख्याति प्राप्त गरेका छन। श्रेष्ठ कविका रूपमा नेपाल सरकारको रोयल अकादेमी पदक (1963) र कविताको लागि स्वर्ण पदक (1967) पनि पाउन सक्षम भए। नेपालका लागि हरिभक्त कटुवाल त्यो तारा हो, जसको उज्यालोमा गीत भर्न र रात -रातभरि पालम नाच्न सक्तछ देश । तर हत्केलामै खस्यो त्यो तारा भने त्यसलाई थेग्न सक्ने हत्केलो देशसँग छैन । नेपालका लागि हरिभक्त पीडाको त्यो प्रहशन हो, जो रङ्गञ्चको नायकमा देखिँदासम्म "मनोरञ्जन"

- को एउटा मर्मभेदी दृश्य बनिरहन्छ । तर जब त्यो जिन्दगीमै खस्छ, त्यसलाई थेग्न नसकेर आँखा बन्द गरिदिन्छ । नेपाली साहित्यका लागि हरिभक्त कटुवाल त्यो कोइला हो, जसको कालो सबैले देखे, तर त्यो आफैँ जलेर भर्भराउँदो उज्याले छर्न थालेपछि सबै निदाए । हरिभक्त कटुवाल नेपालको छातीभत्रिको त्यो दुखिरहने घाउ हो, जो घरिघरि बल्झिरहन्छ, र सम्झाइरहन्छ हामीलाई कि निष्ठुर हुनुको पनि एउटा सीमा हुन्छ ।

## 8.9 सार

यस प्रखण्डमा **हरिभक्त कटुवालको कृतिमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनता**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- ❖ कवि हरिभक्त कटुवाल नेपाली साहित्य आकाशमा कहिल्यै अस्ताउने त्यो सूर्य हो, जसको तेजस्वी उज्यालोलाई थेग्न नसकी देशले धेरै मोडहरूमा आँखा चिम्लिएको थियो ।
- ❖ हरिभक्तको नाम जोन किट्स र पीबी सेली र एडगार्ड एलन पोको उचाइँको नाम हो ।
- ❖ असमको बर्डबिल ख्वाङ् गेर्गेरीमा जन्मिएका हरिभक्तलाई नेपाल बोलाउने नामहरू भने चान्चुने नाम होइनन् ।
- ❖ असमका निकै चर्चित कविहरूमा हरिभक्त कटुवालकै नाउँ अग्रिम पंक्तिमा आउँथ्यो । उनी 'आकाशका तारा के तारा' लेखेर निकै नामी कवि भएका थिए ।
- ❖ लोकप्रिय कवि हरिभक्त कटुवाल पूर्वाञ्चलका कृष्णप्रसाद ज्ञवाली, पुष्पलाल उपाध्याय, गोपीनारायण प्रधान, गजेन्द्र क्षेत्री, लक्ष्मीप्रसाद तिम्सिना, पद्मबहादुर थापा, जगतबहादुर प्रधान, हरिप्रसाद गोर्खा राई आदिका समकालीन मानिन्छ ।
- ❖ कटुवालका कविताहरूमा विम्ब र प्रतीकको प्रयोग कम छ तर कविताहरू अति मर्मस्पर्शी छन र व्यंग्यात्मक छन।
- ❖ हरिभक्त कटुवाल आशावादी र जीवनवादी कवि पनि हुन् ।
- ❖ हरिभक्तलाई एक प्रसिद्ध गीतकारको रूपमा पनि चिनिन्छ ।

- ❖ उनले श्रेष्ठ कविका रूपमा नेपाल सरकारको रोयल अकादेमी पदक (सन् 1963) र कविताको लागि स्वर्ण पदक (सन् 1967) पनि पाएका छन् ।
- ❖ नेपालका लागि हरिभक्त पीडाको त्यो प्रहशन हो, जो रङ्गञ्चको नायकमा देखिँदासम्म "मनोरञ्जन" - को एउटा मर्मभेदी दृश्य बनिरहन्छ ।
- ❖ नेपाली साहित्यका लागि हरिभक्त कटुवाल त्यो कोइला हो, जसको कालो सबैले देखे, तर त्यो आफैँ जलेर भर्भराउँदो उज्याले छर्न थालेपछि सबै निदाए ।
- ❖ हरिभक्त कटुवाल नेपालको छातीभत्रिको त्यो दुखिरहने घाउ हो, जो घरिघरि बल्झिरहन्छ, र सम्झाइरहन्छ हामीलाई कि निष्ठुर हुनुको पनि एउटा सीमा हुन्छ ।

यस प्रखण्डको अध्ययनले **हरिभक्त कटुवालको कृतिमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनता**बारे बुनियाँदी जानकारी प्राप्त भयो । यस अतिरिक्त हरिभक्त कटुवालको साहित्यिक परिचय र उनका कृतिमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनता सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 8.10 अनुशीलनी

1. कवि हरिभक्त कटुवालको जीवनबारे चर्चा गर्दै उनको साहित्यिक योगदानबारे सविस्तार चर्चा गर्नुहोस् ।

2. कवि हरिभक्त कटुवालका कवितामा पाइने प्रमुख विशेषताबारे टिप्पणी गर्नुहोस् ।

3. भारतेली नेपाली साहित्यमा कवि हरिभक्त कटुवालको महत्त्व र मूल्य के कस्तो रहेको छ ? बताउनुहोस् ।

4. कवि हरिभक्त कटुवालका कविताहरूबारे सबिस्तार रूपमा चर्चा गर्दै उनलाई प्रसिद्ध कविको रूपमा चिनाउनुहोस् ।

5. कवि हरिभक्त कटुवालका खण्डकाव्यहरूमा पाइने खण्डकाव्यकारितालाई विस्तृत रूपमा प्रस्तुत गर्नुहोस् ।

Notes

6. हरिभक्त कटुवाललाई किन जीवदेखि हारेको कवि मानिन्छ ? आफ्नो तर्क दिनुहोस् ।

7. कवि हरिभक्त कटुवाललाई एक दक्ष गीतकारको रूपमा चिनाउँदै उनका गीतहरूबारे चर्चा गर्नुहोस्।

8. कवि हरिभक्त कटुवालको **यो जिन्दगी खै के जिन्दगी** र **भित्र मान्छे बोल्न खोज्छ** कविता सङ्ग्रहबारे एउटा टिप्पणी लेख्नुहोस् ।

9 कवि हरिभक्त कटुवालको **सुधा** खण्डकाव्यबारे लेख लयार पार्नुहोस् ।

10. कवि हरिभक्त कटुवालका साहित्यको वैशिष्ठबारे आफ्नो मनतव्य लेख्नुहोस्।

## 8.11 अतिरिक्त अध्ययन


१. प्रधान, कृष्णचन्द्रसिंह - **साझा समालोचना** ।

1. प्रधान, प्रतापचन्द्र - **केही कृति केही स्मृति** ।

2. प्रधान, हृदयचन्द्रसिंह - **नेपाली काव्य र उसका प्रतिनिधि कवि** ।

3. श्रेष्ठ, मोहनराज र दयाराम शर्मा - **नेपाली साहित्यको संक्षिप्त इतिहास** ।

4. लुइटेल, खगेन्द्रप्रसाद - **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** ।

5. आले, हरेन - **नव आधुनिक नेपाली कविता** ।

6. सुन्दास, लक्खीदेवी (सम्पा) - **सम्मेलन कविता सङ्ग्रह** ।

7. ठकुरी , मोहन - **नेपाली कविता यात्रा** ।

8. राई, असीत - **भारतीय नेपाली साहित्यको इतिहास** ।

9. छेत्री, तुलसीवहादुर - **नेपाली साहित्यको विकासमा दार्जिलिङको योगदान**

(अप्रकाशित शोध प्रबन्ध ) ।

10 .शेर्पा, सोनाम - **जातीय चेतनामूलक भारतेली नेपाली कविताको अध्ययन र विश्लेषण** । ( प्रबन्ध शोध अप्रकाशित)

11. ठाकुर, मोहन - **स्वतन्त्रतोत्तर नेपाली कविता** ।

12. रिसाल, राममणि - **नेपाली काव्य र कवि ।**

13. श्रेष्ठ, रमेश - **नेपाली कविताको प्रवृत्ति ।**

१४. शर्मा, तारानाथ – **नेपाली साहित्यको इतिहास ।**

१५. जिम्बा, टेकध्वज आशा – **आधुनिक भारतीय कविता संचयन ।**

१६. नेपाल, घनश्याम - **नेपाली साहित्यको परिच्यात्मक इतिहास ।**

१७. प्रधान, कृष्णचन्द्रसिंह - **नेपाली कविताको आधुनिक प्रवृत्ति ।**

१८. नवपानीया, हरिभक्त – **नेपाल बाहिर नेपाली साहित्यको गतिविधि ।**

यस अतिरिक्त **हरिभक्त कटुवाल**बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 8.12 मुल्यबृद्धिका निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

१. कवि हरिभक्त कटुवालको साहित्यिक परिचय ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 8.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२. हरिभक्त कटुवालका साहित्यिक कृतिहरू ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 8.4 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

३. हरिभक्त कटुवालका कृतिमा निहित सामाजिक मूल्य ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

Notes

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 8.5 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

४. हरिभक्त कटुवालका कृतिमा निहित सांस्कृतिक मूल्य ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 8.6 खण्ड अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

५. हरिभक्त कटुवालका कृतिमा निहित मानवीय मूल्य र सार्वजनीनता ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 8.7 र 8.8 को खण्ड अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 9, हरिभक्त कटुवालको विशेष साहित्यिक योगदान

**संरचना**

9.0 उद्देश्य

9.1 परिचय

9.2 हरिभक्त कटुवालको साहित्यिक यात्रा

9.3 हरिभक्त कटुवालको साहित्यिक योगदान

9.3.1 कविको रूपमा

9.3.2 गीतकारको रूपमा

9.3.3 कथाकारको रूपमा

9.3.4 नाटककारको रूपमा

9.3.5 सम्पादकको रूपमा

9.3.6. अन्यान्य

9.4 उपसंहार

9.5 सार

9.6 अनुशीलनी

9.7 अतिरिक्त अध्ययन

9.8 मूल्यबृद्धिको निम्ति उत्तर

## 9.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- हरिभक्त कटुवालको सामान्य परिचय
- हरिभक्त कटुवालको साहित्यिक यात्रा
- हरिभक्त कटुवालको साहित्यिक योगदान

- कविको रूपमा
- गीतकारको रूपमा
- कथाकारको रूपमा
- नाटककारको रूपमा
- सम्पादकको रूपमा

## 9.1 परिचय

हरिभक्त कटुवाल एक प्रसिद्ध साहित्यकार तथा गीतकार हुन्। हरिभक्त कटुवालको जन्म 1935, जुलाई 2 (वि. सं. 1992 असार 18 गते) असम राज्यमा वीरबहादुर कटुवाल र विष्णुमाया कटुवालको छोरोको रूपमा भएको थियो। हरिभक्त कटुवाल नेपाली साहित्य जगतका एक मूर्धन्य कवि तथा गीतकार हुन् । वि. सं. 1992 साल असार 18 गते भारतको आसाममा जन्मिएका उनी तीसको दशकका चर्चित कवि तथा गीतकार हुन् । उनको बुबाको नाम वीरबहादुर कटुवाल र आमाको नाम विष्णुमाया कटुवाल हो । वि. ए. सम्म अध्ययन गरेका उनको वास्तविक नाम हुमबहादुर कटुवाल हो ।

कटुवालमा वाङ्मयको बहुआयमिक प्रतिभा थियो । कवि हरिभक्त कटुवालके **सम्झना** (वि. सं. 2016), **भित्रि मान्छे बोल्न खोज्छ** (वि. सं. 2018), **यो जिन्दगी खै के जिन्दगी ?** (वि. सं. 2029), **बदनाम मेरा यी आँखाहरू** (वि. सं. 2044) आदि कविता सङ्ग्रह, **सुधा** (वि. सं. 2021) खण्डकाव्य, **ऐतिहासिक** (वि. सं. 2020), **स्पष्टीकरण** (वि. सं. 2030) कथा सङ्ग्रह, **म मरेको छैन** एकाङ्की सङ्ग्रह साथै **पूर्व किरण** (वि. सं. 2021) सम्पादन तथा **चरित्रपाठ ब्याकरण, शिशुबोध ब्याकरण** आदि अनुवाद पनि प्रकाशित छन् ।

## 9.2 हरिभक्त कटुवालको साहित्यिक यात्रा

कवि हरिभक्त कटुवालका कृतिहरू प्राय: नेपाली समाज, जीवन र लोक परिवेशमा आधारित पाइन्छ । मूल रूपमा उनको जीवनका सम्पूर्ण भाग नेपाली जाति र समाजको निम्ति बितेको पाइन्छ । तर यस्ता कवि कटुवाललाई कहिले नेपाली जाति र समाजले चिन्न सकेन । कवि कटुवाल आसामका तारा थिए, उनकै पछि लागेर अन्य पर्वाञ्चलका साहित्यकारहरू पनि नेपाली आकाशमा उदाएका छन् , नेपाली संसारमा चिनिएका - चर्चामा आएका हुन् ।

कवि हरिभक्त कटुवालको साहित्यिक कृतिहरूमा **सम्झना** (वि. सं. 2016), **भित्रि मान्छे बोल्न खोज्छ** (वि. सं. 2018), **यो जिन्दगी खै के जिन्दगी ?** (2029), **बदनाम मेरा यी आँखाहरू** (वि. सं. 2044) आदि कविता सङ्ग्रह, **सुधा** (वि. सं. 2021) खण्डकाव्य, **ऐतिहासिक** (वि. सं. 2020), **स्पष्टीकरण** (वि. सं. 2030) कथा सङ्ग्रह, **म मरेको छैन** एकाङ्की सङ्ग्रह साथै **पूर्व किरण** (वि. सं. 2021) सम्पादन तथा **चरित्रपाठ ब्याकरण, शिशुबोध ब्याकरण** आदि अनुवाद पनि प्रकाशित छन् । मूलरूपमा हरिभक्त कटुवालका रचनाहरूमा वेदनाको शिखर भेट्न सकिन्छ भने त्यही वेदनामा बाँच्ने आशा पनि पाइन्छ । बाच्न चाहेको, हाँस्न चाहेको तर बचाइ र हँसाइमा व्यवहारको खग्रास ग्रहण अनुभूत गरेको तथ्य भेटिन्छ। आशाहरू उद्यत छन् हिँड्न तर गोडाहरू मानिरहेका छैनन्। फूल छ गीतमा, जुनेली छ गीतमा, वेदनाको विरह छ र वनपाखा छ तर ती सबैसँग कतै न कतै आँसुको विस्कुन छ र जीवनको आकाशमा वादल लागेको अनुभव छ। भत्किएको छ हृदय तर त्यही भत्किएको ठाउँबाट निर्माणको जग उठाउन पाए हुन्थ्यो भन्ने सङ्कल्प पनि छ। निराशाहरू टेकेर उठेको यो आशामा म जीवनको प्रेरणा भेट्छु।

हरिभक्तका गीतले स्वयं हरिभक्तलाई सम्झाइरहेझैँ लाग्छ – हेर बाबु हरिभक्त बाँच्नु छ, जसरी पनि बाँच्नु छ तर सिर्जनाहीन भएर बाँच्नु हुन्न है। हरिभक्तका हरगीतमा जुन मूच्र्छना छ, त्यो हरिभक्तको हृदय खोपिएको मूच्र्छना हो तर सिर्जना सार्वजनिक भएपछि सबैको हुँदो रहेछ, हरिभक्तका गीत आज सबै नेपाली स्रोताको साझा संवेदना भएजस्तो लाग्छ। निधनको झण्डै - झण्डै 4 दशकपछि पनि रोजाइको उत्तिकै उपल्लो स्थानमा रहनुको पछाडि उनको काव्यिक संवेदनाले काम गरेको छ। गीतकार हुन होइन, उनी गीत लेख्न गीतकार भएका हुन्।

हरिभक्त कटुवालको साहित्यिक व्यक्तित्व पनि बडो गजबको पाइन्छ । गीतकार हरिभक्त कटुवाल र कवि हरिभक्त कटुवाल, यी दुवै नाम स्थापित छन् नेपाली जनमनमा। सिर्जना सामथ्र्य र शिल्पको कसीमा निफनेको चामल जस्तो सर्लक्क सफा दुई धार देखिन्छ उनको व्यक्तित्वको तर यी दुई व्यक्तित्वका बीचमा धेरै समता छन्, अन्तर्सम्बन्ध छन्। दुवै मिसिएको तर नमिसिए जस्तो पनि र नमिसिएर पनि उस्तै – उस्तै जस्तो पनि। गीतको चर्चा गर्दा कविता र कविताको समीक्षा गर्दा गीतको हेक्का नगरी हरिभक्तलाई सम्पूर्णतामा छाम्न सकिन्न। उनका गीतमा

काव्यिक बिम्ब सुटुक्क प्रवेश गर्नु र गध्य कवितामा समेत अनुप्रासयुक्त लयचेतना मिसिएर आउनुको दोभानबाट उठेको छ उनको व्यक्तित्व। सघन संवेदना र संप्रेषणको उच्चता कवितामा ज्यादा छ। कोमलता र व्यावहारिक यर्थाथताको ज्यादा वकालत गीतमा देखिन्छ। त्यो कोमलता शैली सापेक्ष छ र व्यावहारिक यथार्थ पक्ष विषय विम्बमाथिको दृष्टि चेतनासँग मिसिएर आउँछ।

हरिभक्तको क्षमता नै हरिभक्तको सामर्थ्य र सीमा हो। उनमा कनीकुथी लेखन र ठसठस कनाइको संक्रमण छैन। विषयले उनलाई हिँडाएको छ र शिल्प सामथ्र्यले बलियो पारेको छ।

# 9.3 हरिभक्त कटुवालको साहित्यिक योगदान

## 9.3.1 कविको रूपमा

हरिभक्त कटुवालका प्रकाशित कविता सङ्ग्रहहरूमा कटुवालमा वाङ्मयको बहुआयमिक प्रतिभा थियो । कवि हरिभक्त कटुवालके **सम्झना**,(2016 .सं .वि) **भित्रि मान्छे बोल्न खोज्छ** ,(2018 .सं .वि) **यो जिन्दगी खै के जिन्दगी ?** (वि . .सं2029 ,(**बदनाम मेरा यी आँखाहरू** ,सङ्ग्रह कविता आदि (2044 .सं .वि) **सुधा**(2021 .सं .वि) खण्डकाव्य आदि हुन् ।

मूलतः कवि र गीतकारको रुपमा परिरचि हरिभक्त कटुवाल सोच्थे, “कुनै परिभाषा, मान्यता अथवा वादलाई अघि राखेर मैले कविता कहिल्यै लेखिनँ । जिन्दगी जिउने क्रममा आइपरेका मधुर क्षणहरूलाई समात्ने प्रयास मात्र गरेको छु जो कतै बारुद गनाएका छन् त कतै फूल मगमगाएका छन् ।” तर हरिभक्त यतिमात्रै होइनन् । उनी अरु पनि केही हुन्, जुन सायद नेपाली साहित्यका पारखीले कहिल्यै थाह नपाउने एउटा रहस्य पनि हुन् । जानकारहरू भन्छन्, उनीसँग एउटा रातो डायरी थियो, जसमा उनले जीवनका अनमोल सिर्जनाहरू राखेका थिए । उनको परिवारको श्रोत भन्छ, उनले काठमाडौँ छोडर जाने दिनको अघिल्लो रात, उनको पुतली सडकस्थित डेराबाट रहस्यमय रुपमा त्यो डायरी हरायो र आजपर्यन्त फेला पर्न सकेको छैन । कसले जमायो त्यस डायरीमा डेरा र यदि छापिँदै छन् भने कसका नाउँबाट छापिँदैछन् त्यसभित्रका रचनाहरू त्यो अहिलेसम्म यकिन भन्न सकिएको छैन ।

हरिभक्तका समकालीन, दौँतरी र साथी भाईहरूमध्ये धेरैजसो उनको रक्स्याहा व्यक्तित्व सम्झन्छन् र किस्साहरू जोडेर थाक्दैनन् । म ठान्छु, त्यो हामीबीचबाट छुटेर गइसकेको पाटो हो, जसको अहिले कुनै पनि उपादेयता छैन । हामीसँग अहिले जे छ, त्यैभित्र खोजिनुपर्छ  कटुवाललाई । उनले हाम्रा ओठभरि छोडेर गएका गीत, पानाभरि पोखेका कविता, र उनले सम्पादन गरेका अनेक कृति, यदाकदा आवरणहरूमा पाइने उनले गरेको कलाकृति, उनका नाटक र कथाहरू, बस्  प्रेमीहरूलाई साहित्य र पाठक पुस्ताका पछिल्लो गरी विशेष म ! भन्छु— यौन, र एक समयमा कुनै न कुनै प्रकारको दुर्व्यसन्को कथा नबोकेको मान्छे हुँदैन । कोही हाकाहाकी देखिन्छन्, देखाउँछन् । धेरैजसो छलछाम गर्छन् र छद्मभेषी भएर आदर्श छाँट्छन् । व्यक्तिका विषेश गरी दिवंगत गएपछि यस्ता व्यक्तिगत पाटातिर अल्झिरहनु समय खेर फाल्नु हो । उसले छोडेर गएको कृति, र त्यसको उचाइ नै त्यस व्यक्तिको उचाइ नाप्ने कसी हो । हरिभक्त उनको सिर्जनाले हरिभक्त भएका हुन्, तिनीहरूकै गरिहाइमा डुबेर हरिभक्तलाई खोजिनुपर्छ । हरिभक्तबारे व्यक्तिगत रिसिबीका आधारमा नकारात्मक कुरा गर्ने धेरै भेटिन्छन् । उनको जीवनका अँध्यारा पाटाको साक्षी पनि भट्टीबाट उनी सँगै निस्किएर आज बर्बरिक बनेर बसिरहेका छन् उनको महाभारत भन्न । तर उनी त आकाशका तारा भैसके, जसको हामीले देख्न सक्ने भनेको उज्यालोमात्रै हो ।

हरिभक्तबारे हामीले नवीन दृष्टिविन्दु बनाउनुपर्छ, र उनका समकालिन र भट्टीका साथीहरूले उनको अनुहारमा पोतिदिएको कलङ्कको मोसोलाई प्रेमका आँसुले धोइदिनुपर्छ । युवा कवि पुरु लमशालले उनको बारेमा बनाएको डोकुमेन्ट्री “अनि हरिभक्त फर्किएनन्” ले हाम्रा लागि हरिभक्त अध्ययनका लागि अनेकानेक सकारात्मक आयामहरू खोलिदिन पनि सक्छ । यत्ति भैदिए बस, हरिभक्त जो कहिल्यै नर्फने गरी गए हामीबीचबाट, हाम्रा मृदु सम्झनाहरूमा फर्किरहन्थे, बारम्बार । यत्ति मात्रै भैदिए बस्, उनलाई कवि हुनुमा कुनै ग्लानिबोध हुनेथिएन फेरि, र सायद कहिल्यै भन्ने थिएनन् -

**जाती हुन्थ्यो बरु म कवि नभएर**  
**त्यही रित्तो भाँडोभरि मट्टितेल हुन सकेको भए,**  
**मेरो देशको एउटा घरमा एक रात एक छाक बल्न सक्थेँ**  
**एउटा वृद्धको खिन्न अनुहार केही इण उज्यालो पार्न सक्थेँ**

हरिभक्तको स्मरण मूलतः उनको साहित्यक व्यक्तित्वको स्मरण नै हो । उनका यो जिन्दगी खै के जिन्दगी, पूर्वकिरण, भित्री मान्छे बोल्न खोज्छ आदि कविता सङ्ग्रह, बदनाम मेरा आँखाहरू (कविता र गीत सङ्ग्रह), सुधा (खण्डकाव्य) आदिका आधारमा उनको साहित्यिक तथा कवि वयक्तित्वलाई खुट्याउन सकिन्छ ।

हरिभक्त कटुवाल जति रसिक थिए त्यति नै पीडादायी जिन्दगी भोग्ने क्रममा पनि बाँधिएका थिए । उनी हाँस्ता पनि रुन्थे र रुँदा पनि हाँस्थे । उनी प्रकृति प्रेमी कवि थिए तर प्रकृतिले उनलाई धोकै - धोका दिएको थियो । यति हुँदा - हुँदै पनि नेपाली भाषा साहित्य संसारमा उनी चिरञ्जीबि भए । उनलाई धेरैले माया गरे । नारायण गोपाललाई मन पराउनेले पनि यिनलाई मन पराए र यिनलाई मन पराउनेले पनि नारायण गोपाललाई मन पराए । वास्तवमा यी नेपाली भाषाका जनप्रिय कवि र गीतकार थिए ।

## 9.3.2 गीतकारको रूपमा

नेपालको सिर्जना आकाशका धेरै ठूला ताराहरू लैनसिँह बाँग्देल, नारायण गोपाल, भूपी शेरचन, मोहन हिमांशु थापा, नगेन्द्रराज शर्मा, कृष्णचन्द्रसिँह प्रधान र धेरै अन्य नामहरू जोडिए छन् – हरिभक्त कटुवालको जीवनसँग । तर उनीभित्रको पीडा उत्सव र घाउ उत्सवको प्रारब्ध ज्युँका त्युँ नै रहिरह्यो सधैँभरि र एक्लै एक्लै, अँध्यारा रातहरूमा उनी गाइरहे बिरह गीत । यसैले कवि हरिभक्तका गीतहरूमा एउटा भिन्दै विषय र महकता पाइन्छ ।

हरिभक्त कटुवालको उपेक्षा नेपाली गीतको त्यस स्वर्णीम युगको उपेक्षा हो, जसले नारायण गोपलालाई स्थापित गरिदियो । **"मलाई नसोध कहाँ दुख्छ घाऊ," "मेरो यो गीतमा जो मुच्र्छना छ," "पोखिएर घामको झुल्कोभरि सँघारैमा"** जस्ता कालजयी गीत उनकै कलमले दिएको हो यो देशलाई, जसलाई आफ्नो अलौकिक गलाको मुच्र्छनाले नारायण गोपालले अजम्मरी बनाइदिए । केही समय पछिका लोकप्रिय गीत **"डाली डाली फूल फुल्यो"** र **"यो दुई थोपा आँसु"** हरिभक्तकै देन हुन् । अनेकन भजन र बालगीत पनि त उनको अमरत्वको साक्षी हुँदैहुन् । हरिभक्तको असमबाट काठमाडौं यात्रा, काठमाडौँको कहालीलाग्दो भोकयुद्ध र अपमान, मदिरा काण्ड र असम वापसी, र अकाल मृत्यु सबै सबै एक पराजयको इतिहासका खण्डहरू हुन् , जसले अरु खै के के गरयो के के । तर

हामीबीचबाट हामीले चिन्नै नपई, एउटा युग चुँडेर लग्यो र हाम्रो छातीमा कहिल्यै निको नहुने खाल्को एउटा ग्लानिको घाउ छोडेर गयो ।

कवि कटुवालको **सम्झना** गीत सङ्ग्रह प्रकाशित पनि छन् । गीतकार हरिभक्त कटुवाल र कवि हरिभक्त कटुवाल, यी दुवै नाम स्थापित छन् नेपाली जनमनमा। सिर्जना सामथ्र्य र शिल्पको कसीमा निफनेको चामल जस्तो सर्लक्क सफा दुई धार देखिन्छ उनको व्यक्तित्वको तर यी दुई व्यक्तित्वका बीचमा धेरै समता छन्, अन्तर्सम्बन्ध छन्। दुवै मिसिएको तर नमिसिए जस्तो पनि र नमिसिएर पनि उस्तै – उस्तै जस्तो पनि। गीतको चर्चा गर्दा कविता र कविताको समीक्षा गर्दा गीतको हेक्का नगरी हरिभक्तलाई सम्पूर्णतामा छाम्न सकिन्न। उनका गीतमा काव्यिक बिम्ब सुटुक्क प्रवेश गर्नु र गध्य कवितामा समेत अनुप्रासयुक्त लयचेतना मिसिएर आउनुको दोभानबाट उठेको छ उनको व्यक्तित्व। सघन संवेदना र संप्रेषणको उच्चता कवितामा ज्यादा छ। कोमलता र व्यावहारिक यर्थाथताको ज्यादा वकालत गीतमा देखिन्छ। त्यो कोमलता शैली सापेक्ष छ र व्यावहारिक यथार्थ पक्ष विषय विम्बमाथिको दृष्टि चेतनासँग मिसिएर आउँछ।

हरिभक्तको क्षमता नै हरिभक्तको सामथ्र्य र सीमा हो। उनमा कनीकुथी लेखन र ठसठस कनाइको संक्रमण छैन। विषयले उनलाई हिँडाएको छ र शिल्प सामथ्र्यले बलियो पारेको छ।

अम्बर गुरुङको स्वर र सङ्गीत रहेको **बदनाम मेरा यी आँखाहरू**, अम्बर गुरुङको संगीत र नारायण गोपालको स्वर रहेको **पोखिएर घामको झुल्को भरी संघारमा**, नारायण गोपालको स्वर - संगीत रहेको **मलाई नसोध कहाँ दुख्छ घाउ** जस्ता गीतहरूमा प्रयुक्त आँखासँग बदनामी, घामको झुल्कासँग पोखिनु र पोखाइको भाव र तिमीले सोधेकै शैलीमा उत्तर दिन सक्तिनँ भन्ने आसय लुप्त राखेर घाउ कहाँ दुख्छ नसोध भन्नुको प्रयोगलाई गीतमा कविता कलेबर भरेको रूपमा लिन सकिन्छ।

गीतमा सीधा भन्नु, सरल हुनु, मनोरञ्जनको अपेक्षा राख्नु र पछिल्ला दिनमा व्यावसायिक लक्ष्य खोज्नुको सापेक्षतामा हरिभक्तका गीतहरू फरक पहिचानमा उभिएका छन्। उनी गीतमा प्रष्टसँग गीति कथ्य भनिरहेका छन् र त्यो कथा आफैँमा पूर्ण देखिन्छ र त्यहाँ कवितात्मक चेतनाको उज्यालो छ तर उनै हरिभक्त मन त फलामकै भए असल हुन्छ शीर्षकको कवितामा लेख्छन् –

**न घात प्रतिघातमा रुन्छ**
**न सयपत्री र बाबरीले बाटो थुन्छ**
**मन त फलामकै भए असल हुन्छ।**
**कसैले चिमोट्यो – एक कट्टेरा त्यतै टाँसियो**
**कसैले एउटा मुस्कान फ्याँक्यो – उसैको पछ्यौरीमा गाँसियो**
**जहिले पनि जलेकै छ, जता पनि ढलेकै छ**
**मनको बह कसैसित नकह कसले बुझ्छ? कसले सुन्छ?**
**मन त फलामकै भए असल हुन्छ।**

गीत र कविता बीच त्यतिपरको साइनो त हैन हो कविता आफैँमा पनि गीत छैन।/ कवि अनुप्रास श्रुतिमधुर र लयचेतना देखिएको कवितामा यस पनि तर र प्रवाह सरल देखिएको यसमा हो। प्रभाव हरिभक्तको गीतकार हरिभक्तमाथि सम्प्रे ज्यादा कविता यो बनाउँछ। हुरुक्क निकै पाठकलाई अनुप्रासलेष्य हुनुमा शैली पनि प्रमुख कारण हो र त्यो शैली गीतबाट आएको छ, तर कटुवालले गीतमै पनि आफूलाई यसरी बगाएका छन् –

**बतासले झारेका फूलहरू सँगाली**
**विरहको आँसुले तिनै फूल पखाली**
**माला गाँसी राखे है भरे भेट्न आउँला**
**कर्म आफ्नो अभागी चोखो फूल कहाँ पाउँला?**
स्वर र सङ्गीत – अम्बर गुरुङ
**बन्धन र बाध्यतामा बाँच्नु पनि के बाँच्नु**
**आँसु लुकाई गहमा हाँस्नु पनि के हाँस्नु**
**यो घर जहाँ म बस्छु यो भित्ता चर्कँदै छ**
**सायद त्यो ढल्नलाई भैँचालो पर्खंदैछ**
**छोरो आफैँ बनाउला उसलाई चाहिने घर**
**गर्दै होला ऊ अहिले भैँचालो ल्याउने तरखर।**
स्वर – नरबहादुर दाहाल, सङ्गीत – अशोक राई ।

कविताका नाममा पढ्दै आएको पहिलो उदाहरण र गीतका नाममा सुन्दै आएको पछिल्लो दुई उदाहरणका बीच रेकर्ड हुनु र नहुनुको सीमा मात्र फरक हुन्। भाव विनिमय, शिल्पको सज्जा, लेखन प्रवाह र कथ्यको सुस्पष्टता उस्तैउस्तै लाग्छ।

गीति छन्द वा मिटरको सवाल अलग कुरा हो। प्रयोगशील सङ्गीतकारका लागि यो कुनै आइतबार पनि हैन। गीतलाई कतिपयले भन्ने गरिएकैजस्तो हल्का सीमामा नराख्नु र जीवनसँग जोड्नु र कवितालाई गीतको नजिक ल्याउन खोज्नुको बीचमा छन् गीतकार हरिभक्त कटुवाल।

हरिभक्तको चर्चा कतै कुनै न कुनै कुरासँग निरपेक्ष होइन। रेकर्डिङका हिसाबले केही वर्षहरू यताउता भए पनि नेपाली सुगम संगीतको लागि 20 र 30 को दशक स्वर्ण युग भन्ने गरिन्छ। त्यही कालखण्डमा आए अजम्बरी स्वर - सङ्गीत र रचनाका उच्च कोटीका स्रष्टाहरू। यादव खरेल (2000.सं.वि), किरण खरेल (1996.सं.वि), राजेन्द्र थापा (2000.सं.वि), रत्नशमशेर थापा (1994.सं.वि) (1996.सं.वि) रिजाल कालीप्रसाद, कृ्ृष्णहरि बराल (2010.सं.वि), दिनेश अधिकारी (2016.सं.वि), लगायतका थुप्रै गीतकारहरू कोही स्थापित भइसकेका र कोही प्रारम्भिक लेखनमा सक्रिय रहेको अवस्था हो त्यो। 'किन्नर किन्नरी' चर्चित भइसकेका माधव घिमिरे गीतकारको तथा कवि सुप्रसिद्ध जस्ता (1976.सं.वि) हैन मात्र निरन्तरता, गोपाल योञ्जन रचना जस्ता (2000 .सं.वि)÷सङ्गीत र स्वरको त्रिवेणी अद्वितीय सङ्गीत साधकले प्रवेश पाएको युगखण्ड हो त्यो। कवितामा उच्च पहिचान भएका भूपि शेरचन र इश्वर बल्लभका गीतियुगको निरन्तरता पनि यही नै मानिन्छ ।

रूपम गुणात्मक र सङ्ख्यात्मक अघिपछि त्यसको र कालखण्ड त्यस प्रयोजन र सीमा आलेखको यस छ। आगमन र उपस्थति स्रष्टाको धेरै निकै पनि सबै भएकाले जोडिनु/जोड्नु हरिभक्तसँग नभएर उत्खनन् समयको त्यो अ उल्लेख स्रष्टाहरूकोसंभव छ। रेकर्डिङको अघिपछि वा पुस्तक प्रकाशनको क्रम आफ्नै ठाउँमा होला तर उपर्युक्त स्रष्टाहरूसँग गीतकार हरिभक्तले कुनै न कुनै रुपमा स्पर्श गरेका छन्, संगत गरेका छन्, सहकार्य गरेका छन् र सिर्जनामा सामेल भएका छन्। नौ लाख तारा उदाए गीतले अम्बर गुरुङलाई जति उचाइ र अवसर दियो, त्यस्तै उचाइ र अवसर अगम सिंह गिरीले पाए÷पाएनन् वा लिन चाहे÷चाहेनन्? कतै विश्लेषण भएको पाइन्न। इतिहास निष्ठरी छ – हरिभक्तका सिर्जनामा रचना छनक खोज्नुभन्दा उनले खाने पानसुकुमेलको पसल कहाँ थियो भनेर हेर्न दुकुर्नेहरूलाई त हरिभक्तकै गीत काफी छ –

**म जे छु ठिकै छु बिथोल्न नआऊ।**

गीतकार हरिभक्तका निम्न गीतमा कवितात्मक गुण पाइन्छ -

**पोखिएर घामको झुल्का भरि संघारमा**
**तिम्रो जिन्दगीको ढोका खोलुँ खोलुँ लाग्छ है ।**
**सयपत्री फूलसितै फक्री आँगनीमा**
**बतासको भाखा टिपी बोलुँ बोलुँ लाग्छ है ।**

प्रसिद्ध सङ्गीतकार अम्बर गुरुङको कालजयी सङ्गीत र स्वर सम्राट नारायण गोपालको कर्णप्रिय स्वरमा कवि एवम् गीतकार हरिभक्त कटुवालको यो गीत आज पनि त्यत्तिकै सुमधुर र कर्णप्रिय छ । हरिभक्तका हरेक गीतहरूले सङ्गीतका जो कोही स्रोताहरूलाई आत्मकेन्द्रीत र एकाग्र बनाउन पुग्छ । गीत र कवितामा सङ्गीतको प्राण भर्न सक्ने कटुवाल नेपाली साहित्यका अत्यन्त चर्चित लोकप्रिय एवम् निडर व्यक्तित्वका रूपमा सुस्थापित व्यक्तित्व हुन् । गीतमा प्रयुक्त शब्द तथा लय विधान हेर्दा कटुवालका गीतहरूका भावभूमि र शिल्प सौन्दर्य विशेष उल्लेखनीय मात्र छैनन् । तत्कालीन समयको देश, काल परिस्थिति र समयको मूल्यवोधका हिसावले उनी निक्कै उम्दा गीतकारको रूपमा प्रतिष्ठापित छन् । उनको गीति व्यक्तित्व अनेक प्रकारबाट विभाजन गर्न सकिन्छ।

प्रारम्भिक कालका गीतमा कटुवाल केही अपरिपक्क देखिए पनि उनको गीति लेखनको मध्यकाल र पूर्वार्धतिर निक्कै सशक्त र कालजयी गीत रचना गर्न पुगेका छन् । जीवन एकदम कष्टकर र लथालिङ्गमा चलाएका कटुवालले सिर्जना शक्ति भने अत्यन्त व्यवस्थित, मर्यादित र मर्मस्पर्शी बनाएर प्रस्तुत भए । उनका हरेक रचना पाठकको मन मस्तिष्कमा झङ्कृत पार्न सक्ने सामथ्र्यले भरिपूर्ण छन् 'मलाई नसोध कहाँ दुख्छ घाउ ?' 'डाली डाली फूल फूल्यो' 'मेरो आँखालाई राख्ने' ... जस्ता चर्चित गीतहरू हरिभक्तका शब्दमा आयपर्यन्त पनि उत्तिकै सञ्चार माध्यमबाट बजिरहेको छ । सबै तहका पाठकलाई तान्न सक्ने सुवोध र सुपाच्य सिर्जना गर्न सक्ने कटुवाल अनुप्रासको उच्चतम प्रयोक्ताकाका रूपमा निकै सफल कवि तथा गीतकार हुन् ।

सरल शब्दमा मीठा मीठा गीत र कविता रचना गर्न सक्ने कटुवाल आधुनिक नेपाली कविताका तेस्रो चरण प्रयोगवादी धाराका प्रखर कालमा देखिए पनि आधुनिक नेपाली कविताको चौथो चरण समसामयिक धाराका केन्द्रीय कविका रूपमा सुपठीत छन् । कटुवालको कविता पनि निक्कै पठनीय छन् । नेपाली कविताप्रेमीहरूलाई हरिभक्त कटुवाल भन्ने नाम उच्चारण गर्नासाथ 'यो जिन्दगी

खै के जिन्दगी ? भन्ने कविताको स्मरण हुन्छ । पाठकस्रोताप्रति अति उत्तरदायी कविका रूपमा सुविख्यात कटुवाल अत्यन्त अस्तव्यस्त जीवन गुजारा गर्दासमेत तत्कालीन राजा महेन्द्रबाट दिइएको जागिरलाई अस्वीकार गरिदिएका थिए । महेन्द्रले प्रज्ञा प्रतिष्ठानमा जागिरको प्रस्ताव गर्दा कवि कटुवालले एकेडेमीमा जागिर खानुभन्दा लेकाली भान्सा घरको भानसे हुनु  वेस । भन्ने आठै जवाफ फर्काइदिएका थिए ।

तथापि महेन्द्रले पुनः उनलाई जग्गा दिने लोभ पनि नदेखाएका होइनन् तर उनले सरकार कविले हलो जोत्नु कि कलम घोट्नु ? भनेर महेन्द्रले राखेको जग्गा दिने प्रस्ताव समेत स्वीकारेनन् । तत्कालीन राज्यव्यवस्थाका कडा आलोचक कटुवाललाई राज्यबाट देखाइएको कुनै प्रलोभन स्वीकार्य भएन । उनी त राजनीतिक परिवर्तनका लागि सडक कविता आन्दोलन मार्फत् जनतामा तत्कालीन व्यवस्थाप्रति खरो उत्रन सङ्गठित भए । आर्थिक अभावले दैनिक गुजारा चलाउन हम्मे हम्मे भएका कटुवाल अन्ततः रक्सीका अत्याधिक अम्मली भएर निस्के । उनको नशामोह नेपाली साहित्यमा निक्कै चर्चित छ । उनको 'भित्रीमान्छे बोल्न खोज्छ कविता सङ्ग्रह', 'सम्झना गीत सङ्ग्रह', 'सुधा खण्डकाव्य', 'पूर्व किरण कविता सङ्ग्रह', 'यो जिन्दगी खै के जिन्दगी ?' र मृत्युपश्चात् 'बदनाम मेरा आँखाहरू' गीति कविता सङ्ग्रह प्रकाशित छन् ।

जनमुखी साहित्य सिर्जना गर्ने स्वाभिमानी कवि हरिभक्त आफ्नो कित्तामा अत्यन्त सजग, स्वविवेकी र निर्लोभी कविका रूपमा स्वणर्ाक्षरले लेखिएका व्यक्तित्व हुन् । आम पाठकलाई सुरुचीपूर्ण सिर्जना दिन सक्ने सरल कवि हुन् । भाषालाई दुरुह, भद्दा र किलष्टबाट जोगाउन उनले सरल र छोटा मीठा सिर्जना गर्ने एउटा गतिलो धारको निर्माण गरे । प्रवासी नेपाली भएर नेपाली साहित्यमा हरिभक्तले लगाएको गुण नेपाली कविता प्रेमी र पाठकहरूले कदापि चुक्त गर्न सक्दैनन् । सेवा गर्ने त मेवाको आश नगर्ने कवि कटुवाल आसामको डिवु्रगढ भन्ने ठाउँमा जन्मिएका थिए । सङ्खुवासभा जिल्लाबाट उनका पूर्वज भारतको आसाममा बसाई सरेका थिए ।

2037 साल जेठमा आसाममा बाबुको निधन भएको खबरले आसाम गएका कवि कटुवाल अन्ततः पुनः नेपाल फर्किएनन् । त्यसको ठीक तीन महिनापछि अर्थात् 2037 साल भदौ 25 गते कवि हरिभक्त कटुवाल निधन भएको खबरले सम्पूर्ण नेपाली साहित्यप्रेमीको मन कुँडियो उक्त खबरले एउटा कालजयी गीतकार,

जनप्रेमी कविताका लोकप्रिय स्रष्टा र मृदुभाषि स्वरका धनी व्यक्तित्व नेपाली साहित्यले सदाका लागि गुमाउनु पर्‍यो ।

चर्चित गीतकार हरिभक्त कटुवालको बारेमा निकै चर्चा गरिएको छ । उसो त नेपाली साहित्यिक क्षेत्रमा हरिभक्त कटुवालको जीवनी तथ व्यक्तित्व विभिन्न विवादस्पद घटनाहरूले गर्दा चर्चामा रहने गर्दछ । जीवनमा सधै अव्यवहारिक र असामान्य बनेका हरिभक्त कटुवालले स्वयम् आफूले आफ्नो जीवन जहिले पनि विवादस्पद र दयनीय बनाइरहे । नेपाली सांगीतिक क्षेत्रमा चर्चित गीत ‘मलाई नसोध कहाँ दुख्छ घाउ’ जस्ता जीवन्त गीत लेखी चर्चामा आएका उनी उनको वास्तविक जीवन अत्यन्त पीडादायी, असन्तुलित र विचलित बनिरह्यो । यस शीर्षकमा निबन्धकार यिनै कुराहरूलाई आफूले प्रत्यक्ष भोगेका घटनासँग तारदाम्यता मिलाउँदै व्यक्त गरेका छन् । आसाम निवासी हरिभक्त कटुवालसँग निबन्धकारको भेट रचना प्रकाशित गर्नेक्रममा भएको थियो । आसामबाट हरिभक्त कटुवाल काठमाडौँ जागिरको सिलसिलामा आएका थिए । यहाँ उनी विभिन्न साहित्यिक संघसस्थामा कार्यरत रहे । यस निबन्धमा हरिभक्त कटुवालसँग भएको भेटको केही सामान्य प्रसङ्गमात्र उल्लेख गरेका छन् । विशेषतः हरिभक्तलाई पियक्कड भएको कुरा र आर्थिक कारोवारमा कमजोर भएको कुरा राखेका छन् ।

हरिभक्तसँगको एउटा अत्यन्त रोचक घटना बालाजुको पिकनिकको राखेका छन् भने अर्को नयाँसडकको एउटा घटनामा प्रस्तुत गरेका छन् । नयाँसडकको घटनामा हरिभक्त कटुवालले मदिरा निकै पिएर लडखडाउँदै नयाँसकडको पेटीमा उभिएका हुन्छन् र के के बरबराउँदै हुन्छन् । उनका वरिपरि मानिसहरू झुम्मिएका हुन्छन् । निबन्धकार साथी विनोद दिक्षितसँग त्यही बाटो हिँडदै गरेका हुन्छन् । हरिभक्त कटुवाललाई यो अवस्थामा देखेपछि तर्कन खोज्छन् तर पनि हरिभक्तले देखिहाल्छन् र भाग्ने अवस्था नभएपछि उनलाई ट्याक्सीमा हाली डेरा पुर्‍याउने विचार गर्छन् तर कुनै ट्याक्सीवालले लान नमानेपछि उनले एउटा ट्याक्सीवाललाई ‘भाइ म पोखिएर घामको झुल्को’ गीत लेख्ने गीतकार हुँ भनेपछि लान मानेको रोचक प्रसङ्ग यहाँ उल्लेख गरेका छन् । यसरी हरिभक्तले आफ्नो जीवन आफूलाई मात्र बोझिलो नबनाई परिवारलाई पनि बोझिलो बनाएका थिए । अन्तमा उनी टिवीरोगबाट ग्रस्त भई यो संसारलाई नै छोड्न पुग्छन् ।

'बतासले झारेका फूलहरु...' उनको एउटा लोकप्रिय गीत हो जसलाई अम्बर गुरुङले स्वर र सङ्गीत दिएका छन्, यसमा एक पंक्ति भन्छ– 'चोखो फूल चाहिन्छ

ढुङ्गाको देउतालाई, माया किन व्यर्थैमा मरिजाने मान्छेलाई...।' सायद उनको जीवन दर्शन यही नै थियो अर्थात् मरिजाने शरीरलाई उनले माया गरेनन्। देश, काल, परिस्थितिले यस संसारको जुन कुनामा पुगे पनि वा जुन देशको नागरिकता लिए पनि नेपालीभाषीहरुको अन्तःस्करण नेपाली नै हुन्छ। यस अर्थमा नारायण गोपालको स्वर र अम्बर गुरुङको सङ्गीत जबसम्म नेपालीभाषी समुदायबीच बाँचिरहन्छ तबसम्म उनीहरुलाई शब्द दिने हरिभक्त कटुवाल पनि मर्ने छैनन्। कटुवालको भीमकान्त उपाध्यायको सङ्कलन र सम्पादनमा **बदनाम मेरा यी आँखाहरू** प्रकाशनमा आयो। त्यस कृतिमा पनि उनका कलजयी गीति कविता सङ्ग्रहित भए। उनका धेरै कविताहरू कर्णप्रिय गीत बनेका छन् । विशेषत: हरिभक्त कटुवालद्वारा लिखित गीतहरू निम्नलिखित छन् -

१. **हाँगाहाँगा वनभरि चैत फुलेछ**

*हाँगाहाँगा वनभरि चैत फुलेछ*
*थाहा नपाई मनभित्र बैंस फुलेछ*
*कताकता कसैलाई भेटेभेटे झैं*
*संग्लो पानी पिई तिर्खा मेटेमेटे झैं*
*कोहो कोहो दुई आँखामा आई डुलेछ*
*थाहा नपाई मनभित्र पृत फुलेछ*
*एक जोडी आँखा सधैं हाँसु हाँसु झैं*
*एउटा माला फूल टिपी गाँसु गाँसु झैं*
*कसोकसो बिहानीको निद खुलेछ*
*थाहा नपाई मनभित्र पृत फुलेछ*

शब्द - हरिभक्त कटुवाल
स्वर - अरुणा लामा
संगीत - कमलमणि क्षेत्री
'बदनाम मेरा यी आँखाहरु' - बाट ।

२. मेरो यो गीतमा जून मुर्छना छ

*मेरो यो गीतमा जून मुर्छना छ*
*त्यो तिमी होइनौ को भन्न सक्छ?*

*एउटै छ धरती आकास एउटै*

*एउटै छ उछ्वास चाहना एउटै*

*तरंग धेरै बिक्षिप्त मनमा*

*आँखाले मात्र को गन्न सक्छ?*

*तिमी हात म देऊ म पृत दिन्छु*

*तिमी आँट देऊ म जीत दिन्छु*

*रहर कुँदेका पाइलाहरूलाई*

*बन्धनको सागर को खन्न सक्छ?*

शब्द कटुवाल हरिभक्त -

स्वर गोपाल नारायण -

संगीत गुरुङ अम्बर -

३. मलाई नसोध कहाँ दुख्छ घाउ

*मलाई नसोध कहाँ दुख्छ घाउ*

*म जे छु ठिकै छु बिथोल्न नआऊ*

*मेरो जिन्दगीमा सधैं यो उदासी*

*सकेकै छु जिउन कहीले नहाँसी*

*मेरो चाहन हो तिमी हाँसे पुग्छ*

*मेरो घाऊ तिमी नहाँसे पो दुख्छ*

*तेसैले म भन्छु तिमी , मुस्कुराऊ*

*मलाई नसोध कहाँ दुख्छ घाँउ*

*कतै बिरानीमा हराए भने म*

*कतै बेहोसिमा कराए भने म*

*मेरो प्राप्ती त्यही यती ठाने पुग्छ*

*मेरो घाऊ तिमी नहाँसे पो दुख्छ*

*आन्ध्यारोमै छोड दियो , नजलाऊ*

*मलाई नसोध कहाँ दुख्छ घाँउ*

शब्द कटुवाल हरिभक्त -

स्वर, संगीत गोपाल नारायण -

४. पोखिएर घामको झुल्का

*पोखिएर घामको झुल्का भरि आँगनैमा,*
*तिम्रो जिन्दगीको ढोका खोलूँ खोलूँ लाग्छ है*
*सयपत्री फूलसँगै फक्री आँगनैमा,*
*बतासको भाखा टिपी बोलूँ बोलूँ लाग्छ है ।*
*कति कति आँखाहरु बाटो छेक्न आँउछन,*
*परेलीमा बास माग्न कति आँखा धाँउछन*
*यति धेरै मानिसका यति धेरै आँखाहरु,*
*मलाई भने तिम्रै आँखा रोजूँ रोजूँ लाग्छ है।*
*उँड्रपलायो कहिले प्वाँख किन लाग्छ उँड्र-,*
*मनको शान्त तलाउको पानी कसले चलायो*
*आँफैंलाई थाहा छैन कसलाई थाहा होला,*
*यसैले त तिमीसँग सोधूँ सोधूँ लाग्छ है।*

शब्द कटुवाल हरिभक्त -
स्वर गोपाल नारायण -
संगीत गुरुङ अम्बर -

५. यो दुई थोपा आँसु

*यो दुई थोपा आँसु*
*मैले मेरै लागि साँचेको*
*भोलि रुनलाई कसैकोमा आँसु*
*होला कि नहोला*
*दुख वेदनामा रोइदिन्छ आँसु*
*खुसीको सिमामा झरिदिन्छ आँसु*
*भोलि रमाउन कसैकोमा आँसु*
*होला कि नहोला*
*भन्न नसकेका बोलिदिन्छ आँसु*
*पीर बाँधिएका खोलिदिन्छ आँसु*
*भोलि पीर पोख्न कसैकोमा आँसु*
*होला कि नहोला*
*बितेका दिनको कथा लेख्छ आँसु*
*मिलन बिछोडको व्याथा लेख्छ आँसु*

**Notes**

*भोलि लेख्नलाई कसैकोमा आँसु*

*होला कि नहोला*

शब्द कटुवाल हरिभक्त -

स्वर सानु कुमार/सरगम साधना -

संगीत रनजीत - गजमेर

६. जून त लाग्यो ताराले

*जून त लाग्यो ताराले मन त लाग्यो मायाले*

*यो पहाड त्यो पहाड हेर्दा हेर्दै साराले*

*रंगीटिपेर थुँगा- थुँगा फूलको बिरंगी-*

*तिमी हिँड्ने गोरेटो सपनाले भरेर*

*आँखाको नानीमा सजाउनेछन् साराले*

*परी डुल्ने देशमा पुतलीको भेषमा*

*मिठो मिठो धुनमा कोइलीको बोलीमा*

*गाउनेछन् तिम्रो गीत परीहरू साराले*

*तिम्रो सानो मुटुमा कति धेरै माया छ*

*तिम्रो सुन्दर आँखामा ममताको छायाँ छ*

*देख्नेछन् यो माया सबै जगत साराले*

शब्द कटुवाल हरिभक्त -

स्वर घिमिरे भारती -

संगीत गजमेर रनजीत -

७. साँची राखुँ जस्तो लाग्छ

*साँची राखुँ जस्तो लाग्छ गीतभरि तिमीलाई*

*बाँधी राखूँ जस्तो लाग्छ प्रीतभरि तिमीलाई*

*डर लाग्छ कतै भागी गइदिन्छौ भन्ने*

*थाहै नपाई पराइको भइदिन्छ्यौ भन्ने*

*सपनीमै पाए हुन्थ्यो नीदभरि तिमीलाई*

*बाँधी राखूँ जस्तो लाग्छ प्रीतभरि तिमीलाई*

*नयाँ नयाँ रूप तिमी जति जति हेर्यो*

*उति उति रसाउँछ हृदय यो मेरो*

*हार जति मेरो पेवा जीत जति तिमीलाई*
*बाँधी राखूँ जस्तो लाग्छ प्रीतभरि तिमीलाई*

शब्द कटुवाल हरिभक्त -
स्वर सानु कुमार -
संगीत गजमेर रनजीत -

### 9.3.3 कथाकारको रूपमा

प्रसिद्ध कवि तथा गीतकारको रूपमा परिचित हरिभक्त कटुवालको 'यो जिन्दगी खै के जिन्दगी' कविता सङ्ग्रहले उनलाई चर्चाको शिखरमा पुऱ्याए पछि कथा सङ्ग्रह **स्पष्टिकरण** प्रकाशित भएको मानिन्छ । प्रस्तुत कतिलाई कवि कटुवालको ऐतिहासिक कथा सङ्ग्रह मानिएको छ ।

वीरबहादुर कटुवालको सहयोगमा विष्णुमाया क्षत्रीनीले हरिभक्तलाई 1992 साल असार 18 गते भारतको असम राज्यस्थित ब्रह्मपुत्रको छेउमा अवतरण भएका थिए । कटुवाल जन्मेको डेड वर्षमा ब्रम्ह्पुत्रको बाढीले उनको घरै भत्काई दियो । त्यसपछि त्यस घरमा सँधै आर्थिक हाहाकार मात्रै भयो । अनि बीरबहादुर कटुवालले आफ्नो परिवार कहिले यता सारे कहिले उता सारे । तर जताजता गए तापनि त्यस परिवारको आर्थिक खाडल क्रमशः गहिरो भैरह्यो । कटुवालले स्थानीय स्कूलमै कखरा पढे र असमियाभाषामा नै स्कूले शिक्षा ग्रहण गरे । उनले आइए पनि पढ्न खोजेका थिए तर पार लगाउन सकेनन् । किनभने उनले आइए पढ्दापढ्दै डिगबोईको नेपाली स्कूलमा पढाउन थाले । त्यस स्कूलमा उनी चित्र गुरु र खेलकुद गुरू थिए । त्यसैबेला उनले आफ्ना विद्यार्थीलाई नृत्य र सङ्गीत पनि पढाएका थिए । साथै उनले त्यहाँ सोरठी नृत्यको पनि प्रचलन गराएका थिए । उनैका कारणले त्यस ठाँउमा सोरठी नृत्यले पनि लोकप्रियता हासिल गरेको थियो । डिगबोईको विष्णुमन्दिर समितिमा उनले पढाएका विद्यार्थीहरुले पछि नृत्य र गायनमा ख्याति पनि कमाएका थिए ।

### 9.3.4 नाटककारको रूपमा

कटुवाल वाङ्मयका बहुआयमिक प्रतिभा थिए । त्यस कालखण्डमा उनले त्यहाँ साहित्य लेखन अनि मूर्त र अमूर्त चित्रकलामा ख्याति आर्जन गरेका थिए । उनैले डिगबोईमा नेपाली भाषामा आधारित नाटक र एकाड्की नाटक खेल्न र खेलाउने

प्रथाका जग पनि खनेका थिए । यसैले उनको **म मरेको छैन** र **अभिव्यक्ति** नाटक प्रकाशित छन् ।

कटुवालले आफ्नो जीवनकालमा असमकै सनकसिंह ठकुरी र माया ठकुरीकी छोरी जयकुमारीसँग बिहे गरेका थिए । यी दम्पतिबाट तीन छोरी र एक छोरा जन्मे । त्यसपछि स्वास्नी, छोराछोरी पाल्न यी क्रियाशील भए । तर जता गए पनि अन्ततः उनी हारेरै फर्कन्थे । कटुवाल चञ्चले थिए । त्यसैले उनले स्कूलको जागीर पनि थेग्न सकेनन् । अनि उनी हेल्थ इन्स्पेक्टरमा कार्यरत भए । त्याहाँ पनि उनी टिकेनन् । उनले फेरि मन बराले । अनि केही सिप नलागेपछि उनले तरकारी पसल थापे । त्यतिबेला उनी मिर्मिरेदेखि रातिसम्म सब्जीमण्डीमा नै पलेटी कसेर बस्थे । तरकारी व्यापारमा पनि उनी टिकिरहन सकेनन् र अर्को व्यवसायको खोजिमा लागे । परिणामस्वरुप उनले पर्देशी होटल खोले । उनको होटलमा पनि उधारो भात खानेको जनसंख्याको चाप बढ्न थाल्यो । अनि होटल सुकेनास झैं गल्न थालेपछि उनले त्यस ठाँउबाट पनि आँसुले हात धोए । यतिहुँदाहुँदै पनि उनी साहित्य र संस्कृति गतिविधिमा लागि बस्थे ।

कटुवालले आफ्नै बुताले साँस्कृतिक कार्यक्रम र साहित्यिक गोष्ठीहरुको आयोजना गरिरहन्थे । उनको हरेक सास फेराईमा वाङ्मय हुन्थ्यो । त्यसैले उनी भोकतीर्खै वाङ्मयमा नै समर्पित थिए । त्यसैबेला उनैको सम्पादनमा मूक्ति र हिमालय साहित्यिक पत्रिका प्रकाशित भए । त्यस बखत त्यहाँ उनी नेपाली साहित्य, सङ्गीत र पत्रकारिताका क्षेत्रमा सुप्रसिद्ध भैसकेका थिए । त्यही रौनकले उनको सर्वत्र चर्चा र परिचर्चा पनि हुन थालेको थियो । 2024 सालमा नेपालमा राष्ट्रव्यापी साहित्य सम्मेलन भएको थियो । त्यस सम्मेलनमा असमबाट हरिभक्त कटुवालले भाग लिएका थिए । त्यतिबेला केदारमान व्यथितले उनलाई काठमाडौं आउने निम्ता दिए । त्यसपछि 2026 सालमा उनी असमबाट काठमाडौं आए । काठमाडौंमा प्रवेश सँगसँगै कटुवालले काम पनि पाए । त्यसबेला उनलाई व्यथितको पहलमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको मुखपत्र प्रज्ञाको प्रबन्ध सम्पादकमा भर्ना गरियो । त्यही समयमा उनी सिद्धिचरण श्रेष्ठ, माधव घिमिरे, विजय मल्ल, ईश्वरवल्लभ, भूपी शेरचन, उत्तम कुँवर र अम्बर गुरुडका सम्पर्कमा पनि पुगे ।

केदारमा व्यथितले स्थापना गरेको नेपाली साहित्य संस्थानमा पनि कटुवाललाई सचिव बनाइएको थियो । अनि त्यस ठाँउमा साहित्यिक व्यक्तिहरुसँग कटुवाल रक्सी खाई बस्थे । त्यतिबेला उनीसँग साँगी लाग्न घरिघरि भूपी शेरचन र ईश्वरवल्लभ पनि पुग्ने गर्थे । रक्सी खाएका बेला कटुवाल निहुँमात्रै खोज्थे । त्यसैले विजुली खाएका बेला उनका छेउ स्रष्टाहरु प्रायः जान मान्दैन थिए । रत्नशमशेर थापाका अनुसार रक्सी खाएर मातेका बेला एकपटक कटुवालले भूपी शेरचनको लुगा नै च्यातिदिएका थिए । धेरै ठेस लागेपछि कटुवालले जीवन बुभ्mदै जान थाले । उनको जीवनको विशेषता उनी इमान्दार थिए । जस्तै कठोर जरीमाना भोग्नु परे पनि उनी असत्य बोल्दैन थिए । यस्तो राम्रो मान्छे पनि जिन्दगीलाई जित्न नसकेर रक्सीमा डुब्न थाले । अनि त्यही रक्सीले उनलाई डुबाई दियो । 20 वर्षको उमेरदेखि कटुवालले आफ्ना रचना पत्रपत्रिकामा छपाउन थाले । लेख्तालेख्तै यिनले काठमाडौं आउँदा एउटा गीतसङ्ग्रह, एउटा कविता सङ्ग्रह र एउटा खण्डकाव्य लिएर आएका थिए । काठमाडौं आएपछि उनले ‘यो जिन्दगी खै के जिन्दगी’ प्रकाशनमा ल्याए । त्यसै कवितासङ्ग्रहले यिनलाई चर्चाको शिखरमा पु¥यायो । त्यसपछि उनले कथासङ्ग्रह ‘स्पष्टिकरण’ प्रकाशित गरे । अनि उनको शेषपछि भीमकान्त उपाध्यायको सङ्कलन र सम्पादनमा ‘वदनाम मेरा यी आँखाहरु’ प्रकाशनमा आयो । त्यस कृतिमा पनि उनका कलजयी गीतिकविता सङ्ग्रहित भए ।

**मलाई नसोध**
**कहाँ दुक्छ घाउ**
**म जे छु ठीकै छु**
**विथोल्न नआउ !**

कटुवालले धेरै रक्सी खाए । काठमाडौंका प्रायः बुद्धिजीवीहरू यिनको तालबाट दुखित हुने क्रम जारी थियो । नेपालमा उनले आफ्नो ज्यान थाम्न नसकेपछि उनी आफ्नै देश फर्के । त्यहाँ पाइला टेक्ता नटेक्तै फेरि उनलाई अल्सर भयो । अनि 2037 साल भदौ 25 गते उनी असममै खसे । त्यसबेला उनी 45 वर्षको उमेरमा हिंड्दै थिए ।

### 9.3.5 सम्पादकको रूपमा

पूर्वोत्तर भारतमा नेपाली भाषा संस्कृतिको कुटुरोसहित नेपालीहरूको आगमन सन् 1826 को इष्ट इण्डिया कम्पनी र असमको आहोम राजबीच सम्पादित सन्धिकाल र यसको छेउछाउको अवधिमा भएको मानिन्छ। नेपालीहरूले रीतिथिति, गीत–सङ्गीत, संस्कार–संस्कृति, उखानतुक्का, धर्मसँगै एउटा विकसित भाषासमेत लिएर आए। पुराणकालमै पूर्वोत्तर आएका नेपालीहरू यहीँको रीतिथिति र बोली/भाषामा रंगिएर रैथाने भए भने पछि आउने नेपालीहरूले आफ्नो भाषा–संस्कृतिलाई बचाउँदै मातृभाषामा साहित्य - सिर्जना गर्न थाले। पूर्वोत्तर भारतका नेपाल साहित्यका जनक अङ्ग्रेज फौजका पल्टने लेसनायक तुलचन आले हुन्, जसले मणिपुरको धावामा वीरतापूर्वक लडेर मणिपुरलाई अङ्ग्रेज हुकुमतका अधीनमा ल्याएपछि लोकछन्दमा 'मणिपुरको लडाइँको सवाई' (सन् 1893) छापेर यस भेगमा नेपाली साहित्यको बीजारोपण गरे। लगत्तै धनवीर भण्डारीले 'अब्बर पहाडको सवाई' र 'शिलाङको भुइँचालोको सवाई', आत्मराम मगरले 'नागहिलको सवाई' तथा कृष्णबहादुर उदासले 'असमको भुइँचालोको सवाई' रचे, नेपाली जातिको ठेट 'सवाई' छन्दमा। यस्ता महारथीहरूमा बहुव्यक्तित्वका धनी हरिभक्त कटुवालको पनि नाम आउँछ ।

कवि कटुवाल कवि, गीतकार, कथाकार, नाटककारका अतिरिक्त एक कुशल सम्पादक पनि थिए । असमिया नेपाली साहित्यिकहरूले मौलिक सिर्जनाका अतिरिक्त छिमेकी तथा विदेशी भाषाका उत्कृष्ट ग्रन्थहरूको समेत नेपालीमा रुपान्तर गरेका छन्। त्यसरी नै नेपाली साहित्यका विशिष्ट ग्रन्थहरू असमिया, हिन्दी, बङ्गला तथा अङ्ग्रेजी भाषामा अनूदित भएका छन्। पाँच जना नेपालीले अनुवाद साहित्यमै साहित्य अकादमी पुरस्कार भित्र्याएर आफ्नो क्षमता देखाएका छन्। काव्य, उपन्यास, निबन्ध/प्रबन्ध, जीवनी, स्मृति ग्रन्थका रुपमा यो भेगमा जे जति कृति सार्वजनिक भएका छन्, ती सबैको फेहरिस्त तयार गर्ने हो भने पूर्वोत्तर भारतको नेपाली साहित्य सङ्ख्यात्मक दृष्टिले निकै बृहत् भइसकेको अनुभव हुन्छ। असममा रैथाने भइसकेका नेपालीहरूलाई असमिया समाजले आफ्नै जातिको अविच्छेद्य अङ्ग मान्ने गरेकाले असम सरकारले असमका नेपालीहरूको इतिहास प्रकाशन गर्न लागेको छ। यो कृतिले समग्र असमिया नेपालीलाई गौरवबोध गराउने पक्का छ।

हरिभक्त कटुवालले **हिमालय** (सन् 1963), **हिमानी** (सन् 1970), **संगीत सरिता** (सन् 1971), **बान्की** (सन् 1971) आदि पत्रिकाहरूको पनि सम्पादन गरेका छन। यस अतिरिक्त नेपालका प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित **प्रज्ञा** जस्ता लोकप्रिय

पत्रिकोको सम्पादन पनि गरेका थिए । हरिभक्त कटुवाल कै सम्पादनमा असमेली 12 जना कविहरूको संयुक्त कविता संग्रह **पूर्व किरण** पनि प्रकाशित भएको थियो । यसमा कृष्णप्रसाद ज्ञवाली, पुष्पलाल उपाध्याय, गोपीनारायण प्रधान, गजेन्द्र क्षेत्री, लक्ष्मीप्रसाद तिम्सिना, पद्मबहादुर थापा, जगतबहादुर प्रधान, हरिप्रसाद गोर्खा राई, हरिश पुरी, हरिभक्त कटुवाल, गुरुभक्त जैसी र बिरही सुब्बाका कविताहरू संग्रहित गरिएका छन् । हरिभक्त कटुवालले डिग्बोईबाट सन् 1958 मा **मुक्ति** प्रत्रिकाको सम्पादन पनि गरेको कुरा पनि थाहा पाइन्छ ।

## 9.3.6 अन्यान्य

कवि र गीतकारको रूपमा परिचित हरिभक्त कटुवालमा विविध व्यक्तित्व लुकेको थियो । उनलाई वाकपटुताका नायक भनिने गरिन्छ । कवि कटुवालको बाहिरी व्यक्तित्व त्यति आकर्षक नभए पनि उनमा अद्‌भुत वाकपटुता रहेको बताउँछन्, कवि अविनाश श्रेष्ठ। 'आफूमा निहित वाकपटुताको शक्तिको दुरुपयोग अक्सर उनी युवतीहरूमाथि गर्थे', कवि श्रेष्ठ भन्छन्, 'कहिले त्यही वाकपटुताले उनलाई धोका पनि दिन्थ्यो।' कवि एवं कथाकार श्रेष्ठले नै कटुवालको जीवनको अन्तिम अन्तर्वार्ता गरेका थिए आसाममा। कटुवालको निधन हुनुभन्दा दुई सातापहिले श्रेष्ठले अन्तर्वार्ता गरेका थिए। त्यस बेला पनि कटुवालले आफ्ना भनाइहरू अत्यन्त मार्मिक ढंगले अभिव्यक्त गरेका थिए। यसबाट के पुष्टि हुन्छ भने कटुवालले जुनसुकै अप्ठेरो परिस्थितिमा पनि आफ्नो अभिव्यक्ति कला र शब्दको गरिमालाई भुलेनन्।

तर, कटुवालले आफ्नो वाकपटुताको उपयोग गरेर कहिल्यै पनि लाभ धारण नगरेको स्मरण गर्छन् कवि एवं निबन्धकार रेशम विरही। भारतबाट नेपाल आएका अन्य कवि कलाकारले दरबार र तत्कालीन शक्तिको चाकरी गरेर नागरिकता तथा विभिन्न पदमा रोजगारी लिएका थिए। तर, कटुवाल कसैसँग पनि चाप्लुसी गर्न नजान्ने र गर्दा पनि नगर्ने भएकाले उनी अत्यन्त स्वाभिमानी रहेको बताउँछन्, कवि विरही। 'एकथरी समूहले त कटुवाललाई पागल हो भन्ने बनाउन नै जोड गरे', विरही पुराना दिन सम्झन्छन्, 'उनको गरिबी र अभावलाई चित्रण गरेर उपहास गर्दै पागल भन्न खोज्नु सरासर गलत हो। गरिबीको मारमा परेपछि मानिस यसै पनि फ्रस्टेट हुन्छ।' त्यति बेला विरही 'आरन' भन्ने पत्रिका चलाउँथे। विरहीसँग भेट भएका बखत एकचोटि कटुवालले आरन हेर्दै भनेका थिए, 'तिमीले

निकै राम्रो पत्रिका निकाल्यौ रेशम, बधाई छ। तर के गर्नु यो देशमा राम्रो गर्ने मानिसको कहिल्यै भलो हुन्न, अब तिम्रो पनि भलो हुन्न।' सुन्दा मनमा चसक्क पर्ने यी कुराहरू वास्तवमा एकदमै सही थिए। यसबाट सामान्य परिस्थितिलाई पनि दूरदृष्टि राखी आफ्नो भनाइ राख्न सक्ने क्षमता कटुवालमा रहेको पुष्टि हुने विरहीलाई लाग्छ।

**कटुवाल क्रेज** त्यो समयमा मुलुकको शासन व्यवस्थादेखि लिएर कला संस्कृति र प्रविधिमा अनेकौं फेरबदल आइसकेको छ। नेपाली कविता र गीतमा धेरै नयाँनयाँ सर्जकहरू स्थापित भएका छन्। यस्तो स्थितिमा पनि कवि कटुवालको क्रेज भने दिनदिनै बढ्दै गएको देखिन्छ। आफू बाँचेको समयमा उपेक्षित हुनु परे पनि आज उनीमाथि प्रेम र सद्भाव राख्ने जमात ठूलो छ। र त उनको नाममा हुने कार्यक्रमहरू बढिरहेका छन्। उनको कविताका पंक्तिहरू मानिसको हातमा खोपिएका छन्। उनलाई प्रेरणाको स्रोत मानेर कविता रचना गर्नेहरूको जमात पनि ठूलो छ। कटुवालकै प्रेरणाबाट लेखकहरू सरुभक्त, जगदीश घिमिरे आदिले नयाँ विधामा कला चलाएका थिए। कटुवालकै करले आफूले पहिलो उपन्यास लेखेको कुरा घिमिरे स्मरण गरिरहन्थे।

हो, व्यक्ति कटुवाल र सर्जक कटुवाललाई अलग गरेर हेर्न त मिल्दैन। तर, अनेकौं अफवाह र हाँसीमजाकका लागि बनाइएका किस्साहरूका बीच पनि आफ्नो युगान्तकारी रचनाकर्मका कारण कटुवालको क्रेज झन्झन् बढिरहेको छ। वि भवानी घिमिरेको पर्याय बन्दै आएको भानु साहित्यिक पत्रिकाले आफ्नो 100औं अङ्कलाई कवि हरिभक्त कटुवाल विशेषाङ्कका रूपमा प्रकाशित गरेको छ । नितान्त व्यक्तिगत प्रयासबाट आधा शताब्दीसम्म निरन्तर साहित्यिक पत्रिकाको प्रकाशन गर्नु हाम्रो सन्दर्भमा कम साहस र र्समर्पणको कुरा होइन । त्यसमाथि पनि एउटा लोकप्रिय कवि विशेष पृष्ठको पाँचसय साढे समर्पित साहित्यकारप्रति-साहित्यिक साधनहीन सायद गर्नु आँट गर्ने प्रकाशन विशेषाङ्क सामग्रीसहितको यसमा । होइन कुरा रोमाञ्चको कम गर्नुभन्दा विजय सगरमाथा लागि पत्रकारका स्व समाविष्टर्गीय केदारमान व्यथितको 2042 असोजमा लेखिएको शुभकामना सम्मतिले यो विशेषाङ्कको प्रकाशन योजना लगभग चौथाइ शताब्दी अगाडि प्रारम्भ भएको सहजै अनुमान गर्न सकिन्छ यसले पनि यसको कष्टसाध्यता आफैं पुष्टि गर्छ । भानुका भानुभक्त, लेखनाथ, देवकोटाजस्ता सर्थिक विशेषाङ्क

परम्परामा अहिले यो कटुवाल विशेषाङ्क थपिएको छ र यो सफलताको केन्द्रमा सम्पादक रहेको केन्द्रमा नै लगनशीलता र योगदान घिमिरेको भवानी प्रकाशक- । स्पष्ट

नेपाली साहित्यमा त्यतिबेला चलिरहेको जटिल र दुरुह स्वच्छन्दतावादी धारलाई सरलभू ल्याउन लोकधरातलमा सम्प्रेषणीय-पि शेरचनपछि आसाममा जन्मेका नेपाली साहित्यका लोकप्रिय कवि, नाटककार तथा गीतकार हरिभक्त कटुवालको महत्वपूर्ण योगदान रहेको छ । त्यसमाथि सडक कविता आन्दोलनजस्ता साहित्यमार्फ नेपालमा राजनीतिक चेतनाबिस्तारको अभियानमा समेत कटुवालको सक्रिय सहभागिता देखिएको छ । यी सबै कुराप्रति हामी सबै कृतज्ञ बन्नै पर्छ । साहित्यकारका रूपमा चर्चा पाउन कि त कुनै ठूला सञ्चार माध्यमसँगसम्बद्ध हुनुपर्ने (क्षेत्रका निजी पनि त्यो-, कि एनजिओ, आइएनजिओे र विदेशी बहुराष्ट्रिय प्रकाशनसम्म पहुँच रहनुपर्ने आजको यथार्थबीच विशुद्ध नेपाली भाव र पीडाको प्रतिनिधित्व गर्ने सफल कवि कटुवालकाका बारे यति श्रम, समय र लगानी खर्चनु आफैंमा जोखिम मात्र हुनसक्छ । त्यो जोखिम उठाएरै पनि स्वयं कवि व्यक्तित्वका भवानी घिमिरेले नेपाली साहित्यलाई ठूलै गुन लगाउनु भएको छ ।

केही शुभकामना, कटुवालका सम्झनामा लेखिएका 12 वटा कविता, 14 वटा समालोचनात्मक सामग्री, 9 वटा जीवनीपरक लेखआलेख-, 49 संस्मरण, कटुवालका केही अप्रकाशित सामग्री, कवि कटुवाल स्वयंले अन्य साहित्यकारलाई लेखेका पत्रहरू र अरु साहित्यकार तथा उहाँ परिवारले उहाँलाई लेखेका पत्रहरू, परिवारजनका केही अन्तर्वार्ता आदि गरेर नेपाल र नेपाली भाषी नेपाली मूलकाभारतीय नेपालीहरूद्वारा लिखित लगभग सवासय शर्ीष्ाकमा संयोजित विविध सामग्री यसमा संयोजन गरिएका छन् । यी र स्पष्ट तथा त्यति गुणस्तरीय नभए पनि संलग्न 23 वटा चित्रहरूले समेत कवि कटृवालका सबै पक्ष र योगदानलाई राम्रैसँग चिनाउने प्रयास गरेका छन् । यसरी कटुवालका कृतित्व र व्यक्तित्वका सबै पक्षको मूल्याङ्कन विशेषाङ्कले पर्ुनर्मूल्याङ्कनमा- महत्वपूर्ण सहयोग पुऱ्याएको मान्नर्ुपर्छ । मानिसको कृतित्व र व्यक्तित्वका दुबै पाटाको सही मूल्याङ्कनबाटै उसको समग्रता समेटिन्छ । समीक्ष्य विशेषाङ्कमा यो प्रयास केही देखिन्छ । कुनै पनि साहित्यकारको चर्चा र मूल्याङ्कन गर्दा कतै

कमी कमजोरीलाई समेत लुकाएर अतिमूल्याङ्कन गरिने र कतै पर्वग्रहप्रेरक एकपक्षीय कटुआलोचनाको शिकार बनाएर उसका राम्रा पक्षलाई गौण तुल्याइने प्रवृत्ति देखिने गर्छ यी दुवै अतिवादी प्रवृत्तिबाट मुक्त हुन सकेमा मात्रै वास्तविक रूपमा सम्यक मूल्याङ्कन सम्भव हुन्छ । यस्ता स्मृति अङ्क र विशेषाङ्कहरू यो पक्षमा कति सफल बन्न सकिरहेका छन्, यो पनि विचारणीय पक्ष  मान्नपर्छ ।

यही सङ्ग्रहका कतिपय संस्मरणात्मक रचनाले पनि यी तीनै खाले प्रवृत्ति बोकेको अनुभव गर्न सकिन्छ । अर्थात् केही संस्मरणले कटुवालका व्यक्तित्व तथा जीवनशैलीका सबल र दर्ुवल दुवै पक्ष उद्घाटित गर्ने प्रयास गरेको देखिन्छन् भने केहीले भने मात्र परम्परागत सम्झौताको औपचारिकता पर्ृरदर्शनबाहेक खासै योगदान पुऱ्याउन सकेका देखिँदैनन् । यसरी नै विशेषाङ्कमा समाविष्ट समालोचनापरक कृति वा खण्डमा नेपाली साहित्यका समान धारा र प्रवृत्तिका तुलनात्मक समालोचनाको केही कमी खड्किन्छ । पत्र खण्डले उनका मनोगत अस्थिरता, विपरितलिङ्गीप्रति केही अस्वाभाविक अनुराग र असङ्गतजीनबोधको झल्को दिएको छ र बरु यिनले उनको व्यक्तित्व विश्लेषणमा बढी सहयोग पुऱ्याउनसक्ने देखिन्छ । कटुवालका रचनाहरू नपढेका पाठकलाई पनि यसमा सङ्ग्रहित उनका प्रकाशित – अप्रकाशित रचनाले सघाएको प्रतीत हुन्छ ।

यति भएर पनि रचनाहरूलाई व्यक्तित्व – कृतित्व, संस्मरण, पत्र, रचनाताजस्ता पक्षहरूलाई अलग अलग खण्डमा संयोजन गर्न पाएको भए राम्रो हुन्थ्यो । पाठकलाई पढ्न पनि सजिलो हुनथ्यो । यसरी हर्ेदा सम्पादन संयोजमा- उदाहरणमा ज्वलन्त यसको । हुन्छ अनुभव कमी केही योजनावद्धताको व्यथित केदारमान, बालकृष्ण पोखरेल र रमेश विकल, लक्खीदेवी सुन्दास, अम्बर गुरूङ आदिका सुभकामाविष र सम्मति-यसूची र विज्ञापन शुभकामनासँगै छ्यासमिस पारिँदा कतै ती पनि शुभकामना विज्ञापन नै त होइनन् भन्ने भ्रम पर्नसक्छ । तर्सथ विभिन्न खण्डमा विभाजित गरेर सामग्रीको संयोजन हुनसकेको भए सुनमा सुगन्ध हुने देखिन्छ ।

## 9.4 उपसंहार

कवि र गीतकारको रुपमा परिरचि हरिभक्त कटुवालमा बहु आयामिकता व्यक्तित्व पाइन्छ । उनी एक दक्ष कवि, गीतकार, कथाकार, नाटककार र सम्पादक हुन् । यस अतिरिक्त गीतकार हरिभक्त कटुवाल र कवि हरिभक्त

कटुवाल, यी दुवै नाम स्थापित छन् नेपाली जनमनमा। सिर्जना सामथ्र्य र शिल्पको कसीमा निफनेको चामल जस्तो सर्लक्क सफा दुई धार देखिन्छ उनको व्यक्तित्वको तर यी दुई व्यक्तित्वका बीचमा धेरै समता छन्, अन्तर्सम्बन्ध छन्। दुवै मिसिएको तर नमिसिए जस्तो पनि र नमिसिएर पनि उस्तै – उस्तै जस्तो पनि। गीतको चर्चा गर्दा कविता र कविताको समीक्षा गर्दा गीतको हेक्का नगरी हरिभक्तलाई सम्पूर्णतामा छाम्न सकिन्न। उनका गीतमा काव्यिक बिम्ब सुटुक्क प्रवेश गर्नु र गध्य कवितामा समेत अनुप्रासयुक्त लयचेतना मिसिएर आउनुको दोभानबाट उठेको छ उनको व्यक्तित्व। सघन संवेदना र संप्रेषणको उच्चता कवितामा ज्यादा छ। कोमलता र व्यावहारिक यर्थाथताको ज्यादा वकालत गीतमा देखिन्छ। त्यो कोमलता शैली सापेक्ष छ र व्यावहारिक यथार्थ पक्ष विषय विम्बमाथिको दृष्टि चेतनासँग मिसिएर आउँछ।

हरिभक्त कटुवालले कुनै परिभाषा, मान्यता अथवा वादलाई अघि राखेर मैले कविता कहिल्यै लेखिनँ भनेर सोच्ने गर्थे । जिन्दगी जिउने क्रममा आइपरेका मधुर क्षणहरूलाई समाल्ने प्रयास मात्र उनले आफ्ना कृतिहरूमा गरेका छन् । यी कृतिहरूमा कतै बारुद गनाएका छन् त कतै फूल मगमगाएका छन् । तर हरिभक्त यतिमात्रै होइनन् । उनी अरु पनि केही हुन्, जुन सायद नेपाली साहित्यका पारखीले कहिल्यै थाह नपाउने एउटा रहस्य पनि हुन् । हरिभक्तको क्षमता नै हरिभक्तको सामर्थ्य र सीमा हो। उनमा कनीकुथी लेखन र ठसठस कनाइको संक्रमण छैन। विषयले उनलाई हिँडाएको छ र शिल्प सामथ्र्यले बलियो पारेको छ।

सडक र गल्लीहरूले चिनेको नाम, भट्टी पसल र सस्ता शराबीहरूले पुजेको नाम, एक बदनाम प्यारो हरिभक्त कटुवाल नेपाली साहित्य आकाशमा कहिल्यै अस्ताउने त्यो सूर्य हो, जसको तेजस्वी उज्यालोलाई थेग्न नसकी देशले धेरै मोडहरूमा आँखा चिम्लिएको थियो । हरिभक्तको नाम जोन किट्स र पीबी सेली र एडगार्ड एलन पोको उचाइँको नाम हो । असमको बर्डबिल ख्वाङ् गेर्गेरीमा जन्मिएका हरिभक्तलाई नेपाल बोलाउने नामहरू भने चान्चुने नाम होइनन् ।

असम तथा पूर्वाञ्चलका निकै चर्चित कविहरूमा कवि हरिभक्त कटुवालकै नाउँ अग्रिम पंक्तिमा आउँछ । उनी ‘आकाशका तारा के तारा’ लेखेर निकै नामी कवि भएका थिए । लोकप्रिय कवि भएका थिए । त्यति बेलासम्म उनको **भित्री मान्छे बोल्न खोज्छ** कविता संग्रह प्रकाशित भैसकेको थियो । उनको **सुधा** खण्डकाव्य पनि प्रकाशित भएको थियो । सुधा खण्डकाव्यमा कविले शिलाङको

सुनाकुरुङका प्रसिद्ध झरना –विडन र विशप फल्सहरूको प्राकृतिक सौन्दर्यको चर्चा गरेका छन् । त्यतिबेला हरिभक्त कटुवाल कै सम्पादनमा असमेली 12 जना कविहरूको संयुक्त कविता संग्रह **पूर्व किरण** पनि प्रकाशित भएको थियो । कटुवालका कविताहरूमा विम्ब र प्रतीकको प्रयोग कम छ तर कविताहरू अति मर्मस्पर्शी छन र व्यंग्यात्मक छन। कवि आशावादी र जीवनवादी पनि छन। उनका गीतहरूले पनि धेरै ख्याति प्राप्त गरेका छन। श्रेष्ठ कविका रूपमा नेपाल सरकारको रोयल अकादेमी पदक र कविताको लागि स्वर्ण पदक पाएका कवि कटुवाल नेपाली साहित्यका लागि त्यो कोइला हो, जसको कालो सबैले देखे, तर त्यो आफैँ जलेर भर्भराउँदो उज्याले छर्न थालेपछि सबै निदाए । हरिभक्त कटुवाल नेपालको छातीभत्रिको त्यो दुखिरहने घाउ हो, जो घरिघरि बल्झिरहन्छ, र सम्झाइरहन्छ हामीलाई कि निष्ठुर हुनुको पनि एउटा सीमा हुन्छ ।

## 9.5 सार

यस प्रखण्डमा **हरिभक्त कटुवालको विशेष साहित्यिक योगदान**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- ❖ कवि र गीतकारको रुपमा परिरचि हरिभक्त कटुवालमा बहु आयामिकता व्यक्तित्व पाइन्छ ।
- ❖ कटुवाल एक दक्ष कवि, गीतकार, कथाकार, नाटककार र सम्पादक हुन् । यस अतिरिक्त गीतकार हरिभक्त कटुवाल र कवि हरिभक्त कटुवाल, यी दुवै नाम स्थापित छन् नेपाली जनमनमा।
- ❖ सिर्जना सामर्थ्य र शिल्पको कसीमा निफनेको चामल जस्तो सर्लक्क सफा दुई धार देखिन्छ उनको व्यक्तित्व ।
- ❖ गीतको चर्चा गर्दा कविता र कविताको समीक्षा गर्दा गीतको हेक्का नगरी हरिभक्तलाई सम्पूर्णतामा छाम्न सकिन्न। उनका गीतमा काव्यिक बिम्ब सुटुक्क प्रवेश गर्नु र गध्य कवितामा समेत अनुप्रासयुक्त लयचेतना मिसिएर आउनुको दोभानबाट उठेको छ उनको व्यक्तित्व।
- ❖ सघन संवेदना र संप्रेषणको उच्चता कवितामा ज्यादा छ। कोमलता र व्यावहारिक यर्थाथताको ज्यादा वकालत गीतमा देखिन्छ। त्यो कोमलता शैली

सापेक्ष छ र व्यावहारिक यथार्थ पक्ष विषय विम्बमाथिको दृष्टि चेतनासँग मिसिएर आउँछ।

- ❖ हरिभक्त कटुवालले कुनै परिभाषा, मान्यता अथवा वादलाई अघि राखेर मैले कविता कहिल्यै लेखिनँ भनेर सोच्ने गर्थे ।
- ❖ जिन्दगी जिउने क्रममा आइपरेका मधुर क्षणहरूलाई समाते प्रयास मात्र उनले आफ्ना कृतिहरूमा गरेका छन् । यी कृतिहरूमा कतै बारुद गनाएका छन् त कतै फूल मगमगाएका छन् । तर हरिभक्त यतिमात्रै होइनन् ।
- ❖ कवि कटुवाल नेपाली साहित्यका पारखीले कहिल्यै थाह नपाउने एउटा रहस्य पनि हुन् । हरिभक्तको क्षमता नै हरिभक्तको सामर्थ्य र सीमा हो।
- ❖ कवि वटुवालमा कनीकुथी लेखन र ठसठस कनाइको संक्रमण छैन। विषयले उनलाई हिँडाएको छ र शिल्प सामथ्र्यले बलियो पारेको छ।
- ❖ हरिभक्त कटुवाल नेपाली साहित्य आकाशमा कहिल्यै अस्ताउने त्यो सूर्य हो, जसको तेजस्वी उज्यालोलाई थेग्न नसकी देशले धेरै मोडहरूमा आँखा चिम्लिएको थियो ।
- ❖ हरिभक्तको नाम जोन किट्स र पीबी सेली र एडगार्ड एलन पोको  उचाइँको नाम हो । असमको बर्डबिल ख्वाङ् गेर्गेरीमा जन्मिएका हरिभक्तलाई नेपाल बोलाउने नामहरू भने चान्चुने नाम होइनन्  ।
- ❖ हरिभक्तको नाम जोन किट्स र पीबी सेली र एडगार्ड एलन पोको  उचाइँको नाम हो ।
- ❖ लोकप्रिय कवि हरिभक्त कटुवाल पूर्वाञ्चलका कृष्णप्रसाद ज्ञवाली, पुष्पलाल उपाध्याय, गोपीनारायण प्रधान,  गजेन्द्र क्षेत्री, लक्ष्मीप्रसाद तिम्सिना, पद्मबहादुर थापा, जगतबहादुर प्रधान, हरिप्रसाद गोर्खा राई आदिका समकालीन मानिन्छ ।
- ❖ कटुवालका कविताहरूमा विम्ब र प्रतीकको प्रयोग कम छ तर कविताहरू अति मर्मस्पर्शी छन र व्यंग्यात्मक छन।
- ❖ हरिभक्त कटुवाल आशावादी र जीवनवादी कवि पनि हुन् ।
- ❖ हरिभक्तलाई एक प्रसिद्ध गीतकारको रूपमा पनि चिनिन्छ ।

यस प्रखण्डको अध्ययनले **हरिभक्त कटुवालको विशेष साहित्यिक योगदान**बारे बुनियाँदी जानकारी प्राप्त भयो । यस अतिरिक्त हरिभक्त

कटुवालको साहित्यिक परिचय र उनका साहित्यिक योगदान सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 9.6 अनुशीलनी

1. कवि हरिभक्त कटुवालको जीवनबारे चर्चा गर्दै उनको साहित्यिक योगदानबारे सविस्तार चर्चा गर्नुहोस् ।

2. कवि हरिभक्त कटुवालका कवितामा पाइने प्रमुख विशेषताबारे टिप्पणी गर्नुहोस् ।

3. भारतेली नेपाली साहित्यमा कवि हरिभक्त कटुवालको महत्त्व र मूल्य के कस्तो रहेको छ ? बताउनुहोस् ।

4. कवि हरिभक्त कटुवालका कविताहरूबारे सबिस्तार रूपमा चर्चा गर्दै उनलाई प्रसिद्ध कविको रूपमा चिनाउनुहोस् ।

5. कवि हरिभक्त कटुवालका खण्डकाव्यहरूमा पाइने खण्डकाव्यकारितालाई विस्तृत रूपमा प्रस्तुत गर्नुहोस् ।

6. हरिभक्त कटुवाललाई किन जीवनदेखि हारेको कवि मानिन्छ ? आफ्नो तर्क दिनुहोस् ।

7. कवि हरिभक्त कटुवाललाई एक दक्ष गीतकारको रूपमा चिनाउँदै उनका गीतहरूबारे चर्चा गर्नुहोस्।

8. कवि हरिभक्त कटुवालको साहित्यिक योगदानबारे एउटा टिप्पणी लेख्नुहोस् ।

9 कवि हरिभक्त कटुवालका नाट्यकारिताबारे लेख लयार पार्नुहोस् ।

10. कवि हरिभक्त कटुवाललाई कथाकार र सम्पादकको रूपमा चिनाउँदै उनको साहित्यको वैशिष्ठबारे आफ्नो मनतव्य लेख्नुहोस् ।

## 9.7 अतिरिक्त अध्ययन

२. प्रधान, कृष्णचन्द्रसिंह - **साझा समालोचना** ।

1. प्रधान, प्रतापचन्द्र - **केही कृति केही स्मृति** ।

2. प्रधान, हृदयचन्द्रसिंह - **नेपाली काव्य र उसका प्रतिनिधि कवि ।**

3. श्रेष्ठ, मोहनराज र दयाराम शर्मा - **नेपाली साहित्यको संक्षिप्त इतिहास ।**

4. लुइटेल, खगेन्द्रप्रसाद - **कविता सिद्धान्त र नेपाली कविताको इतिहास ।**

5. आले, हरेन - **नव आधुनिक नेपाली कविता ।**

6. सुन्दास, लक्खीदेवी (सम्पा) - **सम्मेलन कविता सङ्ग्रह ।**

7. ठकुरी , मोहन - **नेपाली कविता यात्रा ।**

8. राई, असीत - **भारतीय नेपाली साहित्यको इतिहास ।**

9. ठाकुर, मोहन - **स्वतन्त्रतोत्तर नेपाली कविता ।**

10. रिसाल, राममणि - **नेपाली काव्य र कवि ।**

11. श्रेष्ठ, रमेश - **नेपाली कविताको प्रवृत्ति ।**

१२. शर्मा, तारानाथ – **नेपाली साहित्यको इतिहास ।**

१९. जिम्बा, टेकध्वज आशा – **आधुनिक भारतीय कविता संचयन ।**

२०. नेपाल, घनश्याम - **नेपाली साहित्यको परिच्यात्मक इतिहास ।**

२१. प्रधान, कृष्णचन्द्रसिंह - **नेपाली कविताको आधुनिक प्रवृत्ति ।**

२२. नवपानीया, हरिभक्त – **नेपाल बाहिर नेपाली साहित्यको गतिविधि ।**

यस अतिरिक्त **हरिभक्त कटुवाल**बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 9.8 मूल्यबृद्धिको निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

६. कवि हरिभक्त कटुवालको साहित्यिक यात्रा ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 9.3 को खण्डमा उत्तर खोज्न सक्नेछन्)**

७. हरिभक्त कटुवाल कविको रूपमा ।

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 9.4.1 को खण्डमा उत्तर खोज्न सक्नेछन्)**

८. हरिभक्त कटुवाल गीतकारको रूपमा ।

.......................................................................................................

......................................................................................................

.....................................................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 9.4.2 को खण्डमा उत्तर खोज्न सक्नेछन्)**

९. हरिभक्त कटुवाल कथाकार र नाटककारको रूपमा ।

...................................................................................................

..................................................................................................

.................................................................................................

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 9.4.3 र 9.4.4 खण्ड अन्तर्गत उत्तर खोज्न सक्नेछन्)**

१०. हरिभक्त कटुवाल सम्पादक र अन्य व्यक्तित्वका रूपमा ।

...................................................................................................

..................................................................................................

.................................................................................................

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 9.4.5 र 9.4.6 को खण्ड अन्तर्गत उत्तर खोज्न सक्नेछन्)**

# एकाइ – 10, हरिभक्त कटुवालका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषता

## संरचना

10.0 उद्देश्य

10.1 परिचय

10.2 हरिभक्त कटुवालका रचनाहरू

10.3 हरिभक्त कटुवालका रचनाहरूको संरचना पाइने विशेषता

10.4 हरिभक्त कटुवालका रचनाहरूको शैलीमा पाइने विशेषता

10.5 उपसंहार

10.6 सार

10.7 अनुशीलनी

10.8 अतिरिक्त अध्ययन

10.9 मूल्यबृद्धिको निम्ति उत्तर

## 10.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- हरिभक्त कटुवालको सामान्य परिचय
- हरिभक्त कटुवालका रचनाहरू
- हरिभक्त कटुवालका रचनाहरूको संरचना पाइने विशेषता
- हरिभक्त कटुवालका रचनाहरूको शैलीमा पाइने विशेषता

## 10.1 परिचय

हरिभक्त कटुवाल नेपाली काव्याकाश का एक उज्ज्वल नक्षत्र हुन। कटुवाल एकसाथ कवि, नाटककार एवं कथाकार का रूपमा नेपाली साहित्य जगतमा बिराजमान छन। पीडा का अभिव्यक्तिले भरिएका उन्का गीतहरूमा

जातीयताबोध, देशप्रेम र सामाजिक जनचेतना पनि स्पष्ट रूपमा झल्किन्छ। हरिभक्त कटुवालले आफ्ना गीतहरूमा सबैको बोधगम्य, श्रुतिमधुर र मन भित्र सम्म छुने मार्मिक अभिव्यक्ति दिएका छन। उनको कविता **यो जिन्दगी खै के जिन्दगी, आकाशका तारा के तारा** जस्ता सुन्दर कविताहरू रचना गरेर कटुवाल प्रसिद्धिको शिखरमा पुगेका छन। यो जिन्दगी खै के जिन्दगी कवितामा उनलाई स्वर्ण पदक पनि प्राप्त भएको थियो। कटुवालका कविताहरू गीतमय छन र उनका कविताहरूमा जीवनबोध सीधा र तीखो व्यंग्यात्मक भावले भरिएको हुन्छ।

कुनै वाद, मान्यता या वादलाई अघि हिडाएर कविता नलेख्ने कवी हुन् कवी **हरिभक्त कटुवाल** । असमको डिब्रूगढ जिल्लाको बोगिबिल गाँउमा 2 जुलाई 1935 सनमा उनको जन्म भएको थियो। उनका पिता थिए बीर बाहादुर कटुवाल र आमा थिईन विष्णुमाया कटुवाल। उनको प्राथमिक शिक्षा आफ्नै गाउँको विद्यालय बोगिबिलमा एवं हाईस्कुलको शिक्षा डिब्रुगढ हाईस्कुल समर विद्यापीठमा भएको थियो। पहिले डिब्रुगढको कानोई कलेजमा र पछि डिग्बोई कलेजमा स्नातक सम्म अध्ययन गरे तर स्नातक भने हुन सकेनन। पेशागत रूपमा सर्वप्रथम कटुवालले सन 1956 बाट पब्लिक हेल्थ इंस्पेक्टरका रूपमा काम गरे र 1959 बाट 1965 सम्म असमको डिग्बोई इ रुपमा शिक्षकका स्कुलमा .सी.ओ. गरेर कार्य1968 सनमा टिरापमा गएर लङटङ हाईस्कुलको स्थापना गरे। हेडमास्टरका रूपमा नरसिंह थापालाई राखेर आँफैं पनि त्यसै विद्यालयमा नियुक्त भएर विशाल परिवेशको खोजीमा लागे।

साहित्य नै जीवनको उद्देश्य भएकाले साहित्यिक परिवेशको खोजमा नेपाल गए र उन्ले धेरै ख्याति पनि प्राप्त गरे। जिन्दगी जिउदै गर्दा आइपरेका मधुर क्षणलाई समातेर लेखिएका उनका कविताहरुमा कतै बारुद ठ्वासठ्वास्ती गनाएका छन् भने कतै फूलहरु मगमग बास् आएका छन् । विरक्ति, निराशा, रक्सि, जागिर एवम् जीवन भोगाइलाई बिम्ब र उपमेय बनाएर कविता लेख्न सिपालु कवी कटुवालले आफूलाई "**म चैतको एउटा हुरी मात्र बस् त्यती, बिजुलीको एउटा चम्काई मात्र , त्यति ।**" भनेका छन् । हरिभक्त कटुवाल हो -जो मृत्युको डरले सधैं भागिहिंड्छ ,यो त्यही कटुवाल हो – जो स्वस्ती गरेर भए पनि आफ्नो जागिर जोगाउनैमा तल्लिन छ ।' इतिहासले सम्झिरहने अनेकौं कविता कृतिहरुमध्ये एक हो – हरिभक्त कटुवालको "यो जिन्दगि खै के जिन्दगी" कविता संग्रह, जसले

उनलाई चर्चाको शिखरमा पुर्यायो । सोहि कविता संग्रहलाई 'स्वदेश फर्किएपछि (32 वटा) र प्रवालबाट (29 वटा) गरी आफ्ना कविताहरुलाई दुई भागमा विभाजन गर्दै कटुवालले 'यो जिन्दगी खै के जिन्दगि" मा आफ्ना कुरा मार्फत यो पनि भनेका छन् - " **भोलि म नरहुँला र जो रहेनछन् उनीहरुकै हातमा यो जिन्दगि...समर्पित छ ।"**

आधुनिक नेपालि कविताका प्रखर सर्जक कवी हरिभक्त कटुवालले युगान्तकारी चेतना, सौन्दर्य र लयात्मकतालाई समातेर कविता लेखेकै हुनाले पनि होला उनि अत्याधिक प्रशंसित कवी मध्ये पर्दछन् । कटुवालका कविताहरूमा विम्ब र प्रतीकको प्रयोग कम छ तर कविताहरू अति मर्मस्पर्शी छन र व्यंग्यात्मक छन। कवि आशावादी र जीवनवादी पनि छन। उनका गीतहरूले पनि धैरै ख्याति प्राप्त गरेका छन।

## 10.2 हरिभक्त कटुवालका रचनाहरू

कवि हरिभक्त कटुवालका हालसम्म प्रकाशित कृतिहरू निम्नलिखित छन् –

1. कविता सङ्ग्रह – भित्रि मान्छे बोल्न खोज्छ (वि. सं. 2018), यो यो जिन्दगी खै के जिन्दगी ? (वि. सं. 2029) ।
2. गीत सङ्ग्रह - सम्झना (2016) र बदनाम मेरा यी आँखाहरू (वि. सं. 2040) ।
3. खण्डकाव्य :- सुधा (वि. सं. 2021) ।
4. कथा सङ्ग्रह :- ऐतिहासिक (वि. सं. 2020, सहलेखन), स्पष्टीकरण (वि. सं. 2030) ।
5. एकाङ्की सङ्ग्रह :- म मरेको छैन ।
6. सम्पादन :- पूर्व किरण (वि. सं. 2021) ।
7. अनुबाद :- चरित्रपाठ ब्याकरण, शिशुबोध ब्याकरण ।

## 10.3 हरिभक्त कटुवालका रचनाहरूको संरचना पाइने विशेषता

हरिभक्तको जन्म सन् 1935 मा भएको हो र निधन सन् 1980 मा। उनको भौतिक जीवन त्यति लामो रहेन। त्यही बीच पनि असम र काठमाडौँको ओहोर

दोहोर। स्थिरसँग एक ठाउँमा रहने र निश्चित विषयको साधना गर्ने अवसर रहेन। फूलका सौखिन कटुवालको जीवन भोगाइ काँडा जस्तो बनेको थियो । उनको जीवन कतिलाई गीत गाउने मेलो बन्यो तर हरिभक्तमाथि दुनियाँले गाएको गीत चौतारीमा सुकेर गयो, हरिभक्त आफैँ एउटा बलियो गीत बनेर बसे पाठक – स्रोताको मनमा । यसो हुनको मूल कारण हामी हरिभक्त कटुवालका रचनाहरूमा पाइने संरचनागत विशेषतालाई मान्न सक्छौं ।

**"म चैतको एउटा हुरी मात्र बस् त्यती, बिजुलीको एउटा चम्काई मात्र, त्यति।"**

परिवार नियोजनको एउटा विज्ञापन छ – दोस्रो बच्चा कहिले पहिलो स्कुल जान्छ जहिले। यो हरिभक्तले लेखेको विज्ञापन हो। कहाँ गयो होला मेरो मीठो बैँस आज, न सुहाउने भयो भन्छन् तन्नेरीको माझ। यस गीतमा उनले कतिखेर बुढ्यौलीको कल्पना गरे होलान्? रञ्जित गजमेरको सङ्गीत र दीपानारायण झाको स्वर रहेको डालीडाली फूल फुल्यो अथवा कहाँ जान्छौ कहाँ जान्छौ पुतलीका हूल, जहाँ जहाँ फुलेका छन् मीठा मीठा फूलजस्ता बालगीत। विषय वैविध्यका यी केही उदाहरण हुन्। उनीभित्रको कमलो स्पर्श पाएपछि सबै प्रकारको भावहरू गीति छनकमा देखा परेका छन्। बल गरेजस्तो वा जबर्जस्ती कोचेजस्तो वाक्य कतै भेटिन्न र कुवा थुनेजस्तो नसासिँदो थुप्राइ पनि कतै भेटिन्न। सरल प्रवाह र भावको प्रस्टतामा उनी खुल्छन्। अन्जुदेवी हुन् वा निर्मला श्रेष्ठ, वसन्त खड्का हुन् वा माया ठकुरी, यी प्रतिनिधि कलाकार हुन्, जसले हरिभक्तलाई स्वरले भेटे तर तिनको स्वरले पनि यथागच्छे गीतलाई न्याय गरेकै छ। यसबाट हरिभक्तको गीत वितरण र कलाकार छनौट बीच पनि सन्तुलनजस्तो देखिन्छ।

धेरैले उनलाई मुडी, घमण्डी वा लहडी भनेको पनि पाइन्छ। गम्भीर सिर्जनाअघि मान्छेमा कुनै न कुनै रूपमा एउटा पागलपन आउँछ नै। भान्सामा दूध उम्लियो होला, धारामा पानी आयो होला, छोरालाई स्कुल पु¥याउनुथियो र हिजो अफिसमा त्योसँग झगडा परेको थियोजस्तो बेअर्थ भाव मनमा राखेर गीतकार बन्ने रहरमा कापी च्यापेर बस्नेहरूका कुरा बेग्लै हो तर हरिभक्तजस्ता विषयबोध गरेर त्यसैमा डुब्दै उत्रँदै डुब्दै उत्रँदै गर्ने गहिरा साधकमा अन्तर्मुखी रचनाधर्म स्वाभाविकै हो। उनको मुड गीतको गेडामै भेटिन्छ तिख्खर भाव भएर। केही वर्षअघि असम पुगेर उनकै निवासमा उनका छोरी र नातिनीहरुलाई भेट्दा तिनका आँखामा निराशा र

विषादको रेखा देखिन्थ्यो। हरिभक्तका रचनाको चर्चा कम र जीवनवृत्तको भाका ज्याद भयो भन्ने गुनासो थियो। मैले बीबीसीका लागि बनाएको एउटा रिपोर्टमा नातिनी नवनिता क्षेत्रीले भनेकी थिइन् – म हजुरबाका गीतहरू खूब सुन्छु, हरफ हरफ सुन्छु, कविता पढ्छु अक्षरअक्षर पढ्छु। मेरो पुस्तालाई पनि मन छुने भाव पाउँछु तर हजुरबाको साँचो समालोचना किन नभएको? मैले खासै ठूलो जवाफ दिइनँ सायद्। आवाज रेकर्ड गरेर फर्कें।

मनमा अझै छ – तिनले खोजेको समालोचना के हो? पुरु लम्सालले बनाएको डकुमेन्ट्रीले पनि उत्तर दिँदैन सायद् र मधुवनमा प्रसारण गरिएका हरिभक्तका कविताले पनि आफ्नै कुरा गर्ला तर हरिभक्त चिनाउने नयाँ तरिका के हो? सबै कुराका लागि फेरि पनि हरिभक्तका रचना नै हुन् र रचना र रचनाको पुनर्पठन अबको खाँचो हो। आजको समय र समयले उठाएको विविध जटिलाबीच उनका रचना बाँचिरहेका छन्। उनले भोगेको विशृङ्खल जीवनशैली र आजको सुष्क समय बीच केही न केही समता छ। त्यो पञ्चायत र यो गणतन्त्र। तात्कालीन राजा स्वयंले आमन्त्रण गरेर ल्याइएका भनिएको र उनको दुखपूर्ण बसाइ र आजको जनताको शासन भनिएको गणतन्त्र र सत्ताबाहेक सबैतिर उदासिन राजनैतिक नेतृत्वबीचको दूरी मापन गरेर मात्र उनको गीतकारिता खोज्नुपर्ने छ।

खोज्नु भनेको केवल टिपोट मात्र हैन, इतिहासको मूल्याङ्कन पनि हो। उनको जीवनजस्तै छ उनको गीत र गीतजस्तै छ उनको जीवन किनभने उनले जीवनकै लागि जीवनको नयाँ पाटो खोज्न आफूलाई गीतमा पोखे। खासमा हरिभक्तको गीत हरिभक्तकै जीवन हो र जीवनले भोगेको सुकुमार भोगाइहरूको ऐना हो। त्यही ऐनामा हेर्न सकिन्छ उनी बाँचेको समयखण्ड र नेपाली सुगम सङ्गीतको एउटा सफा र उच्च शिखर तर एउटा सत्य कुरा चाहिँ यो पनि हो – हृदय हरियो नहुनेहरूले जतिसुकै सुने पनि गीतका हरफ त बुझ्लान् तर हरिभक्तका गीतले संकेत गरेको जीवनको पाटो भने कहिल्यै बुझ्ने छैनन्।

अनेकौं अफवाह र हाँसी–मजाकका लागि बनाइएका किस्साहरूको बीच पनि आफ्नो युगान्तकारी रचनाकर्मका कारण कटुवालको क्रेज झन्झन् बढिरहेको छ। कणादले आफ्नो एउटा कवितासंग्रहको नाम नै कवि कटुवालकै स्मृतिमा समर्पित गरेका छन्। 'घाउमा हरिभक्त कटुवाल' नामक उक्त कवितासंग्रह साझाबाट प्रकाशित छ। कार्यालयको कामले कणाद पोखराबाट कार्यक्रमको भोलिपल्ट

एक्लै फर्किए। तर, कटुवाल र अरू कविहरू एकदुई दिन त्यहीँ बसे। फर्कंदा कवि विश्वविमोहन श्रेष्ठसँगै फर्किएका थिए, कटुवाल। पोखरा–काठमाडौंको एकदिने बाटो कटुवाल र विश्वले करिब एक हप्ता लगाए। यस क्रममा उनीहरूले कति होटल चहारे, कहाँ कहाँ घुम्न गए ? लेखाजोखा नै छैन।

एउटा कवि कतिसम्म लोकप्रिय हुन सक्छ वा उसले कुन हदसम्मको बदनामी बेहोर्नुपर्छ ? अझ शिक्षा, संस्कृति र साहित्यलाई मजाकको रूपमा मात्र हेरिने समाजमा बेलाबेला कवि–लेखकको हुर्मत पनि लिने गरिन्छ । कवि हरिभक्त कटुवाल यस्तै जटिल परिवेशमा बाँचेका चर्चित कवि हुन् । आफ्नो सम्पूर्ण जीवनकाल कविकै परिचयमा व्यतित गरेका उनको जीवन कुनै नाटकको दुखान्तः पात्रको झैं घात प्रतिघातमा बितेको थियो । विक्रम संवत् 2020 देखि 2037 सालसम्म साहित्य लेखनमा निरन्तर क्रियाशील उनको ऊर्जाशील जीवन नेपालमा नै बितेको थियो ।

भारतको आसाममा जन्मेका कटुवाल कविता लेखनकै कारण नेपाल आइपुगेका थिए । 2026 सालदेखि भने काठमाडौंमा नै बसोबास गर्न थालेका कटुवालले यसपछि अनेकौं मान सम्मान र घात प्रतिघातको सामना गरे । उनलाई धेरैले रक्सीसँग जोडेर पनि हेर्ने गर्छन् । रक्सी खाने लत र मार्मिक गीत तथा कविता लेख्ने उनको जीवनशैली मनमौजी किसिमको थियो । वि.सं 1992 असार 18 गते भारतको आसाम राज्यस्थित बर्डविलको ख्वाङ गेर्गेरी भन्ने ठाउँमा जन्मेका उनको निधन 2037 साल भदौ 25 गते आसामस्थित डिब्रुगढ मेडिकल कलेजमा भएको थियो । मानिसको जीवनका घात प्रतिघातलाई अत्यन्त मार्मिक ढंगले सम्बोधन गरेर कविता लेख्न सक्ने उनको खूबीलाई उच्च मानिन्छ । उनको 'सम्झना' गीति संग्रह, 'भित्री मान्छे बोल्न खोज्छ' कविता संग्रह, 'सुधा' खण्डकाव्य, 'यो जिन्दगी खै के जिन्दगी' कविता संग्रह, 'स्पष्टीकरण' कथा संग्रह र 'बदनाम मेरा यी आँखाहरू' गीति–कविता संग्रह प्रकाशित छन् ।

कटुवालको 'मलाई नसोध कहाँ दुख्छ घाउ', 'पोखिएर घामको झुल्का', 'हाँगाहाँगा वनभरि चैत फुलेछ' लगायतका गीत लोकप्रिय छन् । आज उनै कवि हरिभक्त कटुवालको 39औं स्मृति दिवसमा उनका पाँच थान कविता र केही तस्बिरहरू यहाँ प्रस्तुत गरिएको छ ।

000

**कतै आऊला कि कुनै यस्तो दिन**

*हिजो एक मित्रकहाँ गएको थिएँ,*
*एउटा पोको कोठाको कुनामा,*
*दलिनमा झुण्डिरहेको थियो*
*ती– अब फेरि आउने जाडो छल्न सुरक्षित राखिएका*
*सिरक र दोलाईंहरू हुनुपर्छ पक्कै पनि*
*मलाई लाग्यो–*
*म पनि झुण्ड्याइदिऊँ एउटा ठूलो पोको पारेर*
*व्यर्थै मलाई चिमोटिरहने यी सपनाहरूलाई,*
*कतै आउला कि कुनै यस्तो दिन,*
*जब, फुलाएर तिनै सपना आँखाहरूका फूलबारीमा*
*हाम्रा छोरा–छोरी र नाति–नातिनाहरू*
*आनन्दका गीत गाउँदै खेत गोडिरहेका हुनेछन् ।*

**रहर**

*बा, पाठशाला जान्नँ म*
*इतिहास पढाइन्छ, त्यहाँ मरेका दिनहरूको*
*खिया लागेका कलका पुर्जाहरू जस्तै*
*गणितका सूत्रहरू पनि साह्रै पुराना भइसके*
*रहर छैन मलाई बाँचिदिने*
*केवल इतिहास पानाहरूमा,*
*मैले त बाँच्नुपर्छ आउने दिनहरूमा*
*इतिहासको गतिलाई उछिनेर*
*इतिहासभन्दा बढी अरु केही भएर*
*त्यसैले बा, पाठशाला जान्नँ म*
*इतिहास पढाइन्छ त्यहाँ मरेका दिनहरूको ।*

**उनलाई पीर परेको बेलामा**

*आँसुले मेरो कसैको पीर पखाल्न सक्दो हो*
*म रूने थिएँ– आँसुकै एउटा सागर जम्दो हो ।*
*मलाई लाग्छ त्यो पीर तिम्रो छातीमा म लिऊँ*
*सृष्टिको बीच फुलेको फूल ओइलिन नदिऊँ ।।*

*सके त तिमी रोएको बेला म पनि रोइदिन्थेँ*
*छातीको तिम्रो परेको घाउ आँसुले धोइदिन्थेँ*
*सृष्टिको बीच फुलेकी तिमी मायालु जुहार*
*सम्हारबिना ओइलेछ तिम्रो हँसिलो मुहार ।।*

(छात्र प्रभा, वाराणासी, वर्ष 6 अंक 4, 2022)

**म कवि**

*आफैंलाई खोजिरहनुको उत्सुकताको पछि*
*गुमाउँदै जानुको चिसो विवशताले पीडित मेरो मुटु*
*खै आज कविता सोच्नै मान्दैन*
*शायद त्यसैले होला सुनगाभा!*
*तिम्रो मुस्कानभन्दा मेरो आँखामा यसबेला*
*ती वृद्ध सज्जनको मलिन अनुहार खेलिरहेछ*
*जो घन्टौं एउटा लामो क्यूमा उभिएर पनि हिजो साँझ*
*मट्टीतेलको रित्तो भाँडो हल्लाउँदै घर फर्किरहेका थिए*
*जाती हुन्थ्यो बरू म कवि नभएर*
*त्यही रित्तो भाँडोभरि मट्टीतेल हुन सकेको भए*
*मेरो देशको एउटा घरमा एक रात, एक छाक बल्न सक्थें*
*एउटा वृद्धको खिन्न अनुहार केही क्षण उज्यालो पार्न सक्थें*
*तर, सुनगाभा!*
*मेरो देशको कुनै समस्या पनि टार्न नसक्ने म कवि भएँ*
*– जो तिम्रै मुस्कानमा मात्र अल्झिरह्यो ।*

**मन त फलामकै भए असल हुन्छ**

*मन त फलामकै भए असल हुन्छ*
*न घात–प्रतिघातमा रुन्छ,*
*न सयपत्री र बाबरीले बाटो थुन्छ*
*मन त फलामकै भए असल हुन्छ ।*
*कसैले चिमोट्यो*
*एक कप्टेरो त्यतै टाँसियो*
*कसैले एउटा मुस्कान फ्याँक्यो*
*उसैको पछ्यौरीमा गाँसियो*
*जहिले पनि जलेकै छ,*

*जता पनि ढलेकै छ*

*मनको बह कसैसित नकह*

*कसले बुझ्छ, कसले सुन्छ ?*

*मन त फलामकै भए असल हुन्छ ।*

*वसन्तमा वन फुल्यो*

*मन उतै भुल्यो*

*बैंसले जाऊँ है भन्न लाग्यो*

*पीर झनै ठूलो*

*आकाश देख्यो आकाश जत्रै*

*बतास चल्यो बतासजस्तै*

*नौनीजस्तो मेरो मनलाई*

*जसले पायो उसले छुन्छ*

*त्यसैले पनि*

*मन त फलामकै भए असल हुन्छ ।*

आज प्रसिद्ध साहित्यकार तथा गीतकार हरिभक्त कटुवालको जन्मदिन पनि नेपाली समाजले भने जस्तो मनाएको देखिन्न । कर्ण प्रिय स्वरका धनी साहित्यकार तथा गीतकार स्वर्गीय श्री हरिभक्त कटुवालको जन्मजयन्तीको शुभकामना हामीले सदैव कामना गर्नुसक्नु पर्छ । हरिभक्त कटुवालको जन्म 1935, जुलाई 2 (विस 1992 असार 18 गते) असम राज्यमा वीरबहादुर कटुवाल र विष्णुमाया कटुवालको छोरोको रूपमा भएको थियो। वाहाँका थुप्रै पुस्तकहरु प्रकाशित भएका छन् । वि. स. 2024 सालमा नेपालमा राष्ट्र्व्यापी साहित्य सम्मेलनमा असमबाट हरिभक्त कटुवालले भाग लिएका थिए । त्यतिबेला केदारनाथ व्यथितले उनलाई काठमाडौ आउने निम्तो दिएका थिए । त्यस पछि फेरि 2026 सालमा ऊनी असम बाट काठमाडौ प्रवेश गरे सँगै उनले नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा प्रज्ञाको प्रवन्ध सम्पादकमा जागिर गर्न थाल्नुभयो। त्यही समयमा उनी सिद्धिचरण श्रेष्ठ, माधव घिमिरे, विजय मल्ल, ईश्वरवल्लभ, भूपी शेरचन, उत्तम कुँवर र अम्बर गुरुडका सम्पर्कमा पनि पुगे। केदारमान व्यथितले स्थापना गरेको नेपाली साहित्य संस्थानमा पनि कटुवाललाई सचिव बनाइएको थियो। अनि भएको त्यस ठाँउमा साहित्यिक व्यक्तिहरु भूपी शेरचन र ईश्वरवल्लभ पनि पुग्नेगर्थे। काठमाडौमा रहदा धेरै ठेस लागेपछि कटुवालले जीवन बुझ्दै गए। उनको जीवनको विशेषता हो, उनी इमान्दार थिए।

जस्तै कठोर जरीमाना भोग्नु परे पनि उनी असत्य बोल्दैन थिए।सबैले वाहाँ लाई असाध्य राम्रो मान्छे भन्ने गर्थे। 20 वर्षको उमेरदेखि कटुवालले आफ्ना रचना पत्रपत्रिकामा छपाउन थालेका हुन्। लेख्तालेख्तै यिनले काठमाडौं जाँदा एउटा गीतसङ्ग्रह, एउटा कविता सङ्ग्रह र एउटा खण्डकाव्य लिएर गएका थिए। काठमाडौं गएपछि उनले 'यो जिन्दगी खै के जिन्दगी' प्रकाशनमा ल्याए। त्यसै कवितासङ्ग्रहले यिनलाई चर्चाको शिखरमा पुऱ्यायो। त्यसपछि उनले कथासङ्ग्रह 'स्पष्टिकरण' प्रकाशित गरे। अनि उनको शेषपछि भीमकान्त उपाध्यायको सङ्कलन र सम्पादनमा 'बदनाम मेरा यी आँखाहरू' प्रकाशनमा आयो। त्यस कृतिमा पनि उनका कलजयी गीतिकविता सङ्ग्रहित भए। उनका धेरै कविताहरू गीत बनेका छन्, कर्णप्रिय।

कवि कटुवालको जीवनको विशेषता हो, उनी इमान्दार थिए। जस्तै कठोर जरीमाना भोग्नु परे पनि उनी असत्य बोल्दैन थिए।सबैले वाहाँ लाई असाध्य राम्रो मान्छे भन्ने गर्थे। 20 वर्षको उमेरदेखि कटुवालले आफ्ना रचना पत्रपत्रिकामा छपाउन थालेका हुन्। लेख्तालेख्तै यिनले काठमाडौं जाँदा एउटा गीतसङ्ग्रह, एउटा कविता सङ्ग्रह र एउटा खण्डकाव्य लिएर गएका थिए। काठमाडौं गएपछि उनले 'यो जिन्दगी खै के जिन्दगी' प्रकाशनमा ल्याए। त्यसै कवितासङ्ग्रहले यिनलाई चर्चाको शिखरमा पुऱ्यायो। त्यसपछि उनले कथासङ्ग्रह 'स्पष्टिकरण' प्रकाशित गरे। अनि उनको शेषपछि भीमकान्त उपाध्यायको सङ्कलन र सम्पादनमा 'बदनाम मेरा यी आँखाहरू' प्रकाशनमा आयो। त्यस कृतिमा पनि उनका कलजयी गीतिकविता सङ्ग्रहित भए। उनका धेरै कविताहरू गीत बनेका छन् ।

हरिभक्त कटुवालका कवितामा प्रवृत्तिगत नैराश्य, कुण्ठा, प्रेम, विश्वासघात, आस्था रूपमा प्रत्यक्ष कहीं त परोक्ष कहीं अनुभूतिहरू दुखका-सुख र अनास्था-के कविताका क्रन्दन छ। प्रकटही पंक्तिमा कविले यस्तो अभिव्यक्ति पोखेका छन-

***सिद्ध नहुन्जेल निजको स्वार्थ मेरो साथ दिंदाँ रहेछन।***
***भित्री मनमा कपट लुकाई व्यर्थ लौ लौ भन्दा रहेछन।।***

काव्य रचनाको विकासक्रममा कटुवालको सुधा खण्डकाव्यको एक विशेष स्थान छ। असमबाट प्रकाशित यही नै नेपाली भाषाको पहिलो खण्डकाव्य हो।

प्रकृतिपुत्री सुधाको सामाजिक, आर्थिक र पारिवारिक पृष्ठभूमिको चयनमा कवि धेरै संवेदनशील भएर लेख्छन-

***अँ, उही सुधा हो। जस्लाई प्रणयले हाँस्न दिएन, जस्लाई जगले बाँच्न दिएन। मृगतृष्णा पिईं तिर्खा मेटने सपना देख्दी, यो उही सुधा हो।***

**सुधा** खण्डकाव्यको मार्फत कवि नेपाली नारीहरूको सामाजिक शोषण र दमनका विरूद्ध हार न मानेर त्यस्को विरोधमा सबल भएर प्रतिरोध गर्ने सन्देश दिन्छन। सुधा खण्डकाव्यको अन्तमा यसरी भन्दछे-

**म बाँच्दछु, म भाँच्दछु, विषालु दाँत सर्पका,**

**नरेन्द्र झैं पुरूषका जो हिंडछन छली,**

**अबोध सरल निष्कपट नारीलाई।**

**म बाँच्दछु, म बाँच्दछु, म बाँच्दछु।**

**यो जिन्दगी खै के जिन्दगी** प्रकाशनको हिसाबले यो उनको जीवनको अन्तिम कविता संग्रह हो। प्रवृत्तिको द्दष्टिले पनि उनको कविता यात्राको चरम उत्कर्ष पनि यही नै हो। साथीलाई शीर्षक कवितामा उनि भन्छन-

***फुल्नु त बेसै हो फुल्नु पर्छ।***

***काँडामा गुलाब भै फुल्नु पर्छ।***

***हिलोमा कमल भै फुल्नु पर्छ।***

***कसैले भरेको हावामा बेलुन झैं नफुलेर,***

***भीरमा पनि गुँरास भएर फुल्नु पर्छ।***

यसरी हरिभक्त कटुवालले सरल व्यंग्यात्मकता र विम्बात्मक काव्यहरू द्वारा नेपाली साहित्य जगतलाई समृद्ध बनाउनमा ठूलो योगदान पुऱ्याएका छन। कटुवाल बाङमयका बहुआयामिक व्यक्तित्व का धनी थिए। त्यस समयमा उन्ले साहित्यका अतिरिक्त मूर्त र अमूर्त चित्रकलाहरूमा पनि ख्याति अर्जन गरेका थिए।

## 10.4 हरिभक्त कटुवालका रचनाहरूको शैलीमा पाइने विशेषता

जहाँसम्म कवितामा विश्वस्तर हुन्छ या हुँदैन भन्ने प्रश्न छ, कविताको स्तरलाई कुनै गणितीय मापदण्डको आधारमा मापन गर्ने सर्वमान्य कसी त नहोला, तर विश्वसाहित्यको समालोचकीय कित्ताले अघोषितै रुपमा भए पनि स्वीकार गरेका केही सर्वमान्य मापदण्डहरू अवश्य छन् । यस आधारमा हेर्ने हो भने, विश्वस्तर भन्ने केही अवस्य हुन्छ, जसलाई प्राप्त गर्ने निरन्तर कोशिशले नेपाली लेखकलाई आफैंलाई परिष्कृत गर्ने चुनौति दिइरहन्छ । समय र भूगोललाई पनि चिरेर, सार्विकरुपमै स्वीकृत यी समालोचकीय कसीहरूलाई पनि स्वीकार गर्दिनँ भनेर कोही गर्जन् गर्छ भने त केही भन्न सकिन्न, तर टि भनेजस्तो इलियटले एस. भन्ने खोज्नुपर्छ पृथकता आफ्नो कविले सापेक्षतामै परम्पराको विराट साहित्यको मापदण्डलाई समालोचकीय यी भने हो मान्ने कुरालाई पनि स्वीकार गर्नु नै मनासिब ठहरिन्छ ।

सर्वोच्च कविताको संरचनागत र विम्बजन्य लक्षण जस्तै शैलीको पनि आफ्नै विशेषता हुन्छ । कारण प्रत्येक कविका कविताको लेखन शैली भिन्दा भिन्दै प्रकारका हुन्छन् । बेलायती कवि विलियम वर्डस्वर्थ भन्छन्, “कविता त्यो भावपूर्ण अभिव्यक्ति हो, जुन हरेक विज्ञानको मुखमण्डलमा हुनुपर्छ; यसले सबै ज्ञानको स्वाँस र सूक्ष्म आत्मा हुने क्षमता राख्नुपर्छ ।” कवि मिथ्यू आर्नोल्ड ठान्छन्, हरेक महान कविताले एक आदर्श अर्थात “टचस्टोन” बन्ने क्षमता राख्नुपर्छ, जुन अन्य कविताको स्तर मापन गर्ने कसी बन्न सकोस् । आर्नोल्डले कल्पना गरेको त्यस्तो उच्चतम स्तरको कविताका लागि हाम्रो कल्पनाशीलता, कविता लेखनको तयारी र जिम्मेवारीबोध पनि त त्यत्तिकै बुलन्द हुनुपर्छ । जे लेखे पनि विश्वस्तर हुन्छ भन्ने दुरुह मानसिकताबाट त्यस्तो कविता आउने आशा कहिल्यै गर्न सकिन्न । त्यस्तो मानसिकता पाल्नेहरू कहिल्यै आफैंलाई चुनौति दिँदैनन्, र सतत् सुधारको मार्गमा हुँदैनन । त्यस्तो कवि आफ्नै लागि लेखिरहेको हुन्छ, र नार्सिसस्जस्तो आत्मानुरागमै रुमल्लिइरहेको हुन्छ ।

कविताको संसार त्यस्तो होस् , जहाँ उपबुज्रुकताले कुनै प्रवेश नपाओस्, जहाँ केवल यो वर्ग वा त्यो वर्ग होइन, श्रष्टिको सम्यक र सार्विक यथार्थ अटाओस् जसले वर्गहरूको जन्म र विभाजनपछाडिको विभेदकारी मताग्रहलाई कुनै पनि युगमा

पर्दाफास गर्ने ल्याकत राखोस्, जुन केवल यो काल या त्यो कालको गर्ततिर होइन, इमिली डिकिन्सिनले भनेजस्तो एक समायातित अनन्ततातिर उन्मूख होस् । यसको अर्थ कविताले समय बोक्दैन, समयको यर्थाथ लेख्दैन भन्ने कदापि होइन । अर्थ यो हो, समय बोके पनि समय र भुगोलभन्दा पर र माथि पनि बाचिरहनुपर्छ कविता । बर्तमानका घटनामा अभिव्क्त भएर आएको त्यो अन्तध्वर्नि हो कविता, जुन घटना सकिएपछि पनि अभिव्यञ्जित भइरहेको हुन्छ र समायातीत हुन्छ । कुनै एक आन्दोलन, एक क्रान्ति, एक परिवर्तन या एक युद्धको नारा या अनुहार होइन कविता । कविता त्यो सार्विक स्वर हो, जसले समय र स्थानका सीमालाई चिरेर सुदूर बिगतमा आएका र अद्दश्य आगतमा पनि आइपर्ने त्यस्तै प्रकृतिका आन्दोलन, क्रान्ति, परिवर्तन र युद्धलाई सम्वोधन गर्ने मानवीय यथार्थको द्योतक हो ।

त्यसैले अबको नेपाली कविता हेरोल्ड ब्लुमले भने जस्ता अतिप्रयोगद्वारा प्रभावहीन हुन पुगेका "मृत विम्ब र शैलीहरू" मार्फत कविभित्र गान्निएको भावनाको अभिव्यक्तिबाट अत्यन्त सचेत हुनुपर्ने देखिन्छ । भन्न बाँकी धेरै कुरा छैनन् होला सायद, तर हजारौं वर्षसम्म हजारौं कविले प्रयोग गरिरहँदा पनि नसकिने हाम्रा मौलिक सामाजिक - सांस्कृतिम विम्ब हामीसँग छन् जसलाई जान्न, पढ्न विश्व सधैँ लालायित छ । अबको कवि गम्भीर जिम्मेवारीबोधका साथ त्यतातिर लाग्नुपर्ने टट्कारो आवश्यकता देखिन्छ । यस आवश्यक्ताको बोध हामीलाई कटुवालका रचनाहरूले अवश्य गराएको देखिन्छ ।

कटुवालको निधन भएको धेरै वर्ष भएर पनि उनको क्रेज दिनानुदिन बढिरहेको छ। उनीसँग तीसको दशकमा संगत गरेका तत्कालीन युवा कविले विभिन्न लेख - रचना एवं संस्मरणमार्फत उनलाई सम्झिरहेका छन्। यद्यपि धेरैजसो लेखमा उनको व्यक्तिगत जीवनका पाटाबारे बढी चर्चा केन्द्रित छ। उनको सर्जक व्यक्तित्वको र रचना - विधानको चर्चा कमै भएका छन्। कटुवाल सर्वप्रथम जहाँ पनि कविकै रूपमा चिनिने बताउँछन्, कवि शैलेन्द्र साकार। साकारका अनुसार कविको परिचय पछाडि मात्र उनको नामसँग रक्सी जोडिएर आउने र रक्सीपछि सिर्जनासँग जोडिएर आउनुपर्छ। 'तीसको दशकको सुरुआतमै काठमाडौंका आममानिसलाई कविहरू भनेकै रक्सी खानेहरू हुन् भन्ने भान परिसकेको थियो। यसको सुरुआत जसबाट भए पनि कटुवालको रक्सी किस्साहरूबाट भने यसले झनै बढी अफवाह फैलायो। 'न्युरोड, असन, बागबजार, पुतलीसडक र

कमलादीमा कविहरू भेला भई रक्सी खाने आआफ्नै समूह थियो, त्यति बेला। कटुवाल यी जुनसुकै समूहसँग पनि फिट हुन सक्थे’, कवि साकार बताउँछन्।

कटुवाल एकताका होटलमा भान्से पनि बनेका थिए। पुतलीसडकको एक होटलमा खाना पकाउने कामसमेत गरेका कटुवाल त्यही होटलमा बस्थे। एकपटक खाना खान भनी त्यहाँ पुग्दा साकारले कटुवाल सुत्ने ठाउँ पनि देखे। परालले बुनेको एउटा लामो सुकुलमा सुत्दा रहेछन्, उनी। साकारले यो देखेर सोधिहाले, ‘दाइ तपाईंलाई यस्तोमा सुत्दा अप्ठेरो हुँदैन ? ’ उनको जवाफ थियो, ‘हुँदैन भाइ, फेरि मेरो यो ढाड दुख्ने समस्या छ, यसले झनै ठीक पारिदिन्छ।’ यसैकारण साकार कवि कटुवाललाई अत्यन्त भावुक एवं दुःखलाई पनि सेलिब्रेट गर्न सक्ने सामर्थ राख्ने कविको संज्ञा दिन्छन्। नेपालकै पहिलोपटक टिकटमा मुक्तक सुन्ने कार्यक्रम आयोजना भएको थियो पोखरामा, 2035 साल माघ 20 गते। सो कार्यक्रममा काठमाडौंबाट कवि कटुवाल, कणाद महर्षिलगायत करिब दुई दर्जन कवि गएका थिए। मुक्तक गोष्ठी भव्य रूपमा सम्पन्न भयो। त्यस दिन बेलुकीको खानापछि मदिरापान पनि चल्यो। आयोजकले नै त्यसको प्रबन्ध गरेका थिए। कटुवालले पिएर हाँस उठ्ने कुरा गर्दा साथीहरूको हाँसोको बाढी नै उर्लियो। कविहरूलाई राति सुत्नका लागि पोखराकै एकजना स्थानीय साहित्यकारको घरमा लगियो। कणाद र कटुवाल सँगै सुते, भुइँमा। सुतेको केही समयपछि कणाद ब्यूँझिएर हेर्दा कटुवाल थिएनन्। शौचालय गए कि कता गए भनी एकछिन त उनले पनि वास्ता गरेनन्। तर, निकै बेरसम्म उनी नआएपछि उनले साथीहरूलाई पनि उठाए। सबैजना मिलेर त्यस घरको वरपर खोजे तर फेला पारेनन्। घरमूलीलाई लिएर उनीहरू कटुवालको खोजी गर्न निस्किए। अन्ततः उनी त्यसै टोलको एक रक्सी पसलको ढोकाअगाडि उभिएर ढोका ठटाइरहेका पो भेटिए।

कणादले यति राति कहाँ यहाँ आएको भनेर हप्काए पनि। तर, कटुवाललाई त्यसको परवाहै भएन। उल्टै आफूलाई रक्सी नपुगेको भन्दै थप गर्न आग्रह पो गरे। स्थानीयवासीले भनेपछि बल्लबल्ल पसल खुल्यो र उनलाई रक्सी थपियो। यसपछि सबैजना मिलेर उनलाई समाएर सुताउन ल्याए। सुतेको केही समयमै कटुवाल मसिनो स्वरमा बर्बराउन थाले। कणाद ब्यूँझिएर कटुवालको कुरा ध्यान दिएर सुने। उनी त लयबद्ध कविता गुनगुनाइरहेका थिए। नयाँ कविता हो कि

पुरानो कविता हो, कणादलाई छुट्याउन गाह्रो पर्‍यो। करिब आधा घन्टापछि कटुवाल निदाए र कणाद पनि सुते। भोलिपल्ट बिहान चिया खाने समयमा कटुवाललाई उनले सोधे, 'दाइ हिजो राति तपाईंले कविता भन्नुभएको याद छ ? ' उनले याद नभएको बताए। बरु आफू परको पसलमा गएर बसेको र साथीहरू लिन आएपछि गएर सुतेकोसम्म जनाए।

कणादलाई लाग्यो, कटुवालले नयाँ कविता भनेका थिए। उनलाई राति उठेर कापीमा टिप्न पाएको भए हुने रहेछ भन्ने पछुतो भयो। उक्त गीतिकविता सार्न नसकेकोमा उनी अहिले पनि थकथक गरिरहन्छन्। पोखरा मुक्तक महोत्सवमा कणादले नै कटुवालको कविता वाचन गर्दै गरेको पूर्ण कदको तस्बिर खिचेका थिए। सम्झनाको चिनोस्वरूप अब उनीसँग यही तस्बिर बाँकी छ।

**हो, म त एउटा परिभाषामा पनि बाँधिन चाहन्न भने**
**तिमीलाई किन बाधूँ मेरो चाहको घेराले**
**सके बरु प्वाँख थपिदिन्थेँ तिमीमा**
**जतासतै उडिहिँड्न आफ्ना इच्छाहरूसित**

(मुक्ति

रुढ परिभाषाहरूको विपक्षमा यो स्वर थियो हरिभक्त कटुवालको। पश्चिमतिर संरचनावादीहरूको केन्द्रभीरू समय, र नेपालमा आधुनिक, परिष्कारवादी साहित्यकारको हैकम भएको बेला, उनले परिभाषाको तरलताको कुरा गर्नु एक विद्रोह नै थियो। उनले आफैँलाई त्यस्तो तरल परिचयमा व्याख्यातित गरे, र आम मान्छेको भाषामा, आम मान्छेको सरोकारका कविता र गीत लेखेर आफू कुनै पनि परिष्कारवाद र केन्द्रभीरू रुढीवादको विपक्षमा रहेको उद्‌घोष गरिदिए। यी तिनै हरिभक्त हुन्, जसको कविताको ज्वारभाटा र गीतको मूर्च्छनाहरू मठ, महल र दरवारको भित्ताहरूमा भन्दा सहरका ससाना गल्लीहरूमा, झुग्गी–झोपडीहरू र गाउँगाउँका छाप्रा–पालीहरूमा बढी मौलाए। यी तिनै हरिभक्त हुन्, जो कविता र गीतका तारा थिए, र देशको हत्केलाको बीचमा झर्दा, हत्केलै प्वाल पारेर जमिनमा खसे, र चट्टानमाथि खसेको एक हिउँको टुक्राजस्तो हजार टुक्रममा चोइटिएर तरल, तरल पानी बने, र बगेर फेरि ब्रह्मपुत्रमै मिसिए। तर कुनै परिभाषाभित्र भने उनी कहिल्यै अटाएनन्। बरु लेखे-

**नअटुँला सीमित संज्ञाको घेरामा पनि**
**कठै, कसैको लाज छोप्नै नपाई।**

(ए म बहुलाइसकेछु)

हरिभक्त कटुवालको जिन्दगी र आनीबानीका कुरा धेरै उठ्ने गर्छन् गल्लीहरूमा। दोबाटामा बसेर कुरा काट्नेहरूका लागि एउटा बाह«मासे भत्तेर हुन् हरिभक्त। रक्यासाहा, मताहा, पागल, हठी, सन्की...केके आत्मगत टिप्पणीको भद्दा लेपनले सदैव पोतिएको हुन्छ उसको जाज्वल्यमान आभा। हरिभक्त त्यो कोइला हो जिन्दगीको, जसको कालो सबैले देखे, तर जब त्यो जलेर भर्भउँदो आगो फ्याँक्न थाल्यो, त्यसलाई धेरैले थेग्न सकेनन् र पर हटे। हो, हरिभक्त हामी सबैले, जानीजानी बिर्सन लागेको त्यो एउटा विपना हो, जसको छेउछाउ आउन सपनालाई पनि हजार रात कुर्नपर्छ सायद। हरिभक्त हाम्रो हृदयले गाउने मधुरतम गीतको त्यो मूच्र्छना पनि त हुन्, जसको जीवनबोधी ओठ सधैँ हाम्रो चेतनाको भित्री तहमा एक जलतरङ्ग बनेर गुन्गुनाइरहन्छ उज्यालोको गीत। सम्झनाका परतबाट धेरैले, धेरैपटक पुछन खोजेको त्यो अभागी छायाँ पनि हुन् हरिभक्त, जुन हाम्रो जीवनको अस्तित्व रहुन्जेल हामीसँगै रहिरहन्छ, र पुछेर कहिल्यै पुछिन्न।

सुनेको छु, पूर्वी नेपालमा कतै हरिभक्त कटुवालको सालिक छ रे, र त्यहाँ छेवैमा गएर आँखा निकैबेर गाढेर हेर्दामात्रै त्यो हरिभक्त हो भनेर चिनिन्छ रे। मलाई यो एउटा रूपक अलङ्कार हो जस्तो लाग्छ, जसमा हामी उपेक्षाका हजार फेहरिस्तहरू सहजै पढ्न सक्छौँ। यत्रो विशाल देशको एक कुनामा, एउटा उपेक्षाको प्रतिविम्ब बन्नका लागि सायद लेखेका थिएनन् हरिभक्तले जीवनका गीत, विद्राह र परिवर्तनका अग्रगामी कविताहरू। तर समयको हुरीले बढारेर उनलाई नेपथ्यको एउटा पात्र बनाइदियो, जसको नाममा आज एउटा उद्यान छैन, एउटा सडक छैन, एउटा प्रतिष्ठान छैन, एउटा पुरस्कार छैन, एउटा स्कुल छैन, एउटा पुस्तकालय छैन। तर यो सत्य हो, नेपालमा "पोखिएर घाको झुल्को" अथवा "मलाई नसोध कहाँ दुख्र घाउ" बोलको गीत नगाउने ओठ छैन। "बा, पाठशाला जान्नँ म, इतिहास पढाइन्छ त्यहाँ मरेका दिनहरूको" र "यो जिन्दगी खै के

जिन्दगी" जस्ता कविताका हरफहरू नपढी कविताको फाँटमा अवतरित भएको कुनै एउटा कवि छैन।

हरिभक्तले कहाँ, कहिले र कसरी भेट्टाए आफूभित्र गीत र कविता, त्यो उनी गएसँग गएको एउटा रहस्य हो, तर देशले उनी छँदै भेट्टाएन हरिभक्तलाई। भेट्टायो त फगर रोग, भोक, अभाव र तिरस्कारले खाएको एउटा आप्रवासी, जसभित्रको कस्तुरीलाई चिन्न चिनाउन आज पनि उनका प्रेमी र परिवारलाई हम्मे परेको छ। कतिले उनकै हरफमा टेकेर कविताका महल बनाए, कतिले उनको हराएको भनिएको "रातो डायरी" मा टेकेर आफूलाई चिनाए, कतिले उनका गीत गाएर आफूलाई अजम्मरी गायक बनाए, तर कसैले पनि हरिभक्तलाई सग्लो रूपमा भेट्टाएन। हरिभक्तको सेल्फपोट्रेट उनको हराएको परिचयको स्मारक हुन सक्छः

**यस्तो लागिरेछ यसबेला आफैँलाई**
**कुन म्युजियमको एक कुनामा थन्को लगाइदिऊँ आफ्नै यो जिन्दगी**
**र लेबिल टाँसिदिऊँ ठूलाठूला अक्षरमा**
**"यो हरिभक्त कटुवाल हो**
**जो मृत्युको डरले सधैँ भागिहिँड्छ**
**यो त्यही कटुवाल हो**
**जो स्वस्ति गरेर भए पनि**
**आफ्नो जागिर जोगाउनमा तल्लीन छ।"**
**(दाइ कविता! खै कविता!)**

हरिभक्त कटुवालका कविताको स्वर कस्तो हो — यसको पनि एउटा कुनै निश्चित उत्तर छैन। कविहरूका लागि उनी एउटा आश्चर्य हुन्, सधैँ नवीनता बोकिल्याउने वसन्त हुन्। समालोचकका लागि उनी एउटा समस्या हुन्, कुनै कसीमा नअडिने, कुनै वादमा नबाँधिने, यता राख्यो चिप्लेर उता पुग्ने, उता राख्यो, लम्केर यता आइपुग्ने। कतै यथार्थवादी, कतै आदर्शवादी, कतै ईश्वरवादी, कतै अनिश्वरवादी, कतै स्वच्छन्दतावादी, कतै प्रगतिवादी। सारमा उनी जिन्दगीजस्तै कविता लेख्छन्। जिन्दगी लय मिलाएर, छेउकुना मिलाएर, निश्चित ज्यामितिमा मिलेर, योजनाबद्ध र सधैँ एकै सुरमा कहाँ आउँछ र? जिन्दगी, सारमा अनेक

आकस्मिकताहरूको फेरहिस्त न हो, जो आज एउटा रङ्गा हुन्छ, र समयका पर्खालमा ठोकिएर भोलि फेरि अर्कै पनि हुनसक्छ।

हरिभक्त कटुवालको कविताको विविधालाई जोड्ने कडी भनेको उनको त्यो विश्वदृष्टि हो, जसको केन्द्रमा सधैँ मान्छेका सुखदुख छन्। त्यसैले त्यहाँ मायाप्रेम छ, त्यहाँ राष्ट्रप्रेम छ, त्यहाँ स्वाभिमानको तर्क छ, त्यहाँ उज्यालोको खोजी छ। सारमा, हरिभक्त एक जीवनवादी कवि हुन्, र जीवनलाई सार्थक बनाउन जेजे चाहिन्छ, ती सबै उनको कविताको उपकरण हुन्, अवयव हुन्। हरिभक्तको कथा हामी धेरैलाई थाह छ – भारतको असम प्रान्तको पनि अति दुर्गम ठाउँमा जन्मिएका उनी आफूलाई खोज्दै नेपाल आएका थिए। उनी नेपालको मायाले सम्वेदित भएपछि हेलिँदै आएका थिए। त्यसैले डायस्पोराहरूभित्र दुखिरहने पितृभूमिको माया उनका धेरैवटा कवितामा प्रतिध्वनित भएको पाउँछौँ। भारत–पाक युद्ध होस् अथवा भारत–चीन युद्ध होस्, त्यहाँ मर्ने नेपाली सपूतहरूप्रति सम्वेदित छन् उनी, तिनका विधवाहरूप्रति सम्वेदित छन्, तिनका आमाबाहरूप्रति सम्वेदित छन्। तिनका बलिदानहरूको कथा समयको प्रवाहले कसरी मेटाउँदै लगेको छ भारतमा, र कसरी ती फगत एक बिर्सिएको सपनाजस्ता भएका छन्, त्यसप्रति उनको मनमा गहिरा प्रश्नहरू छन्। भारत–पाक युद्धका नेपाली सहिदलाई एक ठाउँ उनी भन्छन्ः

**ती जो त्यहाँ मर्नै नजानी मरिरहेकाछन्**
**तिनका लागि आफ्नै देशमा मर्ने ठाउँ पर्याप्त छ**
**तिनले यहाँ भीरमा सडक बनाउँदै मरे हुन्छ**
**नदी–नालामा पुल हाल्दै मरे हुन्छ**
**मर्नु नै छ भने नेपाल बनाउँदै मरे हुन्छ।**
**(रातको घेरामा एक्लै म )**

यो एक राष्ट्रिय स्वाभिमानको प्रेमले सिर्जिएको कविता हो। भलै असममा जन्मेका होलान्, तर उनले आफ्नो कर्मक्षेत्र नेपाललाई नै बनाउन चाहे, र पूर्ण सचेतनाका साथ चाहे। नेपाल आउनुमा सामन्यतः अन्य मानिसको जस्तो केवल रोजीरोटी र जागिरको प्रश्न थिएन उनीसँग। रोटी दिन असमका फाँटहरू र ब्रह्मपुत्रका छालहरू काफी दिए। तर आफूभित्र सिर्जनाका ज्वारभाटा भएको, र छातीमा

स्वाभिमानको सगरमाथा भएको मान्छे कुनै दुर्गम ठाउँमा अटाएन र पोखियो काठमाडौँका पत्थरजडित सडकहरू। हरिभक्तले असमबाट नेपाल आउँदा ल्याएको हृदयको उद्गार यस्तो थियो :

**बल्ल आइपुगेको छु आमा! तिम्रो न्यानो काख खोज्दै**
**माया देऊ — मलाई मायामको भोक लागेको छ।**
**...**
**यतिका दिनसम्म त्यसै भौँतारिँदै हिँडेँ वारिसबिना**
**केवल दाँत डिँच्याउँदै अरुको भुकाइमा–थुकाइमा**
**तर आमा! जहाँ थिएँ – म तिम्रै छोरो थिएँ।**
**(मर्न सकूँ तिम्रा लागि)**

यो उनको नेपालप्रतिको प्रेम थियो। उनको जीवनकालमा नेपालको बागडोर सम्भालेकाहरूले, उनलाई जागिर दिन्छु भन्नेहरूले, उनले जागिर खाएको प्रज्ञा–प्रतिष्ठानका प्राज्ञहरूले, उनका हाकिमहरूले उनलाई चिने कि चिनेनन्, त्यो उनीहरूको विवेकको कुरा हो, तर सधैँ भोक र अभावको दोसाँधमा, सधैँ जीवन र मृत्युको दोभानमा, सधैँ रोग र शोकको आगोमा छोटो समय बाँचेर पनि हरिभक्तले नेपाललाई जे दिएर गए, त्यसको लेखाजोखा शब्दमा सायदै गर्न सकिएला। उनका उच्छ्वासहरू, उनका त्रासहरूमा, अभावले आक्रान्त आकाशहरूमा कवि हरिभक्तले माटोप्रति, समाजप्रति र मान्छेप्रतिको जिम्मेवारीवोध कहिल्यै बिर्सेनन्। आफू जति नै जीर्ण जिन्दगीका पर्खालहरूमा झुण्डिए पनि, समग्र मानवताको हित गर्नुपर्ने कविको एक सार्विक मानवधर्मिताबाट आफूलाई कहिल्यै च्यूत गरेनन्। उनको कवित्वको मानवतावादी आवाज यस्तो छः

**जाती हुन्थ्यो बरु म कवि नभएर**

**त्यही रित्तो भाँडोभरि मट्टीतेल हुन सकेको भए**

**मेरो देशको एउटा घरमा एक रात एक छाक बल्न सक्थेँ**

**एउटा वृद्धाको खिन्न अनुहार केही क्षण उज्यालो पार्न सक्थेँ।**

**(म कवि)**

झट्ट हेर्दा हरिभक्तका अधिकांश कविताको स्वर प्रेम, पीडा र विद्रोहको हो, तर उनको कविताका हरफहरूभित्र सदैव सकारात्मकताको एउटा उज्यालो भेटिन्छ। यो सत्य हो, हालसम्म मान्छेले गरेका अविष्कारका सीमबाट पनि उनी परिचित छन्, त्यसैले चाहन्छन्, यी सीमाबाट माथि उठेर, र परेको खण्डमा नयाँ अविष्कार गरेरै भए पनि मान्छे सभ्यताको वर्तमान उचाइबाट अझ माथि उठ्नुपर्छ। नवनिर्माणको पक्षमा, विकासको पक्षमा, स्वतन्त्र चिन्तन र अध्ययनको पक्षमा, प्रगतिको पक्षमा हरिभक्त एक सर्वकालिक प्रेरणाको नाम हो। आजको बालबालिकालाई हेरेर उनी लेख्छन् –

**उनीहरूलाई छेक्न नखोज!**

**आफूलाई चाहिने घर**

**आफूलाई चाहिने सडक**

**आफूलाई चाहिने मन्दिर**

**उनीहरू आफैँ बनाउनेछन्**

**निश्चित छ — भोलिको नेपाल उनीहरूले चाहेजस्तै हुनेछ।**

**(भोलिको नेपाल)**

हरिभक्त कहिल्यै आदर्शवादी थिएनन्। उनी यथार्थको जिन्दगीमा पे्रम र कल्पनाको लेपन गरेपछि त्यो अझ चम्कन्छ भन्ने विश्वास गर्थे। पीडा जिन्दगीको यथार्थसँगै गाँसिएर आउने चीज हो । संसारका पीडालाई पनि सङ्गीतमय उत्सवमा परिणत गर्न सकैले सक्यो भने त्यो हरिभक्त कटुवालले सक्यो। आँसुलाई जिन्दगीका इन्द्रेणी निर्माण गर्न सक्ने प्रिज्म बनाउन कसैले सक्यो भने त्यो हरिभक्तले सक्यो। अभावका सुस्केराहरूलाई गीत बनाएर कसैले गायो भने, त्यो

पनि हरिभक्तले गायो। जिन्दगीले आफ्नो पोल्टामा लिएर आएका सम्पूर्ण अट्टाहास, व्यङ्ग्य र विपर्यासहरूलाई छातीभरि सजाएर पनि मुस्कानकै खेती गरिरहने हरिभक्त एउटा दुर्लभ दार्शनिक उज्यालो हो, जसको प्रकाशमा आज पनि हामी जीवन खोजिरहेका छौँ, गीत खोजिरहेका छौँ। उनलाई जीवन एउटा भारी हो भन्ने थाह छ, र यस भारीलाई अक्कर र उकालाहरूमा घिस्याउनुपर्ने बाध्यता मान्छेसँग छ भन्ने पनि थाह छ। त्यसलाई स्वीकार गर्नु, र अगाडि बढिरहनु जीन्दगी हो। मुक्त त ढुङ्गामात्रै हुन्छ, मन्छेसँग त मान्छे हुनुसितै टाँस्सिएर आएका भारहरू छन्, हारहरू छन् र पहारहरू छन् :

**मुक्त त ढुङ्गा हुन्छ**

**न उसको दुख्ने मुटु हुन्छ**

**न देख्ने आँखा हुन्छ**

**कसैले पर्खाल लगाए पर्खाल बन्छ**

**सडक बनाए सडक बन्छ**

**सायद त्यसैले त्यसको पूजा हुन्छ**

**ऊ ईश्वर बन्छ। (मुक्त)**

अभवाहरूको किनारबाटमात्रै, त्यो पनि धोरैमात्रै जिन्दगी उघाउन भ्याएका हरिभक्तले जति उघाए, उज्यालोमात्रै उघाए। उनी कवितलाई एउटा उज्यालो मान्थे, जुन धेरै कुराहरूको रूपक अलङ्कार थियो। यही उज्यालो, यही सकारात्मकताले उनलाई पश्चिमका, र पूर्वका पनि निस्सारतावादी र अस्तित्ववादीहरूको भिडबाट पृथक राख्यो। उही कहिल्यै निस्सारताको दुन्दुभि बजाउँदै जीवन शून्य हो भन्नेहरूको कित्तामा उभिएनन्, उद्यपि ती निस्सारतावादीलाई भन्दा धेरै बढी कोर्रा जिन्दगीले हरिभक्तलाई लगाएको थियो। कवि हुनु भनेको, आखिर, आँधीमा ननिभ्ने एउटा दीयो बन्नु हो, अँध्यारोले पनि पिएर नसकिने एउटा बत्ती बन्नु न हो। हरिभक्तले आफूभित्रको त्यस सूर्यलाई

समयमै चिने, र कहिल्यै निभ्न दिएनन्। आफ्नो विश्वासलाई कहिल्यै डग्मगाउन दिएनन् –

**मेरा आँखाको आकाशमा यसबेला मध्याह्न छ**
**त्यहाँ ज्योतिपुञ्ज एउटा सूर्य जाज्वल्य छ – प्रदीप्त छ।**
**(ए प्रणम्य!)**

**मलाई विश्वास भइसकेको छ आज**
**मैले उज्यालोको स्पर्श पाइसकेको छु।**
**(आश्वस्त छु)**

यो सकारात्मकताको उज्यालो र यो विश्वास हरिभक्तले आफूभित्रमात्रै सीमित राखेनन्। कवितमार्फत्, गीतमार्फत्, उनले सबैलाई बाँडे। उनले परिवर्तनको पक्षमा बाँचुञ्जेल वकालत गरे, र त्यस परिवर्तनको नेतृत्व पुरानो, खिया लागेको विचारले गर्न नसक्ने मत पनि जाहेर गरिरहे। "खिया लागेका कलका पूर्जाहरूमा" उनको विश्वास थिएन। त्यसैले, "मरेका दिनहरूको इतिहास" मा पनि उनलाई विश्वास थिएन। उनलाई विश्वास आजका तन्नेरीहरूमा थियो, जसले आफूलाई चाहिने घर, सडक अथवा मन्दिर आफैँ बनाउनेछन्। उनको विश्वास तन्नेरीहरूमाथि थियो, जसले अरू कुरामा अल्झनुभन्दा आफूलाई राष्ट्रको निर्माणमा समिर्पत गर्नेछन्ः

**अब यहाँ कुनै तन्नेरी कसैको लाश कुरेर जिउँदैन**

**अब यहाँ कुनै तन्नेरी कसैको लासभित्र जिउँदैन**

**अब यहाँ कुनै तन्नेरी कसैको लास बोकेर जिउँदैन**

**(आजको तन्नेरी)**

श्रद्धाञ्जली, प्रिय हरिभक्त। टाढा छौ, थाह छ। तर गुनासो गर्दिनँ। आखिर, टाढाकै घाम हेरेरै त यहाँ बाँचिरहेका छन् सबै, जुगजुग। नजिकै छौँ, थाह छ। तर छुन

सक्दिनँ। तर पनि, गुनासो छैन। सधैँ, छुन नसकिने मुटु छ भनेरै त बाँचिरहेका छन् यहाँ सबै, जुगजुग।

## 10.5 उपसंहार

भारतको असममा वि. सं. 1992 मा जन्मिएका हरिभक्त कटुवालको 45 वर्षको उमेरमा वि. सं. 2037 मा भएको थियो । उनी वि. सं. 2024 सालमा काठमाडौंमा भएको नेपाली राष्ट्रवादी साहित्य सम्मेलनमा भाग लिन पहिलोपटक काठमाडौं आएका कटुवाल पुनः 2026 सालमा काठमाडौं आए। विशेषत: कवि र गीतकारको रुपमा परिरचि हरिभक्त कटुवालमा बहु आयामिकता व्यक्तित्व पाइन्छ । उनी एक दक्ष कवि, गीतकार, कथाकार, नाटककार र सम्पादक हुन् । यस अतिरिक्त गीतकार हरिभक्त कटुवाल र कवि हरिभक्त कटुवाल, यी दुवै नाम स्थापित छन् नेपाली जनमनमा।

सिर्जना सामर्थ्य र शिल्पको कसीमा निफनेको चामल जस्तो सर्लक्क सफा दुई धार देखिन्छ उनको व्यक्तित्वको तर यी दुई व्यक्तित्वका बीचमा धेरै समता छन्, अन्तर्सम्बन्ध छन्। दुवै मिसिएको तर नमिसिए जस्तो पनि र नमिसिएर पनि उस्तै – उस्तै जस्तो पनि। गीतको चर्चा गर्दा कविता र कविताको समीक्षा गर्दा गीतको हेक्का नगरी हरिभक्तलाई सम्पूर्णतामा छाम्न सकिन्न। उनका गीतमा काव्यिक बिम्ब सुटुक्क प्रवेश गर्नु र गध्य कवितामा समेत अनुप्रासयुक्त लयचेतना मिसिएर आउनुको दोभानबाट उठेको छ उनको व्यक्तित्व। सघन संवेदना र संप्रेषणको उच्चता कवितामा ज्यादा छ। कोमलता र व्यावहारिक यर्थाथताको ज्यादा वकालत गीतमा देखिन्छ। त्यो कोमलता शैली सापेक्ष छ र व्यावहारिक यथार्थ पक्ष विषय विम्बमाथिको दृष्टि चेतनासँग मिसिएर आउँछ।

हरिभक्त कटुवालले कुनै परिभाषा, मान्यता अथवा वादलाई अघि राखेर मैले कविता कहिल्यै लेखिनँ भनेर सोच्ने गर्थे । जिन्दगी जिउने क्रममा आइपरेका मधुर क्षणहरूलाई समात्ने प्रयास मात्र उनले आफ्ना कृतिहरूमा गरेका छन् । यी कृतिहरूमा कतै बारुद गनाएका छन् त कतै फूल मगमगाएका छन् । तर हरिभक्त यतिमात्रै होइनन् । उनी अरु पनि केही हुन्, जुन सायद नेपाली साहित्यका पारखीले कहिल्यै थाह नपाउने एउटा रहस्य पनि हुन् । हरिभक्तको क्षमता नै हरिभक्तको सामर्थ्य र सीमा हो। उनमा कनीकुथी लेखन र ठसठस कनाइको संक्रमण छैन। विषयले उनलाई हिँडाएको छ र शिल्प सामथ्र्यले बलियो

Notes

पारेको छ।

सडक र गल्लीहरूले चिनेको नाम, भट्टी पसल र सस्ता शराबीहरूले पुजेको नाम, एक बदनाम प्यारो हरिभक्त कटुवाल नेपाली साहित्य आकाशमा कहिल्यै अस्ताउने त्यो सूर्य हो, जसको तेजस्वी उज्यालोलाई थेग्न नसकी देशले धेरै मोडहरूमा आँखा चिम्लिएको थियो । हरिभक्तको नाम जोन किट्स र पीबी सेली र एडगार्ड एलन पोको उचाइँको नाम हो । असमको बर्डबिल ख्वाङ् गेर्गेरीमा जन्मिएका हरिभक्तलाई नेपाल बोलाउने नामहरू भने चान्चुने नाम होइनन् ।

## 10.6 सार

यस प्रखण्डमा **हरिभक्त कटुवालका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषता**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- ❖ कवि र गीतकारको रुपमा परिचित हरिभक्त कटुवालमा बहु आयामिकता व्यक्तित्व पाइन्छ ।
- ❖ कटुवाल एक दक्ष कवि, गीतकार, कथाकार, नाटककार र सम्पादक हुन् । यस अतिरिक्त गीतकार हरिभक्त कटुवाल र कवि हरिभक्त कटुवाल, यी दुवै नाम स्थापित छन् नेपाली जनमनमा।
- ❖ सिर्जना सामर्थ्य र शिल्पको कसीमा निफनेको चामल जस्तो सर्लक्क सफा दुई धार देखिन्छ उनको व्यक्तित्व ।
- ❖ गीतको चर्चा गर्दा कविता र कविताको समीक्षा गर्दा गीतको हेक्का नगरी हरिभक्तलाई सम्पूर्णतामा छाम्न सकिन्न। उनका गीतमा काव्यिक बिम्ब सुटुक्क प्रवेश गर्नु र गध्य कवितामा समेत अनुप्रासयुक्त लयचेतना मिसिएर आउनुको दोभानबाट उठेको छ उनको व्यक्तित्व।
- ❖ असम तथा पूर्वाञ्चलका निकै चर्चित कविहरूमा कवि हरिभक्त कटुवालकै नाउँ अग्रिम पंक्तिमा आउँछ । उनी ‘आकाशका तारा के तारा’ लेखेर निकै नामी कवि भएका थिए । लोकप्रिय कवि भएका थिए ।
- ❖ कटुवालको **भित्री मान्छे बोल्न खोज्छ** कविता सङ्ग्रह र **सुधा** खण्डकाव्य भन्दा धेरै प्रसिद्धि यो जिन्दगी खै के जिनदगी कविता सङ्ग्रहले समाएको पाइन्छ ।

- कटुवालका कविताहरूमा विम्ब र प्रतीकको प्रयोग कम छ तर कविताहरू अति मर्मस्पर्शी छन र व्यंग्यात्मक छन। कवि आशावादी र जीवनवादी पनि छन।
- कटुवालका गीतहरूले पनि धेरै ख्याति प्राप्त गरेका छन् ।
- कवि कटुवाल नेपाली साहित्यका पारखीले कहिल्यै थाह नपाउने एउटा रहस्य पनि हुन् । हरिभक्तको क्षमता नै हरिभक्तको सामर्थ्य र सीमा हो।
- कवि वटुवालमा कनीकुथी लेखन र ठसठस कनाइको संक्रमण छैन। विषयले उनलाई हिँडाएको छ र शिल्प सामथ्र्यले बलियो पारेको छ।
- हरिभक्त कटुवाल नेपाली साहित्य आकाशमा कहिल्यै अस्ताउने त्यो सूर्य हो, जसको तेजस्वी उज्यालोलाई थेग्न नसकी देशले धेरै मोडहरूमा आँखा चिम्लिएको थियो ।
- हरिभक्तको नाम जोन किट्स र पीबी सेली र एडगार्ड एलन पोको उचाइँको नाम हो । असमको बर्डबिल ख्वाङ् गेर्गेरीमा जन्मिएका हरिभक्तलाई नेपाल बोलाउने नामहरू भने चान्चुने नाम होइनन् ।
- हरिभक्तको नाम जोन किट्स र पीबी सेली र एडगार्ड एलन पोको उचाइँको नाम हो ।
- लोकप्रिय कवि हरिभक्त कटुवाल पूर्वाञ्चलका कृष्णप्रसाद ज्ञवाली, पुष्पलाल उपाध्याय, गोपीनारायण प्रधान, गजेन्द्र क्षेत्री, लक्ष्मीप्रसाद तिम्सिना, पद्मबहादुर थापा, जगतबहादुर प्रधान, हरिप्रसाद गोर्खा राई आदिका समकालीन मानिन्छ ।
- कटुवालका कविताहरूमा विम्ब र प्रतीकको प्रयोग कम छ तर कविताहरू अति मर्मस्पर्शी छन र व्यंग्यात्मक छन।
- हरिभक्त कटुवाल आशावादी र जीवनवादी कवि पनि हुन् ।
- हरिभक्तलाई एक प्रसिद्ध गीतकारको रूपमा पनि चिनिन्छ ।

यस प्रखण्डको अध्ययनले **हरिभक्त कटुवालका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषता**बारे बुनियाँदी जानकारी प्राप्त भयो । यस अतिरिक्त हरिभक्त कटुवालको साहित्यिक परिचय र उनका रचनाहरूमा पाइने संरचना र शैली सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 10.7 अनुशीलनी

1. कवि हरिभक्त कटुवालको जीवनबारे चर्चा गर्दै उनको साहित्यिक योगदानबारे सविस्तार चर्चा गर्नुहोस् ।

2. कवि हरिभक्त कटुवालका कवितामा पाइने प्रमुख विशेषताबारे टिप्पणी गर्नुहोस् ।

3. भारतेली नेपाली साहित्यमा कवि हरिभक्त कटुवालको महत्त्व र मूल्य के कस्तो रहेको छ ? बताउनुहोस् ।

4. कवि हरिभक्त कटुवालका कविताहरूबारे सबिस्तार रूपमा चर्चा गर्दै उनलाई प्रसिद्ध कविको रूपमा चिनाउनुहोस् ।

5. कवि हरिभक्त कटुवालका खण्डकाव्यहरूमा पाइने खण्डकाव्यकारितालाई विस्तृत रूपमा प्रस्तुत गर्नुहोस् ।

6. हरिभक्त कटुवालका रचनाहरूमा शैली पक्ष कस्तो रहेको मानिन्छ ? आफ्नो तर्क दिनुहोस् ।

7. कवि हरिभक्त कटुवाललाई एक दक्ष गीतकारको रूपमा चिनाउँदै उनका गीतहरूबारे चर्चा गर्नुहोस्।

8. कवि हरिभक्त कटुवालको साहित्यिक योगदानबारे एउटा टिप्पणी लेख्नुहोस् ।

9 कवि हरिभक्त कटुवालका कृतिगत संरटनाबारे लेख लयार पार्नुहोस् ।

10. कवि हरिभक्त कटुवाललाई कथाकार र सम्पादकको रूपमा चिनाउँदै उनको साहित्यको वैशिष्ठबारे आफ्नो मनतव्य लेख्नुहोस् ।

## 10.8 अतिरिक्त अध्ययन

३. प्रधान, कृष्णचन्द्रसिंह - **साझा समालोचना** ।

1. प्रधान, प्रतापचन्द्र - **केही कृति केही स्मृति** ।

2. प्रधान, हृदयचन्द्रसिंह - **नेपाली काव्य र उसका प्रतिनिधि कवि** ।

3. श्रेष्ठ, मोहनराज र दयाराम शर्मा - **नेपाली साहित्यको संक्षिप्त इतिहास** ।

4. लुइटेल, खगेन्द्रप्रसाद - **कविता सिद्धान्त र नेपाली कविताको इतिहास ।**

5. आले, हरेन - **नव आधुनिक नेपाली कविता ।**

6. सुन्दास, लक्खीदेवी (सम्पा) - **सम्मेलन कविता सङ्ग्रह ।**

7. ठकुरी , मोहन - **नेपाली कविता यात्रा ।**

8. राई, असीत - **भारतीय नेपाली साहित्यको इतिहास ।**

9. ठाकुर, मोहन - **स्वतन्त्रतोत्तर नेपाली कविता ।**

10. रिसाल, राममणि - **नेपाली काव्य र कवि ।**

11. श्रेष्ठ, रमेश - **नेपाली कविताको प्रवृत्ति ।**

१३. शर्मा, तारानाथ – **नेपाली साहित्यको इतिहास ।**

२३. जिम्बा, टेकध्वज आशा – **आधुनिक भारतीय कविता संचयन ।**

२४. नेपाल, घनश्याम - **नेपाली साहित्यको परिच्यात्मक इतिहास ।**

२५. प्रधान, कृष्णचन्द्रसिंह - **नेपाली कविताको आधुनिक प्रवृत्ति ।**

२६. नवपानीया, हरिभक्त – **नेपाल बाहिर नेपाली साहित्यको गतिविधि ।**

यस अतिरिक्त **हरिभक्त कटुवाल**बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 10.9 मूल्यबृद्धिको निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

११. कवि हरिभक्त कटुवालका सामान्य परिचय ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 10.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१२. हरिभक्त कटुवालका रचनाहरू ।

..........................................................................................................
..........................................................................................................
..........................................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 10.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१३. हरिभक्त कटुवालका रचनाहरूको संरचना विशेषता ।

..........................................................................................................
..........................................................................................................
..........................................................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 10.4 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१४. हरिभक्त कटुवालका रचनाहरूको शैली विशेषता ।

..........................................................................................................
..........................................................................................................
..........................................................................................................

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 10.5 को खण्ड अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

१५. हरिभक्त कटुवालका काव्यगत विशेषता ।

..........................................................................................................
..........................................................................................................
..........................................................................................................

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 10.4 र 10.5 को खण्ड अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 11, नेपाली साहित्यका अमर साहित्यकार भूपि शेरचनका कृतिबारे विशेष अध्ययन

**संरचना**

11.0 उद्देश्य

11.1 परिचय

11.2 भूपि शेरचनको साहित्यिक परिचय

11.3 भूपि शेरचनका साहित्यिक कृतिहरू

11.3.1 नयाँ झ्याउरे कविता सङ्ग्रह

11.3.2 निर्झर कविता सङ्ग्रह

11.3.3 घुम्ने मेचमाथि अन्धो मान्छे कविता सङ्ग्रह

11.4 उपसंहार

11.5 सार

11.6 अनुशीलनी

11.7 अतिरिक्त अध्ययन

11.8 मूल्यबृद्धिको निम्ति उत्तर

## 11.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- भूपि शेरचनको साहित्यिक परिचय
- भूपि शेरचनका साहित्यिक कृतिहरू
- नयाँ झ्याउरे कविता सङ्ग्रह
- निर्झर कविता सङ्ग्रह
- घुम्ने मेचमाथि अन्धो मान्छे कविता सङ्ग्रह

## 11.1 परिचय

भूपेन्द्रमान शेरचनका 'परिवर्तन' (नाटक-२०१०) , 'नयाँ झयाउरे' -गीतिकविता सङ्ग्रह (२०१०), 'निर्झर' -कविता सङ्ग्रह (२०१५), 'घुम्नेमेचमाथी अन्धो मान्छे' –कवितासंग्रह(२०२५), र पछिल्लो समय २०५७ सालमा शिव रेग्मीको सम्पादनमा 'भूपि शेरचनका कविताहरू' –कवितासङ्ग्रह(२०५७) कृति प्रकाशन भएका छन्। आज भूपेन्द्रमान शेरचनले समालेको उद्योग कालजयी रहेको छ। राणाहरूको जनता विरोधी शासन पद्धति सुरु भएपछि उनले आफ्नो उद्योग सञ्चालन गरेर जागरणोन्मुखी कविताहरू लेख्न थाले। आफ्नो लेखनमा अटल विश्वास राख्नु नै नेपाली साहित्यको लागि गर्वको कुरा हो। उनका कृतिमा नेपाली वाङ्मय गौरव गरेको छ।

भूपेन्द्रमान शेरचन नेपाली साहित्यमा लागेपछि भूपि शेरचन बनेका हुन्। यसैले उनी नेपाली साहित्यका मूर्धन्य व्यक्तित्व हुन्। नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालयले वि.सं. २०५६ सालमा उनको फोटो अङ्कित हुलाक टिकट सार्वजनिक गरेको छ। भूपि शेरचनको अभावमा नेपाली साहित्य जगत अपा• भएको छ। परिवर्तन नाटक, नयाँ झयाउरे र निर्झरका रचनाकार भूपि नेपालीसाहित्यको स्तरियताका धर्मले शिखर पुरूष हुन्। किनकि उनलाई भूपि भनेर चिनाएको घुम्ने मेचमाथी अन्धो मान्छे जसको वि.सं. २०६४ को बाह्रौं संस्करणसम्म आइपुग्दा ४० हजारको हाराहारीमा बिक्री भएको छ। नेेपाली साहित्य आकाशमा आफ्ना रचना र व्यक्तित्वका कारणले समानरूपले चर्चित प्रख्यात व्यक्तित्व महाकवि देवकोटापछिका नयाँ पुस्तकाका कवि भूपि शेरचन नै हुन्। नेपाली कविताको एक युग 'भूपि युग' बनेको थियो।

## 11.2 भूपि शेरचनको साहित्यिक परिचय

भूपि शेरचनको जन्म विक्रम सम्बत् 1992 पुस 10 गते धवलागिरि अञ्चलको, मुस्ताङ जिल्लाअन्तर्गत टुकुचे भन्ने गाउँमा भएको हो (परिवर्तन, 2010 भूमिका, कुँवर 2023 र सुवेदी, 2037) । सुब्बा हितमान शेरचन र पद्म कुमारी शेरचनको परिवार थाकखोलाका नामुद धनी व्यापारी थिए। उनको व्यापार थाकखोलाबाट पोखरा, बुटवल, भैरहवा हुँदै नौतनासम्म फैलिएको थियो। तिनैका कोखबाट भूपेन्द्रमान शेरचनको जन्म भएको हो। धौलागिरिको काखमा मुस्ताङ जिल्लाको

थाक टुकुचेमा वि. सं. 1992 को पुस महिनामा उनको जन्म भएको हो । भूपीको निधन 2046 साल जेठ 1 गते, काठमाडौंमा भएको थियो । आज उनको सम्झनामा विभिन्न कार्यक्रम गरि विभिन्न ठाउँमा जन्म जयन्ति मनाइने गरिन्छ। हितमान शेरचनका चार भाइ छोरामध्ये अन्तिम सन्तान भनेका नै भूपेन्द्रमान हुन्। चार छोरा भइसकेपछि छोरीको अपेक्षा गर्दागर्दै पाँचौं सन्तानको रूपमा उनको जन्म भएको हो। छोरीको अपेक्षामा बज्र त परेको थियो नै त्यसमा पनि पुषे औंशीको दिन र चिन्ता ठूलो परिवारमा उनको जन्मुन परेर मूल (अम्ष्या-र कुरा निराशाकोþयो। सोही कारण उनका बाबुले छ महिनासम्म उनको मुख हेरेनन् भनिन्छ। छ महिनाको समयपश्चात एक चर्चित ज्योतिषीलाई जन्मकुण्डली हेराउँदा कसैलाई नपिर्ने, आफूलाई नै पिर्ने बताएपछि पिता हितमानले उनको मुख हेरेका थिए। विडम्बना पाँच वर्षको उमेरमा उनकी आमाको मृत्यु हुनाले उनलाई 'आमा टोकुवा' को आभूषण पहिऱ्याउने काम भयो। गाउँ समाजमा उनलाई गाली गलौच गरिदा कलिलो मस्तिष्कमा आफ्ना कलिला दाँतहरूले कसरी आमालाई टोके भन्ने छाप पऱ्यो, अन्तत उनी व्रिरोही बन्दै गए।

सुब्बा हितमान शेरचन र पदमकुमारी शेरचनका कान्छा छोरा भूपि शेरचनको खास नाम भूपेन्द्रमान शेरचन हो । उनले भूपेन्द्रमान शेरचन्द 'सर्वहारा' (परिवर्तन, 2010), 'सर्वहारा' (नया" इ्याउरे, 1954 ई.), भूपेन्द्रमान शेरचन्द (बी.एम. शेरचन्द, निर्भर, 2015) जस्ता नाम लेखेका भए पनि घुम्ने मेचमाथि अन्धो मान्छे (2025) कविता सङ्ग्रहमा भूपि शेरचन भनेर आफुलाई चिनाएका छन् । आज उनको सम्पूर्ण परिचय कवि भूपि शेरचन भएर रहेको छ । भूपि पाँच वर्षका हुँदा उनकी आमाको मृत्यु भएकाले र उनका दिदीबैनी नभएकाले उनी मातृजातिको स्नेहबाट वञ्चित भएको उल्लेख छ (कुँवर, 2023 ः 81) । त्यति मात्र नभएर छोरीको आशमा छोरा भइदिएको र मूलमा जन्मिएकाले पारिवारिक उपेक्षामा उनको बाल्यकाल बितेको पनि थाहा हुन्छ (कुवँर, 2023 ः 81) । यस उपेक्षाका कारण कलिलै अवस्थामा असह्य मानसिक स्थिति लिएर उनी हुर्कंदै गएको यथार्थ पनि बिर्सन मिल्दैन । यस किसिमको पारिवारिक विषम परिस्थितिमा हुर्किएका कवि शेरचन 10÷12 वर्षको उमेरदेखि शिक्षाका लागि बनारसमा बस्न थालेको जानकारी पाइन्छ (कुँवर, 2023 ः 81) ।

वि.सं. 2010 मा प्रकाशित 'परिवर्तन' नाटकका भूमिकामा "साहित्यप्रति अभिरूचि चार वर्ष अघिदेखि नै जनजीवनको अनुभूतिबाट सर्वहाराजीमा हुन गयो" भन्ने वाक्य लेखिएको छ । यस आधारमा उनको साहित्यिक यात्रा 2006

सालबाटै भएको बुझिन्छ । बनारसमा अध्ययन गर्ने क्रममा उनी माक्र्सवादी चिन्तनप्रति आकर्षित भएको पाइन्छ । त्यसबेला उनको स्वभावमा परिवर्तन आएको रक्सी, चुरोट आदि खान सिकेको पनि जनाइएको छ (भूपि स्मृति, वि. सं. 2047 ः 33) । यसै समयमा उनी कम्युनिस्ट राजनीतिमा प्रतिबद्ध भएको पाइन्छ । यसको स्पष्ट प्रभाव 'परिवर्तन' र 'नयाँ झ्याउरे' मा परेको छ । उनले औपचारिक शिक्षा बी.ए. भन्दा माथि लैजान नसकेको पनि उल्लेख छ (सुवेदी, 2037 ः 3) । भूपिको साहित्यतिर अभिरूचि 2006 सालबाटै देखिए पनि उनको पहिलो प्रकाशित रचना कृति भने 'परिवर्तन' (2010) नाटक हो । कवितामा उनको सर्वप्रथम 'नयाँ झ्याउरे' (1954 ई.) गीति कविता सङ्ग्रह प्रकाशनमा आएको पाइन्छ । यसरी नै "यही नयाँ बिहानीको सन्देश लिएर यो कहानी सङ्ग्रह प्रकाशित हुँदैछ, यसमा साथी भवानीप्रसाद शर्मा र 'सर्वहारा' - का कहानीहरू सङ्कलित हुनेछन्", (1954 ई.) भन्ने जनयुग प्रकाशनको सूचना पाइए पनि उनका कथा भने प्रकाशित भएका छैनन् । बरू उनले आफुले कहिल्यै कथा नलेखेको बताएका छन् (सुवेदी, 2037) । पढाइतिर सफल नभएपछि पारिवारिक दबाबमा परेर भूपि वि. सं. 2012 मा वैवाहिक बन्धनमा बाँधिएको पाइन्छ । यसै ताका भद्र अवज्ञा आन्दोलनमा भाग लिँदा उनी जेलमा परेका थिए भन्ने उल्लेख पनि छ (कुँवर, 2023 ः81) । वि.सं. 2013 सालमा 'युवा फेस्टिभल' मा भाग लिन रूसको भ्रमणमा गएका भूपिमा साम्यवादी विचारप्रति प्रतिकूल प्रभाव परयो भन्ने कुरो विचारणीय देखिन्छ (सुवेदी, 2037 ः 4) । यसपछिका दिनमा उग्र र रोमान्टिक साम्यवादी स्वर मत्थर भएको भन्ने भूपिको आत्मस्वीकृति भए पनि 'होचिमिह्नलाई चिठी' जस्ता कविता यसपछि नै लेखेको प्रसङ्ग स्वात्तै मिल्काउन सकिँदैन । 'निर्भर' कविता कृतिको प्रकाशनपछि नै भूपि स्वशैलीका कविता लेख्न थालेका हुन् । यसपछि यिनका कवितामा कलात्मक, बौद्धिक तथा व्यङ्ग्यात्मकताभित्र सौन्दर्यात्मक उचाइ थपिएको हो । त्यस समयमा भूपिको रक्सीको लत, राजनीतिक विवाद र मृत्युको चाहनालाई लिएर चर्को विवाद भएको यथार्थलाई लुकाउन मिल्दैन । यसबाट उनको लेखन र जीवनका कार्यहरूका बीचमा तालमेल नमिलेको पनि स्पष्ट हुन्छ ।

यस प्रसङ्गमा निम्न लिखित भनाइ मननीय छ– "कुनै समयमा 'म एक पुत्र', एक पति, एक पिता हुँ" भनी आफ्नो कर्तव्यपट्टि सजग रहन सकेको भूपि आज आएर रमको धूनमा आफ्नो त्यो कर्तव्य बिर्सेर म केही होइन, म खाली एउटा बोतल हूँ र

मेरो आदि–अन्त केही छैन भन्छ भने उसलाई आफ्नो पुरानो कर्तव्यपट्टि सजग गराउने काम हाम्रो हो" (ढकाल, 2020 ः 45) । यसै क्रममा तारानाथ शर्मा "भूपि हाम्रा युगका ठूला कवि हुनुहन्छ जसका कलममा नवीनता गुलियो गीत भएर गुञ्जिएको छ" (पृ. 36) भनेर नपुगी "तल्ला वर्गेहरूका प्यारा कवि" (पृ. 37) तथा "यस नक्षत्रलाई आजका पुस्ताले चिन्न नसके पनि भोलिकाहरूले अवश्य चिन्नेछन् र आफ्ना मुटुमा टाँस्ने छन्" (पृ. 37) भन्दै "भूपि कवितामा राम्रो विचारको र राम्रो शैलीको सङ्गीतात्मक मेल भएको" (पृ. 46) उल्लेख गरेका छन् (शर्मा, 2021 ः 25–47) । साहित्यमा चर्चा–परिचर्चा उठेका बेलामा उनी "म पहिले वादलाई महइभ्व दिएर लेख्थेँ तर पछि जुन कुराले आपूmलाई खिच्छ त्यही कुरालाई लिई लेख्न थालेको छु । यद्यपि कला कलाको निमित्त भन्ने सिद्धान्तलाई म यद्यापि मान्दिनँ" (कुँवर, 2023 ः 81) भन्छन् । यसको दुई वर्षपछि उनको चर्चित कृति "घुम्ने मेचमाथि अन्धो मान्छे" (2025 वि.सं.) प्रकाशित भएको पाइन्छ ।

साहित्यमा मात्रै लागेर बाँच्न नसकिने परिवेशलाई भूपि लेखन र जीवनका सन्दर्भबाट बुझिसकेका हुन्छन् । एकपछि अर्को हुँदै पारिवारिक बोझ पनि उनका थाप्लामा थपिँदै गएको पाइन्छ । भूपि भैरहवा, पोखरा र चितौनमा ठेकेदारी गरेर केही समय बिताएका भए पनि त्यसमा रम्न नसकेको बताइन्छ । वि.सं. 2026 मा दोस्रो विवाह गरेपछि उनले जीवनप्रति केही आसा सँगालेका थिए भनिएको पनि पाइन्छ (सुवेदी, 2037) । वि. सं. 2026 मा साझा पुरस्कारद्वारा सम्मानित भूपिको कृति "घुम्ने मेचमाथि अन्धो मान्छे" हो । यसपछि भूपिका फुटकर रूपमा फाट्टफुट्ट कविता र अन्य रचना पत्र - पत्रिकामा प्रकाशित भए पनि कृति भने प्रकाशनमा आएको पाइँदैन । वि. सं. 2030 तिर उनी चर्को बिरामी परेका र बिरामीबाट तङ्ग्रिएपछि दम र मधुमेहको रोगसित लड्दै साहित्यिक संसारमा क्रियाशील भएका थिए भन्ने उल्लेख छ (भूपि स्मृति ग्रन्थ, 2046) ।

भूपि वि. सं. 2036 मा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका सदस्य बनेका हुन् (सुवेदी, 2037 ः 4) । भूपिले आफ्नो मौनता चिरेर साहित्यमा सिर्जनारत भए पनि आफ्नो साहित्यिक उच्चतालाई कायमै राख्न भने सकेनन् । वैचारिक विचलनले उनलाई प्राज्ञका कुर्चीमा पु¥याए पनि उनले साहित्यिक ऊर्जा र प्रौढ साधनाको कवितात्मक प्राप्तिलाई प्रखर रूपमा देखाउन भने सकेनन् । केही स्तुति र प्रेमका भाकामा हराउँदै राजतन्त्रलाई स्वीकारेर भूपिले आफ्नो पुरानो विचारमा आपैmलाई व्यङ्ग्य हुने काम पनि गर्न पुगे । यसमा पनि यी भनाइले उनको

विगतको पाटालाई स्मरण गराएको छ । उनी ‘मधुपर्क’ को लागि मसँग मधु चाहनुहुन्छ मेरो रचना भने कटु हुन्छ र “म कविताको विषयमा मात्र होइन, जुनसुकै राम्रो विषयको भविष्यको सम्बन्धमा ज्यादै आशावादी छु” (मधुपर्क, 2038) भन्छन् । विचारअनुसारको कार्य नभएर नै उनका रचनाको चर्चा गर्दा पछिल्लो समयको विचार देखाएर धेरैले उनको कृतित्वको अवमूल्यन पनि गरेका छन् । उनका राम्रा विचार र कार्यको सम्मान गर्दै मिल्काउन पर्ने विचार र कार्य फाल्दै मूल्याङ्कन हुनपर्ने आजको पक्ष हो ।

भूपि लामो समयको मौनता तोडेर वि.सं. 2041 मा “सर्पहरूको खोजीमा” भन्ने कविता लेख्छन् । त्यसै समयमा भूपि आफ्ना बारेमा भन्छन्– “विगत दुई दशकदेखि मभित्र कविता लेखनप्रति विरक्त्याइँ क्रमशः बढ्दै गएको तथा एक दशकदेखि मेरो स्वास्थ्य बिग्रदै गएकाले मैले लेख्न नसकेको हुँ” (गरिमा, 2041 ः पूर्णाङ्क 18) । भूपि कम्युनिस्ट र कवितामा लागेर आफु बिग्रिएको तथ्यलाई खोल्दा उनले बहुदलवादीहरूप्रति रोष प्रकट गर्छन् । आँधी र हुरी नआएसम्म समाजमा परिवर्तनको नयाँ बिहानी नआउने धारणा राखेर क्रान्तिमा समर्पित कवि राजाको निगाहलाई सर्वस्व ठानेर बाँच्नमा गर्व गरेका छन् । परिवार पाल्ने समस्यालाई “को बाल्न सक्छ दियो हुरी चलेको घरमा” भनेर यथार्थबाट पलायन भएका छन् । उनी आफ्ना जीवनका महइभ्वपूर्ण घटनामा “औंसीमा जन्मी मूलमा पर्नु, किशोरावस्थामा कम्युनिस्ट भएर भूलमा पर्नु र अहिले कर्मनिस्ट हुनु” (गरिमा, 2041 ः9) बताउँछन् । यसबाट उनको वैचारिक यात्रा स्पष्ट हुन्छ ।

प्रज्ञा प्रतिष्ठानको कुर्ची पदबाट भूपि सन्तुष्ट भने देखिँदैनन् । उनी “घुम्ने मेचमाथि पुगेपछि म आधा अन्धो मान्छेचाहिँ भएँ” भनी यसप्रति असन्तुष्टि व्यक्त गर्छन् । यस प्रसङ्गमा दाहिने आँखो पहिल्यै अन्धो भएको र देब्रे आँखो पनि बिग्रदै गएको उनको कथन छ (गरिमा, 2041 ः पूर्णाङ्क 18) । उनी नेपाली मगज ‘जेट युग’ -मा र च्यापुभन्दा तल ‘पेट युग’ मा भएको वास्तविकतालाई राम्ररी मनन गर्छन् । उनले समसामयिक कविहरूका बारेमा अध्ययन–अनुसन्धान गर्न प्रेरित गर्थे भन्ने भनाइ स्मरणीय छ (शर्मा, 2046ः 112) । आठ सन्तानका पिता र दुई पत्नीका पति भूपि सङ्गीत, क्रिकेटमा रूचि राख्थे भन्ने पाइन्छ । ‘प्रेम प्रसङ्ग’ (विगत) का कुरा नगरौं थुप्रै सुखी परिवार दुःखी होलान् भन्ने उनको भनाइबाट रसिक भूपिलाई सहजै चिन्न सकिन्छ । यस धर्तीमा रहुन्जेल उनका जीवनका जे जस्ता पाटा भए पनि उनको अमर कार्य कविता सिर्जना नै हो । यस धर्तीमा 54 वर्ष बिताएर वि.सं. 2046 जेठ 1 गते (गोरखापत्र, 2046) कवि भूपि यस धर्तीबाट सदाका लागि विदा

भए । उनको भौतिक देह हाम्रा माझमा नभए पनि उनको कवि व्यक्तित्व जिउँदो रूपमा हाम्रासामु उभिइरहेको छ । यस सन्दर्भमा "उनको दाहसंस्कारमा नौजना साहित्यकारहरू मात्र सम्मिलित हुन सकेछन् र सारा साहित्यिक समाजले उनलाई बिर्सेजस्तै भएछ तर उनी हाम्रा हृदयमा कहिल्यै मर्दैनन्" (शर्मा, 2046 ः 112) भन्ने मूल्याङ्कन स्मरणीय छ । भूपिका कवितामा हिमाली पाखाका लाली गुराँस र धूपिसल्ला, पहाडका लालुपाते र सुनाखरी, तराईका चाँप र धानका बालामा मात्र नभई चियाका बोटमा नेपाली पिरती घनीभूत हुँदा कवितात्मक सौन्दर्यले मन तान्छ । यस्तै भैरहवाको तातो हावामा लाहुरेको गन्ध सुघ्दा, चिसो ऐस्ट्रेरूपी काठमाडौंको रानीपोखरीमा बल्छी खेल्ने जिन्दगी हेर्दा, पोखरामा सेतीको गुम्फनभित्र माछा पुच्छे र फेवातालको गर्वमा राष्ट्रियता पढ्दा कहाँ भूपिलाई बिर्सन सकिन्छ र ? हामी सामाजिक हुन नसक्दाका बेथितिलाई उनी कविताका जलपले चम्काउँछन् । त्यसैले केही क्षण मान्छेले बिर्से पनि उनले दिएका कवितात्मक (साहित्यिक) खुराकमा साहित्यिक माटाले उनलाई बिर्सने छैन । उनी साहित्यिक माटामा आफ्नो युग बनाएर हुर्किसकेका छन् । उनका कविता र गीतका माध्यमले नेपाली साहित्यका क्षेत्रमा उनी शिखर कविका रूपमा चम्किरहने छन् भन्न सकिन्छ । भूपिले कवितामा आफ्नो युग बनाएका छन् । उनले बनाएको युगमा उनले हुर्काएको सरलता, सरसता र सहजता, व्यङ्ग्य र अलङ्कारको घोलबाट जीवनका यथार्थ जसरी जीवन्त छन् त्यसरी नै भूपि पनि नेपाली भाषा, जाति र कविताका माटामा जिउँदा र अमर बनेका छन् ।

कवि भूपि शेरचनको साहित्यिक जीवनलाई अवलोकन गर्दा उनमा निम्न कुराहरू थियो । ती हुन् -

१. **सहज गुणयुक्त** -

यो 034–035 सालको कुरा हो । त्रिभुवन विश्वविद्यालयको कवि गोष्ठी आयोजनामा त्यतिवेलाका प्रभावशाली कविहरू केदारमान व्यथित, माधव घिमिरेलगायत भूपि शेरचनलाई पनि बोलाउइएको थियो । त्यससमय अनुरोध गर्न कवि भूपिको निवासमा पुग्दा उहाँले अत्यन्त सहजै त्यसलाई स्वीकार गरेका थिए । उहाँले सहर्ष स्वीकार गर्ने व्यावहारले त्यससमय आयोजक समिति धैरै खुसी हुनु स्वाभाविक थियो ।

**२. माया गर्ने मान्छे** -

भूपि दाइको सबैभन्दा राम्रो बानी भनेको उहाँ अत्यन्त माया गर्ने स्वभावको हुनुहुन्थ्यो । उहाँले आफूभन्दा सिनियरलाई जसरी सम्मान गर्नुहुन्थ्यो, त्यस्तै आफूभन्दा पछिल्लो पुस्ताकालाई पनि अत्यन्त माया गर्नुहुन्थ्यो । मलाई पनि उहाँले अत्यन्त माया गर्नुभयो । मलाई उहाँसँग भेट्दा आफ्नै दाजुसँग भेटेजस्तो लाग्थ्यो । मसँग उहाँले सधैँ एउटै परिवारको जस्तो व्यवहार गर्नुहुन्थ्यो ।

**३. चिन्ता गर्ने व्यक्ति** -

सहज र सरल स्वभावको भएकाले पनि होला, भूपि दाइ धेरै चिन्ता गर्नुहुन्नथ्यो । उहाँ आफ्नैबारे पनि उति धेरै चिन्ता गर्ने व्यक्ति होइन । उहाँ भेटहरूमा भन्नुहुन्थ्यो, 'म त रोगको घर हुँ ।' हुन पनि उहाँलाई विभिन्न रोग लागेका थिए । तर, निस्फिक्री भएर उहाँ आफूलाई सबै रोग भएको स्वीकार गर्नुहुन्थ्यो । त्यसमा चिन्ता लिनुहुन्थेन ।

**४. प्रचुर सेन्स अफ ह्युमर**

भूपि दाइ जे कुरामा पनि छिटो जवाफ फर्काउन सक्नुहुन्थ्यो। त्यस्ता जवाफमा व्यंग्य र हास्यरस प्रचुर हुन्थे। उहाँ बिरामी भएपछि वीर अस्पतालमा भर्ना हुनुभयो। श्रीमतीसहित म उहाँलाई भेट्न गएँ। त्यहाँ अर्का एकजना कवि पनि पहिल्यै पुग्नुभएको रहेछ। उहाँहरू कुरा गर्दै हुनुहुन्थ्यो । ती कविले भूपि दाइलाई भन्नुभयो, 'दाइसँग त भेटघाट नै हुन छाड्यो आजभोलि ।' भूपि दाइले जवाफ दिनुभयो, 'आज आउनुभयो, ठिकै भयो । नत्र एक–दुई दिनपछि त मलाई भेट्न भेटघाटको भेट काटेर घाटमा आउनुपथ्र्यो ।'

यो त उहाँले गरेको जोक थियो । तर, यही जोक वास्तविकतामा परिणत भयो । केही दिनपछि उहाँ हामीमाझ रहनुभएन। त्यस्तै, अर्को प्रसंग पनि म सम्झिन्छु। यो तिहारको समय हो । हामी उहाँको घरमा देउसी–भैलो खेल्न गएका थियौँ । राति पुगेका हामीले बिहानसम्मै त्यहाँ रमाइलो गरेर मनायौँ । उहाँले त्यतिवेला पनि फ्याट्ट जवाफ दिनुभएको थियो । 'अनुमान छैन दाइ' भन्दा उहाँले भन्नुभयो– अनुमान त हनुमानले पनि गर्न सक्दैन । यस्तो जीवन्त र हसमुख कवि मैले अरू कोही भेटेको छैन ।

### ५. विचारमा अडिग

म विराटनगरमा थिएँ, बिए पढ्दै थिएँ। उहाँको 'घुम्ने मेचमाथि अन्धो मान्छे' भन्ने कविता संग्रह हात प-यो । त्यो संग्रह मेरा लागि 'गीता' भयो । त्यसका प्रत्येक कविता जीवन्त छन् । हाम्रो जेनेरेसनका प्रायःलाई ती कविता कण्ठस्थ पनि थियो । त्यसैले पनि भूपि अत्यन्त प्रिय लाग्न थाल्यो। मोहन कोइराला र भूपि शेरचन मेरा प्रिय कवि हुन् ।

भूपि दाइका कविताको विषय र प्रस्तुतिले छोयो, प्रभावशाली रूपमा। त्यस्तो कविलाई काठमाडौंमा भेट्न पाउँदा म अत्यन्त खुसी भएँ। तर, उहाँलाई हामीले कविका रूपमा मात्र होइन, विद्रोही कविका रूपमा लिन्थ्यौँ। तर, विश्वविद्यालयको कविता गोष्ठीमा उहाँले राजाका पक्षमा पो कविता सुनाइदिनुभयो। हामीले त्यस्तो आशा गरेकै थिएनौँ। त्यस्तो ठूलो विद्वान् कविले त्यस्तो गर्नुहोला भन्ने सोचेका पनि थिएनौँ । मलाई पनि लाग्यो– भूपि दाइले यस्तो कविता नलेखेको भए हुन्थ्यो नि। पछि हामीले उहाँलाई यो कुरा पनि भन्यौँ। तर, उहाँले विचार परिवर्तन गर्नुभएन। त्यस्तो विचार किन उहाँमा आयो भन्नेचाहिँ पछिसम्म पनि थाहा पाउन सकेनौँ।

### ६. काठमाडौंमा स्ट्यान्डर्ड बसाइ

भूपि दाइ चिटिक्क परेर हिँड्न रुचाउनुहुन्थ्यो। जहिले पनि आफ्नो स्ट्यान्डर्ड मेन्टेन गर्नुहुन्थ्यो। उहाँको घरमा पनि त्यस्तै वातावरण थियो। काठमाडौंको खानदानीको घरजस्तो लाग्थ्यो। आएका पाहुनालाई दिल खोलेर खुवाउनुहुन्थ्यो। एकपटक म पनि पुगेको थिएँ। केहीअघि मात्र खाजा खाएर गएकाले उहाँलाई भनेँ, 'दाइ, मैले भर्खर खाएर आएको, अहिले खान्नँ।' उहाँले फ्याट्टै भन्नुभयो, 'तिमी गरिब छौ, खाऊ भनेको त कहाँ हो र ?' उहाँले रक्सी खाएको विषयमा धेरै कुरा चल्छन्। तर, मैले उहाँलाई रक्सी पिए पनि तल्लो स्तरमा पुगेर पिएको चाहिँ कहिल्यै देखिनँ।

### ७. दुई 'क' ले बिग्रिएँ भन्नुहुन्थ्यो

उहाँ अत्यन्त बौद्धिक मान्छे हुनुहुन्थ्यो। अध्ययन त्यस्तै गहिरो गर्नुहुन्थ्यो, कुराकानी पनि अत्यन्त गहिरा। उहाँहरू एकपटक रुस जानुभएको थियो। फर्केर आएपछि त्यहाँका कुरा धेरै समयसम्म गरिरहनुहुन्थ्यो। त्यतिवेला म 'गरिमा' पत्रिकामा निरन्तर लेखकहरूसँग अन्तर्वार्ता गरिरहेको हुन्थेँ। एकपटक त्यही स्तम्भका लागि मैले भूपि दाइको अन्तर्वार्ता लिएँ। उहाँले भन्नुभयो, 'मलाई दुई

"क" ले बिगार्‍यो। एउटा कवि भएर म बिग्रिएँ, अर्को कम्युनिस्ट भएर म बिग्रिएँ ।' उहाँलाई सबैले कम्युनिस्टका रूपमा बुझ्थे, तर पछि त उहाँले नै आफूलाई 'कम्युनिस्ट होइन' भनेर घोषणा गर्नुभयो ।

### ८. कविता सुन्न उत्सुक

भूपि दाइ जहिले भेट्दा पनि कविता सुनाउन भन्नुहुन्थ्यो । उहाँ जहिले पनि 'ल कविता सुना त' भन्नुहुन्थ्यो । त्यसैले उहाँलाई भेट्न जाँदा म सधैँ एउटा कविता लिएरै जान्थेँ । उहाँले कविता सुनिसकेपछि त्यसमाथि कमेन्ट पनि गर्नुहुन्थ्यो । उहाँका धेरै कविता त मलाई कण्ठस्थ आउँथ्यो । त्यसैले पनि म उहाँबाट धेरै प्रभावित थिएँ । आफू प्रभावित भएको मान्छेलाई कविता सुनाउन पाउँदा म पनि खुसी हुन्थेँ।

### ९. मेरो एउटा अपूरो चाहना

उहाँको हामी कविता मलाई अत्यन्त मन पर्ने कवितामध्ये एक हो । म त्यो कवितामाथि नाटक मन्चन गर्न चाहन्थेँ । मेरो चाहना थियो, भूपि दाइलाई पनि त्यो नाटक देखाउँ । तर, म त्यसमा सफल भइनँ । मेरो त्यो चाहना पूरा भएन । यो कुराको मलाई थकथकी लागिरहन्छ ।

## 11.3 भूपि शेरचनका साहित्यिक कृतिहरू

कवि भूपि शेरचनलाई गङ्गाप्रसाद उप्रेतीले उनी सरल भाषामा समयसामयिक विकृतिमाथि व्यङ्ग्य गर्ने र आधुनिक साहित्यका विशिष्ट कवि भएको उल्लेख गरेका छन् । साहित्यकार डा तुलसी भट्टराईले थोरै कृति लेखे पनि जनप्रिय कविका रुपमा भूपीलाई नेपालीले सम्झना गरेको बताउँदै भूपीका कृतिलाई विभिन्न भाषामा अनुवाद गरेर अन्तर्राष्ट्रिय क्षेत्रसम्म फैलाउनु आवश्यक रहेको बताएका छन् । परिवारका अरु दाजुभाइ प्रजातान्त्रिक विचारधाराका भए पनि सुरुमा माक्र्सवादी राजनीतिक दर्शनको अङ्गीकार गर्नुभएको थियो ।साहित्यकार विष्णु प्रभातले जुनकिरीको गीत लेखे पनि चन्द्रमा जस्तै चम्कने व्यक्ति भूपी शेरचन भएको उल्लेख गरेका छन् । साहित्यकार दामोदर किशोरले नयाँ पुस्ताले भूपीको सोच र विचारलाई अगाडि बढाउनु जरुरी रहेको बताउनुभयो पुस्तकालयका अध्यक्ष वसन्त शेरचनले भूपीको सम्झनामा

अक्षयकोष स्थापना गरी 13 हजार जनसङ्ख्या रहेको थकाली जातिको संस्कृतिलाई प्रवद्र्धन गर्न थालिएको जानकारी दिएका छन् ।

यस्ता विज्ञ र श्रेष्ठ नेपाली साहित्यका कवि भूपि शेरचनका साहित्यिक कृतिहरूमा ‘परिवर्तन’ नाटक तथा ‘नयाँ झ्याउरे’, ‘निर्झर’, ‘घुम्ने मेचमाथि अन्धो मान्छे’ र ‘भूपि शेरचनका कविता’ कवितासङ्ग्रह प्रकाशित छन् । आरम्भमा माक्र्सवादी दर्शनबाट डोरिएका भूपि शेरचन आधुनिक नेपाली कविताका दोस्रो प्रहरका प्रखर प्रतिभा थिए । केही समय उनी कम्युनिस्ट राजनीतिमा पनि सक्रिय रहे । 10 पुस 1992 मा मुस्ताङको थाक टुकुचेको सम्पन्न थकाली परिवारमा जन्मिएका उनी करिब साढे तीन दशक साहित्य सिर्जनामा सक्रिय रहे । उनी साढे तीन दशक जति साहित्य सिर्जनामा सक्रिय रहे । 30 को दशकपछि सिर्जनशीलताका दृष्टिले उनी त्यति सक्रिय र उर्वर देखिन्नन् । उनका ‘परिवर्तन’ (नाटक, 2010(, ‘नयाँ झ्याउरे’ (कवितासंग्रह, 2011(, ‘निर्झर’ (कवितासंग्रह, 1012(, ‘घुम्ने मेचमाथि अन्धो मान्छे’ (कवितासंग्रह, 2027 र (‘भूपि शेरचनका कविता’ (कवितासंग्रह, 2057 भूपिलाई क्षेत्रमा कविताको । छन् प्रकाशित कृति पाँच गरी ( कृति मुख्य बनाउने भूपि‘घुम्ने मेचमाथि अन्धो मान्छे’ हो । आधुनिक नेपाली गद्य कवितामा भूपि सर्वाधिक लोकप्रिय कवि हुन् ।

मूलरूपमा **भूपी शेरचनका प्रकाशित कृतिहरू निम्नलिखित छन्** –

१. **परिवर्तन** (वि. सं. 2010) नाटक ।

२. **नयाँ झ्याउरे** (वि. सं. 2010) कविता सङग्रह ।

३. **निर्झर** (वि. सं. 2015) कविता सङ्ग्रह ।

४. **घुम्ने मेचमाथि अन्धो मान्छे** (वि. सं.2025) कविता सङ्ग्रह ।

## 11.3.1 नयाँ झ्याउरे कविता सङ्ग्रह

कवि भूपि शेरचनको पहिलो कविता सङग्रहको रूपमा **नयाँ झ्याउरे** प्रकाशित भएको हो । प्रस्तुत कति सन् 1954 मा प्रकाशित भएको पाइन्छ । कतिपय समालोचकहरूले प्रस्तुत कृतिलाई गीति कविता सङ्ग्रह मानेका पनि छन् । उनको “यही नयाँ बिहानीको सन्देश लिएर यो कहानी सङ्ग्रह प्रकाशित हुँदैछ,

यसमा साथी भवानीप्रसाद शर्मा र 'सर्वहारा' - का कहानीहरू सङ्कलित हुनेछन्", (1954 ई.) भन्ने जनयुग प्रकाशनको सूचना पाइए पनि उनका कथा भने प्रकाशित भएका छैनन् ।

## 11.3.2 निर्झर **कविता सङ्ग्रह**

**निर्भर** कविता कृति वि. सं. 2010 मा प्रकाशित भएको पाइन्छ । प्रस्तुत कृतिको प्रकाशनपछि नै भूपि स्वशैलीका कविता लेख्न थालेका हुन् । यसपछि यिनका कवितामा कलात्मक, बौद्धिक तथा व्यङ्ग्यात्मकताभित्र सौन्दर्यात्मक उचाइ थपिएको हो । त्यस समयमा भूपिको रक्सीको लत, राजनीतिक विवाद र मृत्युको चाहनालाई लिएर चर्को विवाद भएको यथार्थलाई लुकाउन मिल्दैन । यसबाट उनको लेखन र जीवनका कार्यहरूका बीचमा तालमेल नमिलेको पनि स्पष्ट हुन्छ। यस प्रसङ्गमा निम्न लिखित भनाइ मननीय छ– "कुनै समयमा 'म एक पुत्र', एक पति, एक पिता हुँ" भनी आफ्नो कर्तव्यपट्टि सजग रहन सकेको भूपि आज आएर रमको धूनमा आफ्नो त्यो कर्तव्य बिर्सेर म केही होइन, म खाली एउटा बोतल हूँ र मेरो आदि–अन्त केही छैन भन्छ भने उसलाई आफ्नो पुरानो कर्तव्यपट्टि सजग गराउने काम हाम्रो हो" (ढकाल, 2020 ः 45) । यसै क्रममा तारानाथ शर्मा "भूपि हाम्रा युगका ठूला कवि हुनुहन्छ जसका कलममा नवीनता गुलियो गीत भएर गुञ्जिएको छ" (पृ. 36) भनेर नपुगी "तल्ला वर्गेहरूका प्यारा कवि" (पृ. 37) तथा "यस नक्षत्रलाई आजका पुस्ताले चिन्न नसके पनि भोलिकाहरूले अवश्य चिन्नेछन् र आफ्ना मुटुमा टाँस्ने छन्" (पृ. 37) भन्दै "भूपि कवितामा राम्रो विचारको र राम्रो शैलीको सङ्गीतात्मक मेल भएको" (पृ. 46) उल्लेख गरेका छन् (शर्मा, 2021 ः 25–47) । साहित्यमा चर्चा - परिचर्चा उठेका बेलामा उनी "म पहिले वादलाई महइभ्व दिएर लेख्थेँ तर पछि जुन कुराले आपूmलाई खिच्छ त्यही कुरालाई लिई लेख्न थालेको छु । यद्यपि कला कलाको निमित्त भन्ने सिद्धान्तलाई म यद्यापि मान्दिनँ" (कुँवर, 2023 ः 81) भन्छन् । यसको दुई वर्षपछि उनको चर्चित कृति "घुम्ने मेचमाथि अन्धो मान्छे" (2025 वि.सं.) प्रकाशित भएको पाइन्छ ।

भूपि नारीप्रति अत्यन्त संवेदनशील छन् । नारी हक अधिकार हुनुपर्छ भनेको छन् । निर्झर कविता सङ्ग्रहमा नारीका बारेमा लेखिएको छ :

**'ठूलो यो चार्जीबारी,**
**त्यसभित्र एउटा घरबारी,**

**त्योभित्र एउटा सानो अल्मरी,**
**अल्मरीभित्र दुई चरवटा गहना र दुई चारवटा सारी,**
**यति हो तिम्रो जिन्दगीभरीको कमाई नारी !**

भनिएको छ । त्यतिखेर उनमा त्यो सचेतता । अहिले हामी लैङ्गिकता, नारीवादका कुराहरू जुन गरेका छौँ नि भूपिले त पहिल्यै पहिल्याएका रहेछन् नि त्यो । ज्योतिषीहरूप्रतिको व्यङ्ग्य हेर्नुस् । सरै ठूलो भन्नु पर्दोरहेनछ नि । एउटा भारी ट्रकले किचेर बच्चा मर्यो, बच्चाको हात खोलेर हेर्दा आयु रेखा धेरै लामा थिए । कत्रो सेटायर छ । एउटै हरफले यो क्षेत्रप्रति कत्रो अविश्वास पैदा गरायो । हत्केला खोलेर हेर्दा चाहिँ आयुरेखा लामा छन् तर बच्चा मर्यो । अब सहिदप्रति सम्मान नभएकोमा सहिदहरूमा उनले भने 'बाँचेर त हेर बाँच्न झन् गाह्रो छ' भने । यो अहिलेको परिस्थितिप्रति को सहिद, कसको सम्मान छ यहाँ ? त्यो केही देखिँदैन।

लाहुरेहरू अरूको देशका लागि लडेको सन्दर्भ, महिलाहरूमाथि भएको अन्याय, अत्यचार, युक्लिप्टसका रुखहरूझैँ नङ्ग्याइएका देख्छु आदि चेतना विम्ब बेजोडका छन् । अनि अर्को भन्नै पर्ने कुरा, व्यक्तिगत विम्बहरू हुन् । यस्ता यस्ता विम्ब प्रयोग गरेका छन् कि यस क्रममा यौनविम्बहरूको पनि अत्यधिक प्रयोग भएका छन् । राम्रोसँग हेर्यो भने एक्लै हाँसो पनि उठ्छ र कसरी ठम्याउन सकेहोलान् । व्यक्तिगत विम्बको पहिचान एकदमै गाह्रो कुरा हो । मान्छेले परम्परित विम्बहरूलाई, प्रतीकहरूलाई मात्र पहिचान गर्न सक्छ । तिम्रो अनुहार चन्द्रमा जस्तो भन्दा परम्परित विम्ब भयो । उनले लेते खोला भने नि त्यो होचिमिनको चिठीमा । आफ्नो घरनिरको त्यो लेते खोलालाई यस्तो विम्ब बनाए कि भियतनामलाई लेते खोलासँग दाँजेका छन् । जसरी भियतनामले अमेरिकासँग भिड्न त नसक्ला तर कुनै बेला शक्ति आउँछ नि, बाढी आएको बेला त्यो लेते खोला ओर्तिर पर्तिर भत्काएर सुसाएर हिँड्छ नि त्यस्तै तिमीहरू गर्न सक्छौ । त्यो लेते खोला नै व्यक्तिगत विम्ब के ।

बालदिवसलाई हेर्नुस् । बालदिवस मनाएको दिन त्यसैको समाचारले ढाकिएको पत्रिका ओडेर बालक सडकमा सुत्याछ । कत्रो व्यङ्ग्य छ भन्नु न । यो व्यङ्ग्य चेतना अनि व्यक्तिगत विम्बको अत्यधिक प्रयोग हो । अत्यधिक अनुप्रास, लयात्मकता पनि कस्तो भने झण्डै झण्डै एज्रा पाउन्ड भन्ने अङ्ग्रेजीमा थिए । उनी र ह्विट म्यानले सुरु गरेका भए पनि भूपिका कवितामा चाहिँ छन्दै जस्तो थिए ।

भूपि शेरचनका कविता त्यस्तै लघुगुरु मिल्ने खालका छन् । त्यस्तो किसिमको गद्य छन् । सर्र आउँछ गद्य, गद्यपछि पद्यमा पसेजस्तो किसिमको प्रवृत्ति छ । लयात्मकताको अत्यधिक प्रयोग, अनुप्रासको प्रयोग, व्यङ्ग्यको अत्यधिक प्रयोग, त्यसमा पनि हामीले देखेका भोगेका व्यक्तिगत विम्बको अत्यधिक प्रयोग छ । यिनै विशेषताले भूपि शेरचन देवकोटा भन्दा भिन्न, लेखनाथ भन्दा भिन्न, समभन्दा भिन्न छन् ।

सङ्ख्यात्मक रूपमा हेर्ने हो भने देवकोटाका भन्दा कम छन् । खण्डकाव्य स्तरको कृति पनि छैनन् । तर यस्तो अवस्थामा रह्यो कि राम्रो कवि हुन, चर्चित कवि हुन, स्तरीय कवि हुन सङ्ख्या मात्रै ठूलो कुरो होइन भन्ने देखियो । यसले उनलाई देवकोटाभन्दा भिन्न बनायो । कतिपय समालोचकले भने देवकोटाको ‘अम्रेला’बाट फुटेर एकातिर मोहन कोइराला जटिल बने भने अर्कातिर भूपि सरल बने । सरलताभित्रको जटिलता, सरलताभित्रको गम्भीरता भूपि शेरचनको महत्त्वपूर्ण विशेषता हो ।

## 11.3.3 घुम्ने मेचमाथि अन्धो मान्छे **कविता सङ्ग्रह**

वि. सं. 2026 मा साझा पुरस्कारद्वारा सम्मानित भूपिको कृति **घुम्ने मेचमाथि अन्धो मान्छे** हो । यसपछि भूपिका फुटकर रूपमा फाट्ट - फुट्ट कविता र अन्य रचना पत्र - पत्रिकामा प्रकाशित भए पनि कृति भने प्रकाशनमा आएको पाइँदैन । साझा पुरस्कार पाउने पहिलो कृति पनि **घुम्ने मेचमाथि अन्धो मान्छे** नै हो, जसमा 42 वटा कविताहरू सरल, सरस भाषाशैली र अनुप्रासयुक्त एवम् लयात्मक भावाभिव्यक्तिले सिंगारिएका छन्।

प्रस्तुत कविता सङ्ग्रहमा मेरो चोक, मैनबत्तीको शिखा, सधैं–सधैं मेरो सपनामा, वसन्त, हामी, मेरो देश, मध्यान्ह दिन र चिसो निद्रा, गलत लाग्छ मलाई मेरो देशको इतिहास, घुम्ने मेचमाथि अन्धो मान्छे, घण्टाघर, घैंटोभित्र, वटवृक्ष, मेरा विगत सपनाहरु, ए जून !, शहीदहरुको सम्झनामा, पोखरा, हो–चि–मिन्हलाई चिठी, यो हल्लै–हल्लाको देश हो, ज्वरमुक्त आकाश र तृप्त ताल, मर्दैछ हामीमा हामी बाँचेको युग, साँझको नयाँ सडक जिन्दगीको जात्रा, नयाँ वर्ष, पहिरो जाने पहाडमुन्तिर, भैरहवा, म, मेरा साथीहरू, प्रातः एक आघात, असार चिसो एष्ट्रे,

जीवनको अँध्यारो सडकमा भूपि शेरचन, तीतरा, बट्टाई र भक्कूको राँगोका सन्तानहरुप्रति, एक कविता, दुई सेता कलिला, हत्केलाको परेवा : तिम्रो नमस्ते, अभिशप्त घर, रात, काठमाडौं, प्रातः, शीत–युद्धकालका बाँदरहरु, बेड–ल्याम्प, मानी नभएको जिन्गानी, रिक्त शय्याको स्थानबाट
मेरो जीवन लेकझैँ, हिंड्दा–हिंड्दै, दुई टुक्रा आदि कविताहरू सङ्ग्रहित छन् ।

प्रस्तुत कविता सङ्ग्रहले वि. सं. 2026 मा साझा पुरस्कार जित्न सफल भएको हो । कवि भूपिले 'घुम्ने मेच माथि अन्धो मान्छे' भन्दै 'होमेरिक सिमिली' हरूको पौल दिएका छन्। नेपालमा जङ्गबहादुरको शासन कालमा वि. सं. 1920 सालतिर आदिकवि भानुभक्तले यस्ता कविता लेखेका छन् –

*बिन्ती डिट्ठा बिचारीसित म कति गरूँ, चुप् रहन्छन् नबोली।*
*बोल्छन् ता ख्याल् गरुन्या झैं अनि पछि दिनदिन्, भन्दछन् भोलिभोली।।*
*की ता सक्तीन भन्नु कि तब छिनिदिनू, क्यान भन्छन् इ भोली।*
*भोलीभोली हुँदैमा सब घर बितिगो, बक्सियोस् आज झोली।।*

त्यसको सय वर्ष जति पछि पञ्चायतकालमा हाम्रा अर्का थकाली कविले त्यस्तै कविता कोरेर 'घुम्ने मेच माथि अन्धो मान्छे' भन्दै आदिकविको समयका जस्तै हालका हाकीम साहेबहरूको हुर्मत लिए। यो माथिको फाँकी अलि व्यङ्ग्यात्मक शैलीमा लेखियो। तर, लोकप्रिय कवि भूपि शेरचन कुनै व्यङ्ग्यका पात्र होइनन्। र, भानुभक्तका डिट्ठा बिचारीहरू भूपिका घुम्ने मेचमा बसेका ऐलेका अन्धा हाकीम साहेबहरूसित तुलनीय हुनु पनि व्यङ्ग्य होइन बरु, यथार्थ हो, कटु सत्य हो।

त्यस्तै के पनि सत्य हो भने आदिकविको त्यो श्लोक जसरी नेपालीका वार्तालापहरूमा बारबार पाठ गरिन्छ त्यस्तै गरेर भूपिका घुम्ने मेचका अन्धा मान्छे पनि पटकपटक 'कोट' हुने गर्छन्। त्यो एउटा कविता मात्र होइन, त्यस किताबका अन्य कविताका पंक्तिहरू पनि सूक्ति जस्तै गरी प्रयोग भएका सुनिन्छन्। 'साँघुरो चोकका द्यौता' हुन् कि रानीपोखरीमा माछा मार्न बसेको बूढो 'घन्टाघर' होस्, अथवा 'वीर भएका बुद्धू हौं कि बुद्धू भएका वीर हौं' सबै उस्तै 'कोटेबल' छन् र उत्तिकै उच्चारित पनि हुन्छन् बातबातमा। साधारणतः एउटै किताबबाट कुनै व्यक्ति यति बढी प्रशंसित हुँदैनथ्यो, तर भूपि भैदिए! त्यही यथार्थ छ 'घुम्ने मेच माथि, अन्धो मान्छे' हाम्रो 'पुस्तक सम्पदा' मा भित्रिनुमा पनि।

यति भूमिका बाँधिसकेपछि अब यो किताब कसरी छापियो भन्ने पनि बताऊँ अलिकति, किनभने म त्यसको प्रत्यक्षदर्शी हुँ, केही अंशमा त्यसको 'कारणी' पनि। यो किताब प्रकाशित गरेको हो साझा प्रकाशनले 2026 सालमा। त्यस बेला साझा प्रकाशनको अध्यक्ष थिएँ म, अनि महाप्रबन्धक थिए नरेन्द्रविक्रम पन्त। हामी दुईको 'टीम' राम्रो जमेको थियो। एकआपसमा सल्लाह नगरी हामी केही गर्दैनथ्यौं। त्यस बेला भूपिको लोकप्रियता बढेको नरेन्द्रविक्रमले भाँपेछन्। उनले कविताहरूको एउटा संग्रह प्रकाशित गर्ने भनेर भूपिलाई भनेछन् दुईचार पटक। तर भूपिले 'टेरपुच्छर लगाएनन्' रे! अनि उनले मलाई आग्रह गर्न भने। नरेन्द्रलाई थाहा रहेछ– अनङ्गमान शेरचनका कान्छा भाइ भूपि मलाई पनि आफ्ना दाजु झैं मान्छन् र टार्न सक्दैनन् भन्ने। नभन्दै, मैले भनेपछि भूपिले माने तर भने, “दाजु, हजुरले नै खोज्न लगाउनुपर्दछ कविताहरू।”

हामीलाई त्यो समस्या थिएन। नरेन्द्रविक्रमले कविताहरू सबै जम्मा पारिसकेका थिए! त्यसको भूमिका जस्तो गरेर प्रकाशकीय मैले लेख्नुपर्‍यो। अलि व्यङ्ग्यात्मक पाराले भूपिलाई नै प्यारोडी गरेर मैले यस्तो लेखें– 'केही लेख्छन्, लामो सास फेर्छन्, यस्ता भूपि शेरचन, हामीले दिक्क पारेपछि, एक दिन भन्छन्– छाप्ने भए छाप्नू खोजेर जहाँ जे छन्, भयो। हामीले खोज्यौं खोजायौं, अनि अलिकता रोजायौं, इत्यादि।' माथि हामीले भूपि शेरचनलाई अत्यन्त 'कोटेबल' कवि भनेर बखान त गरुर्‍यौंतर प्रमाण दिएका छैनौं। अब 'घुम्ने मेच माथि अन्धो मान्छे' बाट केही नमूना उद्धरणहरू दिएर यस प्रकारणलाई टुङ्ग्याऊँ— संस्कृतका कवि कालिदासलाई 'उपमा कालिदासस्य' भनेर सह्राइन्छ। राम्रा–राम्रा उपमा प्रस्तुत गरेका भनेर उनको प्रशंसा गरिएको छ। ग्रीक साहित्यका प्रखर कवि होमर पनि लामा–लामा उपमाहरू दिनेमा प्रख्यात छन् अनि 'होमेरिक सिमिलीज' दिने भनेर अंग्रेजीका कवि मिल्टन पनि प्रशंसित छन्।

नेपालीका कविहरूमध्ये उम्दाउम्दा उपमा दिनेमा कविशिरोमणि लेखनाथलाई कसैले उछिन्न सकेको छैन। अचेलका नेपाली कवितामा त उपमा भन्ने चलन नै छैन, 'बिम्ब' भन्नुपर्छ। तर, उपमा या बिम्ब जे भने पनि त्यस विधामा कवि भूपि शेरचन अद्वितीय छन् भन्ने मेरो धारणाको प्रमाण प्रस्तुत गर्न यही एउटा पुस्तक, 'घुम्ने मेच' पर्याप्त छ भन्ने मलाई लाग्छ।

यस किताबबाट एउटा मात्र कविता झिकेर हेरूँ न– 'मैनबत्तीको शिखा।' कति थरी उपमा दिएका छन् उनले त्यो एउटा बत्तीको, 'सन्तुष्ट पुत्रवतीको आँखा', 'एक्लै एक्लै मुस्कुराइरहेकी सुन्दरी नवयुवतीको अनुहार' या यो–

*'एकातिर धप्पधप्प, बलिरहेछ अनुहार*
*अर्कातिर तप्पतप्प ढलिरहेछ अश्रुधार*
*मानौं यो कुनै विधवाको त्यो क्षणको अनुहार हो*
*जब कि उनलाई आएछ याद, एकसाथ, सुहागरात र पतिको*
*शुभ्र, शान्त र स्निग्ध, शिखा मैनबत्तीको।'*

अर्को कविता छ– 'वसन्त', जसमा उपमा र बिम्बहरूको जुन पौल छ त्यो वर्णनातीत छ। त्यसको स्वाद लिन त पढ्नैपर्छ। भूपि शेरचनका 'भोकमा डुबेका चोक' र 'वैलाएका कलि जस्ता गल्ली' मा 'चियाको किट्लीबाट उदाउने र रक्सीका रित्ता गिलासमा डुब्ने सूर्य' सँग कसले सक्छ आँखा जुधाउन ? को जिस्काउन जान सक्छ भूपिको रानीपोखरीमा बल्छी हालेर झोक्राइरहेको घन्टाघरलाई ? बिचरो त्यो पेन्सनर सिपाही, घन्टाघरले, फौजी जीवनका सबै बस्तु गुमाइसक्यो, केवल पुरानो डिजाइनको एउटा ठूलो गोलो जेबघडी छातीमा झुन्ड्याएको छ अनि शिरमा पुरानो टोप भिरेको छ। के यो 'होमेरिक सिमिली' होइन ? यस्ता उदाहरण नेपाली साहित्यमा अन्यत्र कहाँ पाइन्छन् मलाई थाहा छैन। तर, भूपि चाहिं भन्न सक्छन् 'नेपाल खुम्चिएर काठमाडौंमा, काठमाडौं डल्लिएर नयाँ सडकमा र नयाँ सडक– असंख्य मानिसहरूका पाउमुनि कुल्चिएर, टुक्रिएर अखबार, चिया र पानको पसल बन्छ।'

तर भन्छन् उनै– 'घुमिरहेकै छ म बसेको यो पृथ्वी पूर्ववत्। फगत् म अपरिचित छु वरिपरिका परिवर्तनहरूदेखि, रमाइलोदेखि प्रदर्शनीको घुम्ने मेचमा करले बसेको अन्धो जस्तै।' भूपिका बिम्बहरू यस किताबमा नयाँ सडक र खिचापोखरीदेखि पोखरा र भैरहवासम्म पुगेका छन्। उनको पोखरा वरिपरि 'म्युजिकल चेयरका खेलाडी डाँडाहरू' उभ्याएर बसेको छ। उनको सेती टेप रिकार्डको फित्ताझैं सङ्गीत छर्छ अनि माछापुच्छ्रे 'एका बिहानै अनुहार हेर्छ फेवामा' र 'मिलाउँछ शिरमा कालो–सेतो टोपी सक्कले ढाकाको।' तल मठ्याहा नेपाली बोल्ने बिचरो भैरहवा छ भूपिको। 'जता हेरुन्यो उतै मैलो, फुस्रो धरतीको' 'नखदेखि शिखसम्म वक्ष, नितम्ब केही पनि विकसित नभएको बाँझी तरुनीको आङजस्तो सपाट।'

भैरहवा र खिचापोखरीलाई मात्र ताडने होइन, भूपि आफैंलाई समेत 'कठैबरा बिचरा भूपि शेरचन' भन्न छाड्दैनन्। यो मातृभूमि नेपालको पुत्र भएर पनि केही गर्न सकिएन भन्ने ग्लानि छ, उनमा। आफ्ना पाठकहरूलाई उचाल्न चाहेको भान हुन्छ उनले आफैंलाई 'गिराएर' यसरी–

*"म एक पुत्र, एक पति र एक पिता हुँ*

***म एक होटल, एक बोतल र एक प्याला हुँ***

***म एक इन्टरभ्यू, एक लामो क्यू र एक क्यान्डिडेट हुँ***

***म एक सभा, एक श्रोता, एक वाह! र एक ताली हुँ***

***म केवल एक जुत्ता, एक सुरुवाल, एक कमीज र एक कोट हुँ***

***बस् म केवल एक क्रान्ति, एक प्रजातन्त्र, एक चुनाव र एक भोट हुँ***

***केवल एक भोट हुँ!!!"***

मुलरूपमा **घुम्ने मेचमाथि अन्धो मान्छे** कविता सङ्ग्रहमा निम्नप्रकारका कविताहरू सङ्ग्रहित पाइन्छन् । उदाहरण –

**1. घुम्ने मेचमाथि अन्धो मान्छे**

घुम्ने मेचका अन्धालाई
साँघुरो चोकका द्यौतालाई
वीर भएका बुद्धूलाई
बुद्धू भएका वीरलाई
हल्लै–हल्लाको देशमा
चार भन्ज्याङ, यो चिसो एष्ट्रेमा
उभ्याउने हामी होइनैं।'केही लेख्छन्
लामो सास फेर्छन्'
यस्ता भूपी शेरचन
हामीले दिक्क पारेपछि
एक दिन भन्छन्
'छाप्ने भए छाप्नू,
खोजेर जहाँ जे छन्।'
भयो।

**2. मैनबत्तीको शिखा**

शुभ्र, शान्त र स्निग्ध
शिखा मैनबत्तीको।
मानौ,
प्रथम रजस्वलापछि
स्नान गरेर
शारदीय घाममा

आफ्नो कौमार्य छरेर
थकित–थकित झैँ
चकित–चकित झैँ
एक्लै–एक्लै मुस्काइरहेको
हनुहार हो यो कुनै
सुन्दरी नवयुवतीको।
शुभ्र, शान्त, स्निग्ध
शिखा मैनबत्तीको।

### 3. **वसन्त**

सारा ढोका र झ्यालहरु लातले खोलेर
डाँकाझैँ आउँछ हावा काठाभित्र
र एक छिनमै दराजहरु उघारेर,
कागतपत्रअरु पल्टाई हेरेर
केही नपाउँदा रिसले रन्थ्ानिएर
अरु झ्यालहरुबाट हाम्फालेर भाग्दछ।
आकाशको आँखा दुखेको छ
ऊसित आँखा जुधाउँदा आफ्नै आँखा पीरो हुन्छ,
ज्वरपीडित सूर्य सकी नसकी हिंडिरहेछ आकाशमा
तुवँलो भुवाको खास्टो ओढेर
झ्यालमा उभिएर एक्लै,
म बाहिर हेरिरहेछु
हेरिरहेछु र सोचिरहेछु– यो कस्तो वसन्त
यो चैतको दिनको कस्तो उराठलाग्दो पहर हो!
यो कस्तो मुर्दा शहर हो!
सडकका दुई किनरमा वसन्तको स्ववागतार्थ
हरियो सारी हतार–हतार बेरेर उभिएका झ्याङहरु
अबीरका थाल बोकेका आलुबखडाका रुखहरु
अनि स्कूलका केटाकेटीहरुझैँ
रङ्गीन झण्डाहरु हल्लाइरहेका फूलका सानासाना बोटहरु

## ४. हामी

हामी जतिसुकै माथि उठौँ,
जतिसुकै यताउति दगुरौँ,
जतिसुकै ठूलो स्वरमा गर्जौ
तर, हामी फगत् पानीको थोपा हौँ
पानीका निर्बलिया थोपा
जो सूर्यद्वारा माथि उचालिन्छौ
र बादल बन्छौँ,
हाबाको इसारामा यताउति दगुर्छौं
र आफूलाई गतिशील भन्ठन्छौँ,
अनि एक चा◌ृटि माथि पुगेपछि
हामी आफ्नो धरतीलाई बिर्सन्छौँ
र आफ्नो धरतीलाई
खोलालाई
बगरलाई उपेक्षापूर्वक
पालिएका कुकुर
झ्यालबाट गल्लीका कुकुरहरुलाई हेरेर भुकेझैँ
हामी भुक्तछौँ

## ५. मध्यान्ह दिन र चिसो निद्रा

अखबारको 'वन्टेड कालम'मा
म आफ्ना आउने दिनहरुको अनुहार खोजिरहेछु,
प्रत्येक जुलूस, सभा, भाषण
र नयाँ योजनाका फाइलहरुमा
पाइला टेक्ने आधार खोजिरहेछु–नयाँ बजृटको आश्वासन
रेडियो–घोषणासँग मागिरहेछु
सान्तवनाका दुई शव्द
नयाँ पे–स्केलले नापिरहेछु
म आफ्नो परिवारको आयु

प्रत्येक खाली सीटको सूचनाले
मलाई जवान बनाउँछ
प्रत्येक इन्टरभ्यूको परिणाम सुनेर
जीवन, काखीको पसीनाझैँ गन्हाउँछ,
आमाको ममतामा पनि
कसैले नैराश्य घोल्दछ,
गलत लाग्छ मलाई मेरो देशको इतिहास

जब म
यी भोकमा डुबेका चोकहरुमा
यी वैलाएका कलिजस्ता गल्लीहरुमा
हेर्छु एक–दुई दिन बसेर बास
तब मलाई गलत लाग्छ
मेरो देशको इतिहास
यो बाटोको बीचमा माटो खनेेर
बसेका देवताहरु
यो बुझेर पनि लाटो बनेर
बसेका मानिसहरु
यो भूकम्पपीडित मन्दिर
र ढल्केका गजूरहरु
यी सालिक बनेर दोबाटोमा
उभिएका हजूरहरु
जब देख्छु म यी सबलाई
सधैँ त्यही– सधैँ उस्तै र
सधैँ एकनास
तब मलाई गलत लाग्छ
मेरो हुरीको इतिहास
जब म
असङ्ख्य सीताहरुलाई सधैँ
बाटो–दोबाटोमा,
गल्ली–गल्लीमा,

## 11. 4 उपसंहार

नेपाली साहित्य आकाशमा आफ्ना रचना र व्यक्तित्वका कारणले समानरूपले चर्चित प्रख्यात व्यक्तित्व महाकवि देवकोटापछिका नयाँ पुस्तकाका कवि भूपि शेरचन नै हुन्। नेपाली कविताको एक युग ‘भूपि युग’ बनेको थियो। पहिलाको समयमा काठमाडौँको चोकदेखि थाक टुकुचेको चोकसम्म त्यो युग रहेकोमा विस्तारै-विस्तारै त्यसले दायरा फराकिलो बनाउँदै अन्तर्राष्ट्रिय जगतमै प्रवेश गर्‍यो, त्यो हामीले कदापि बिर्सन हुँदैन र बिर्सन सक्दैनौं पनि। ‘घुम्ने मेचमाथि अन्धो मान्छे’का बारेमा समालोचक डा. तारानाथ शर्माले महाकवि लक्ष्मीप्रसाद देवकोटाको मुनामदनपछि सबैभन्दा धेरै रूचाइएको नेपाली काव्यग्रन्थ हो भनेका छन्।

कवि शेरचन आफूमात्र लोकप्रिय भएनन्। आफ्ना कवितालाई पनि त्यस्तै लोकप्रिय बनाए यो उनको भाषाशैली र प्रवृत्तिको देन थियो। नेपाली साहित्यमा कविताको उचाईलाई सदसर्वदा अग्रस्थानमा राखे। सरल भाषाशैली र गद्य भए पनि लयात्मक प्रस्तुति उनको मूख्य विशेषता हो। उनको कवितामा मानव जनजीवनका अनुभूतिको गहिराई रहेको छ। मानव जीवनको समकालिन युगबोधको भाषा प्रयोग गरेर क्रान्ति चेतना छरेका छन्। देशको जर्जर अवस्थामा सर्वसाधारण जनताहरू राणाहरूको मोजमस्तीका लागि उनीहरूले अपनाउने अनेक कर्तुतहरूको गहिराइमा चुर्लुम्म डुबेर उनका कविताले गहिराइको मापन गरेको छ। समाजको प्रतिनिधित्व गर्ने आवाज बुलन्द पारेको छ।विक्रम सम्वत् 1992 साल पुस 10 गते जन्मिएका भूपि शेरचन नेपाली कविताको मानक कवि मानिन्छन् । उनको ‘घुम्ने मेचमाथि अन्धो मान्छे’ कवितासंग्रह (026) लाई नेपाली कवितामा विशिष्ट मानिन्छ । भूपिले सो कृतिबाट 026 सालको साझा पुरस्कार समेत पाएका थिए । भूपिका कवितामा हिमाली पाखाका लाली गुराँस र धूपिसल्ला, पहाडका लालुपाते र सुनाखरी, तराईका चाँप र धानका बालामा मात्र नभई चियाका बोटमा नेपाली पिरती घनीभूत हुँदा कवितात्मक सौन्दर्यले मन तान्छ । यस्तै भैरहवाको तातो हावामा लाहुरेको गन्ध सुघ्दा, चिसो ऐस्ट्रेरूपी काठमाडौंको रानीपोखरीमा बल्छी खेल्ने जिन्दगी हेर्दा, पोखरामा सेतीको गुम्फनभित्र माछा पुच्छे र फेवातालको गर्वमा राष्ट्रियता पढ्दा कहाँ भूपिलाई बिर्सन सकिन्छ र ? हामी सामाजिक हुन नसक्दाका बेथितिलाई उनी कविताका

जलपले चम्काउँछन् । त्यसैले केही क्षण मान्छेले बिर्से पनि उनले दिएका कवितात्मक
(साहित्यिक) खुराकमा साहित्यिक माटाले उनलाई बिर्सने छैन ।

उनी साहित्यिक माटामा आफ्नो युग बनाएर हुर्किसकेका छन् । उनका कविता र गीतका माध्यमले नेपाली साहित्यका क्षेत्रमा उनी शिखर कविका रूपमा चम्किरहने छन् भन्न सकिन्छ । भूपिले कवितामा आफ्नो युग बनाएका छन् । उनले बनाएको युगमा उनले हुर्काएको सरलता, सरसता र सहजता, व्यङ्ग्य र अलङ्कारको घोलबाट जीवनका यथार्थ जसरी जीवन्त छन् त्यसरी नै भूपि पनि नेपाली भाषा, जाति र कविताका माटामा जिउँदा र अमर बनेका छन् ।

## 11.5 सार

यस प्रखण्डमा **नेपाली साहित्यका अमर साहित्यकार भूपि शेरचनका कृतिबारे विशेष अध्ययन**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- विक्रम सम्वत् 1992 साल पुस 10 गते जन्मिएका भूपि शेरचन नेपाली कविताको मानक कवि मानिन्छन् ।

- कवि भूपि शेरचनको नयाँ झ्याउने, निर्झर, परिवर्तन आदि कृतिहरू मध्ये ‘घुम्ने मेचमाथि अन्धो मान्छे’ कविता संग्रहलाई नेपाली कवितामा विशिष्ट मानिन्छ । भूपिले सो कृतिबाट 2026 सालको साझा पुरस्कार समेत पाएका थिए ।

- भूपिका कवितामा हिमाली पाखाका लाली गुराँस र धूपिसल्ला, पहाडका लालुपाते र सुनाखरी,  तराईका चाँप र धानका बालामा मात्र नभई चियाका बोटमा नेपाली पिरती घनीभूत हुँदा कवितात्मक सौन्दर्यले मन तान्छ ।

- भैरहवाको तातो हावामा लाहुरेको गन्ध सुध्दा, चिसो ऐस्ट्रेरूपी काठमाडौंको रानीपोखरीमा बल्छी खेल्ने जिन्दगी हेर्दा, पोखरामा सेतीको गुम्फनभित्र माछा पुच्छे र फेवातालको गर्वमा राष्ट्रियता पढ्दा कहाँ भूपिलाई बिर्सन सकिन्दैन ।

- हामी सामाजिक हुन नसक्दाका बेथितिलाई कवि शेरचन कविताका जलपले चम्काउँछन् ।
- त्यसैले केही क्षण मान्छेले बिर्से पनि उनले दिएका कवितात्मक (साहित्यिक) खुराकमा साहित्यिक माटाले उनलाई बिर्सने छैन ।
- कवि भूपि साहित्यिक माटामा आफ्नो युग बनाएर हुर्किसकेका छन् । उनका कविता र गीतका माध्यमले नेपाली साहित्यका क्षेत्रमा उनी शिखर कविका रूपमा चम्किरहने छन् भन्न सकिन्छ ।
- भूपिले कवितामा आफ्नो युग बनाएका छन् । उनले बनाएको युगमा उनले हुर्काएको सरलता, सरसता र सहजता, व्यङ्ग्य र अलङ्कारको घोलबाट जीवनका यथार्थ जसरी जीवन्त छन्
- त्यसरी नै भूपि पनि नेपाली भाषा, जाति र कविताका माटामा जिउँदा र अमर बनेका छन् ।
- नेपाली साहित्यका चर्चित गीतहरू लेख्ने कविहरू अगमसिंह गिरी, हिरभक्त कटुवाल मध्ये कवि भूपि शेरचनको नाउँ पनि अग्रिम पंक्तिमा आउँछ । उनी 'यो नेपाली शिर उचाली संसारमा लम्कन्छौँ ' लेखेर निकै नामी कवि भएका थिए । लोकप्रिय कवि भएका थिए ।

यस प्रखण्डको अध्ययनले **नेपाली साहित्यका अमर साहित्यकार भूपि शेरचनका कृतिबारे विशेष अध्ययन**बारे बुनियाँदी जानकारी प्राप्त भयो । यस अतिरिक्त भूपि शेरचनको साहित्यिक परिचय र उनका साहित्यिक रचनाहरू सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 11.6 अनुशीलनी

1. कवि भूपि शेरचनको जीवनबारे चर्चा गर्दै उनको साहित्यिक योगदानबारे सविस्तार चर्चा गर्नुहोस् ।

2. कवि भूपि शेरचनका कवितामा पाइने प्रमुख विशेषताबारे टिप्पणी गर्नुहोस् ।

3. भारतेली नेपाली साहित्यमा कवि भूपि शेरचनको महत्त्व र मूल्य के कस्तो रहेको छ ? बताउनुहोस् ।

4. कवि भूपि शेरचनका कविताहरूबारे सबिस्तार रूपमा चर्चा गर्दै उनलाई प्रसिद्ध कविको रूपमा चिनाउनुहोस् ।

5. कवि भूपि शेरचनका कविताहरूमा पाइने काव्यकारितालाई विस्तृत रूपमा प्रस्तुत गर्नुहोस् ।

6. भूपि शेरचनका रचनाहरूमा शैली पक्ष कस्तो रहेको मानिन्छ ? आफ्नो तर्क दिनुहोस् ।

7. कवि भूपि शेरचनलाई एक दक्ष गीतकारको रूपमा चिनाउँदै उनका गीतहरूबारे चर्चा गर्नुहोस्।

8. कवि भूपि शेरचनको साहित्यिक योगदानबारे एउटा टिप्पणी लेख्नुहोस्।

9 कवि भूपि शेरचनका कृतिगत संरटनाबारे लेख लयार पार्नुहोस् ।

10. कवि भूपि शेरचनलाई कथाकार र सम्पादकको रूपमा चिनाउँदै उनको साहित्यको वैशिष्ठबारे आफ्नो मनतव्य लेख्नुहोस् ।

## 11.7 अतिरिक्त अध्ययन

४. प्रधान, कृष्णचन्द्रसिंह - **साझा समालोचना** ।

1. प्रधान, प्रतापचन्द्र - **केही कृति केही स्मृति** ।

2. प्रधान, हृदयचन्द्रसिंह - नेपाली काव्य र उसका प्रतिनिधि कवि ।

3. श्रेष्ठ, मोहनराज र दयाराम शर्मा - **नेपाली साहित्यको संक्षिप्त इतिहास** ।

4. लुइटेल, खगेन्द्रप्रसाद - **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** ।

5. आले, हरेन - **नव आधुनिक नेपाली कविता** ।

6. सुन्दास, लक्खीदेवी (सम्पा)  - **सम्मेलन कविता सङ्ग्रह** ।

7. ठकुरी , मोहन - **नेपाली कविता यात्रा** ।

8. राई, असीत - **भारतीय नेपाली साहित्यको इतिहास** ।

9. ठाकुर, मोहन - **स्वतन्त्रतोत्तर नेपाली कविता** ।

10. रिसाल, राममणि - **नेपाली काव्य र कवि** ।

11. श्रेष्ठ, रमेश - **नेपाली कविताको प्रवृत्ति** ।

१४. शर्मा, तारानाथ – **नेपाली साहित्यको इतिहास** ।

२७. जिम्बा, टेकध्वज आशा – **आधुनिक भारतीय कविता संचयन** ।

२८. नेपाल, घनश्याम - **नेपाली साहित्यको परिच्यात्मक इतिहास** ।

२९. प्रधान, कृष्णचन्द्रसिंह - **नेपाली कविताको आधुनिक प्रवृत्ति** ।

३०. नवपानीया, हरिभक्त – **नेपाल बाहिर नेपाली साहित्यको गतिविधि** ।

३१. अधिकारी, रविलाल - **प्रगतिवादी नेपाली कविता** ।

३२. कुँवर, उत्तम - **स्रष्टा र साहित्य** ।

३३. चापागाई, नरेन्द्र - **केही सृष्टि : केही दृष्टि** ।

३४. त्रिपाठी, वासुदेव - **नेपाली कविताको सिंहावलोकन** ।

३५. प्रधानाङ्ग, विकासमान (2047), (संयोजक) - **भूपि स्मृति ग्रन्थ** ।

३६. बराल, कृष्णहरि - **कवि भूपि विश्लेषण र मूल्याड्कन** ।

३७. रिमाल 'यात्री' बासु - **केही साहित्यिक चिन्तनहरू** ।

३८. शर्मा, तारानाथ - 'हुँदैन बिहान मिर्मिरमा तारा झरेर नगए', गरिमा, (वर्ष 7, अङ्क 6 ।

३९. शर्मा, सुकुम (2053) 'रूपरेखा, रक्सी र भूपि' प्रयोग, वर्ष 1 अङ्क 8 ।

४०. ...... (2054) 'भूपिका कवितामा चित्रात्मक प्रयोग' वन्दना, वर्ष 16 अङ्क 3 ।

...... (2055) 'भूपिले कवितामा उतारेको पोखरालाई अवलोकन गर्दा' उदय, वर्ष 61 अङ्क 2 ।

४१. ...... (2055) 'भूपिको यो हल्लै हल्लाको देश हो भन्ने कवितालाई खोतल्दा' साहित्यसागर, वर्ष 1 अङ्क 1 ।

४२. ...... (2056) 'भूपिको 'भूपि शेरचन' कवितालाई खोतल्दा' समष्टि, वर्ष 20, अङ्क 5 । ...... (2056) 'कवि भूपि शेरचनको जीवनीको छोटो झलक' साहित्यसागर, वर्ष 2 अङ्क 1, पूर्णाङ्क 4 ।

४३. ...... (2056) 'गलत लाग्छ मलाई मेरो देशको इतिहास' आजको समाचारपत्र,।

...... (2058) 'कवि भूपिका आँखामा नेपाल र नेपालीहरू' प्रतिभा, वर्ष 7 अङ्क 5 ।

यस अतिरिक्त **भूपि शेरचन**बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

# 11.8 मूल्यबृद्धिको निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

१६. कवि भूपि शेरचनका सामान्य परिचय ।

..............................................................................................

..............................................................................................

..............................................................................................

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 11.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१७. भूपि शेरचनका साहित्यिक कृतिहरू ।

..............................................................................................

..............................................................................................

..............................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 11.4 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१८. भूपि शेरचनको **नयाँ झ्याउने** कविता-गीत सङ्ग्रह ।

..............................................................................................

..............................................................................................

..............................................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 11.4.1 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१९. भूपि शेरचनको **निर्झन** कविता सङ्ग्रह ।

..............................................................................................

..............................................................................................

..........................................................................................................

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 11.4.2 को खण्ड अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

२०. भूपि शेरचनको **धुम्रे मेचमाथि अन्धो मान्छे** कविता सङ्ग्रह ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 11.4.3 को खण्ड अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 12, भूपि शेपचनको जीवन र दर्शन

**संरचना**

12.0 उद्देश्य

12.1 परिचय

12.2 भूपि शेरचनको जीवन

  12.2.1 जन्म तथा मृत्यु

  12.2.2 परिवार

  12.2.3 शिक्षा – दिक्षा

  12.2.4 पेशा, सेवा तथा संलग्नता

  12.2.5 सम्मान तथा पुरस्कार

12.3 भूपि शेरचनको कृतिगत दर्शन

12.4 उपसंहार

12.5 सार

12.6 अनुशीलनी

12.7 अतिरिक्त अध्ययन

12.8 मूल्यबृद्धिको निम्ति उत्तर

## 12.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- भूपि शेरचनको साहित्यिक परिचय
- भूपि शेरचनको जीवन
- जन्म तथा मृत्यु
- परिवार

- शिक्षा – दिक्षा
- पेशा, सेवा तथा संलग्नता
- सम्मान तथा पुरस्कार
- भूपि शेरचनको कृतिगत दर्शन

## 12.1 परिचय

कवि भूपि शेरचनको जन्म वि.सं. 1992 साल पुस (14 मे 1937) महिनामा मुस्ताङ जिल्लाको थाक टुकुचेमा भएको हो । भूपी 6 वर्षका हुँदा उनकी आमाको मृत्यु भएको थियो । मातृ वात्सल्यविहीन भूपी अत्यन्त सम्वेदनशील थिए । नेपाली आधुनिक कवि भूपिको वास्तविक नाम भुपेन्द्रमान शेरचन हुन् । आफ्नो जीवन कालमा अध्ययनको लागि कवि भूपि बनारस गएका थिए । उनले बि. ए. सम्म अध्ययन गरेका थिए । उनले दुई विवाह गरे । दोस्री सहयात्री कान्तिसँग उनले वि. सं. 2025 सालमा अन्तर्जातीय विवाह गरेका थिए ।

कवि भूपि नेपाल कमन्युस्ट पार्टीको जिल्ला सचिव (वि. सं. 2012), ठेकेदारी (वि. सं. 2018 देखि), नेपाल राजकीय प्रज्ञा -प्रतिष्ठानका सदस्य (वि. सं. 2026) आदि सेवा र पेसामा संलग्न थिए । मूलत: कवि शेरचनका कविताहरूमा स्वच्छन्दतावादी भावना, व्यङ्ग्यात्मक, युगीन विचारधारा, सन्त्रास आदि पाइन्छन् । उनी केही लेख्छन् यसो हेर्छन् चित्त बुझ्दैन अनि फेरि कविता केर्छन् । पुनः हेर्छन् लामो सास फेर्छन् , कठैबरा, बिचरा कवि ‘भूपी’ शेरचन। कवि भूपि शेरचनको **नयाँ इयाउ**रे (वि. सं. 2010), **निर्झर** (वि. सं. 2015), **घुम्ने मेचमाथि अन्धो मान्छे** (वि. सं. 2025) आदि कविता सङ्ग्रह अनि **परिवर्तन** (वि. सं. 2010) नाटक प्रकाशित छन् । उनलाई सन् 1969 मा **घुम्ने मेचमाथि अन्धो मान्छे** कविता कृतिको लागि साझा पुरस्कार बाट सम्मानित गरिएको थियो ।

## 12.2 भूपि शेरचनको जीवन

### 12.2.1 जन्म तथा मृत्यु

वि. सं. 2010 मा प्रकाशित **परिवर्तन** कृतिको भूमिकामा समालोचक उत्तम कुँवर र राजेन्द्र सुवेदीले भूपि शेरचनको जन्म विक्रम सम्बत् 1992 पुस 10 गते धवलागिरि अञ्चलको, मुस्ताङ जिल्लाअन्तर्गत टुकुचे भन्ने गाउँमा भएको बताएका

छन् । भूपी शेरचनको वास्तविक नाम भुपेन्द्रमान शेरचन हो । नेपाली साहित्य जगतका एक मूर्धन्य कवि हुन्– भूपि शेरचन । उनको जन्म 1992 पुस 12 गते भएको हो भन्ने धेरै ठाउँमा लेखेको पाइन्छ ।

तर त्यसबारेमा प्राडा .कृष्णहरि बरालले प्रश्न उठाएका छन् । उनका अनुसार भूपिको जन्म 1992 पुस 10 गते नै भएको हो । उनले औंशीमा जन्मिएको र मूलमा परेको भन्ने कुरा कतिपय ठाउँमा व्यक्त गरेका छन् र आमा टोक्ने मूल परेको सन्दर्भ पनि उल्लेख गरेका छन् । 1992 पुस 10 गते औँशी परेको छ र 12 गते चाहिँ द्वितीया तिथि पर्नेभएकाले पुस 10 नै भूपिको जन्मदिन हो भन्ने प्राडा . । छ दाबी बरालकोकवि भूपिको पिता सुब्बा हितमान शेरचन र माता पद्म कुमारी शेरचनको परिवार थाकखोलाका नामुद धनी व्यापारी थिए। उनको व्यापार थाकखोलाबाट पोखरा, बुटवल, भैरहवा हुँदै नौतनासम्म फैलिएको थियो। तिनैका कोखबाट भूपेन्द्रमान शेरचनको जन्म भएको हो। यस धर्तीमा 54 वर्ष बिताएर वि. सं. 2046 जेठ 1 गते (गोरखापत्र, 2046) कवि भूपि यस धर्तीबाट सदाका लागि विदा भए । उनको भौतिक देह हाम्रा माझमा नभए पनि उनको कवि व्यक्तित्व जिउँदो रूपमा हाम्रासामु उभिइरहेको छ ।

## 12.2.2 परिवार

कवि भूपिको परिवारमा पिता हितमान शेरचनका चार भाइ छोराहरू थिए । कवि भूपि यी चार भाइ छोराहरू मध्ये अन्तिम सन्तान भनेका नै भूपेन्द्रमान हुन् । चार छोरा भइसकेपछि छोरीको अपेक्षा गर्दागर्दै पाँचौं सन्तानको रूपमा उनको जन्म भएको हो। सुब्बा हितमान शेरचन र पदमकुमारी शेरचनका कान्छा छोरा भूपि शेरचनको खास नाम भूपेन्द्रमान शेरचन हो । आफ्नो जीवन कालमा अध्ययनको लागि कवि भूपि बनारस गएका थिए । उनले बि. ए. सम्म अध्ययन गरेका थिए । उनले दुई विवाह गरे । दोस्री सहयात्री कान्तिसँग उनले वि .सं .2025 सालमा अन्तर्जातीय विवाह गरेका थिए ।

भूपि पाँच वर्षका हुँदा उनकी आमाको मृत्यु भएकाले र उनका दिदीबैनी नभएकाले उनी मातृजातिको स्नेहबाट वञ्चित भएको उल्लेख छ (कुँवर, 2023 ः 81) । त्यति मात्र नभएर छोरीको आशमा छोरा भइदिएको र मूलमा जन्मिएकाले पारिवारिक उपेक्षामा उनको बाल्यकाल बितेको पनि थाहा हुन्छ (कुवँर, 2023 ः 81) ।

### 12.2.3 शिक्षा – दिक्षा

कवि भूपि शेरचनले आफ्ना कृतिहरूमा भूपेन्द्रमान शेरचन्द 'सर्वहारा' (परिवर्तन, 2010), 'सर्वहारा' (नया" इयाउरे, 1954 ई.), भूपेन्द्रमान शेरचन्द (बी.एम. शेरचन्द, निर्भर, 2015) जस्ता नाम लेखेका पाइने हुनाले उनको शिक्षा – दिक्षा स्नातकसम्म रहेको बुझिन्छ । यस किसिमको पारिवारिक विषम परिस्थितिमा हुर्किएका कवि शेरचन 10 - 12 वर्षको उमेरदेखि शिक्षाका लागि बनारसमा बस्न थालेको जानकारी पाइन्छ (कुँवर, 2023 ः 81) । बनारसमा पढे तापनि उनले औपचारिक शिक्षा बी.ए. भन्दा माथि लैजान नसकेको पनि उल्लेख छ (सुवेदी, 2037 ः 3) ।

### 12.2.4 पेशा, सेवा तथा संलग्नता

कवि भूपि शेरचन आफ्नो जीवन कालमा विभिन्न क्षेत्रमा संलग्न थिए । उनी सम्बन्धित पेशा, सेवा तथा संलग्नताबारे निम्नरूपमा यसरी हेर्न सकिन्छ । ती हुन् -

१. नेपाल कमन्युस्ट पार्टीको जिल्ला सचिव (वि. सं. 2012) ।
२. ठेकेदारी (वि. सं. 2018 देखि ) ।
३. नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको सदस्य (वि. सं. 2016) ।

### 12.2.5 सम्मान तथा पुरस्कार

कवि भूपि शेरचनले आफ्नो जीवनकालमा पाएका विभिन्न पुरस्कार तथा सम्मानहरू मध्ये मुख्य साझा पुरस्कारलाई मानिन्छ । यो पुरस्कार उनले वि. सं. 2026 मा **धुम्रे मेचमाथि अन्धो मान्छे** कविता सङ्ग्रहमा पाएका थिए ।

## 12.3 भूपि शेरचनको कृतिगत दर्शन

कवि भूपि शेरचनको **नयाँ इयाउ**रे (वि. सं. 2010), **निर्झर** (वि. सं. 2015), **घुम्ने मेचमाथि अन्धो मान्छे** (वि. सं. 2025) आदि कविता सङ्ग्रह अनि **परिवर्तन** (वि. सं. 2010) नाटक प्रकाशित छन् । उनलाई सन् 1969 मा **घुम्ने मेचमाथि अन्धो मान्छे** कविता कृतिको लागि साझा पुरस्कार बाट सम्मानित गरिएको थियो । विशेषगरी आफ्नो कवितामा देशभक्ति र युगीन विचारधारालाई पक्रिएर कविता लेख्ने कवि भूपिले आफ्नो **सहिदहरूको सम्झनामा** कवितामा

देशको विकास र जातीय उन्मुक्तिको लागी देशका दुइ – चार जनाजति सपुर मर्नु पर्ने तथा देश र जातिको उन्नतिका लागि सबै एक भएर अधि आउँनु पर्ने बताएका छन् । यसैले प्रस्तुत कवितमा कवि यसो भन्छन् -

***हुदैन बिहान मिर्मिरे तारा झरेर नगए***
***बन्दैन मुलुक दुइ चार सपूत मरेर नगए***
***ओठमा हाँसो गालामा लाली तब आउछ जगतको***
***देशको पिरले भेटि जब विरले चढाऊँछ रगतको***

सन् 1969 मा उनी **घुम्ने मेचमाथि अन्धो मान्छे** कृतिको लागि साझा पुरस्कारबाट सम्मानित भएका थिए । भूपिका कविता लेखन र आनीबानीबारे धेरै कुरा आइसकेका छन्। वैयक्तिक जीवनका केही मुख्य कुरा भने अँझै बाहिर आउन पाएका छैनन्। झन्डै एक दशकको निकटतामा रहँदा मैले धेरै बुझ्ने अवसर पाएँ। युवा पुस्ताका कविसँग सम्पर्कमा रहन सधें उत्साहित र उनीहरूको लेखनमा उत्साह बढाउन सधैं अभिप्रेरित गरिरहनुहुन्थ्यो। विशेषतः तीसको दशकपछिका कविहरूमा उहाँको ठूलो प्रभाव परेको छ, जसमध्ये म पनि एक हुँ। अहिलेको साहित्यिक माहोलमा पुस्ताको ग्याप कताकता खट्किन्छ। कतिपय अग्रजहरू त नयाँसँग संगतै नगर्ने र नयाँले अग्रजलाई वास्ता नगर्ने प्रवृत्ति छ। यस सवालमा भने उहाँ ठूलो छाती भएको कवि हो। अग्रज, अनुज सबैसँग सम्पर्कमै रहेर कवितामाथि छलफल गर्ने उहाँको बानी थियो। व्यक्तित्व शालीन, भद्र र सरल भए पनि वैयक्तिक जीवनमा उहाँ निकै सौखिन हुनुहुन्थ्यो। कम्युनिज्मको दृष्टिकोणले भन्ने हो भने त 'सामन्ती'झैं लाग्ने स्वीकार नै उहाँले एकताका ! यो। हो कुरा गर्नुभएको

उहाँ तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान (एकेडेमी)मा सदस्य भएर जानुभयो। त्यस बेला म पनि भरखर–भरखर जस्तो काठमाडौं आएकाले उहाँलाई भेट्न पुगिरहन्थेँ। त्यहाँका कर्मचारीहरूमा एक जना निकै भद्र र प्राज्ञिक हुनुहुन्थ्यो– रामशरण दर्नाल। भूपि दाइले उहाँमार्फत हामीजस्ता कविहरूलाई डाक्नुहुन्थ्यो। त्यो प्रेरणाले नयाँ कविहरूलाई लेख्नका लागि ठूलो हौसला मिल्थ्यो। साहित्यिक गतिविधिका लागि त्यो बेला राजधानीमा निकै सक्रिय संस्था थियो— साहित्यिक पत्रकार संघ। म पनि त्यस संस्थासँग आबद्ध थिएँ। सोही संस्थाले 038मा पद्मकन्या क्याम्पसमा कवि गोष्ठीको कार्यक्रम तय गर्‍यो।। भूपि, साझा प्रकाशनका अध्यक्ष तथा महाप्रबन्धक क्षेत्रप्रताप अधिकारी, वासुदेव त्रिपाठी

लगायत त्यहीँ हुनुहुन्थ्यो। कविता सुनिसकेपछि त्रिपाठीले अधिकारीलाई भन्नुभयो, 'नयाँ पुस्ताका कविहरूको लेखनशैली एकदमै राम्रो रहेछ। अध्ययनले, लेखनको उर्वरताले निकै माथि। साझाले यीमध्येका पाँच–सात जनाको कविता संग्रह निकाल्नुपर्योए।'

त्यसै सिलसिलामा केही दिनपछि भूपिले मेरो कविता संग्रहबारे सोध्नुभयो। मागेर हेर्नुभयो। त्यो संग्रह एकेडेमीबाटै निकाल्न पहल गर्ने उहाँको आश्वासनले म प्रभावित भएँ। मेरो प्रतिनिधि कविता 'म भात जोडूँ कि कविता लेखूँ'कै नामबाट संग्रह पेस गरेँ। झन्डै चार–पाँच वर्षपछि 044 सालमा मात्रै त्यो छापियो, 'विश्वविमोहनका केही कविता' नामबाट। पछि पो थाहा पाएँ, प्रकाशनका लागि विशेषज्ञहरूको टोलीमा भूपि पनि एक जना हुनुहुँदो रहेछ। उहाँको जोडले मात्र मेरो संग्रह प्रकाशन हुन सकेको रहेछ। नत्र संग्रहको नाम र कवितामाथि धेरैले विरोध गरेका रहेछन्। त्यसबीचमा उहाँको घर नक्साल–नागपोखरी आउजाऊ निकै बढ्यो। हाम्रो सम्बन्ध पारिवारिक जत्तिकै बनिसकेको थियो। भूपि दाइसँग मेरो पहिलो भेटचाहिँ 036 सालको जनआन्दोलनपछि भएको हो। त्यस बेला नै उहाँ भन्नुहुन्थ्यो, 'अवसर पाएँ भने राम्रो कामका लागि एकेडेमी जान सक्छु।'

धनकुटाको कवि गोष्ठीपछि एकेडेमीमा काम गर्न इच्छुक भएको र यसकै लागि राजासँग विन्ती बिसाएको जुन कुरा छ, त्यसलाई फरक तरिकाले हेर्न सकिन्छ। यसै विषयलाई लिएर धेरैले उहाँमाथि निरन्तर खोइरो खनेकै हुन्। जीवनको उत्तरार्द्धमा थुप्रो आलोचना पनि झेल्नुभयो। पहिलेको निरंकुश पञ्चायतीकालमा उहाँ सदस्य बन्नुभएको सही हो तर अहिलेको गणतन्त्रात्मक स्वतन्त्रतामा एकेडेमी गएका प्राज्ञहरूले चाहिँ के गरिरहेका छन्, र कसरी चलिरहेको छ एकेडेमी? उहाँका आलोचकहरूले यसको जवाफ दिन सक्छन्? तत्कालीन सरकारले भूपिबाट साहित्य सेवाका लागि सहयोग चाह्यो, उहाँले पनि भाषिक, सांस्कृतिक योगदान गर्ने चाहना राख्नुभयो। कुरा त्यत्ति न हो।

बाहिर बसेर यस्तो गरेन, उस्तो गरेन भन्ने चलन छ, तर संस्थामा एक्लै गर्न सकिन्न। त्यो त टीमवर्कमा भर पर्ने कुरा हो। संरक्षक नै राजा भएको बेलाको एकेडेमी कस्तो थियो होला? त्यस बेला उहाँ एकेडमीमा छँदाको योगदान कस्तो रह्यो भन्नुभन्दा पनि गणतन्त्रपपछिको एकेडेमी के गर्दैछ? तुलना गर्न जरुरी छ। जनताको सरकार भएको बेला यिनीहरूले चाहिँ केही गर्न नसक्ने त्यो बेलाचाहिँ

यो गरेन, त्यो भएन भन्न मिल्छ र! त्यसपछि पनि उहाँबाट 'सर्पहरूको खोजीमा' जस्तो शक्तिशाली कविता जन्मिएको छ। एकेडेमीको प्रभाव र पञ्चायती रङ त त्यसमा पाइँदैन। उहाँको निधनपछि विभिन्न साहित्यिक संघसंस्थाले पुरस्कार स्थापना गर्ने, उहाँको नामका केही गतिविधि गरेका छन् तर राज्यतहबाट उपयुक्त काम हुन सकेको छैन। अहिलेको एकेडेमीमा भूपिबाटै कविता लेख्न सिकेका र प्रभावित भएकाहरू पुगेका छन्। साहित्यका केही मानकहरू पनि होलान् तर उनीहरूबाट भूपिका नाममा केही योजना, कार्यक्रम बन्न नसक्नु दुःखद पक्ष हो।

उहाँको निधनको सन्दर्भमा दुःखान्त केही कुरा छन्। त्यस बेलाका चर्चित, ख्यातिप्राप्त प्रतिनिधि कविको मृत्यु गुमनामजत्तिकै हुन पुग्यो। कुनै होहल्ला नै भएन। धेरैले काजकिरिया सकिएपछि मात्रै त्यो दुःखद खबर सुन्न पाए। मण्डले भएको र पञ्चायतमा बिक्यो भन्ने आरोप र अफवाहकै कारण आफन्तहरूलाई मात्र जानकारी गराइयो, एकेडेमीमा उहाँको शव राखिएन। तर, ती कठोर आरोपका बीचबाट पनि उठेका कविको चर्चा आजसम्म त्यत्तिकै भएको त होइन। न उहाँलाई सरकार वा कुनै दलले माथि उठाएको हो, न त कुनै वर्ग, जाति वा सम्प्रदायले नै च्यापेको थियो! जनताबाट अनुमोदित कवि भएकैले मृत्युको यति लामो समयसम्म पनि भूपि बाँचिरहनुभएको छ। उहाँसँग थुप्रै साहित्यिक कार्यक्रममा धेरै ठाउँ पुग्ने अवसर मिल्यो मलाई। इलाम, झापा, धनकुटा, पोखरा, पाल्पा आदि ठाउँ घुम्दाका रमाइला स्मृति मसँग छन्। यात्रामा निस्कँदा उहाँसँग दुई ट्यांका त कपडाले भरिभराउ हुन्थ्यो, जहाँ इस्त्री गरिएका सुकिला कपडा हुन्थे। आज लगाएको कपडा भोलि नलगाउने। एकदमै टिपटप भएर हिँड्ने र व्यवस्थित जीवनशैली अपनाउनुहुन्थ्यो।

उहाँको यात्रामात्र होइन दैनिक कामको व्यवस्थित तालिका हुन्थ्यो। कुन समय उठ्ने, कहाँ जाने, कति बेला खाने, भेटघाटको कार्यक्रममा समयबद्ध हुनुहुन्थ्यो। भाउजू पनि कवितामा रुचि राख्ने स्वभावको हुनुहुन्थ्यो। सुगरको बिरामी भूपिको स्वास्थ्य व्यवस्थित गर्नमा भाउजूको भूमिका महŒवपूर्ण छ। यात्रामा जाँदा सबै व्यवस्था उहाँले नै मिलाइदिनुहुन्थ्यो। 2046 सालअघि 30/31 देखि राजा वीरेन्द्र विकास क्षेत्रहरूको भ्रमणमा निस्कनुहुन्थ्यो। त्यहाँ भइरहेका साहित्यिक, सांस्कृतिक गतिविधिबारे चासो र जिज्ञासा राख्नुहुन्थ्यो। यस्तैमा पोखरामा भूपिको अगुवाइमा 2041 सालमा कार्यक्रम हुने भयो। क्षेत्रस्तरीय त्यस्ता कार्यक्रममा

अग्रज कवि–लेखकहरूले मात्र सहभागी हुने अवसर पाउँथे। त्यसपटक राष्ट्रिय स्तरमा ख्याति कमाएका केही अग्रजहरू सिद्धिचरण श्रेष्ठ, माधव घिमिरे, मोहन कोइराला लगायत युवापुस्ताका केही कविलाई पनि समावेश गर्नुपर्छ भनेर भूपिले नै जोड गर्नुभएछ। म, हेम हमाल आदि युवा कविहरूलाई निम्तो गर्नुभयो। त्यो उहाँको नयाँ लेखकप्रतिको स्नेह र प्रेम नै थियो।

अहिलेका कविहरूमा मानसम्मानको लालच देखिन्छ। दुई–चार कविता लेख्दैमा अरूलाई नगन्ने र अहम्ले ढक्क फुल्ने प्रवृत्ति छ। यस्ता सवालमा भूपिबाट सिक्ने कुरा धेरै छन्। 2040 सालतिरको अर्को प्रसंग सम्झन्छु। हामी विराटनगर यात्रामा थियौं, साथमा एकेडेमीका तत्कालीन सदस्य सचिव विजय मल्ल पनि हुनुहुन्थ्यो। फागुन 7 गते सबैले दौरा–सुरुवाल, टोपी लगाएर जुलुसमा हिँड्नुपर्थ्यो। प्रजातन्त्र दिवसको अवसरमा बाहिर जुलुस सुरु भइसकेको थियो। हामी सहभागी हुने–नहुने कुरा चल्यो। तर, भूपि जान मान्नुभएन। भन्नुभयो, 'हामीलाई जुलुसमा जानका लागि औपचारिक निम्तो कतैबाट आएकै छैन, किन जाने?' प्रतिष्ठानको सदस्य भइसकेको मान्छे त्यस्ता कार्यक्रममा सरिक हुनु स्वाभाविक थियो तर उहाँ जानुभएन। धेरै मान्छे आफ्नो नाम भजाउनका लागि त्यहाँ जान पनि सक्थे तर उहाँको स्वाभिमानले जान दिएन।

कविताप्रति नै विश्वस्त भइसकेपछि जुनसुकै आरोप वा बाधाले रोक्न सक्दो रहेनछ। पोखरामा भएको एउटा कार्यक्रमको सन्दर्भले यसलाई पुष्टि गर्छ। साहित्यिक पत्रकार संघले पोखरामा आयोजना गरेको कवि गोष्ठीका लागि हामी पुगेका थियौं। अघिल्लो दिन खबर आयो, 'सिडिओले कार्यक्रमबारे सोधपुछ गर्दैछ। कविता सेन्सर गर्ने कुरा पनि गर्दैछ। भोलि अप्ठ्यारो पो पर्ने हो कि!' त्यहाँ केदारमान व्यथित पनि हुनुहुन्थ्यो। भूपू गृहमन्त्री भइसकेका उहाँ कड्किनुभयो, 'त्यो सिडिओलाई म गृहमन्त्री भएको थाहा छैन कि क्या हो?' भूपिले थप्नुभयो, 'त्यसो भए कार्यक्रम सिडिओ अफिसमै गरौं। सिडिओको पाइन कतिरहेछ, हेरिहालौं न त।' उहाँ समयचेतसँगसँगै जटिल परिस्थितिलाई कसरी सहज बनाउने भन्नेमा खप्पिस हुनुहुन्थ्यो। सँगसँगै निडरता, प्रतिबद्धता र कविताप्रतिको विश्वासले नै उहाँमा यस्तो आँट सहजै आएको हुनुपर्छ।

**कविताको प्रभाव कवि भूपि शेरचनमा विशेष** जसरी गोपालप्रसाद रिमालले गद्य कविताको सुरुवात गर्नुभयो, त्यसको विस्तारमा भूपिको भूमिका उल्लेख्य छ। रिमालभन्दा बढी प्रभाव र निरन्तरता त भूपिको नै देखिन्छ। रिमालले छोटो समयमात्र लेख्नुभयो तर शक्तिशाली लेख्नुभयो। भूपिले भने लामो समय कवितामै साधना गर्नुभयो। वैचारिक रूपमा पनि उहाँ सक्रिय रहनुभयो।
'नयाँ झ्याउरे', 'निर्झर', 'घुम्ने मेचमाथि अन्धो मान्छे' जस्ता कृतिहरू आए पनि बढी चर्चा 'घुम्ने मेचमाथि अन्धो मान्छे'कै रह्यो। कविता शक्तिशाली र कालजयी हुनुमा समयलाई यसरी टिप्नुपर्दो रहेछ, जसलाई लेख्नेमा मात्र होइन पाठकमा पनि तरंगित बनाओस्। कवितालाई कसरी जीवन्त बनाउन सकिन्छ भनेर उहाँ नयाँ तर सामान्य विम्बको खोजीमा लागिरहनुहुन्थ्यो। तीस र चालीसको दशकमा त भूपिको प्रभाव स्पष्ट रूपमै देखापरेको हो। उहाँको शब्द संरचना, विम्बको प्रभावमात्रै होइन वाचनकलाबाट पनि त्यस बेलाका कविमा ठूलो प्रभाव देखिन्थ्यो।

वाचनशैली पनि प्रभावशाली थियो। उहाँ राम्रो गीतकार भएर पनि कवित्वले गीतलाई ओझेलमा पार्यो । मुक्तक पनि चोटिला र व्यंग्यात्मक लेख्नुहुन्थ्यो। शब्द उच्चारण र हाउभाउबाट प्रभावित हुने धेरै थिए। उहाँका असंख्य फ्यानहरूमा महिलाहरूकै संख्या उल्लेख्य थियो, जुन कुरा आफैं स्वीकार्नुहुन्थ्यो। यस मानेमा उहाँको स्वभाव पनि रसिक थियो। अहिलेका राम्रा कविमा पनि भूपिको प्रभाव पाइन्छ। तिनलाई सोध्दा बढीजसोले भूपिको नाम छुटाउँदैनन्। गद्य कवितामा शब्दको अनुप्रास र विम्बको तेज प्रवाहबाट धेरैले प्रभाव ग्रहण गरेका छन्। मेरा समकालीन सबैमा त्यो प्रभाव देख्छु। गद्य कविता लेख्दा म अनुप्रासको खोजी गर्छु, लय, गति जोड्न खोज्छु; त्यही क्रममा उहाँको प्रभावको बोध हुन्छ मलाई। 'मैनबत्तीको शिखा' मेरो सबैभन्दा प्रिय कविता हो। जीवनलाई जगत्सँग जोडेर विचार र भावको गहिरो समन्वय छ यस कवितामा। अहिलेका संघीयताका हिमायतीहरूलाई कविता उपयोगी हुने खालको बनेको छ।

**एकातिर धप्प–धप्प**
**बलिरहेछ अनुहार**
**अर्कातिर तप्प–तप्प**
**ढलिरहेछ अश्रुधार।**
**मानौं यो कुनै विधवाको**

**त्यो क्षणको अनुहार हो**
**जब कि उसलाई आएछ याद**
**एकसाथ**
**सुहागरात र स्वर्गी पतिको।**

मेरो चोक, घन्टाघरजस्ता कविता पनि उत्तिकै प्रभावशाली छन्। छोटा कवितामा पनि शक्तिशाली प्रभाव देखिन्छ। कविता लामो भएर मात्र हुँदैन, छोटोमा पनि धैरै भन्न सकिन्छ भन्ने उहाँबाट सिक्न सकिन्छ। नेपाली साहित्यलाई उहाँका केही कृतिले पहिचान र विशिष्टता दुवै दियो। त्यो बेला धैरे कवि थिए, थुप्रै कविता लेखिए तर त्यो एलिट वर्गका लागि, बुद्धिविलासका लागि बन्यो। उहाँको कविताको विशिष्टता भने आम सर्वसाधारणसम्म पुग्ने खालको थियो। जनजीविकाका कुरामात्र होइन राजनीतिको दुराग्रहलाई पनि सरस शैलीमा उहाँले लेख्नुभयो। कविता पनि गीतजस्तो साधारण मान्छेसम्म पुग्ने र मुखमा झुन्डिरहने हुन्छ भन्ने त उहाँका कविताबाटै थाहा भइहाल्छ। कवितामात्र होइन कवि स्वयं पनि स्वाभिमानमा अडिग हुनुपर्छ भन्ने मान्यता थियो उहाँको। त्यस बेला कवि झुत्रेझाम्रे भएर र झोला बोकेर हिँड्नेमात्र होइन, सुकिलो र आत्मनिर्भर हुनुपर्छ अनिमात्र सामाजिक मर्यादा र पहिचान पाइन्छ भन्ने ठान्नुहुन्थ्यो।

वि. सं. 2017 पछि प्रयोगवादी धारका कविता बढी लेखियो। मोहन कोइराला वा ईश्वरबल्लभका कवितामा पनि परिवर्तनको छनक पाइन्छ तर ती अति बौद्धिक तहका छन्। तिनले आम जनमानसलाई छुन सक्दैनन्। त्यही कालखण्डमा सोही स्वरलाई भूपिले सरल शैलीमा सबैले बु‰न सक्नेगरी लेख्नुभयो। तत्कालीन व्यवस्था र सत्तालाई सरल कविताले पनि ठोक्न सकिन्छ भन्ने प्रयोग उहाँले गर्नुभयो। शब्द प्रयोगमा पनि शिष्टता छ, सचेत र कोमलता छ। घन्टाघर, लाहुरे, हिमाल, मैनबत्तीजस्ता सामान्य विम्बमा सशक्त कविता सिर्जना गर्नुभयो।

सनातनी कविता लेखनको यात्रा छोडेर नयाँ ट्रेन्ड स्थापना गर्न उहाँको ठूलो योगदान रह्यो। कुनै जात, धर्म, सम्प्रदाय र क्षेत्र विशेषका मात्र लेखक होइनन्, भूपि। अहिले कविहरूमा छोइछिटो गर्ने प्रवृत्ति देखिन्छ। उहाँ त्योभन्दा निकै माथि हुनुहुन्थ्यो, र त सबैका साझा कवि बन्नुभयो। त्यस बेला पनि वैचारिक धरातलकै आधारमा गुटको चर्चा सुन्ने गरिन्थ्यो। तर उहाँमा त्यस्तो देखिएन। नयाँ सडकमा

दुइटा रेस्टुरेन्ट थिए। भनिन्थ्यो— एउटामा मोहन कोइरालाको समूह बस्थ्यो, अर्कोमा भूपिको। भन्नेहरूले उनीहरूको वैचारिक भिन्नता र फरक गुटको रूपमा पनि व्याख्या गरे तर मलाई लाग्छ— त्यो आफ्नो आर्थिक हैसियतको कडी पनि थियो कि! हुन त अहिले पनि एकसे एक विचार र समूहका कविहरू पनि देखिरहेकै छौं। त्यो बेलादेखि नै जुनसुकै विचारधाराका साहित्यकार भए पनि साँझ परेपछि सामूहिक रूपमा पिपलबोटमा भेला हुने चलन बसिसकेको थियो।

**कवि भूपि शेरचनको खराब बानी** भनेको सबैभन्दा खराब बानी नै 'पिउने' हो। यति असाध्य पिउने कि परिवार र साथीभाइले पनि रोक्न सकेनन्। पछिल्लो समय साहित्यिक पत्रकार संघको कार्यक्रमबाट फर्किंदा उहाँको स्वास्थ्य अवस्था खस्किइसकेको थियो। त्यसपछि गल्दै जानुभएका उहाँलाई बचाउन सकिएन। रक्सीलाई व्यवस्थित गर्न सक्नुभएको भए, पछिल्लो समयमा मुलुकमा आएको राजनीतिक परिवर्तनलाई सहजताका साथ लिएको भए र अल्पायु नभएको भए नेपाली साहित्यले उहाँबाट अँझ धेरै लाभ लिन सक्थ्यो। रक्सी खाएकोमाभन्दा पनि आफ्नो स्वास्थ्यको ख्याल नगरेकोमा मलाई बढी दुःख लागेको छ। यसैले एक्लोपन कवितामा कवि भूपि यसो भन्छन् –

**हो, म एक्लै छु, तर, मेरो साथ दिने**
**मसँगै सिङ्गै, अँध्यारो रात छ,**
**झ्यालसम्म नाँङ्गिएको रूख हेर्छु**
**त्यहाँ पनि एक्लो पहेंलो पात छ ।**
**हो, म एक्लै छु.........**

**आकाशको बादल नबर्स व्यर्थै**
**मेरो आफ्नै आँखामा बर्षात् छ ।**
**चटयाङ् सित्तैमा नझर तिमी**
**मेरै मुटुभरी बज्राघात छ ।**
**हो, म एक्लै छु..........**
**मलाई दयाले नहेर बाबु सा'बहरू**
**तिम्रोभन्दा मेरो क्या ठाँट छ ।**
**बाँचून्जेल आकाशको नीलो छानो छ,**
**मरेपछि आर्यको घाट छ ।**

**हो, म एक्लै छु, तर मेरो साथ दिने**
**सिङ्गै अँध्यारो रात छ ।**

**रचना मिति 23-6-2044 , 2.15 बजे बिहान ।**

राजासँग झुकेर व्यवस्थाको पक्षमा लागेको गलत आरोप बढी लगाइने गरिन्छ उहाँलाई। तर आरोप लगाउनेहरूले बु‰नुपर्छ कि सिर्जना पहिलो सर्त हो, समाजमा पर्ने प्रभाव दोस्रो। मानिसहरू पिउने बानी, रोमान्टिकतामाथि किन बढी खोजीनीति गर्छन्, मैले बु‰न सकेको छैन। के उद्योगपति, राजनीतिज्ञहरू पिउँदैनन्? उनीहरूका त्यस्ता व्यक्तिगत आचरणमाथि कसले लेखेको छ? तर कवि कलाकारका व्यक्तिगत जीवनमाथि चियो गर्ने प्रवृत्ति पहिले धेरै थियो। भूपिको व्यक्तिगत जीवनको चासो लिने र त्यसैलाई समाएर बदनाम गराउने प्रयास निकै भए। सम्झँदा निकै दुःख लाग्छ।

पहिलेका कविको पेसा नै कविता लेख्नु हुन्थ्यो, ऊमाथि प्रहार बढी गरिन्थ्यो। अहिले कविका अन्य पेसा–व्यवसाय पनि छन्। लेखनलाई निरन्तरता दिन थालियो, खानका लागि कवितै लेख्नुपर्छ भन्ने अवस्था अब रहेन। त्यसैले वैयक्तिक जीवनमाथि औंला ठड्याउन कम भएको छ। तेजोबध गर्ने प्रवृत्ति पहिलेजस्तो देखिन्न। कविको व्यक्तिगत जीवन र व्यवहारभन्दा उसको लेखन कति प्रभावशाली छ त्यो मूल्यांकन गरिनुपर्छ। के भूपिको रोमान्टिक जीवनशैली, रक्सी सेवन गर्ने बानीकै कारण अहिलेसम्म चर्चा भइरहेको हो त? त्यो त उहाँको लेखन र कविताको शक्तिले बचाइराखेको हो नि। समाजमा रक्सी खाने धेरै हुन्छन्, प्राकृतिक रूपमा विपरीतलिंगी हुनुको बोधले महिलामाथि हेर्ने नजरमा हरेकको केही कमजोरी हुन सक्लान्। तर, यति धेरै हातै धोएर खोजी गरिनुहुन्न ताकि त्यसले कसैको व्यक्तिगत जीवन वा लेखनकर्म नै बर्बाद नहोस्।

भूपी शेरचन भन्थे- **मैले आफैंलाई उछिन्न सकिनँ भने किन लेखे ?**

आधुनिक नेपाली कविताका सर्वाधिक लोकप्रिय कविका रूपमा भूपि शेरचन ज्युँदै छन् । उनी राणाशासनको रापले पोलेको नेपालमा जन्मे, पैसा र सामानको लेनदेनलाई नै जीवनको मूल मार्ग बनाउने थकाली परिवेशमा हुर्के र उनले धनीमानीले सजिलै अवलम्बन गर्न नचाहने माक्र्सवादजस्तो राजनीतिक दर्शनलाई अंगीकार गरे । उनले जनवादी नारालाई कलात्मक रूप दिए र रिमालले कोरेको गद्यकविताको राजमार्गलाई सिमेन्टेड (पक्की) बनाए । उनले

आधुनिक नेपाली कविताको भाषालाई विषयवस्तु र रूपले समृद्ध पारे । भूपि यद्यपि सम्भ्रान्त व्यापारिक खानदानका उत्पादन थिए, उनले सर्वसाधारणका लागि आकर्षक वस्तुव्यापारको व्यवसाय रोजेनन् । समाजवादी चिन्तन, प्राज्ञिक मर्यादा र काव्यकर्मको असहज अध्यवसाय रोजे । सामान्य मानिससँग बाँच्दा उस्तै भएर बाँचे । उनले केही लिए र केही दिए । सामान्यतया चलाख मानिने शठहरू लिनमा मात्र कुशाग्र हुन्छन् । भूपि पीडा लिएर पीडाबाट उन्मुक्तिका सूत्रहरू काव्यकलामार्फत् दिनसक्ने सांसारिक जुनी प्राप्त गर्ने अति थोरै मनुष्यमा पर्छन् ।

नेपाली कवितामा भूपिको सबैभन्दा ठूलो प्रभाव उनका प्रायः सबै कविता नेपाली वा विश्व-मानवका जीवनका अहम् प्रश्नहरूसँग गाँसिएका छन् । यसैले तिनको चिन्तनको स्पर्श र प्रासंगिकता त छँदै छ, सँगसँगै तिनमा कलाको जस्तो प्रयोग छ, हामीलाई गहिरोसँग आन्दोलित गर्ने, चिन्तनशील तुल्याउने र विश्वका मुक्ति-आन्दोलनसँग नेपाली मस्तकलाई जोड्ने जुन प्रयत्न छ त्यो कम आल्हादकारी छैन । उनी हाम्रो समयका उत्कृष्ट काव्यकलाकार हुन् । समकालीन धेरै प्रतिभाशाली कविहरूले भूपिभन्दा धेरै अघि पुग्ने अहम् प्रयत्न गरेका छन् । तर, भूपिको प्रभाव कम हुँदैन, निरन्तर बढिरहेको छ । भूपि शेरचनको सन्दर्भमा, उनको निकट उत्तरवर्ती कविका रूपमा, हामीले जिम्मेवारी वहन गर्ने कुरा हो, त्यो त्यति सजिलो भने छैन । जीवनको लगभग उत्तरार्द्धमा (त्यतिबेला उनी प्रज्ञा प्रतिष्ठानमा प्राज्ञ थिए) भूपिले मसँग भनेका थिए- 'तपाईं-हामी देवकोटा र रिमालका स्वस्थ सन्तान हौँ ।' यसको अर्थ निकै गम्भीर हुनुपर्छ । यसले देवकोटा र रिमालका नाममा कहीँकतै अस्वस्थ प्रवृत्ति पनि अस्तित्वमा आइरहेको थियो र उनले त्यसको पहिचान गरिसकेका थिए भन्ने संकेतसमेत गर्छ । उनलाई असाध्य रोगले च्यापेका बेला मैले त्यसलाई खुलस्त गर्न भन्न सकिनँ । उनी हामीसँग केही बढी नै अन्तर्क्रिया गर्न चाहन्थे । तर, उनको उपचार-व्यवस्था र परिवारमाथिको चापले त्यसो सम्भव भएन ।

तर, उनको देहावसानका यति वर्षपछि, नेपाल परिवर्तनको संघारमा छ । नयाँ सन्दर्भमा कविको भूमिका पनि पुरानै किसिमको रहन सक्तैन । आजको कविले आफ्नो जिम्मेवार काव्यकलाको माध्यमबाट नयाँ व्यवस्थामा आममानिसमाथि हुने यावत् दबाबलाई नवीन चेत र रूपका साथ अभिव्यक्त गर्नुपर्छ र आममानिससँगको आफ्नो सरोकारलाई अझ गहिरो र फराकिलो पार्दै विश्वका सबै भाषाका साहित्यमाझ पुऱ्याउनुपर्छ । हाम्रो कविताको उन्नत परम्परा र नयाँ

चेत तथा रूपको प्रयोगले हामीलाई अन्य देशका काव्यशिल्पी र पाठकमाझ परिचित तुल्याउनेछ । हामीले न देवकोटा, न रिमाल न त भूपिलाई नै अन्तर्राष्ट्रिय जगत्मा प्रस्तुत गर्न सकेका छौँ । यस्तो अनुपस्थिति राज्यलाई बिझ्नुपर्ने हो । तर, त्यसको सांस्कृतिक नीति नै बनेको छैन । बने पनि हामीले नयाँ राज्यसँग पनि जुध्नै पर्नेछ किनभने उसका आफ्ना निहित स्वार्थले हामीलाई राज्यको स्रोतको घेराबाहिर पारी नै रहनेछन् ।

मलाई सम्झना छ, भूपिले 2036 सालतिर मलाई नक्साल नारायणचौरस्थित आफ्नो घरमा बोलाएका थिए । उनको स्वास्थ्यको अवस्था निरन्तर खस्कँदो थियो र लामो समय घरमै सीमित रहन्थे । उनी मलगायतका नयाँ कविहरूसँग नेपाली कविताको स्रोत, सम्भावना र शक्तिबारे चर्चा गर्न चाहन्थे । भूपिले विश्वमा भएका समसामयिक हलचललाई अत्यन्त तीव्रताका साथ ग्रहण गर्थे भन्ने कुराका साक्ष्य उनका कतिपय कविताहरूमा पाइन्छ । उदाहरणका निम्ति भियतनामको साम्राज्यवादविरोधी युद्धमा उनले देखाएको ऐक्यबद्धता उनको एक अति नै शक्तिशाली कविता 'हो चि मिन्हलाई चिठी' मा देख्न सकिन्छ । उनी राजाले नियुक्त गर्ने प्राज्ञमा जागिर खान कमलादी गएपछि धेरै स्वनामधन्य वामपन्थी लेखक-समालोचकको मनमा पहिरो गएको थियो । उनीहरू भूपि बिकेको, बिग्रेको र भत्केर जराजीर्ण भएको बोल्थे, लेख्थे ।

भूपिले देहत्याग गरेको बेला न त राज्यका मिडियाले महत्त्व दिए, न त निजी क्षेत्रका मिडियाले उचित स्थान दिए । पञ्चायती सत्ताको प्यारो भएका भए शाही राज्यले पक्कै शोकगीत बजाउने थियो । उनी प्रतिबद्ध रहेको नेकपा मातृसमूह रायमाझीसँगै दरबार पसेको थियो र सायद त्यसैले घिसारेर उनलाई कमलादीको प्रज्ञादरबार पुऱ्याएको थियो । त्यस दंशको भयानक अनुभूतिले नै होला, उनले गरिमामा 'सर्पको खोजीमा' शीर्षकको कविता प्रकाशित गरे । त्यसै पत्रिकाको अन्तर्वार्तामा उनले 'क'ले आफू बिग्रेको बताएका थिए । ती 'क'का अर्थ थिए- कम्युनिस्ट र कवि । उनको यस अभिव्यक्तिले वाम खेमाका ठेकेदारहरूमा भुइँचालो गएको थियो । हुन पनि उनका धारदार कविताको रचनागर्भमा माक्र्सवादको गहिरो प्रेरणा थियो र जनप्रतिबद्धताले उनलाई जनकविका रूपमा उभ्याएको थियो । तर, माक्र्सवादको बर्को ओढेर शाही राजको पाउ ढोग्ने रायमाझीको राजनीतिक चालबाजीबाट उनले सचेत रूपमा उम्कने प्रयास गरेनन् । यसले उनलाई जीवनभरको लगानीबाट विमुख पाऱ्यो । तर, उनको

काव्यकलाका अगाडि ठाडो गरी हेर्नसक्ने क्षमता न वाम मार्गका सांस्कृतिक ठेकेदारहरूमा थियो न त दक्षिण मार्गका साहित्यिक जर्नेलहरूसँग नै थियो ।

उनीहरू भूपिको त्यस कमजोर गाँठोलाई समातेर आफ्नो प्रतिबद्धताको पुस्ट्याइँ गर्ने कोसिस गर्थे । तर, जब भूपिको उपस्थिति देखिन्थ्यो, तिनीहरू पुड्कै देखिन्थे । तिनको समस्या काव्यकलाको बुझाइमा हुन्थ्यो । त्यसैले खर्च गर्ने भूपिको लोकप्रियताबाट सातो गएका केही समकालीन कविहरू उनको अनुपस्थितिमा उनलाई तुकबाज भन्थे, अनि मात्र आफू ऊभन्दा राम्रो कवि हुँ भन्ने डिङ हाँक्थे । तर, त्यसो गर्दा उनीहरू आफ्ना भैयादसँग हुन्थे जससँग काव्यचेतको अभाव त थियो नै, विचारविहीनताले तिनको मस्तकसमेत खुइलिएको हुन्थ्यो । तिनलाई भूपिको सहज अन्त्यानुप्रास मिलाउन सक्ने अद्‌भूत क्षमताबारे ज्ञान नभएर होइन बरु ती आफ्नो अक्षमतालाई ढाक्न त्यसो भन्ने गर्थे । यो कुरा कसैले भन्यो भने भूपि फिस्स हाँसेर भन्थे- ‘बिचराहरूलाई क्राफ्टबारे थाहा छैन ।’ त्यस हाँसोमा एक गम्भीर अर्थ लुकेको हुन्थो । अनि मुद्रालाई गम्भीर मोड दिँदै उनी भन्थे- ‘कि त यिनले पढेका छैनन्, पढेका भए बुझेका छैनन् ।’ एकपटक उनको स्वास्थ्य अवस्थाबारे बुझ्न म नारायणचौर गएँ र पुगेँ सरासर उनको कक्षमा । उनी अक्सिजन मास्क लगाएर अल्बेयर कामुको उपन्यास (प्लेग हो वा द फल, कुन्नि ?) पढिरहेका थिए ।

नमस्कारपछि उनलाई सोधेँ- तपाईंलाई कस्तो छ ? उनले इन्सुलिनदेखि पेनिसिलिनसम्म लिइरहेको र अक्सिजनदेखि अल्बेयर कामुसम्म एकैचोटि भित्र हुलिरहेको बताए । एकैपटक यति धेरै किन ? मैले सोधेको थिएँ । ‘हतार भयो । अब बाँच्न कम समय रहेको हुनाले कम समयमा धेरै हुलिहाल्नुपर्नेछ, श्यामलजी !’ यो एक क्रूर ठट्टा थियो । केही मानिस नबुझिने कविता लेख्नु ठूलो कवि हुनु हो भन्ठान्छन् । प्रयोगधर्मिता भन्छन् । तपाईं के भन्नुहुन्छ ? मैले सोधेको थिएँ । म उनीबाट सकेसम्म केही जान्ने सुरमा थिएँ । र, खासगरी बौद्धिक भनिने कविताबारे भूपि के सोच्छन् भन्ने मेरो चासो थियो । उनको शालीन उत्तरले म झस्केँ । ‘मोहनजी मेरा मित्र हुनुहुन्छ । उहाँ व्यक्तिका रूपमा भद्र हुनुहुन्छ । तर, मोहनजीजस्तै लेख्ने हो भने दिनमा सयवटासम्म लेख्न सक्छु ।’ यति भनेर उनी चिरपरिचित मुस्कानका साथ विस्तराबाट बिस्तारै उठे । मास्क निकाले र चुरोट खोजेझैं गर्न थाले । उनले कामुले आफूलाई धेरै प्रभावित गरेको र यो उपन्यास सायद दोहोऱ्याएर पढेको बताए ।

चियाको चुस्कीसँगै केही बेर पाब्लो नेरुदा, हो चि मिन्ह, लोर्का, नाजिम हिकमत, रिमाल र देवकोटाबारे कुरा गरेर म फेरि आउने बाचासहित फर्किएँ । फर्कंदा सिरानीनिरको अक्सिजन सिलिन्डर र म त्यहाँ गएदेखि रिङ नगरिएको टेलिफोन हेर्दै फर्कें । केही दिनपछि मैले भूपि शेरचनमाथि एक कविता लेखेँ र गरिमालाई दिएँ । छापिएपछि मैले उनको फोन पाएँ । धन्यवाद पाएँ र एकपटक फेरि भेट्ने निम्तो पनि । र, त्यसको केही दिनपछि, सायद अफिसको काममा एक हप्ताजति काठमाडौंबाहिर गएर फर्केपछि न्युरोड गेटनिर सनत रेग्मीले भूपि शेरचनको अन्तिम संस्कार भइसकेको सूचना दिए । बस्, यो आगामी भेटहरू र संवादको, उनीबाट सिक्ने र बुझ्ने मेरा अभिलाषाहरूको अवसान थियो । त्यसको एक वर्षपछि । कवि शैलेन्द्रसिंहले आफ्नै निवासमा भूपिको स्मृति गर्ने भनेर हामी केहीलाई बोलाए । त्यहाँ थिए स्व. ईश्वर बराल, स्व. वासु शशी, ध्रुवचन्द्र गौतम, नगेन्द्रराज शर्मा, विनोद अश्रुमाली आदि एक दर्जनभन्दा बढी स्रष्टाहरू । सायद गोविन्द वर्तमान पनि उपस्थित थिए । उपस्थितमध्ये केहीले भूपिको स्मृति गर्ने बहानामा उनको शवको उत्खनन गरिरहेका थिए । तिनीहरू भूपिको काव्यकला र नेपाली कवितामा उनको स्थान र योगदानबारे मौन थिए, तर भूपिको मद्यप्रेम, केही त्यस्तै अलोकप्रिय र असामाजिक लाग्ने घटना र भूपिको मानमर्दन हुने क्षणका स्मरण गर्दै थिए ।

मेरा लागि यो अति असहज अवस्था थियो र मैले भूपिको पहिलो वार्षिकीमा त्यस प्रकारको लज्जास्पद काम नगर्न आग्रह गरेँ । मैले आग्रह गरिरहँदा ती सबै मौन थिए मानौँ तिनले साँच्चिकै अपराध गरेका हुन् । मैले हरिभक्त कटुवाललाई पनि त्यस्तै गरिएको र उनीहरूजस्ता समर्थ रचनाकारलाई स्मरण गर्ने उपयुक्त शैली वरण गर्न भनेँ । बिचरा कमजोरहरूलाई अरूको कमजोरीको चर्चा गर्दा आनन्द आउँदो रहेछ । अहिले म सोच्छु, गणतन्त्र भूपिको पनि सपना थियो । तर, छद्म गणतन्त्रवादीले भूपिको सपनालाई सपना मान्नेछैनन् ।

आखिर यहाँ भूपिले भनेझैं त हुन्छ :

***जहाँ स्वदेशको पीरले बहुलाएको कविले***
***विदेशी अस्पतालको शरण पर्नुपर्दछ***
***जहाँ सरस्वतीकी एक्ली छोरीले***
***बिना उपचार बैंसमै कुँजिएर***
***जीवन बिताउनुपर्दछ***

भूपिका कमजोरी पनि छन् । आफू हिँड्दै गरेको बाटोलाई बदलेर अर्को बाटो समात्नु उनको कमजोरी थियो । आफ्नो समयलाई जसले जति बढी प्रभावित गर्छ, बाटो बदल्दा त्यसले त्यत्तिकै बढी जोखिम पनि उठाउनुपर्छ । भूपिले जोखिम उठाएका थिए । यही जोखिम उनको आलोचनाको मुख्य कारण थियो । भूपिले यस अवधिमा राजाको प्रशस्तिमा पनि केही कविता लेखेका छन् । उनले यस समयमा लेखेका केही कवितामा समकालीन यथार्थप्रति आलोचनात्मक चेतना पाइए पनि पञ्चायतको समर्थनका कारण खासै महत्व पाएनन् । अलग बाटोमा हिँडेपछि भूपिसँग रहेको पहिलेको तीक्ष्ण काव्य संवेदना नै रहेन । जीवनको पुछारतिर उनलाई आफ्नो कमजोरी महसुस हुन थालेको थियो, तर अबेर भइसकेको थियो ।

भूपिले गल्ती गरेका थिए र यसको चर्चा पछिसम्म पनि भइरहनेछ, तर यसको आधारमा उनको समग्र काव्यिक योगदानलाई नै ओझेलमा पार्ने काम गर्नुहुन्न । उनका कमजोरीको आलोचना गर्दै उनलाई यथोचित सम्मान प्रदान गर्न सक्नुपर्छ । उनको योगदानको अवमूल्यन गर्नु आधुनिक नेपाली कविताको जीवनपक्षीय धारालाई नै अवमूल्यन गर्नु र कमजोर बनाउनु हुन्छ । भूपिलाई सबल र दुर्बल पक्षको योगमै हेर्नुपर्छ र दुर्बल पक्षका नाममा उनका सबल पक्षलाई पनि पाखा लगाउने प्रवृत्तिबाट बच्नुपर्छ ।

भूपिको जन्मस्थान मुस्ताङ, थाकटुकुचे हो भने मृत्यु 2046 जेठ 1 भएको थियो । बीएसम्मको अध्ययन गरेका भूपि शेरचन राजनीतिमा पनि सक्रिय थिए । 2012 सालमा उनी नेपाल कम्युनिस्ट पार्टीको जिल्ला सचिव भएका थिए । 2026 सालमा उनी नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका सदस्य भए । सानैदेखि साहित्य सिर्जनामा लागेका भूपिका ‘परिवर्तन’ (नाटक, 2010), ‘नयाँ झ्याउरे’ (कविता सङ्ग्रह, 2010), ‘निर्झर’ (कविता सङ्ग्रह, 2015), ‘घुम्ने मेचमाथि अन्धो मान्छे’ (कविता, 2025) छन् । थोरै कविता लेखे पनि भूपिको कवित्व क्षमताले उनी अझै प्रभावशाली छन् । उनका कविताहरु अझै समय सान्दर्भिक छन् । यिनै भूपिका जन्म सन्दर्भ पारेर उनको कवित्व र व्यक्तित्वका बारेमा **प्राडा. कृष्णहरि बराल**सँग **मोहन दाहाल**ले गरेको कुराकानी यस्तो छ । यस कुराकानीबाट कवि भूपिको जीवन दर्शनबारे धेरै जानकारी पाउन सकिन्छ :

**१. भूपिको व्यक्तिगत जीवन कस्तो थियो ?**

ले सानैमा त उनलाई चिनिनँ । पहिले मैले भूपिलाई एउटा कविकै रूपमा चिनेको हुँ । त्यसमा पनि 'घुम्ने मेचमाथिको अन्धो मान्छे' सङ्ग्रहका कविताहरू मनपर्थ्यो । नेपाली विषय पढेको हुनाले उनलाई सामान्य ढङ्गले नचिन्ने त कुरै भएन । म 2033 मा काठमाडौँ आएँ । काठमाडौँ आइसकेपछि मलाई कविता मन पर्ने हुनाले उनलाई भेट्न एकेडेमी गएँ । एकेडेमीमा त्यतिखेर भूपि शेरचन चाहिँ घुम्ने मेचमाथि आसिन हुनुहुन्थ्यो । मैले भेटेर भने, हजुरलाई भर्खर भेट्दैछु, 'घुम्ने मेचमाथि अन्धो मान्छे' लेख्नुभयो, अहिले त आफै घुम्ने मेचमाथि नै हुनुहुन्छ नि ? भनेको, हैन त्यस्तो भए तापिन म अन्धो चाहिँ छैन । म छ्याङ्ग देखिरहेको छु, सबै कुरा भन्नुभयो । त्यसपछि विस्तारै विस्तारै उहाँसँग जाने, भेट्ने क्रम रह्यो । उहाँको घरमा पनि निकैचोटि पुगेको छु । त्यहाँ धेरै चोटि भाउजूले कालो चिया खुवाउनु भएको छ । उहाँकी छोरी कवितासँग पनि चिनजान भयो ।

दृष्टिकोणका हिसाबले उहाँ एकदमै सर्वहारा हुनुहुन्थ्यो । सर्वहारा नै नाम लेखेर हिँड्नु भएको मान्छे । आफ्नै परिवार पनि शोषक सामान्त भन्दै हिँड्ने मान्छे । यसबाट सारा जनतालाई मुक्ति दिलाउनुपर्छ भन्ने मान्छे । त्यस्तो अवस्थामा उनको पहिलो कविता सङ्ग्रह 2011 सालमा 'नयाँ झ्याउरे' भन्ने पुस्तकमा नाम नै सर्वहारा मात्र छ, सर्वहाराका नामबाट निस्केको छ । त्यसका कविता हामीले पढ्यौँ भने पूरै त्यसमा प्रगतिवादी विचार, माक्र्सवादी विचार, रातो सूर्य उदाउँछ उदाउँछ, हामी जित्छौँ जित्छौँ भन्ने दृष्टिकोण छ । 'निर्झर'मा आउँदा पनि छ, 'तिम्रो धनवाद र हाम्रो जनवाद दाज्छौँ, कसले जित्छ हेरौँला' भन्ने छ । अनि नयाँ झ्याउरेमा पनि नेपाली काँग्रेसमा अन्तरकलहहरू छ नि त्यसको चित्रण छ । 'कोइराला बाजे, झगडा गरी यसरी नमास नेपाल' भनेर यस्तो किसिमका कविताहरू लेख्या छन् । देशलाई पुँजीवादको चङ्गुलबाट मुक्त गरेर कम्युनिज्म ल्याउनुपर्छ भनेर एकदमै त्यो आक्रामक अभिव्यक्ति त्यो नयाँ झ्याउरेमा हामी पाउँछौँ । उहाँ कसरी हिँड्नुभयो त्यस समयमा त्यो त म जान्दिनँ ।

मदनमणि दीक्षितले मलाई भूपिका बारेमा कुराकानी हुँदाखेरी बनारस गएको बेलाको एउटा संस्मरण सुनाउनुुहुन्थ्यो । बनारसमा एकजना सर्वहारा आएका छन् रे । उहाँहरू पनि कम्युनिस्ट सिद्धान्त प्रतिपादन गरेर हिँड्नुभएको मान्छे । भेट्नुपर्यो भनेर गएको एकदमै सेतो, सुकिलो कोट लगाएका, एकदम सफा, एउटा हातमा चुरोट, गिलासमा पनि अलिकति लिएर बसेको, छक्क पर्यौँ सर्वहारा देखेर, भन्नुहुन्थ्यो पहिलो चोटि । मतलब त्यस्तो टिपटप भएर हिँड्नुपर्ने मान्छे ।

अनि भेट भइसकेपछि दाइ कम्युनिस्ट सिद्धान्तमा लागेर आउनुभयो भनेर काटेर अहिले भूपि शेरचन यस्तो हुँदा अलिकति चिन्ता लाग्दैन ? 'मैले अन्तरवार्तामा भनेको छु, धेरै ठाउँमा भनेको छु, यिनीहरूले विकास गर्दैनन्' भनेर लेख्नुभएको छ उहाँले । यो देशमा काँग्रेस होइन, काम गरेस् भन्ने मान्छेको खाँचो छ । कम्युनिस्ट होइन, कर्तव्यनिष्ट मान्छेको खाँचो छ भनेर लेख्नुभएको छ ।

समयक्रमा मैले उहाँलाई मैले केही गीतहरू देखाएँ, मेरो 33 सालमै 'म भक्त हुँ यो देशको' भन्ने गीत रेकर्ड भएको थियो । भूपि दाइलाई भेट्नेबेलासम्ममा अरू आधुनिक गीतहरू पनि रेकर्ड भएका थिए । त्यसपछि वीरेन्द्र राजाका बारेमा लेख्नुस् न गीत भन्नुभयो । त्यही एकेडेमीमै हुँदाखेरी भन्नुभयो । मैले भने, तपाईं त्यत्रो मान्छे कसरी यसरी राजावादी हुनुभयो भनेर मैले सोधेँ । राजा खराब छैनन्, यिनलाई खराब मान्नेहरूले बनाएका हुन् । वरपर बस्ने मान्छेले खराब बनाएका हुन् । यी पञ्चहरूसँग मेरो एकरति विश्वास छैन भनेर भन्नुभयो । अनि एउटा भन्नुहुन्थ्यो, मरिचमान सिंह, सायद प्रधानमन्त्री थिए । एकेडेमीले मागेजति बिदा दिएन क्यारे । त्यो नदिएका बेलामा चाहिँ 'म यिनलाई एउटा कविता लेखेँ भने उडाइदिन्छु, यिनले के सम्झेका छन् मलाई भन्नुहुन्थ्यो । मतलब पञ्च र पञ्चायततिर त्यति होइन, यद्यपि उनले कता कता महेन्द्रले प्रजातन्त्रको नेपालीकरण गरे भनेर पनि गीत लेखेका छन् । राजाप्रति आस्था भयो, आस्था भएपछि पञ्चायतप्रति भयङ्कर विद्रोह पनि त्यति गरेनन् । हुन त 'सर्पको खोजीमा' सर्पको खोजी भएर दुलोमा पसेको होइन, यो खोज्दै हिँडेको छु भनेर दरबारभित्र पसेको सङ्केत पनि गरेका छन् । तर भूपि शेरचन राजालाई निकै मनपराउने चाहिँ पक्कै हो । मलाई उहाँले त्यो चाहिँ लेख्नुस् न राजाको उल्लेख गरेर गीतसित भन्नुभएको थियो । अनि मैले खै के लेख्नु भने । यत्तिकै गफगाफ हुन्थ्यो । अनि आफू बिरामी भएका कुराहरू लङ्ग्ससँग सम्बन्धित बिरामी त्यो कुरा गर्नुहुन्थ्यो ।

२. **भूपिसँगका रमाइला घटना केही छन् ?**

म उहाँसँग इन्फर्मल त हुन सकिनँ, उहाँको साथी पनि होइन । मैले एउटा कविता सङ्ग्रह तयार पारेको थिएँ । त्यस सङ्ग्रहको भूमिका लेखाउनुपर्यो भनेर भूपि दाइलाई दिएँ । त्यसपछि भूपि सारै बिरामी हुनुभयो । वीर अस्पताल भर्ना हुनुभएको थियो । म र मेरी मिसेस दुवैजना भूपिलाई भेट्न भनेर गायौँ । उहाँलाई नाकमा अक्सिजन दिइराखेको रहेछ, हातमा चुरोट थियो । त्यो देखेर मलाई

अचम्म लाग्यो । अक्सिजनको कमी भएको बेला कार्वडाइअक्साइड (चुरोट) तानिरहेको देखेँ । अनि के गरेको भनेँ ।

उहाँले भन्नुभयो, ‘हेर्नुस् ममा एकदमै रागात्मक सम्बन्ध चाहिँ यसैको रहेछ जस्तो लाग्यो मलाई । यो छोड्नै सकिनँ’, उहाँले भन्नुभयो– ‘रक्सी छोडेँ, कति गरेर यो चाहिँ मैले एकदमै छोड्न नसक्ने भएँ ।’ यो त अत्यन्त विरोधाभाषा भयो नि त भनेँ । ‘होइन मैले यो छोड्नै सकिनँ, बडो रागात्मक सम्बन्ध रहेछ’, भन्नुभयो । मलाई बडो अचम्म लाग्यो । अक्सिजन दिइरहँदासम्म पनि चुरोट कसरी छोड्न नसकेको होला भनेर । अझै अचम्म लागिरहेको छ, अहिले सोच्छु छक्क पर्छु मैले देख्दा उहाँ शारीरिक रूपमा दुब्लो भइसक्नुभएको थियो ।

### ३. भूपिले कम्युनिस्ट पार्टी किन छोड्नुपर्यो ?

आफ्नै कतिपय कारणले उहाँले कम्युनिस्ट पार्टी छोडेर यतातिर लागे होलान् । कतिले त आर्थिक समस्याले छोडे पनि भन्याछन् । बिरामी धेरै हुनलागे, उपचारकै लागि पनि गह्रै भएर पनि सरकारको नजिक भए भनेका छन् । उहाँ चाहिँ कम्युनिस्ट सिद्धान्तप्रति आस्थै नभएर पनि भनेका छन् । भूपि आफैले पनि भनेका छन्, ‘मलाई दुईवटा ‘क’ले बिगारे, कम्युनिस्ट र कविताले ।’ त्यो उहाँले भन्नुभएको छ तर अन्तरको कुरो त बुझ्न गारो छ । अनुमानका कुरा किन गर्नु ।

### ४. भूपिका कविता विशिष्ट खालका छन् भनिन्छ नि ?

नेपाली कविताको इतिहास हेर्ने हो भने प्रारम्भिक चरणमा वीरधारा र भक्तिधारामा कविता लेखिएका पाइन्छन् । कवितामा आफ्ना नायकको स्तुति गर्ने, त्यसपछि भगवानको स्तुति गर्ने कार्य भयो । त्यसपछि मोतिराम भट्टबाट शृङ्गारिक धारा प्रधान भयो । यसपछि अरू धारा पनि गौण रूपमा विकसित हुँदै आए । लेखनाथ पौडेलका कविताहरू आइसकेपछि शास्त्रीयतावादी धारा सुरु भयो । शास्त्रीय धारामा संस्कृतका छन्दहरू अलि धेरै हुन्छन् । छन्दमा मोतीरामहरूले पनि कविता रचना गरेका थिए । त्यसपछि देवकोटाको आगमन भयो । यसपछि स्वच्छन्दतावादी धारा आए र देवकोटाले एकछत्र नेतृत्व गरे भन्ने भनाइ छ । त्यही क्रममा एकातिर स्वच्छन्दतावादी धारा, अर्कोतिर प्रगतिवादी धारा बीचतिरबाट आए ।

कतिपय समीक्षकले के गरिदिए भने, जुन क्रान्तिकारी धारा छ, त्यसलाई पनि स्वच्छन्दतावादकै एउटा अङ्गका रूपमा पनि हालिदिएको देखिन्छ । त्यसरी हाल्नु

उपयुक्त हुन्छजस्तो मलाई लाग्दैन । यो 2007 साल 8 साल 10 सालतिर हामीले हेर्यौं भने अत्यन्तै धेरै राजनीतिक विषय कवितामा लेखिएको छ । केआई सिंहलाई फिर्ता गर भन्ने कविताहरू, गीतहरू त्यसरी छापिएका छन् । त्यस्तो अवस्थामा भूपिले 2011 सालामा नयाँ झ्याउरे कविता सङ्ग्रह प्रकाशनमा ल्याए । त्यतिबेलासम्म भूपि कम्युनिस्टको एकदमै सक्रिय कार्यकर्ता भएको थाहा हुन्छ । किताब पढ्दाखेरी कम्युनिस्ट आउँछ आउँछ भन्ने दृढ विश्वास छ । डान्स क्लब खुल्यो रे भनेर अन्त्यन्त विरोध र आक्रमण छ । अनि मातृका र बीपीहरूको टसललाई पनि कविताभित्र राखिएको छ । 'नेपाललाई मास्ने काम नगर तिमीहरू, झगडा नगर' भनेर झ्याउरे लयमा धेरैजसो 16 अक्षरमा लेखिएको छ । एकातिर देवकोटा, लेखनाथ पोड्याल, माधव घिमिरे, बालकृष्ण समजस्ता कविहरू पनि छँदैथिए । भूपि शेरचन विषयवस्तुको प्रस्तुतिका फरक थिए । कविताभित्र सङ्गीत चेतनाको अत्यधिक प्रयोग, गद्यभित्र पनि सङ्गीत चेतना छ । त्योबेला गोपालप्रसाद रिमालले गद्य कविता सुरु गरेका थिए । रिमालले सुरु गरेको गद्य कवितामा ऊर्जा थप्ने काम देवकोटाबाट पनि भयो । क्रान्तिको चेतना पनि गद्य कविताबाटै देवकोटाको धेरै आयो । प्रमिथस महाकाव्यमा आउँदा पनि त्यो गद्यमै छ । त्यसपछि बालकृष्ण समले पनि गद्य कविताहरू लेखेका छन् । त्यो बेला भूपिले कवितामा हाम्रा दिनदिनै आइपर्ने समस्या लेखे । अनि नयाँ झ्याउरे हुँदै निर्झर कवितासम्म आउँदा भूपिलाई प्रगतिवादबाट हटाउन सक्ने कुरै थिएन । विषयवस्तुमा नै पूरै साम्यवाद आउँछ । निर्झरमा पनि त्यो कुरा छ । स्वच्छन्दतावादी पनि ठाउँ ठाउँमा छ । तर जब 'घुम्ने मेचमाथिको अन्धो मन्छे' प्रकाशित भयो, त्यसबाट मैले चाहिँ के निष्कर्ष निकालेँ भने यो 'कवि भूपि ः विश्लेषण र मूल्याङ्कन' लेख्दाखेरी पनि भूपि त्यतिखेरसम्म पहिलेको जस्तो नयाँ झ्याउरेमा जस्तो पनि रहेनन् । रोमान्टिसिजमको स्पर्श निर्झरमा पनि रहेन र आलोचनात्मक यथार्थवादतिर गए । त्यही स्तरबाट समाजमा भएका विकृति र विसङ्गतिलाई प्रहार गर्ने व्यङ्ग्य चेतनाका एकदमै प्रखर भएर आए ।

व्यङ्ग्य मात्र ठाडो भएको भए पनि त्यो रमाइलोआउँदैन थियो । कलाले यस्तोसँग छोपिदियो नि, व्यङ्ग्यमै कलाले भरिदिए । उनका कवितामा व्यङ्ग्यमा कस्तो छ भने अनुप्रास (राइम) को जुन शक्ति हो, त्यो त पहिले पहिले छन्दहरूमा प्रायः गरेर अन्तिम अनुप्रास छ नि त्यसलाई पनि माथ गरेर 8, 9, 10, 12 पङ्क्तिमा लेखे । एकातिर अनुप्रासको प्रयोगका दृष्टिले, शब्दसङ्गीत प्रयोगका दृष्टिले पनि त्यो बढिरहूँ लाग्ने मिठासयुक्त छन् । उनले हाम्रा विकृतिहरूलाई मात्र होइन,

उनका आफ्नै विकृतिलाई पनि, आफूले भन्न नसकेका कुरा घुमाएर भन्नेका छन् । त्यो सामाथ्र्यले गर्दा पनि पढूँ पढूँ लाग्ने छन् उनका कविता । कविको एउटा सबैभन्दा महत्त्वपूर्ण कुरा हुन्छ । मलाई कस्तो लाग्छ भने कवितामा वस्तुपरक यथार्थ, वस्तुतथ्य त्यति ठूलो कुरो होइन । छन्दमा त त्यो पनि लेख्न सकिन्छ । गद्यमा पनि लेख्न सकिन्छ । जे देख्यो त्यसको सोलोडोलो बयान गर्न सकिन्छ । त्योभन्दा पनि अर्को नयाँ सत्यको खोजी राम्रो र सफल कविको महत्त्वपूर्ण विशेषता हो । भूपि शेरचनका कवितामा त्यो अत्यधिक देखिन्छ ।

हामीले आम मानिसले देखेको तर भन्न नसकेको या ठम्याउन नसकेको कुरा ठ्याक्कभन्दा आम मानिसले के ठाने भन्ने हो । सुरुको घुम्ने मेच माथिको अन्धो मान्छे, मेरो चोक छ, मान्छेले बनाएका देवता र देवताले बनाएका मान्छे दुवैको बासमा त्यस्ता विषय छन् । हेर्नुस् न, कसरी भनिएको छ– मान्छेले देवता बनाए भन्छन् भौतिकवादीहरू भने अध्यात्मवादीहरू देवताले मान्छे बनायो भन्छन् । दुवैको बास छ तर दुवै चिन्तित छन् । एउटाले न कसैले सोध्छ, न कसैले ढोग्छ, फुर्सदै छैन । अर्को समूह मन्दिरकै अगाडि मात्र कुदेर हिँडेका छन् । उनलाई त्यो चिन्ता छ । 'मान्छेलाई रातभरि उपियाँले टोक्छ दिनभरि रुपियाँले टोक्छ ।' रुपियाँ कमाउने नाममा मान्छे यति अन्धो भएर लागेको छ भन्ने व्यङ्ग्य हेर्नुस त । साँच्चै नै प्रभावकारी छ । कल्पनाको दृष्टिले कलाका दृष्टिले हो भने त्यो मैन बत्तिको शिखा झन् धेरै देखिन्छ । तीबाहेक अरू कविताहरू पनि त्यस्तै देखिन्छन् । उनलाई सारमा हामीले खिँच्यौँ भने समकालीन विकृतिप्रति व्यङ्ग्य गरेका छन् ।

लाहुरेहरूप्रति भूपिको अत्यधिक चासो छ । लाहुरेहरू बाहिर जानुपर्दाको अवस्थामा चिन्तित छन् । आफ्नो देशका लागि लडेका भए त फाइदा हुने थियो नि । देशको सिमाना बढ्थ्यो नि । अर्काको देशका लागि लडेर वीर कहलिए । 'हामी वीर छौँ त्यसैले हामी बुद्धु छौँ', भने । अर्काको भूमि बढाउनका लागि लड्यौँ । वीर यसकारण कि अर्काका लागि लडेर नेपालीहरू वीर छन् भन्ने थाहा पाए । भूपिले वीरले भक्कु राँगोसमेत भन्न भ्याएका छन् । यस्तो तिमीहरू अरूका लागि मात्र किन गर्छौ, आफ्ना लागि गर भन्ने चाहना हो उनको ।

५. **उनी प्रज्ञाप्रतिष्ठानमा गएपछि कम्युनिस्टहरूले ज्यादै आलोचना गरे भनिन्छ, किन आलोचना गरे ?**

प्रगतिवादी माक्र्सवादी साहित्यका बारेमा माओले ‘लेखाइ मात्र प्रगतिवादी भएर मात्र हुँदैन । मान्छे स्वयम्को दिनचर्याका विचारधारा प्रगतिवादी हुनुपर्छ भनेका छन् । कोही मान्छे व्यक्तिगत रूपमा कम्युनिस्ट नभएर पनि कम्युनिस्टको सिद्धान्तलाई एकदमै राम्रो पाराले टड्कारो रूपमा लेख्न सक्छ । कोही कम्युनिस्ट नै भएर लेख्न सक्छ । कम्युनिस्ट भए लेख्नु राम्रो हो’ भन्ने दृष्टिकोण छ । भूपि शेरचनले सर्वहारा जस्तो नाम राखेर, टाइटल राखेर त्यत्रो क्रान्तिकारी, कम्युनिस्ट आउँछ आउँछ भनेर लेख्ने मान्छे पछि फ्याट्ट त्यो छोडेर आलोचनात्मक यथार्थवाद भएर केही विकृति त देखाइरहे । गरिब दुःखीप्रति उनले अन्तरवार्ताहरूमा गरिब दुःखीकै पक्षमा छन् तर साम्यवादी सिद्धान्तप्रति आफूलाई वितृष्णा उत्पन्न हुनुमा उनलाई अरू कारणहरू पनि दिएका छन् ।

कोही नेताले चाहिँ अब यो नेपाललाई नै अर्को ठाउँमा भारतमा विलिन गराउँदा पनि राम्रो हुन्छ भनेका छन् भनेको सुने भन्ने अभिव्यक्ति पनि पाइन्छ । त्यो त उनको सैद्धान्तिक विचारमा ठूलो प्रहार हो नि त । कम्युनिस्ट सिद्धान्तमा कम्युनिस्ट भएर म बिग्रिएँ भन्नु आम हुने कम्युनिस्टका लागि त राम्रो कुरा भएन । तर कुरो के रह्यो भने कला भयो भने, त्यो शक्ति भयो भने काव्यको क्षमता भयो भने आम मान्छै सबै विरोधी भए पनि मान्छेले मन पराउँछन् । भूपिको सैद्धान्तिक विचलनमा मान्छेले प्रश्नचिन्ह खडा गर्लान् । उनलाई मानुन् या नमानुन्, त्यो आफ्नो ठाउँमा छ तर जसले कविता पढ्छ, भूपिलाई कमजोर, नराम्रो कवि भन्न सक्दैन । प्रगतिवादी कविमा भूपिभन्दा पनि माथिल्लो तह तप्काको, जो सधैँभरि जीवनमा कम्युनिस्ट भयो र सधैँ काव्य लेख्यो, त्योभन्दा मथिको लोकप्रिय शक्तिशाली कवि छ भने देखाउनु पर्यो ।

६. **प्रज्ञामै गएपछि उनले म आधा अन्धो भएँ भनेर आफैप्रति असन्तोष व्यक्त गरेका छन्, केले त्यसो भन्न बाध्य गरायो ?**

मनोद्वन्द्व भनिन्छ नि, त्यो भूपि शेरचनमा पक्कै पनि रह्यो होला । जस्तो खेमाबाट आएर यस्तो ख्याति कमाए, त्यसमा सधैँ रहन सकेनन् । हुन त कम्युनिस्ट सिद्धान्तबाटै प्रभावित भएर कविता लेख्न थालेर उनी यति माथिल्लो तहको कवि भए । जुन आधारलाई टेकेर भूपि शेरचन उभिए त्यो आधार नै छोडिसकेपछि, त्यो आधारमै भुइँचालो गएपछि उनको अन्तरहृदयमा केही हलचल त पक्कै ल्यायो । अब त्यसलाई ढाकछोप गर्न मलाई केही छैन । कम्युनिस्ट छोडेर ठिकै गरेँ भन्ने भूपि शेरचनका अभिव्यक्ति त आएकै छन् । मलाई के लाग्छ भने जीवनका लागि

आवश्यक पर्ने, स्वास्थ्यका लागि आवश्यक पर्ने सहुलियतहरू प्राप्त गर्न भूपि गएका हुनसक्छन् । या ककसले भनेर त्यहाँ गए होलान्, त्यो कुरा एउटा रह्यो । अर्कोतिर यो द्वन्द्वले जिन्दगीमा आउने एउटा मात्र समस्या छैन, आर्थिक समस्याका कारण त्यतातिर लाग्नुपर्यो होला । अर्कोतिर लाग्दाखेरी आक्रोश त धेरै नै भयो होला । कम्युनिस्ट होइन, यो यस्तो हो भन्ने कुरा त रह्यो नि ।
दुईवटाको जुन द्वन्द्व हो, यताउता यताउता गर्दा पक्कै केही गर्यो । बेलाबेलामा सत्य पनि बोले होला । बेलाबेला त्यसलाई ढाकछोप गर्न सचेत मनले मैले जे गरेँ ठिकै छ, कम्युनिस्टहरू ठीक थिएनन् । काँग्रेसहरू ठीक थिएनन् । राजै ठीक रहेछ देशभक्त रहेछ भन्ने लाग्यो होला । तर कहिलेकाहीँ कस्तो पनि लाग्छ भने शङ्कर लामिछानेले एक ठाउँमा एकदमै क्रान्तिकारी, एकदमै भयङ्कर भएको मानिस अन्तिमतिर गएर फेरि विसर्जनवादमा गएर टुङ्गिन्छ भनेका छन् ।

७. **भूपिलाई राज्यले सम्मान गर्न सक्यो कि सकेन, के देख्नुहुन्छ ?**

मलाई त सम्मान गर्न सकेजस्तो लाग्दैन । भूपि शेरचन भनेका समकालीन साहित्य फाँटको नेतृत्व गर्ने कवि हुन् । कविताहरू प्रशस्त लेखिएका छन् । अहिले कविता लेख्ने कतिपय कविमा पनि भूपिको छायाँ कताकता रहेको देखिन्छ । भनेपछि उनको प्रभाव अझै छ । घुम्ने मेचमाथिको अन्धो मान्छे अझै बाँकी छ र त्यसभित्र उनले अभिव्यक्त गरेका समस्याहरू अझै छन् । महिलाहरू अझै त्यस्तै समस्यामा छन्, लाहुर जाने अझै त्यही समस्यामा छन्, अझै टुङ्गिएको छैन । भूपिका ती सपना अलिकति पनि पूरा भएका छैनन् । देश विकासतिर गएको छैन । तानातान, मारामार, काटाकाट अहिलेसम्म सकिएको छैन, भूपिको त्यो प्रभाव छँदैछ ।
भूपि शेरचन प्रज्ञामा गए, त्यसैलाई सम्मान मान्ने हो भने त छुट्टै कुरा हो । भूपिका कुराकानी सुन्दा त्यो राजाबाट, व्यक्तिगत तहबाट भएको जस्तो पनि लाग्छ । तर राज्यले जुन एउटा धारलाई अङ्गीकार गरेर कविताको जुन धार प्रतिनिधित्व गरे, त्योअनुसार चाहिँ भूपिलाई राज्यले उचित सम्मान गर्नै सकेन । तिहारका बेला, लक्ष्मी जयन्तीका बेला केही हल्लाखल्ला गरेको त पाइन्छ । तर खोइ त धेरैजसो कविहरूको सम्मान देख्दिनँ । मोतीरामा भट्टकै हेर्नुस्, जसले नेपाली साहित्यलाई यो ठाउँमा ल्याउनका लागि 23 वर्षकै उमेरमा त्यत्रा काम गरे, भाषासाहित्यका लागि उनकै पनि केही भएजस्तो लाग्दैन ।

८. **तपाईंलाई उत्कृष्ट लागेका भूपिका कविता कुनकुन हुन् ?**

भूपि शेरचनका सबै कविता उत्कृष्ट नै छन् । एक दुईवटा कविता नेपाल, सर्पको खोजीमा धेरै स्तरीय कविता हुन् । अघि पनि भने घुम्ने मेचमाथिको अन्धो मान्छे कविताका कतिपय विम्बहरू पछिल्ला कवितामा दोहोरिएका छन् । त्यो चाहिँ भूपि शेरचनका कमजोर पक्ष हुन् । सबैभन्दा उत्कृष्ट कविता चाहिँ घुम्ने मेचमाथिको अन्धोमान्छे नै हो । त्यस कवितामा भएका विम्ब हेरौँ न कति बेजोड लाग्छ । मैन बत्तिको शिखा पनि महत्त्वपूर्ण लाग्छ, यस्तै यो हल्लै हल्लाको देश, गलत लाग्छ मलाई मेरो देशको अलि महत्त्वपूर्ण लाग्छन् ।

९. **अहिलेका नयाँ कविहरूमा भूपिको प्रभाव कतिको पाउनु भएको छ ?**

भूपि शेरचन जुन युगमा आए, त्यो बेलामा जुन समस्या थिए, अहिले पनि ती समस्या घटेका छैनन् । त्यसकारण कविले लिने यही समाजबाट विषयवस्तु लिने हो । त्यस कारण पनि कताकता केही कुरो मिल्न आउँछन् । ठ्याक्कै भूपिका कविता हेरेर नलेखे पनि त्योबेलाका समस्या र अहिलेका समस्या उस्तै छ । भनेपछि त विषयवस्तु उस्तै त आउने नै भयो । भूपि पनि गद्यमै कविता लेख्थे । पहिलो कविता सङ्ग्रहमा त उनले झ्याउरे लयमा लेखेका छन्, नयाँ झ्याउरे । त्यसपछि निर्झरमा पनि केही कविता पद्यमा थिए । घुम्ने मेचमाथिको अन्धो मान्छेमा पूरै गद्य कवि हुन् तर पनि पद्यात्मकताको आभास दिने, लयात्मकता दिने खालका अत्यधिक कविता लेखे । उनको अर्को कवितामा पनि त्यही नै रह्यो । गद्यमा लेखेको छन् अहिले पनि, त्यो गद्यका कारणले गर्दा त्यसको मेल हुनु स्वाभाविकै लाग्छ । भूपिले कविता कला चाहिँ चिनेका छन् । उनका कविता मात्र होइन, उनले दिएका अन्तरवार्ता हेर्यो भने पनि ती कवितात्मक लाग्छन् । उनले बोलेका गद्य वाक्यहरू पनि कवितात्मक लाग्छ ।

**‘संसार जेट युगमा छ,**
**अहिले पनि हामी पेट युगमा छौँ’**

यस्तो यस्तो कुरो कहाँबाट कसरी आउँछ होला ? अनुप्रासहरू, ठ्याक, ठ्याक, ठ्याक मिलेर । त्यो गद्य पनि पूरै कवितात्मक छ भने कवितामा त कविता नहुने कुरै भएन । अघि पनि भने पर्सनल विम्बका प्रयोगका दृष्टिकोणले हेर्ने हो भने त्यो सशक्तता प्राप्त गर्नलाई चाहिँ समय लाग्छ । अहिलेका कविहरूपमा पनि ती समस्याहरूबाट परिचित छन् । कविताहरू पनि राम्रा राम्रा आइरहेका

छन् । तर एउटा फरक कुरा के हो भने यो युगकै बेग्लै अर्कै एउटा पहिचान हुन् भूपि । इडिपस कम्प्लेक्स भन्ने फ्रायडको एउटा सिद्धान्त छ । त्यो चाहिँ छोराको बाबुप्रतिको विरोध र आमाप्रतिको निकटता हुन्छ नि, कविको पनि के हुन्छ अरे भने नि पुरानो पुस्तासँगको विरोध र आफ्नो बेग्लै किसिमको नयाँ आइडेन्टिटी हुन्छ भनेर भनेका छन्, केही समीक्षकहरूले । त्यो भन्न खोजेको नराम्रो होइन । देवकोटाको लेखनप्रतिको विरोध या भूपि या लेखनाथ या सम या माधव घिमिरेप्रतिको विरोध । यतातिर आफ्नोतिर चाहिँ लाग्नुपर्छ, धेरै धेरै लाग्नुपर्छ । तर स्तरीयता र लोकप्रियता दुईवटालाई मिट गराउने काम चाहिँ गर्नुपर्छ । धेरै कम कविहरू त्यस स्तरमा चाहिँ खेलिरहनु भएको छ । तर के भने ह्वात्तै भूपि शेरचनको जुन हाइट छ नि त्यसलाई उछिन्ने हुनुपर्यो । त्यो चाहिँ अझै प्रयास गर्नुपर्छ ।

९. **भूपिबारेका केही किंवदन्ती छन् ?**

भूपिका बारेमा विभिन्न किंवदन्ती छन्, एउटाले लेखेको थियो– 'भूपिले विगार्यो कविता' भन्नेमा कविता भएको ठाउँमा कन्या थपेको छ । दुईवटा त उनले बिहे गरेका हुन्, दुईवटै बिहे गर्दा भूपिले कन्या विगार्यो भन्नु त अफ्ठ्यारो होला । कसै कसैले त्यो प्रसङ्गहरू पनि झिक्छन् । उनी आफैंले पनि एक ठाउँ अशेष मल्लले लिएको एउटा अन्तरवार्तामा तपाईंको प्रेम प्रसङ्ग भनेका छन् । अनि भूपिले भनेका छन्, 'प्रसङ्गको कुरा नगरौँ, कतिको बसिसकेको घर पनि उड्छ' । यसले के देखाउँछ भने उनी आफै एउटा छ्याङ्ग खुला किताब जस्ता थिए । कुरो लुकाएर गर्नेखालका मानिस थिएनन् उनी ।

अङ्ग्रेजीमा पर्सन भनिन्छ नि, पर्सन भनेको ल्याटिन भाषाको पर्सोनाबाट आएको हो । यसको अर्थ मुखुण्डो हो । मान्छे मात्र संसारमा एउटा यस्तो प्राणी हो, जो मुखुन्डो लगाएजस्तो हुन्छ । बाहिर एउटा देखिन्छ, भित्र अर्कै हुन्छ । त्यो थाहा पाउँदैन मान्छे । साँचो कुरा भन्दैन मान्छेले, भन्न त भन्छ तर कुरो अर्कै हुन्छ । ओ हो तपाईं क्या राम्रो गीतकार भन्दियो, बाहिर गएर गाली गर्छ । तर भूपि शेरचन छ्याङ्ग थिए, केही राख्दैन थिए । कहिलेकाहीँ के हुँदो रहेछ भने सामान्य कुराहरू पनि आफ्नो सिर्जना शक्ति बलियो भयो भने, त्यो लेखनाथले लेखेका छन् नि 'चन्द्रले रश्मिको दाग मेटाएकै छ बेसरी' भनेजस्तो हुँदो रहेछ । प्रतिभाको त्यो फ्लोले सानातिना गल्तीलाई पनि ओझेलमा पार्छ ।

## 12.4 उपसंहार

**भूपि शेरचन** (वि. स. 1992-2046) नेपाली आधुनिक कवि हुन् । विक्रम सम्वत् 1992 साल पुस 10 गते जन्मिएका भूपि शेरचन नेपाली कविताको मानक कवि मानिन्छन् । उनको 'घुम्ने मेचमाथि अन्धो मान्छे' कवितासंग्रह (026) लाई नेपाली कवितामा विशिष्ट मानिन्छ । भूपिले सो कृतिबाट 026 सालको साझा पुरस्कार समेत पाएका थिए । भूपिका कवितामा हिमाली पाखाका लाली गुराँस र धूपिसल्ला, पहाडका लालुपाते र सुनाखरी, तराईका चाँप र धानका बालामा मात्र नभई चियाका बोटमा नेपाली पिरती घनीभूत हुँदा कवितात्मक सौन्दर्यले मन तान्छ ।

यस्तै भैरहवाको तातो हावामा लाहुरेको गन्ध सुघ्दा, चिसो ऐस्ट्रेरूपी काठमाडौंको रानीपोखरीमा बल्छी खेल्ने जिन्दगी हेर्दा, पोखरामा सेतीको गुम्फनभित्र माछा पुच्छे र फेवातालको गर्वमा राष्ट्रियता पढ्दा कहाँ भूपिलाई बिर्सन सकिन्छ र ? हामी सामाजिक हुन नसक्दाका बेथितिलाई उनी कविताका जलपले चम्काउँछन् । त्यसैले केही क्षण मान्छेले बिर्से पनि उनले दिएका कवितात्मक (साहित्यिक) खुराकमा साहित्यिक माटाले उनलाई बिर्सने छैन । कवि भूपि शेरचन साहित्यिक माटामा आफ्नो युग बनाएर हुर्किसकेका छन् । उनका कविता र गीतका माध्यमले नेपाली साहित्यका क्षेत्रमा उनी शिखर कविका रूपमा चम्किरहने छन् भन्न सकिन्छ । भूपिले कवितामा आफ्नो युग बनाएका छन् । उनले बनाएको युगमा उनले हुर्काएको सरलता, सरसता र सहजता, व्यङ्ग्य र अलङ्कारको घोलबाट जीवनका यथार्थ जसरी जीवन्त छन् त्यसरी नै भूपि पनि नेपाली भाषा, जाति र कविताका माटामा जिउँदा र अमर बनेका छन् ।

'यो नेपाली शिर उचाली संसारमा लम्कन्छौँ ' गीतका रचयिता भूपी शेरचनको जन्म 1992 पुस 10 गते मुस्ताङ जिल्लाको थाक टुकुचेमा भएको थियो । नेपाल प्रज्ञा–प्रतिष्ठानका कुलपति गङ्गाप्रसाद उप्रेतीले कवि भूपि सरल भाषामा समयसामयिक विकृतिमाथि व्यङ्ग्य गर्ने र आधुनिक साहित्यका विशिष्ट कवि भएको उल्लेख गरेका छन् । साहित्यकार डा तुलसी भट्टराईले थोरै कृति लेखे पनि जनप्रिय कविका रुपमा भूपीलाई नेपालीले सम्झना गरेको बताउँदै भूपीका कृतिलाई विभिन्न भाषामा अनुवाद गरेर अन्तर्राष्ट्रिय क्षेत्रसम्म फैलाउनु आवश्यक रहेको औँल्याएका छन् । परिवारका अरु दाजुभाइ प्रजातान्त्रिक विचारधाराका

भए पनि सुरुमा माक्र्सवादी राजनीतिक दर्शनको अङ्गीकार गर्नुभएको थियो । साहित्यकार विष्णु प्रभातले जुनकिरीको गीत लेखे पनि चन्द्रमाजस्तै चम्कने व्यक्ति भूपी शेरचन भएको उल्लेख गरेका छन् । साहित्यकार दामोदर किशोरले नयाँ पुस्ताले भूपीको सोच र विचारलाई अगाडि बढाउनु जरुरी रहेको बताउनुभयो पुस्तकालयका अध्यक्ष वसन्त शेरचनले भूपीको सम्झनामा अक्षयकोष स्थापना गरी 13 हजार जनसङ्ख्या रहेको थकाली जातिको संस्कृतिलाई प्रवद्र्धन गर्न थालिएको जानकारी पनि दिएका छन् ।

## 12.5 सार

यस प्रखण्डमा **भूपि शेरचनको जीवन र दर्शन**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- विक्रम सम्वत् 1992 साल पुस 10 गते जन्मिएका भूपि शेरचन नेपाली कविताको मानक कवि मानिन्छन् ।

- कवि भूपि शेरचनको नयाँ झ्याउने, निर्झर, परिवर्तन आदि कृतिहरू मध्ये ‘घुम्ने मेचमाथि अन्धो मान्छे’ कविता संग्रहलाई नेपाली कवितामा विशिष्ट मानिन्छ । भूपिले सो कृतिबाट 2026 सालको साझा पुरस्कार समेत पाएका थिए ।

- **भूपि शेरचन** (वि. स. 1992-2046) नेपाली आधुनिक कवि हुन् ।

- भूपिको ‘घुम्ने मेचमाथि अन्धो मान्छे’ कवितासंग्रह (026) लाई नेपाली कवितामा विशिष्ट मानिन्छ । भूपिले सो कृतिबाट 026 सालको साझा पुरस्कार समेत पाएका थिए ।

- भूपिका कवितामा हिमाली पाखाका लाली गुराँस र धूपिसल्ला, पहाडका लालुपाते र सुनाखरी, तराईका चाँप र धानका बालामा मात्र नभई चियाका बोटमा नेपाली पिरती घनीभूत हुँदा कवितात्मक सौन्दर्यले मन तान्छ ।

- भूपिका कवितामा हिमाली पाखाका लाली गुराँस र धूपिसल्ला, पहाडका लालुपाते र सुनाखरी, तराईका चाँप र धानका बालामा मात्र नभई चियाका बोटमा नेपाली पिरती घनीभूत हुँदा कवितात्मक सौन्दर्यले मन तान्छ ।

- भैरहवाको तातो हावामा लाहुरेको गन्ध सुध्दा, चिसो ऐस्ट्रेरूपी काठमाडौंको रानीपोखरीमा बल्छी खेल्ने जिन्दगी हेर्दा, पोखरामा सेतीको गुम्फनभित्र माछा पुच्छे र फेवातालको गर्वमा राष्ट्रियता पढ्दा कहाँ भूपिलाई बिर्सन सकिन्दैन ।

- हामी सामाजिक हुन नसक्दाका बेथितिलाई कवि शेरचन कविताका जलपले चम्काउँछन् ।

- त्यसैले केही क्षण मान्छेले बिर्से पनि उनले दिएका कवितात्मक (साहित्यिक) खुराकमा साहित्यिक माटाले उनलाई बिर्सने छैन ।

- कवि भूपि साहित्यिक माटामा आफ्नो युग बनाएर हुर्किसकेका छन् । उनका कविता र गीतका माध्यमले नेपाली साहित्यका क्षेत्रमा उनी शिखर कविका रूपमा चम्किरहने छन् भन्न सकिन्छ ।

- भूपिले कवितामा आफ्नो युग बनाएका छन् । उनले बनाएको युगमा उनले हुर्काएको सरलता, सरसता र सहजता, व्यङ्ग्य र अलङ्कारको घोलबाट जीवनका यथार्थ जसरी जीवन्त छन्

- त्यसरी नै भूपि पनि नेपाली भाषा, जाति र कविताका माटामा जिउँदा र अमर बनेका छन् ।

- नेपाली साहित्यका चर्चित गीतहरू लेख्ने कविहरू अगमसिंह गिरी, हिरभक्त कटुवाल मध्ये कवि भूपि शेरचनको नाउँ पनि अग्रिम पंक्तिमा आउँछ । उनी ‘यो नेपाली शिर उचाली संसारमा लम्कन्छौँ ’ लेखेर निकै नामी कवि भएका थिए । लोकप्रिय कवि भएका थिए ।

यस प्रखण्डको अध्ययनले **भूपि शेरचनको जीवन र दर्शन**बारे बुनियाँदी जानकारी प्राप्त भयो । यस अतिरिक्त भूपि शेरचनको साहित्यिक परिचय र उनका जीवनबारे सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 12.6 अनुशीलनी

1. कवि भूपि शेरचनको जीवनबारे चर्चा गर्दै उनको साहित्यिक योगदानबारे सविस्तार चर्चा गर्नुहोस् ।

2. कवि भूपि शेरचनका कवितामा पाइने प्रमुख विशेषताबारे टिप्पणी गर्नुहोस् ।

Notes

3. भारतेली नेपाली साहित्यमा कवि भूपि शेरचनको महत्त्व र मूल्य के कस्तो रहेको छ ? बताउनुहोस् ।

4. कवि भूपि शेरचनका कविताहरूबारे सबिस्तार रूपमा चर्चा गर्दै उनलाई प्रसिद्ध कविको रूपमा चिनाउनुहोस् ।

5. कवि भूपि शेरचनका कविताहरूमा पाइने काव्यकारितालाई विस्तृत रूपमा प्रस्तुत गर्नुहोस् ।

6. भूपि शेरचनका रचनाहरूमा शैली पक्ष कस्तो रहेको मानिन्छ ? आफ्नो तर्क दिनुहोस् ।

7. कवि भूपि शेरचनलाई एक दक्ष गीतकारको रूपमा चिनाउँदै उनका गीतहरूबारे चर्चा गर्नुहोस्।

8. कवि भूपि शेरचनको साहित्यिक योगदानबारे एउटा टिप्पणी लेख्नुहोस् ।

9 कवि भूपि शेरचनका कृतिगत संरटनाबारे लेख लयार पार्नुहोस् ।

10. कवि भूपि शेरचनलाई कथाकार र सम्पादकको रूपमा चिनाउँदै उनको साहित्यको वैशिष्ठबारे आफ्नो मनतव्य लेख्नुहोस् ।

## 12.7 अतिरिक्त अध्ययन


५. प्रधान, कृष्णचन्द्रसिंह - **साझा समालोचना** ।

1. प्रधान, प्रतापचन्द्र - **केही कृति केही स्मृति** ।

2. प्रधान, हृदयचन्द्रसिंह - नेपाली काव्य र उसका प्रतिनिधि कवि ।

3. श्रेष्ठ, मोहनराज र दयाराम शर्मा - **नेपाली साहित्यको संक्षिप्त इतिहास** ।

4. लुइटेल, खगेन्द्रप्रसाद - **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** ।

5. आले, हरेन - **नव आधुनिक नेपाली कविता** ।

6. सुन्दास, लक्खीदेवी (सम्पा) - **सम्मेलन कविता सङ्ग्रह** ।

7. ठकुरी , मोहन - **नेपाली कविता यात्रा** ।

8. राई, असीत - **भारतीय नेपाली साहित्यको इतिहास** ।

9. ठाकुर, मोहन - **स्वतन्त्रतोत्तर नेपाली कविता** ।

10. रिसाल, राममणि - **नेपाली काव्य र कवि** ।

11. श्रेष्ठ, रमेश - **नेपाली कविताको प्रवृत्ति** ।

12. शर्मा, तारानाथ – **नेपाली साहित्यको इतिहास** ।

13. जिम्बा, टेकध्वज आशा – **आधुनिक भारतीय कविता संचयन** ।

14. नेपाल, घनश्याम - **नेपाली साहित्यको परिच्यात्मक इतिहास** ।

15. प्रधान, कृष्णचन्द्रसिंह - **नेपाली कविताको आधुनिक प्रवृत्ति** ।

16. नवपानीया, हरिभक्त – **नेपाल बाहिर नेपाली साहित्यको गतिविधि** ।

17. अधिकारी, रविलाल - **प्रगतिवादी नेपाली कविता** ।

18. कुँवर, उत्तम - **स्रष्टा र साहित्य** ।

19. चापागाई, नरेन्द्र - **केही सृष्टि : केही दृष्टि** ।

20. त्रिपाठी, वासुदेव - **नेपाली कविताको सिंहावलोकन** ।

21. प्रधानाङ्ग, विकासमान (2047), (संयोजक) - **भूपि स्मृति ग्रन्थ** ।

22. बराल, कृष्णहरि - **कवि भूपि विश्लेषण र मूल्याड्कन** ।

23. रिमाल 'यात्री' बासु - **केही साहित्यिक चिन्तनहरू** ।

24. शर्मा, तारानाथ - 'हुँदैन बिहान मिर्मिरमा तारा झरेर नगए', गरिमा, (वर्ष 7, अङ्क 6 ।

25. शर्मा, सुकुम (2053) 'रूपरेखा, रक्सी र भूपि' प्रयोग, वर्ष 1 अङ्क 8 ।

26. …… (2054) 'भूपिका कवितामा चित्रात्मक प्रयोग' वन्दना, वर्ष 16 अङ्क 3 ।
…… (2055) 'भूपिले कवितामा उतारेको पोखरालाई अवलोकन गर्दा' उदय, वर्ष 61 अङ्क 2 ।

27. …… (2055) 'भूपिको यो हल्लै हल्लाको देश हो भन्ने कवितालाई खोतल्दा' साहित्यसागर, वर्ष 1 अङ्क 1 ।

28. …… (2056) 'भूपिको 'भूपि शेरचन' कवितालाई खोतल्दा' समष्टि, वर्ष 20, अङ्क 5 । …… (2056) 'कवि भूपि शेरचनको जीवनीको छोटो झलक' साहित्यसागर, वर्ष 2 अङ्क 1, पूर्णाङ्क 4 ।

29. …… (2056) ‘गलत लाग्छ मलाई मेरो देशको इतिहास’ आजको समाचारपत्र,।

…… (2058) ‘कवि भूपिका आँखामा नेपाल र नेपालीहरू’ प्रतिभा, वर्ष 7 अङ्क 5 ।

यस अतिरिक्त **भूपि शेरचन**बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 12.8 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

२१. कवि भूपि शेरचनका सामान्य परिचय ।

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 12.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२२. भूपि शेरचनका जीवन ।

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 12.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२३. भूपि शेरचनको जन्म तथा मृत्यु एवम् परिवार ।

.........................................................................................................

......................................................................................................

......................................................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 12.3.2 र 12.3.2 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२४. भूपि शेरचनको शिक्षा – दिक्षा र पेशा ।

.....................................................................................................

........................................................................................................

........................................................................................................

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 12.3.3 र 12.3.4 को खण्ड अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

२५. भूपि शेरचनको जीवन दर्शन ।

........................................................................................................

........................................................................................................

........................................................................................................

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 12.4 को खण्ड अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 13, भूपि शेरचनको कृतिमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य  अनि सार्वजनीनता

**संरचना**


13.0 उद्देश्य

13.1 परिचय

13.2 भूपि शेरचनको सामान्य परिचय

13.3 भूपि शेरचनको कृतिहरू

13.4 भूपि शेरचनको कृतिमा निहित सामाजिक

13.5 भूपि शेरचनको कृतिमा निहित सांस्कृतिक

13.6 भूपि शेरचनको कृतिमा निहित मानवीय मूल्य

13.7 भूपि शेरचनको कृतिमा निहित सार्वजनीनता

13.8 उपसंहार

13.9 सार

13.10 अनुशीलनी

13.11 अतिरिक्त अध्ययन

13.12 मूल्यबृद्धिको निम्ति उत्तर


## 13.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- भूपि शेरचनको सामान्य परिचय
- भूपि शेरचनको कृतिहरू
- भूपि शेरचनको कृतिमा निहित सामाजिक
- भूपि शेरचनको कृतिमा निहित सांस्कृतिक

- भूपि शेरचनको कृतिमा निहित मानवीय मूल्य
- भूपि शेरचनको कृतिमा निहित सार्वजनीनता

# 13.1 परिचय

कवि भूपि शेरचनको जन्म वि.सं. 1992 साल पुस (14 मे 1937) महिनामा मुस्ताङ जिल्लाको थाक टुकुचेमा भएको हो । भूपी 6 वर्षका हुँदा उनकी आमाको मृत्यु भएको थियो । मातृ वात्सल्यविहीन भूपी अत्यन्त सम्वेदनशील थिए । नेपाली आधुनिक कवि भूपिको वास्तविक नाम भुपेन्द्रमान शेरचन हुन् । आफ्नो जीवन कालमा अध्ययनको लागि कवि भूपि बनारस गएका थिए । उनले बि. ए. सम्म अध्ययन गरेका थिए । उनले दुई विवाह गरे । दोस्री सहयात्री कान्तिसँग उनले वि. सं. 2025 सालमा अन्तर्जातीय विवाह गरेका थिए ।

कवि भूपि नेपाल कमन्युस्ट पार्टीको जिल्ला सचिव (वि. सं. 2012), ठेकेदारी (वि. सं. 2018 देखि), नेपाल राजकीय प्रज्ञा -प्रतिष्ठानका सदस्य (वि. सं. 2026) आदि सेवा र पेसामा संलग्न थिए । मूलत: कवि शेरचनका कविताहरूमा स्वच्छन्दतावादी भावना, व्यङ्ग्यात्मक, युगीन विचारधारा, सन्त्रास आदि पाइन्छन् । उनी केही लेख्छन् यसो हेर्छन् चित्त बुझ्दैन अनि फेरि कविता केर्छन् । पुनः हेर्छन् लामो सास फेर्छन् , कठैबरा, बिचरा कवि ‘भूपी’ शेरचन। कवि भूपि शेरचनको **नयाँ झ्याउरे** (वि. सं. 2010), **निर्झर** (वि. सं. 2015), **घुम्ने मेचमाथि अन्धो मान्छे** (वि. सं. 2025) आदि कविता सङ्ग्रह अनि **परिवर्तन** (वि. सं. 2010) नाटक प्रकाशित छन् । उनलाई सन् 1969 मा **घुम्ने मेचमाथि अन्धो मान्छे** कविता कृतिको लागि साझा पुरस्कार बाट सम्मानित गरिएको थियो ।

# 13.2 भूपि शेरचनको सामान्य परिचय

विक्रम सम्वत् 1992 साल पुस 10 गते जन्मिएका भूपि शेरचन नेपाली कविताको मानक कवि मानिन्छन् । उनको ‘घुम्ने मेचमाथि अन्धो मान्छे’ कवितासंग्रह (026) लाई नेपाली कवितामा विशिष्ट मानिन्छ । भूपिले सो कृतिबाट 026 सालको साझा पुरस्कार समेत पाएका थिए । भूपिका कवितामा हिमाली पाखाका लाली गुराँस र धूपिसल्ला, पहाडका लालुपाते र सुनाखरी, तराईका चाँप र धानका बालामा मात्र नभई चियाका बोटमा नेपाली पिरती घनीभूत हुँदा कवितात्मक सौन्दर्यले मन तान्छ । यस्तै भैरहवाको तातो हावामा लाहुरेको गन्ध सुघ्दा, चिसो ऐस्ट्रेरूपी

काठमाडौंको रानीपोखरीमा बल्छी खेल्ने जिन्दगी हेर्दा, पोखरामा सेतीको गुम्फनभित्र माछा पुच्छे र फेवातालको गर्वमा राष्ट्रियता पढ्दा कहाँ भूपिलाई बिर्सन सकिन्छ र ? हामी सामाजिक हुन नसक्दाका बेथितिलाई उनी कविताका जलपले चम्काउँछन् । त्यसैले केही क्षण मान्छेले बिर्से पनि उनले दिएका कवितात्मक
(साहित्यिक) खुराकमा साहित्यिक माटाले उनलाई बिर्सने छैन ।

उनी साहित्यिक माटामा आफ्नो युग बनाएर हुर्किसकेका छन् । उनका कविता र गीतका माध्यमले नेपाली साहित्यका क्षेत्रमा उनी शिखर कविका रूपमा चम्किरहने छन् भन्न सकिन्छ । भूपिले कवितामा आफ्नो युग बनाएका छन् । उनले बनाएको युगमा उनले हुर्काएको सरलता, सरसता र सहजता, व्यङ्ग्य र अलङ्कारको घोलबाट जीवनका यथार्थ जसरी जीवन्त छन् त्यसरी नै भूपि पनि नेपाली भाषा, जाति र कविताका माटामा जिउँदा र अमर बनेका छन् ।

हितमान शेरचनका चार भाइ छोरामध्ये अन्तिम सन्तान भनेका नै भूपेन्द्रमान हुन्। चार छोरा भइसकेपछि छोरीको अपेक्षा गर्दागर्दै पाँचौं सन्तानको रूपमा उनको जन्म भएको हो। छोरीको अपेक्षामा बज्र त परेको थियो नै त्यसमा पनि पुषे औंशीको दिन र चिन्ता ठूलो परिवारमा उनको जन्मुन परेर मूल (अम्ष्या-र कुरा निराशाकोþयो। सोही कारण उनका बाबुले छ महिनासम्म उनको मुख हेरेनन् भनिन्छ। छ महिनाको समयपश्चात एक चर्चित ज्योतिषीलाई जन्मकुण्डली हेराउँदा कसैलाई नपिर्ने, आफूलाई नै पिर्ने बताएपछि पिता हितमानले उनको मुख हेरेका थिए। विडम्बना पाँच वर्षको उमेरमा उनकी आमाको मृत्यु हुनाले उनलाई 'आमा टोकुवा' को आभूषण पहिऱ्याउने काम भयो। गाउँ समाजमा उनलाई गाली गलौच गरिदा कलिलो मस्तिष्कमा आफ्ना कलिला दाँतहरूले कसरी आमालाई टोके भन्ने छाप पऱ्यो, अन्तत उनी व्रिरोही बन्दै गए।

सुब्बा हितमान शेरचन र पदमकुमारी शेरचनका कान्छा छोरा भूपि शेरचनको खास नाम भूपेन्द्रमान शेरचन हो । उनले भूपेन्द्रमान शेरचन्द 'सर्वहारा' (परिवर्तन, 2010), 'सर्वहारा' (नया" झ्याउरे, 1954 ई.), भूपेन्द्रमान शेरचन्द (बी.एम. शेरचन्द, निर्भर, 2015) जस्ता नाम लेखेका भए पनि घुम्ने मेचमाथि अन्धो मान्छे (2025) कविता सङ्ग्रहमा भूपि शेरचन भनेर आफुलाई चिनाएका छन् । आज उनको सम्पूर्ण परिचय कवि भूपि शेरचन भएर रहेको छ । भूपि पाँच वर्षका हुँदा उनकी आमाको मृत्यु भएकाले र उनका दिदीबैनी नभएकाले उनी

मातृजातिको स्नेहबाट वञ्चित भएको उल्लेख छ (कुँवर, 2023 ः 81) । त्यति मात्र नभएर छोरीको आशमा छोरा भइदिएको र मूलमा जन्मिएकाले पारिवारिक उपेक्षामा उनको बाल्यकाल बितेको पनि थाहा हुन्छ (कुवँर, 2023 ः 81) । यस उपेक्षाका कारण कलिलै अवस्थामा असह्य मानसिक स्थिति लिएर उनी हुर्कंदै गएको यथार्थ पनि बिर्सन मिल्दैन । यस किसिमको पारिवारिक विषम परिस्थितिमा हुर्किएका कवि शेरचन 10÷12 वर्षको उमेरदेखि शिक्षाका लागि बनारसमा बस्न थालेको जानकारी पाइन्छ (कुँवर, 2023 ः 81) ।

वि.सं. 2010 मा प्रकाशित 'परिवर्तन' नाटकका भूमिकामा "साहित्यप्रति अभिरूचि चार वर्ष अघिदेखि नै जनजीवनको अनुभूतिबाट सर्वहाराजीमा हुन गयो" भन्ने वाक्य लेखिएको छ । यस आधारमा उनको साहित्यिक यात्रा 2006 सालबाटै भएको बुझिन्छ । बनारसमा अध्ययन गर्ने क्रममा उनी माक्र्सवादी चिन्तनप्रति आकर्षित भएको पाइन्छ । त्यसबेला उनको स्वभावमा परिवर्तन आएको रक्सी, चुरोट आदि खान सिकेको पनि जनाइएको छ (भूपि स्मृति, वि. सं. 2047 ः 33) । यसै समयमा उनी कम्युनिस्ट राजनीतिमा प्रतिबद्ध भएको पाइन्छ । यसको स्पष्ट प्रभाव 'परिवर्तन' र 'नयाँ झ्याउरे' मा परेको छ । उनले औपचारिक शिक्षा बी.ए. भन्दा माथि लैजान नसकेको पनि उल्लेख छ (सुवेदी, 2037 ः 3) ।

भूपिको साहित्यतिर अभिरूचि 2006 सालबाटै देखिए पनि उनको पहिलो प्रकाशित रचना कृति भने 'परिवर्तन' (2010) नाटक हो । कवितामा उनको सर्वप्रथम 'नयाँ झ्याउरे' (1954 ई.) गीति कविता सङ्ग्रह प्रकाशनमा आएको पाइन्छ । यसरी नै "यही नयाँ बिहानीको सन्देश लिएर यो कहानी सङ्ग्रह प्रकाशित हुँदैछ, यसमा साथी भवानीप्रसाद शर्मा र 'सर्वहारा' - का कहानीहरू सङ्कलित हुनेछन्", (1954 ई.) भन्ने जनयुग प्रकाशनको सूचना पाइए पनि उनका कथा भने प्रकाशित भएका छैनन् । बरू उनले आफुले कहिल्यै कथा नलेखेको बताएका छन् (सुवेदी, 2037) । पढाइतिर सफल नभएपछि पारिवारिक दबाबमा परेर भूपि वि. सं. 2012 मा वैवाहिक बन्धनमा बाँधिएको पाइन्छ । यसै ताका भद्र अवज्ञा आन्दोलनमा भाग लिँदा उनी जेलमा परेका थिए भन्ने उल्लेख पनि छ (कुँवर, 2023 ः81) । वि.सं. 2013 सालमा 'युवा फेस्टिभल' मा भाग लिन रूसको भ्रमणमा गएका भूपिमा साम्यवादी विचारप्रति प्रतिकूल प्रभाव परयो भन्ने कुरो विचारणीय देखिन्छ (सुवेदी, 2037 ः 4) ।

Notes

यसपछिका दिनमा उग्र र रोमान्टिक साम्यवादी स्वर मत्थर भएको भन्ने भूपिको आत्मस्वीकृति भए पनि 'होचिमिह्नलाई चिठी' जस्ता कविता यसपछि नै लेखेको प्रसङ्ग स्वात्तै मिल्काउन सकिँदैन । 'निर्भर' कविता कृतिको प्रकाशनपछि नै भूपि स्वशैलीका कविता लेख्न थालेका हुन् । यसपछि यिनका कवितामा कलात्मक, बौद्धिक तथा व्यङ्ग्यात्मकताभित्र सौन्दर्यात्मक उचाइ थपिएको हो । त्यस समयमा भूपिको रक्सीको लत, राजनीतिक विवाद र मृत्युको चाहनालाई लिएर चर्को विवाद भएको यथार्थलाई लुकाउन मिल्दैन । यसबाट उनको लेखन र जीवनका कार्यहरूका बीचमा तालमेल नमिलेको पनि स्पष्ट हुन्छ ।

यस प्रसङ्गमा निम्न लिखित भनाइ मननीय छ– "कुनै समयमा 'म एक पुत्र', एक पति, एक पिता हुँ" भनी आफ्नो कर्तव्यपट्टि सजग रहन सकेको भूपि आज आएर रमको धूनमा आफ्नो त्यो कर्तव्य बिर्सेर म केही होइन, म खाली एउटा बोतल हूँ र मेरो आदि–अन्त केही छैन भन्छ भने उसलाई आफ्नो पुरानो कर्तव्यपट्टि सजग गराउने काम हाम्रो हो" (ढकाल, 2020 ः 45) । यसै क्रममा तारानाथ शर्मा "भूपि हाम्रा युगका ठूला कवि हुनुहन्छ जसका कलममा नवीनता गुलियो गीत भएर गुञ्जिएको छ" (पृ. 36) भनेर नपुगी "तल्ला वर्गेहरूका प्यारा कवि" (पृ. 37) तथा "यस नक्षत्रलाई आजका पुस्ताले चिन्न नसके पनि भोलिकाहरूले अवश्य चिन्नेछन् र आफ्ना मुटुमा टाँस्ने छन्" (पृ. 37) भन्दै "भूपि कवितामा राम्रो विचारको र राम्रो शैलीको सङ्गीतात्मक मेल भएको" (पृ. 46) उल्लेख गरेका छन् (शर्मा, 2021 ः 25–47) । साहित्यमा चर्चा–परिचर्चा उठेका बेलामा उनी "म पहिले वादलाई महइभ्व दिएर लेख्थेँ तर पछि जुन कुराले आपूmलाई खिच्छ त्यही कुरालाई लिई लेख्न थालेको छु । यद्यपि कला कलाको निमित्त भन्ने सिद्धान्तलाई म यद्यापि मान्दिनँ" (कुँवर, 2023 ः 81) भन्छन् । यसको दुई वर्षपछि उनको चर्चित कृति "घुम्ने मेचमाथि अन्धो मान्छे" (2025 वि.सं.) प्रकाशित भएको पाइन्छ ।

साहित्यमा मात्रै लागेर बाँच्न नसकिने परिवेशलाई भूपि लेखन र जीवनका सन्दर्भबाट बुझिसकेका हुन्छन् । एकपछि अर्को हुँदै पारिवारिक बोझ पनि उनका थाप्लामा थपिँदै गएको पाइन्छ । भूपि भैरहवा, पोखरा र चितौनमा ठेकेदारी गरेर केही समय बिताएका भए पनि त्यसमा रम्न नसकेको बताइन्छ । वि.सं. 2026 मा दोस्रो विवाह गरेपछि उनले जीवनप्रति केही आसा सँगालेका थिए भनिएको पनि पाइन्छ (सुवेदी, 2037) । वि. सं. 2026 मा साझा पुरस्कारद्वारा सम्मानित भूपिको कृति "घुम्ने मेचमाथि अन्धो मान्छे" हो । यसपछि भूपिका फुटकर रूपमा फाट्टफुट्ट

कविता र अन्य रचना पत्र - पत्रिकामा प्रकाशित भए पनि कृति भने प्रकाशनमा आएको पाइँदैन । वि. सं. 2030 तिर उनी चर्को बिरामी परेका र बिरामीबाट तङ्ग्रिएपछि दम र मधुमेहको रोगसित लड्दै साहित्यिक संसारमा क्रियाशील भएका थिए भन्ने उल्लेख छ (भूपि स्मृति ग्रन्थ, 2046) ।

भूपि वि. सं. 2036 मा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका सदस्य बनेका हुन् (सुवेदी, 2037 ः 4) । भूपिले आफ्नो मौनता चिरेर साहित्यमा सिर्जनारत भए पनि आफ्नो साहित्यिक उच्चतालाई कायमै राख्न भने सकेनन् । वैचारिक विचलनले उनलाई प्राज्ञका कुर्चीमा पु¥याए पनि उनले साहित्यिक ऊर्जा र प्रौढ साधनाको कवितात्मक प्राप्तिलाई प्रखर रूपमा देखाउन भने सकेनन् । केही स्तुति र प्रेमका भाकामा हराउँदै राजतन्त्रलाई स्वीकारेर भूपिले आफ्नो पुरानो विचारमा आपैmलाई व्यङ्ग्य हुने काम पनि गर्न पुगे । यसमा पनि यी भनाइले उनको विगतको पाटालाई स्मरण गराएको छ । उनी 'मधुपर्क' को लागि मसँग मधु चाहनुहुन्छ मेरो रचना भने कटु हुन्छ र "म कविताको विषयमा मात्र होइन, जुनसुकै राम्रो विषयको भविष्यको सम्बन्धमा ज्यादै आशावादी छु" (मधुपर्क, 2038) भन्छन् । विचारअनुसारको कार्य नभएर नै उनका रचनाको चर्चा गर्दा पछिल्लो समयको विचार देखाएर धैरैले उनको कृतित्वको अवमूल्यन पनि गरेका छन् । उनका राम्रा विचार र कार्यको सम्मान गर्दै मिल्काउन पर्ने विचार र कार्य फाल्दै मूल्याङ्कन हुनपर्ने आजको पक्ष हो ।

भूपि लामो समयको मौनता तोडेर वि.सं. 2041 मा "सर्पहरूको खोजीमा" भन्ने कविता लेख्छन् । त्यसै समयमा भूपि आफ्ना बारेमा भन्छन्– "विगत दुई दशकदेखि मभित्र कविता लेखनप्रति विरक्त्याइँ क्रमशः बढ्दै गएको तथा एक दशकदेखि मेरो स्वास्थ्य बिग्रदै गएकाले मैले लेख्न नसकेको हुँ" (गरिमा, 2041 ः पूर्णाङ्क 18) । भूपि कम्युनिस्ट र कवितामा लागेर आफु बिग्रिएको तथ्यलाई खोल्दा उनले बहुदलवादीहरूप्रति रोष प्रकट गर्छन् । आँधी र हुरी नआएसम्म समाजमा परिवर्तनको नयाँ बिहानी नआउने धारणा राखेर क्रान्तिमा समर्पित कवि राजाको निगाहलाई सर्वस्व ठानेर बाँच्नमा गर्व गरेका छन् । परिवार पाल्ने समस्यालाई "को बाल्न सक्छ दियो हुरी चलेको घरमा" भनेर यथार्थबाट पलायन भएका छन् । उनी आफ्ना जीवनका महइभ्वपूर्ण घटनामा "औंसीमा जन्मी मूलमा पर्नु, किशोरावस्थामा कम्युनिस्ट भएर भूलमा पर्नु र अहिले कर्मनिस्ट हुनु" (गरिमा, 2041 ः9) बताउँछन् । यसबाट उनको वैचारिक यात्रा स्पष्ट हुन्छ ।

Notes

प्रज्ञा प्रतिष्ठानको कुर्ची पदबाट भूपि सन्तुष्ट भने देखिँदैनन् । उनी "घुम्ने मेचमाथि पुगेपछि म आधा अन्धो मान्छेचाहिँ भएँ" भनी यसप्रति असन्तुष्टि व्यक्त गर्छन् । यस प्रसङ्गमा दाहिने आँखो पहिल्यै अन्धो भएको र देब्रे आँखो पनि बिग्रदै गएको उनको कथन छ (गरिमा, 2041 ः पूर्णाङ्क 18) । उनी नेपाली मगज 'जेट युग' - मा र च्यापुभन्दा तल 'पेट युग' मा भएको वास्तविकतालाई राम्ररी मनन गर्छन् । उनले समसामयिक कविहरूका बारेमा अध्ययन–अनुसन्धान गर्न प्रेरित गर्थे भन्ने भनाइ स्मरणीय छ (शर्मा, 2046ः 112) । आठ सन्तानका पिता र दुई पत्नीका पति भूपि सङ्गीत, क्रिकेटमा रूचि राख्थे भन्ने पाइन्छ । 'प्रेम प्रसङ्ग' (विगत) का कुरा नगरौं थुप्रै सुखी परिवार दुःखी होलान् भन्ने उनको भनाइबाट रसिक भूपिलाई सहजै चिन्न सकिन्छ । यस धर्तीमा रहुन्जेल उनका जीवनका जे जस्ता पाटा भए पनि उनको अमर कार्य कविता सिर्जना नै हो । यस धर्तीमा 54 वर्ष बिताएर वि.सं. 2046 जेठ 1 गते (गोरखापत्र, 2046) कवि भूपि यस धर्तीबाट सदाका लागि विदा भए । उनको भौतिक देह हाम्रा माझमा नभए पनि उनको कवि व्यक्तित्व जिउँदो रूपमा हाम्रासामु उभिइरहेको छ ।
यस सन्दर्भमा "उनको दाहसंस्कारमा नौजना साहित्यकारहरू मात्र सम्मिलित हुन सकेछन् र सारा साहित्यिक समाजले उनलाई बिर्सेजस्तै भएछ तर उनी हाम्रा हृदयमा कहिल्यै मर्दैनन्" (शर्मा, 2046 ः 112) भन्ने मूल्याङ्कन स्मरणीय छ ।

भूपिका कवितामा हिमाली पाखाका लाली गुराँस र धूपिसल्ला, पहाडका लालुपाते र सुनाखरी, तराईका चाँप र धानका बालामा मात्र नभई चियाका बोटमा नेपाली पिरती घनीभूत हुँदा कवितात्मक सौन्दर्यले मन तान्छ । यस्तै भैरहवाको तातो हावामा लाहुरेको गन्ध सुघ्दा, चिसो ऐस्ट्रेरूपी काठमाडौंको रानीपोखरीमा बल्छी खेल्ने जिन्दगी हेर्दा, पोखरामा
सेतीको गुम्फनभित्र माछा पुच्छे र फेवातालको गर्वमा राष्ट्रियता पढ्दा कहाँ भूपिलाई बिर्सन सकिन्छ र ? हामी सामाजिक हुन नसक्दाका बेथितिलाई उनी कविताका जलपले
चम्काउँछन् । त्यसैले केही क्षण मान्छेले बिर्से पनि उनले दिएका कवितात्मक (साहित्यिक) खुराकमा साहित्यिक माटाले उनलाई बिर्सने छैन । उनी साहित्यिक माटामा आफ्नो युग बनाएर हुर्किसकेका छन् । उनका कविता र गीतका माध्यमले नेपाली साहित्यका क्षेत्रमा उनी शिखर कविका रूपमा चम्किरहने छन् भन्न सकिन्छ । भूपिले कवितामा आफ्नो युग बनाएका छन् । उनले बनाएको युगमा उनले हुर्काएको सरलता, सरसता र सहजता, व्यङ्ग्य र अलङ्कारको

घोलबाट जीवनका यथार्थ जसरी जीवन्त छन् त्यसरी नै भूपि पनि नेपाली भाषा, जाति र कविताका माटामा जिउँदा र अमर बनेका छन् ।

## 13.3 भूपि शेरचनको कृतिहरू

**भूपी शेरचनका प्रकाशित कृतिहरू निम्नलिखित छन् -**

५. **परिवर्तन** (वि. सं. 2010) नाटक ।

६. **नयाँ झ्याउरे** (वि. सं. 2010) कविता सङग्रह ।

७. **निर्झर** (वि. सं. 2015) कविता सङ्ग्रह ।

८. **घुम्ने मेचमाथि अन्धो मान्छे** (वि. सं.2025) कविता सङ्ग्रह ।

कवि भूपि शेरचनको पहिलो कविता सङग्रहको रूपमा **नयाँ झ्याउरे** प्रकाशित भएको हो । प्रस्तुत कति सन् 1954 मा प्रकाशित भएको पाइन्छ । कतिपय समालोचकहरूले प्रस्तुत कृतिलाई गीति कविता सङ्ग्रह मानेका पनि छन् । उनको "यही नयाँ बिहानीको सन्देश लिएर यो कहानी सङ्ग्रह प्रकाशित हुँदैछ, यसमा साथी भवानीप्रसाद शर्मा र 'सर्वहारा' -का कहानीहरू सङ्कलित हुनेछन्", (1954 ईभन्ने (. जनयुग प्रकाशनको सूचना पाइए पनि उनका कथा भने प्रकाशित भएका छैनन् ।

**निर्भर** कविता कृति वि. सं. 2010 मा प्रकाशित भएको पाइन्छ । प्रस्तुत कृतिको प्रकाशनपछि नै भूपि स्वशैलीका कविता लेख्न थालेका हुन् । यसपछि यिनका कवितामा कलात्मक, बौद्धिक तथा व्यङ्ग्यात्मकताभित्र सौन्दर्यात्मक उचाइ थपिएको हो । त्यस समयमा भूपिको रक्सीको लत, राजनीतिक विवाद र मृत्युको चाहनालाई लिएर चर्को विवाद भएको यथार्थलाई लुकाउन मिल्दैन । यसबाट उनको लेखन र जीवनका कार्यहरूका बीचमा तालमेल नमिलेको पनि स्पष्ट हुन्छ। यस प्रसङ्गमा निम्न लिखित भनाइ मननीय छ– "कुनै समयमा 'म एक पुत्र', एक पति, एक पिता हुँ" भनी आफ्नो कर्तव्यपट्टि सजग रहन सकेको भूपि आज आएर रमको धूनमा आफ्नो त्यो कर्तव्य बिर्सेर म केही होइन, म खाली एउटा बोतल हूँ र

मेरो आदि–अन्त केही छैन भन्छ भने उसलाई आफ्नो पुरानो कर्तव्यपट्टि सजग गराउने काम हाम्रो हो" (ढकाल, 2020 ः 45) । यसै क्रममा तारानाथ शर्मा "भूपि हाम्रा युगका ठूला कवि हुनुहन्छ जसका कलममा नवीनता गुलियो गीत भएर गुञ्जिएको छ" (पृ. 36) भनेर नपुगी "तल्ला वर्गेहरूका प्यारा कवि" (पृ. 37) तथा "यस नक्षत्रलाई आजका पुस्ताले चिन्न नसके पनि भोलिकाहरूले अवश्य चिन्नेछन् र आफ्ना मुटुमा टाँस्ने छन्" (पृ. 37) भन्दै "भूपि कवितामा राम्रो विचारको र राम्रो शैलीको सङ्गीतात्मक मेल भएको" (पृ. 46) उल्लेख गरेका छन् (शर्मा, 2021 ः 25–47) ।

साहित्यमा चर्चा - परिचर्चा उठेका बेलामा उनी "म पहिले वादलाई महइभ्व दिएर लेख्थेँ तर पछि जुन कुराले आपूmलाई खिच्छ त्यही कुरालाई लिई लेख्न थालेको छु । यद्यपि कला कलाको निमित्त भन्ने सिद्धान्तलाई म यद्यापि मान्दिनँ" (कुँवर, 2023 ः 81) भन्छन् । यसको दुई वर्षपछि उनको चर्चित कृति "घुम्ने मेचमाथि अन्धो मान्छे" (2025 वि.सं.) प्रकाशित भएको पाइन्छ ।

वि. सं. 2026 मा साझा पुरस्कारद्वारा सम्मानित भूपिको कृति **घुम्ने मेचमाथि अन्धो मान्छे** हो । यसपछि भूपिका फुटकर रूपमा फाट्ट - फुट्ट कविता र अन्य रचना पत्र - पत्रिकामा प्रकाशित भए पनि कृति भने प्रकाशनमा आएको पाइँदैन । साझा पुरस्कार पाउने पहिलो कृति पनि **घुम्ने मेचमाथि अन्धो मान्छे** नै हो, जसमा 42 वटा कविताहरू सरल, सरस भाषाशैली र अनुप्रासयुक्त एवम् लयात्मक भावाभिव्यक्तिले सिंगारिएका छन्।

नेपालीका कविहरूमध्ये उम्दाउम्दा उपमा दिनेमा कविशिरोमणि लेखनाथलाई कसैले उछिन्न सकेको छैन। अचेलका नेपाली कवितामा त उपमा भन्ने चलन नै छैन, 'बिम्ब' भन्नुपर्छ। तर, उपमा या बिम्ब जे भने पनि त्यस विधामा कवि भूपि शेरचन अद्वितीय छन् भन्ने मेरो धारणाको प्रमाण प्रस्तुत गर्न यही एउटा पुस्तक, 'घुम्ने मेच' पर्याप्त छ भन्ने मलाई लाग्छ।

यस किताबबाट एउटा मात्र कविता झिकेर हेरूँ न– 'मैनबत्तीको शिखा।' कति थरी उपमा दिएका छन् उनले त्यो एउटा बत्तीको, 'सन्तुष्ट पुत्रवतीको आँखा', 'एक्लै एक्लै मुस्कुराइरहेकी सुन्दरी नवयुवतीको अनुहार' या यो–

***'एकातिर धप्पधप्प, बलिरहेछ अनुहार***
***अर्कातिर तप्पतप्प ढलिरहेछ अश्रुधार***
***मानौं यो कुनै विधवाको त्यो क्षणको अनुहार हो***

*जब कि उनलाई आएछ याद, एकसाथ, सुहागरात र पतिको*
*शुभ्र, शान्त र स्निग्ध, शिखा मैनबत्तीको।'*

अर्को कविता छ– 'वसन्त', जसमा उपमा र बिम्बहरूको जुन पौल छ त्यो वर्णनातीत छ। त्यसको स्वाद लिन त पढ्नैपर्छ। भूपि शेरचनका 'भोकमा डुबेका चोक' र 'वैलाएका कलि जस्ता गल्ली' मा 'चियाको किट्लीबाट उदाउने र रक्सीका रित्ता गिलासमा डुब्ने सूर्य' सँग कसले सक्छ आँखा जुधाउन ? को जिस्काउन जान सक्छ भूपिको रानीपोखरीमा बल्छी हालेर झोक्राइरहेको घन्टाघरलाई ? बिचरो त्यो पेन्सनर सिपाही, घन्टाघरले, फौजी जीवनका सबै बस्तु गुमाइसक्यो, केवल पुरानो डिजाइनको एउटा ठूलो गोलो जेबघडी छातीमा झुन्ड्याएको छ अनि शिरमा पुरानो टोप भिरेको छ। के यो 'होमेरिक सिमिली' होइन ? यस्ता उदाहरण नेपाली साहित्यमा अन्यत्र कहाँ पाइन्छन् मलाई थाहा छैन। तर, भूपि चाहिं भन्न सक्छन् 'नेपाल खुम्चिएर काठमाडौंमा, काठमाडौं डल्लिएर नयाँ सडकमा र नयाँ सडक– असंख्य मानिसहरूका पाउमुनि कुल्चिएर, टुक्रिएर अखबार, चिया र पानको पसल बन्छ।'

**हामी आफूखुसी कहिल्यै मिल्न नसक्ने**
**कसैले मिलाइदिनुपर्ने,**
**हामी आफूखुसी कहिल्यै छुट्टिन नसक्ने**
**कसैले छुट्ट्याइदिनुपर्ने,**
**हामी आफूखुसी कहिल्यै अगाडि बढ्न नसक्ने**
**कसैले पछाडिबाट हिर्काउनुपर्ने, हिँडाउनुपर्ने**
**हामी रङ–रोगन छुटेका**
**टुटेका, फुटेका**
**पुरानो क्यारमबोर्डका गोटी हौं**
**एउटा मनोरञ्जक खेलका सामग्री,**
**एउटा खेलाडीमाथि आश्रित,**
**आफ्नो गति हराएका**
**एउटा 'स्ट्राइकर'द्वारा सञ्चालित**
**हो, हामी मानिस कम र बर्ता गोटी हौं।**

आफू बाँचेको समय र समाजसँग ठिक ढंगले संवाद गर्ने कवि भूपि शेरचन बितेको 25 वर्ष बितिसक्यो। माथिको 'हामी' शीर्षकको कविता छापिएको (रूपरेखा, 2017) पनि झन्डै साढे पाँच दशक भइसकेको छ। अहिले पनि यी

शब्द उत्तिकै सम्प्रेष्य र सान्दर्भिक लाग्छन्। देश यतिखेर नयाँ संविधानका लागि प्रसव वेदनामा छ। विडम्बना, राज्य सञ्चालन तहमा बसेका 'ड्राइभर'हरू भूपिले भनेकै क्यारमबोर्डका गोटीभन्दा फरक देखिएनन्। उनीहरूको प्रवृत्ति बर्षौंदेखि बदलिन सकेको छैन। यही कविताले प्रस्ट पार्छ– भूपिका कविता इतिहासको कुनै पनि कालखण्डमा उत्तिकै समसामयिक छन्। मुस्ताङको टुकुचेमा विसं 1992 पुस 10 गते जन्मिएका भूपेन्द्रमान शेरचन पछि उनको कविताजस्तै सरल र सम्प्रेष्य नाम भूपिबाट परिचित बने। लगभग 2006 पछि साहित्यको गोरेटो समाएका उनले 2010 मै 'परिवर्तन' नाटक लेखेका थिए। 2010 मा 'नयाँ झ्याउरे' कविता संग्रह र 2015 मा 'निर्झर' कविता संग्रहपछि उनले 2025 मा यस्तो कृति निकाले, जुन उनको प्रतिनिधि कवितासंग्रह बन्यो। लाग्छ, 'घुम्ने मेचमाथि अन्धो मान्छे' र भूपि शेरचन पर्याय हुन्। सोही कृतिले पहिलोपल्ट साझा पुरस्कार पनि पायो।

आधुनिक नेपाली कविता परम्परामा पद्य र छन्दको दबदबाबीच गोपालप्रसाद रिमालले कवितामा गद्यलाई भित्याए, भूपिले त्यसलाई पृथक् ढंगले विस्तार गरिदिए। बढी क्रान्तिकारी र ठाडो स्वरका मुखर कवि रिमालको जगमै टेकेर भूपिले कविता लेख्दै गर्दा प्रयोगवादी कविताको हालीमुहाली थियो। 'मस्तिष्कबाट पसिना चुहाउँदै कविता पढ्नुपर्ने बाध्यताबीच भूपिले सरल र शक्तिशाली कविता लेखिदिए,' कवि विप्लव ढकाल मूल्यांकन गर्छन्, 'जटिल र क्लिष्ट शब्द थोपरिएका मात्रै उत्कृष्ट कविता हुन्छन् भन्ने भ्रमबाट उनले मुक्ति दिलाए। सरलतामा पनि शक्तिशाली कविता जन्मन्छन् भन्ने दृष्टान्त पेस गरे।' पछिल्लो पुस्ताका कविले पनि भूपिको प्रभाव ग्रहण गर्दै सरलताको महत्व बुझेको ढकाल बताउँछन्। आधुनिक नेपाली कविताको चरणमा देखा परेको स्वच्छन्दतावादी र त्यसभित्र पनि प्रगतिवादी धारामा राखेर भूपिलाई जुनखाले मूल्यांकन गरिन्छ, त्यत्तिले मात्रै भूपिको समग्र कवित्वको मूल्यांकन पूर्ण नहुने ठान्छन्, समालोचक लक्ष्मणप्रसाद गौतम। 'उनका सुरुआती कवितामा प्रगतिवादी विचार–चेतना देखा पर्नु स्वाभाविक भए पनि उनको कविताको शक्ति त्योभन्दा पृथक् छ,' उनले भने, 'व्यंग्यचेत र सर्वाधिक सौन्दर्यचेतना नै उनको विशेषता हो। पछिल्ला कविता आलंकारिक र प्रकृतिचेतका हिसाबले उत्तिकै सबल छन्।'

सामाजिक विसंगतिमाथिको प्रहार र राज्यव्यवस्थामाथि व्यंग्यात्मक झटारो भूपि शैलीका रूपमा परिचित भइसकेको छ। थोरै शब्दमा विम्ब र प्रतीकको प्रयोगमार्फत गहन भाव अभिव्यक्त गर्ने उनको कला उनीपछिका धेरै कविले

अनुकरण गरेका छन्। हामीकहाँ पद्य कविताको इतिहास गद्यको भन्दा धेरै लामो छ। पछिल्लो समय कपितय कविले चिन्ता गरेको सुनिन्छ– छन्द कविता लेखन खस्किँदै गयो। तर, गद्यमा पनि छन्दको झैंं बेजोड स्वाद भेट्न सकिने ठान्छन्, कवि श्रवण मुकारुङ। 'मैनबत्तीको शिखा त छन्दमा लेख्छु भनेर ठूला कुरा गर्ने मै हुँ भन्ने कविहरूका लागि ठूलो चुनौती नै हो,' उनी गर्वसाथ भन्छन्। भूपिलाई उनको जीवनको उत्तरार्द्धतिर भेट्ने अवसर पाएका मुकारुङ उनको कवित्वबाट प्रभावित भई धेरै कुरा सिकेको बताउँछन्। 'उनी जीवनबाट अस्ताउँदो क्रममा रहेका बेला म कवितामा उदाउँदो थिएँ,' उनले भने, 'गद्य कविताका त्यस्ता विलक्षण प्रतिभाबाट मैले सिक्नु थियो। शब्दको चातुर्य, भाषाको शिल्प र शब्दशक्तिको बोध नै हो मैले उनीबाट लिएको।' कवि आभास पनि भूपिबाट प्रभाव ग्रहण गरेर आफू कविता लेखनमा आएको भन्न कत्ति हिचकिचाउँदैनन्। उनले निकालेको पहिलो कविता संग्रह 'भूगोलमाथि उभिएको जैतुन' का धेरै कवितामा भूपि शैली भेटिन्छ। 'म मात्रै होइन, प्रारम्भिक चरणमा उनीपछिका कविले उनकै सिको गरेर लेखे। पछि कविको मौलिक शैली आउनु त स्वाभाविक हो,' उनी सुनाउँछन्। भूपि सधैं प्रतिपक्षी कविका रूपमा रहे। भलै उत्तरार्द्धमा पञ्चायती व्यवस्थाको वकालत गर्दै हिँडेको समयलाई लिएर उनको व्यक्तित्वमाथि छुट्टै व्याख्या हुन सक्ला। गद्य कविताको जग बसाल्ने रिमालको केही प्रभाव र तत्कालीन राजनीतिक व्यवस्थाअनुरूप उनका सुरुका दुइटा कविता संग्रह बामपन्थी विचार दर्शनबाटै प्रभावित देखिन्छन्। 'निर्झर' र 'नयाँ झ्याउरे' को खासै चर्चा पनि भएन। 'उग्र नारासमेत बोकेका ती कृति वैचारिक मूल्यले महत्वपूर्ण होलान् तर काव्यात्मकताका दृष्टिले कमजोर,' कवि ढकालले हाँस्दै भने, 'तिनको चर्चा नहुनु भूपिलाई नै फाइदा हुनु हो।'

भूपि सम्भ्रान्त परिवारमा जन्मिए तर सधैं सत्ता र शक्तिविरुद्ध कलम तिखारिरहे। गरिब, निमुखा र सर्वसाधारणको आवाजलाई शोषक, सामन्तीविरुद्ध एकत्रित गराइरहे। सरल, अन्त्यानुप्रासयुक्त लयचेत, ध्वन्यात्मक संरचनाका उनका कविता हरेकले रुचाए, हरेकका मुखमुखमा झुन्डिए। उनी रिमालजस्तो विद्रोहको आगो ओकल्दैनन्, बरु व्यंग्य र विम्बको चातुर्यपूर्ण प्रयोगले तीर हानिरहन्छन् र लेख्छन्, 'हामी' जस्ता कविता, 'यो हल्लै हल्लाको देश हो' जस्ता कविता, 'मेरो चोक' जस्ता कविता।

**कानमा इयरफोन लगाउनुपर्ने बहिराहरू**
**जहाँ संगीत प्रतियोगिताका जज हुन्छन्**

**र जहाँ आत्मामा पत्थर परेकाहरू**

**काव्यका निर्णायक मानिन्छन्,**

**काठका खुट्टाहरू जहाँ रेसमा विजेता हुन्छन्**

**र जहाँ प्लास्टर गरिएका हातहरूमा**

**सुरक्षाको संगीन थमाइन्छ,**

रिमालले गद्यको बिउ छरिदिए, भूपिले गद्यमा पनि आफ्नो फरक शैली स्थापित गरिदिए। कवि आभास त भूपिलाई 'ट्रेन्ड चेन्जर' कविको संज्ञा दिन्छन्। 'कवितामा उनको गद्य कलाबाट प्रभावित नहुने त कमै होलान्। आफ्नो फरक शैली भित्याएकै कारण आज पनि उनलाई उत्तिकै पढिन्छ, सम्भि्कइन्छ,' उनी भन्छन्। 2015 पछिको राजनीतिक परिवर्तनयता कविताले पनि बिस्तारै 'ट्र्याक चेन्ज' गर्दै गयोे। राजा महेन्द्रको एकतन्त्रीय शासनविरुद्ध सोझो भाषाले लेखे सोझै कठघरामा पुग्ने अवस्था थियो। यही मेसोमा मोहन कोइराला, वैरागी काइँला, ईश्वरवल्लभ आदिले प्रयोगवादी कविताको नाममा घुमाउरा कविता लेख्न थाले। ती कवितामा क्लिष्ट र जटिल शब्द अनि अमूर्त विम्ब घुस्दै गए। प्रयोगवादी कविता बिस्तारै हाडे ओखर बन्दै गयो। यसअघि नै दुइटा कविताकृति निकालिसकेका भए पनि भूपिलाई 'बौद्धिक र दार्शनिक' कविहरूसँग आफ्नै खुबीद्वारा पौठेजोरी खेल्नु चुनौती नै थियो।

तर, सरल–शक्तिबाटै कवितामा बामे सरेका उनले आमपाठकको हृदयमा सहजै पस्ने गरी कविता लेखे। दुर्बोध्य कविता पचाउन गाह्रो परिरहेका बेला भूपिका कविता धेरैका लागि सम्प्रेषणीय बन्न थाल्यो। उनका समकालीन र शिष्यहरूले पनि उनकै धार समात्दै गए। कवि विप्लव ढकाल त 'समाजसँग कविताको धागो टुटिसकेको अवस्थामा भूपिले जोड्दै लगेको' बताउँछन्। भूपिले सुरुदेखि नै जनताका पक्षका कलम चलाए। उनी रिमालकै ट्रेन्ड पछ्याउन सक्थे। आखिर रिमालले पनि जनजीविकाकै कविता लेखेका हुन्। उनी क्रान्तिकारी चेतनाका मुखर कवि बढी थिए तर भूपि सुन्दर र सहज विम्बको मिलावटबाट बोधगम्य कविता निर्माणपट्टि लागे। रिमालझैं उग्र राजनीतिक स्वरको वकालत गरेनन् उनले। 'कतिपय कविले पात्रको भाषा खोसेका हुन्छन्,' भूपिको काव्यशिल्पबारे कवि ढकाल भन्छन्, 'पात्रको भाषा पात्रलाई नै फिर्ता गर्ने खुबी उनमा छ, जुन विशेषता एकदमै कम कविमा मात्रै पाइन्छ।' प्रयोगवादी कविताको जगजगीको बीचबाट पनि छिरेर उनले आफूलाई स्थापित गराए। सरल कवितालाई हल्का भन्नेहरूका लागि उनका कविता आफैं गतिलो

जवाफ बनेका छन्। उनको भावगाम्भीर्य र सौन्दर्य चेतनाको विशिष्टता त्यो बेलाका कमै कविमा मात्रै पाइने समालोचक गौतम बताउँछन्। 'एकतन्त्रीय शासन बेला उनले त्यसरी जोखिम मोल्नु खतरा थियो,' कवि आभास भन्छन्, 'सत्ताको शोषण र सामन्ती वर्गमाथि उनले कहिल्यै तुच्छ, कडा शैलीमा प्रहार गरेनन्। सटिक विम्ब र कलात्मक शैली उनको विशिष्टता बन्यो।'

भूपिका अनुयायी अहिलेका कविले प्रयोगपरकता र 'बौद्धिकता'को नाममा जटिल कविता लेख्न लगभग छाडिसके। गद्य कविताको जरा नै रिमाल र भूपि भएकाले त्यसपछिका कविमा तिनको प्रभाव देखिन्छ। 'प्रयोगवादी भनिएका कृति अहिले हत्तपत्ती भेटिन्नन्, ती लाइब्रेरीमा कि त दराजको कतैतिर थन्किएको हुनुपर्छ,' कवि विप्लव ढकाल भन्छन्, 'सरल कविताका पाठक जहींतहीं छन्। पछिल्लो पुस्ता कतै न कतै भूपिबाट प्रभावित भइरहेको देखिन्छ।' कवि मुकारुङका अनुसार आधुनिक कविताको गद्य परम्परामा अहिले दुइटा धार प्रस्ट देखिन्छ। एक, भूपिबाट प्रभावित–प्रेरित अनि अर्को वैरागी काइँलाको स्कुलिङमा हुर्किएको पुस्ता। 'मचाहिँ बीच धारबाट लेखिरहेको छु,' उनी प्रस्ट छन्। 'सहज र सरल शब्द प्रयोग भईकन पनि भूपिको शब्दशक्तिको प्रहार चोटिलो छ। वैरागी काइँलाका कविता क्लिष्ट र जटिल छन्,' उनी दुईबीचको भिन्नता छुट्ट्याउँछन्, 'भूपि सर्वसाधारणले पनि बुझ्ने गरी लेख्ने सम्प्रेष्य कवि हुन् तर वैरागीका कवितामा बौद्धिक, दार्शनिक, विचारशील पक्ष बढ्ता पाइन्छ।'

महाकवि लक्ष्मीप्रसाद देवकोटालाई पागल भन्नेहरू पनि प्रशस्तै थिए, रिमाललाई बौलाहा भन्नेहरू पनि नभएका होइनन्, भूपिलाई रक्स्याहा भन्ने त कति निस्के कति। सय राम्रा काम गर्ने मान्छेले एउटामात्रै गल्ती गर्यो भने मान्छेले उसको गल्तीबारे नै धेरै चर्चा गरिदिन्छ। हाम्रो समाज यही चिन्तनबाट ग्रस्त हुँदै आएको छ। हो, भूपि चुरोटका अम्मली थिए। रक्सीको लत थियो उनमा। कहिले उनी लेख्थे–

**'मैले पिएकोमा रिसाएका साथीहरू**
**पिएर त हेर पिउन झन् गाह्रो छ...।'**

**उनी जाँडका कविता पनि लेख्थे–**

**'लेटेस्ट कविताको पारिश्रमिकलाई जाँड बनाएर धोक्छु**
**र नयाँ सडकलाई नाप्छु**
**नयाँ कविताको प्लट सोच्तै**
**र अनायास टुँडिखेलतिर लम्कन्छु।'**

Notes

भूपिसँग कुनै समय दोस्ती जमाएका गीतकार रत्नशमशेर थापाले यो संवाददातासँग केही समयअघि सुनाएका थिए, 'उनी रोमान्टिक खालका थिए, बिम्बात्मक शैलीमा बोल्थे।' एकपटक नारायणगोपाल र थापा बसिरहेका रहेछन्। भूपिले बाहिरबाट बोलाए, 'सानुबाबु...सानुबाबु...।' नारायणगोपाललाई समकालीनहरू सानुबाबु भनेर सम्बोधन गर्थे। नारायणले भने, 'आइये...आइये।' भूपिले कोठा छिर्नेबित्तिकै ठट्यौली पारामा भनेछन्, 'मैलै आइएमात्रै पढेको भन्ने यिनले कसरी थाहा पाए हँ...!' त्यसरी ठट्टा गरिरहन्थे भूपि। वामपन्थी विचारधाराबाट निर्देशित उनमा तीसको दशकपछि बिस्तारै विचार स्खलन बढ्दै गयो। मानव स्वतन्त्रताका पक्षमा वकालत गर्ने र निरंकुशताविरुद्ध बोल्ने भूपिको सानदार जीवन उत्तरार्द्धमा दुर्घटित बन्न पुग्यो। पञ्चायतका हिमायतीहरूसँग खुलेरै उनी जब देखा परे, उनको चर्चाको चुली ग्वार्लाम्मै ढल्न पुग्यो। 'त्यो बेला उनका सबै कविता बहिष्कार होलान् भन्ने डर लागेको थियो, तर झन्झन् ती लोकप्रिय र कालजयी पो बन्दै आए,' गाउँमा छँदै उनका कविता पढेर प्रभावित भएका कवि ढकाल राजधानी आएपछि मात्रै उनको व्यक्तिगत–राजनीतिक जीवन बुझ्न पाएको बताउँछन्। 'उनको व्यक्तिगत महत्वाकांक्षाबारे अरूलाई थाहा हुने कुरो पनि होइन। अस्थिर स्वभावका कारण उनी आफैं दुर्घटनामा परेका हुन्,' उनी भन्छन् ।

पछिल्लो चरणमा दिएको एक अन्तर्वातामा भूपिले भनेका थिए– मलाई दुईवटा 'क'ले बिगार्यो । कम्युनिस्ट र कविता! जीवनको मूल्य र सामाजिक कुरूपतामाथि लेख्ने भूपिलाई त्यसबेला कम्युनिस्ट विचारधारा अँगालेका उनका समकालीन र अन्य कविले कुरूप कविका रूपमा मूल्यांकन गरेको ढकालले पनि अनुभूत गरेका थिए। कमजोर मूल्यांकन जनताले चिनेका कविलाई राज्य र विश्वविद्यालयले नचिनेको ठान्छन्, कवि ढकाल। 'स्नातकोत्तरको कुनै पनि कोर्समा भूपिबारे पढाइ नहुनु विडम्बना हो,' उनी भन्छन्, 'साहित्येतिहासमै भूपि र रिमालबारे ठिक ढंगले मूल्यांकन गरिएको छैन।' कविता धाराको सिलसिलामा अध्ययन गर्दा भूपिलाई स्वच्छन्दतावादी/प्रगतिवादीमात्रै भनेर गरिने विश्लेषण साँघुरो रहेको समालोचक लक्ष्मण गौतम बताउँछन्। 'प्रगतिवादी खेमाका लेखक/समालोचक उनका प्रगतिवादी विचारका कविताको मात्रै चर्चा र बखान गरिदिन्छन् भने अरू राम्रा कवितामाथि आँखा चिम्लने गरेका छन्,' उनले भने, 'भूपिका प्रगतिवादी कविताबाहेक मात्रै बोल्ने प्रगतिवादी इतरका लेखक/समालोचकको प्रवृत्ति

बदलिन सकेको छैन। फरक विचारधाराबीच देखापर्ने समस्याका कारण उनको समग्र मूल्यांकनमा पनि समस्या देखिएको छ।'

युगचेतना प्रबल भएका कवि भूपिले पूर्वार्द्धमा जनवादी चेतबाट उठे विचारनिर्देशित कविता लेखे। समयक्रमसँगै उनको लेखन खारिँदै गयो, र जन्मियो 'घुम्ने मेचमाथि अन्धो मान्छे'। साझा प्रकाशनले छापेका कृतिमा 'मुनामदन' र 'गौरी' पछि भूपिको यही कृति सर्वाधिक बिक्रीको सूचीमा दरिएको छ। कवि विप्लव ढकालले भनेझैं भूपि सरलताबाट शक्ति आर्जन गर्ने दुर्लभ कवि हुन्। त्यही सरलतामा टेकेर उनी सामाजिक कुरीति, राजनीतिक बेथिति र राज्यव्यवस्थाको लाचारीलाई उदांगो पारिदिन्थे। युगीन सन्दर्भको बेथिति उनको सहज व्यंग्यबाट उम्कनै पाउँदैनथ्यो। जहिले पढे पनि उनका ती कविता ताजै लाग्छन्।

**'उहिले–उहिले'को नेपालमा**
**दुईथरीका मानिस थिए**
**एकथरी**
**जो अखबारमाथि पल्टन्थे**
**हेडलाइनको सिरानी हालेर**
**महत्वपूर्ण खबर बनेर ।**

## 13.4 भूपि शेरचनको कृतिमा निहित सामाजिक

वैचारिक विचलनले उनलाई प्राज्ञका कुर्चीमा पु¥याए पनि उनले साहित्यिक ऊर्जा र प्रौढ साधनाको कवितात्मक प्राप्तिलाई प्रखर रूपमा देखाउन भने सकेनन् । केही स्तुति र प्रेमका भाकामा हराउँदै राजतन्त्रलाई स्वीकारेर भूपिले आफ्नो पुरानो विचारमा आपैmलाई व्यङ्ग्य हुने काम पनि गर्न पुगे । यसमा पनि यी भनाइले उनको विगतको पाटालाई स्मरण गराएको छ । उनी 'मधुपर्क' को लागि मसँग मधु चाहनुहुन्छ मेरो रचना भने कटु हुन्छ र "म कविताको विषयमा मात्र होइन, जुनसुकै राम्रो विषयको भविष्यको सम्बन्धमा ज्यादै आशावादी छु" (मधुपर्क, 2038) भन्छन् । विचारअनुसारको कार्य नभएर नै उनका रचनाको चर्चा गर्दा पछिल्लो समयको विचार देखाएर धेरैले उनको कृतित्वको अवमूल्यन पनि गरेका छन् । उनका राम्रा विचार र कार्यको सम्मान गर्दै मिल्काउन पर्ने विचार र कार्य फाल्दै मूल्याङ्कन हुनपर्ने आजको पक्ष हो ।

कवि भूपिले इलामको प्राकृतिक सुन्दरतालाई यसरी व्याख्या गरेका छन् -

**आफ्नो वरिपरि**
**भीर, पाखा र कान्लाभरि**
**थुम्का थुम्का चिया, र**
**झुम्का–झुम्का अलैंची उमारेर**
**सन्तोषले एक्कासी सुस्मित उठेको झैं**
**हरियो भरियो इलामलाई देख्ता मलाई**
**नेपालभरि अलिअलि इलाम छर्न मन लाग्यो**

कवि भूपि शेरचनले इलामको सुन्दरताबाट मोहित बनेर लेखेका यी कविता पंक्तिले यहाँको मोहक वातावरणको चित्रण गर्छ । हुन पनि यतिबेला इलामलगायत पहाडी जिल्लाको मौसम यसरी खुलेको छ कि, असोज–कात्तिकजस्तै । डाँडाकाँडा खुलेका छन् । हिमाल टलक्क टल्किएका छन् । इलामका अग्ला डाँडाकाँडाबाट सूर्योदय–सूर्यास्त प्रस्ट देखिँदैछ । चियाबारीको हरियाली सधैंका हिउँदभन्दा आकर्षक छ । र, बेला–बेला माटो भिजाउने पानी परेकाले बोटबिरुवामा हरियो फर्केर पहाडी पर्यटकीय क्षेत्र चाहिँ घुमौं–घुमौं लाग्ने भएका छन् । पर्यटन वर्ष सन् 2020 को सुरुसँगै इलामका कन्याम, अन्तुडाँडा, सन्दकपुर, माइपोखरी, फिक्कल, पशुपतिनगर, जौबारी, तुम्लिङ, मेघमा, कालपोखरी, गजुरमुखी, लारुम्बालगायत सबै पर्यटकीयस्थलको मौसम राम्रो छ । केही वर्षयता पूर्वाधारमा समेत सुधार आएकाले यहाँका पर्यटकीयस्थल पुग्न अब धेरै समस्या पनि छैन । झापाबाट इलामतिर लाग्नेबित्तिकै मेची राजमार्गको दायाँ–बायाँ आकर्षक र सुविधासम्पन्न होटल, रिपोर्ट खुलेका छन् । दूरदराजका पर्यटकीय गाउँहरूमा पनि अहिले होम–स्टे स्थापना भएकाले अब पर्यटकलाई इलाम आएर खान–बस्न समस्या छैन । इलामको मौसम छिनछिनमै परिवर्तन हुन्छ ।

एकै दिनमा घाम लाग्ने, हुस्सु लाग्ने, पानी पर्ने, फेरि त्यही प्रक्रिया दोहोरिने मौसम इलामको विशेषता नै हो । 'बिहानले नै दिउँसोको संकेत गर्छ' भन्ने भनाइ इलामको मौसममा चाहिँ अपवाद नै हुन्छ । तर, हिउँद र वर्षामा इलामका पर्यटकीयस्थल घुम्नुको विशेषता आ–आफ्नै हुन्छ । चियाको हरियो गलैंचामा नीलो आकाश र सेतो हिमाल पृष्ठभूमि राखेर फोटो खिच्न पाए स्वर्गै पुगिएला भन्ने लागेर यहाँ आएको सुनाउने पर्यटक भेटिन्छन् । भदौ दोस्रो सातादेखि चाहिँ प्रायः पर्यटकीय सिजन सुरु हुन्छ । बर्खाको हिलो, फोहोर सकिएर त्यसै पनि दसैं

आएका बेला चियाका बोटका पनि ढकमक्क हरियो मुना टिप्ने सिजन बाँकी नै हुन्छ । आकाश छ्यांग खुल्छ । कन्याम, इलाम, अन्तु, पानीटारको हरियो चियाबारीको पृष्ठभूमि आफैंमा उत्कृष्ट हुन्छ । अझ सन्दकपुर, अन्तु र कन्यामबाट कञ्चनजंघालगायतका हिमालसमेत प्रस्ट देखिने भएकाले आकर्षण थपिन्छ ।

तराईमा गर्मीको भावर उठिरहेका बेला इलामले चिसो दिन्छ र तराईमा हिउँदको स्याउस्याउ गर्नुपर्ने शीतलहरमा इलामको घमाइलोले पर्यटक लोभ्याउँछ । झापाको चारआलीबाट मेची राजमार्गतिर मोडिएर करिब 15 किलोमिटर हिँडेपछि इलामको आकर्षणले मन तरंग बनाउन थाल्छ । कोल्बुङको उकालो सुरु भएसँगै मेची राजमार्ग वरपर चियाका बुट्टामात्र होइन, इलामे किसानको पौरख पनि देखिन्छ । इस्कुस बेचेर वर्षको 6 लाख रुपैयाँसम्म आम्दानी गर्ने किसान यहीं छन् । चिया, दूध, अकबरे खोर्सानी, मौसमी र बेमौसमी तरकारी, फलफूल अनि काँक्रा खेतीबाट लाखौं रुपैयाँ आम्दानी गरिरहेका किसानको घरमै गएर उनीहरूको पौरख नियाल्न चाहने पर्यटकलाई त्यो सुविधा पनि छ । कुटीडाँडाका सिँढी उक्लिएर पाथीभराको दर्शन गरेपछि हर्कटे, कन्याम फिक्कलको बाटो इलामका पर्यटकीयस्थल छिरिन्छ । सूर्योदय–सूर्यास्त दृश्यावलोकनका लागि चर्चित अन्तुडाँडा मेची राजमार्गको छिपिटारबाट जानुपर्छ । त्यहाँबाट करिब 13 किलोमिटरमा रहेको अन्तुडाँडामा अवलोकन गर्न लायक वस्तु धेरै छन् । सडक कालोपत्रे भएको छ । जिप, कार, भ्यान र मोटरसाइकलमा कन्यामबाट अन्तु जान सकिन्छ ।

अन्तुको झुल्केघामको सिजन भदौ अन्तिममा सुरु हुन्छ । मौसम खुले पुस–माघ र वैशाखसम्म यो सिजन रहन्छ । अन्तुबाट देखिने सूर्यादय चित्ताकर्षक मानिन्छ । यहाँबाट सूर्याोदय हेर्न बर्सेनि सयौं स्वदेशी र विदेशी आउँछन् । ग्रामीण पर्यटनमा पूर्वको खचाखच रहने पर्यटकीय क्षेत्र भएको छ अन्तु । अन्तुबाट उत्तरका हिमशृंखला, कोणधारी धुपी–सल्ला, झुम्का–झुम्का अलैंची, सिजनअनुसार फलफूल तथा अरू बालीले पनि सिँगारिएको देखिन्छ । यहाँबाट झापा, कन्याम, भारतको दार्जिलिङ, मिरिक, सिलिगुडीलगायतका बजार वरिपरिझैं लाग्छ । झापा, मोरङ, सुनसरी, सप्तरीलगायत धेरै गर्मी हुने ठाउँबाट आउने पर्यटकका लागि अन्तु बढी आरामदायी छ । भारतको पश्चिम बंगालका सयौं पर्यटक बर्सेनि यहाँ आउँछन्, 2–4 रात बिताउँछन् र जान्छन् । तराई क्षेत्रमा गर्मी बढेका बेला अन्तुको प्राकृतिक एयर कन्डिसनमा रमाउन आउनेको घुइँचो नै लाग्छ ।

नेपालकै पश्चिमी जिल्ला र भारतको पश्चिम बंगालबाट बढी पर्यटक आउँछन् । कतिपय स्कुलका विद्यार्थी समूहसमेत अध्ययन भ्रमणमा यहाँ आउँछन् । यहाँको अर्का आकर्षण अन्तुपोखरी हो । चियाबारीको बीचमा रहेको अन्तुपोखरीमा डुंगा सयर गर्न पाइन्छ । प्रतिव्यक्ति 50 रुपैयाँ तिरेपछि डुंगामा चढ्न पाइने स्थानीय खगराज घिमिरेले बताउनुभयो । 'यहाँका आएका पर्यटक डुंगा नचढी फर्किंदैनन्,' उहाँले भन्नुभयो 'कहिलेकाहीं त सबैलाई डुंगा चढाउन भ्याइँदैन ।' इलामलाई चिनाउने अर्कि गन्तव्य हो कन्याम चियाबारी । आँखाले देखिएसम्म चियाबारी रहेको कन्याम सडक सहजताले पनि बाहैमास पर्यटकले भरिभराउ हुन्छ । अहिले चियाबारीभित्र कलात्मक रेलिङसहितको शृंगार पनि गरिएकाले पर्यटक कन्याम घुम्न लालयित हुन्छन् । 'कन्याम आउने पर्यटक इलाम घुम्न आएको भन्दै सन्तुष्ट देखिन्छन्,' स्थानीय होटल व्यवसायी राज अविरल भन्नुहुन्छ 'हिउँदमा यहाँ वनभोज खान आउनेको लहर नै चल्छ ।' अन्तु र कन्याममा लोपोन्मुख लेप्चा जातिको समेत बसोबास रहेकाले सांस्कृतिक अध्ययनका लागि आउने पर्यटकलाई अर्का गन्तव्य हुनेगर्छ ।

कन्याममा चियासँग लुकामारी खेल्न, लभडाँडाबाट हिमाल, पहाड र तराई नियाल्न अनि घोडा चढ्न चाहिँ पर्यटकले छुटाउँदैनन् । करिब 10 किलोमिटरमा रहेको फिक्कल बजार चाहिँ यहाँ आउने पर्यटकको कोसेली किन्ने बजार हो । फिक्कलमा छुर्पी, बम्बइसन, ललीपप, घिउ, अकबरेलगायत पर्यटकले चाहेअनुसारका स्थानीय उत्पादन पाइन्छन् । फर्किंदा लैजाने कोसेली पहिल्यै बुक गरिराखे पनि फरक पर्दैन । कन्याम–फिक्कल–अन्तु सर्किट नेपाल सरकारको सय उत्कृष्ट पर्यटकीय गन्तव्य सूचीमा समेत परेको छ । पूर्वी पहाडकै आकर्षक पर्यटकीयस्थल सन्दकपुर इलामको पर्यटकीय गहना नै हो । 3 हजार 6 सय 36 मिटर उचाइमा रहेको सन्दकपुर चाहिँ प्रायः हिउँदमा मात्र पुग्न सकिन्छ । सडक व्यवस्थित नहुँदा सन्दकपुरबाट स्थानीय बढी लाभ लिन सकेका छैनन् । नेपालकै भू–भाग भएपनि भारतपट्टि पूर्वाधार राम्रो भएकाले यसको बढी प्रयोग भारतले नै गरिरहेको छ । सन्दकपुर विश्वको सर्वाच्च शिखर सगरमाथा देखिने नेपालसँग जोडिएको एउटै मात्र विन्दु भएकाले पनि यहाँ भारतको बाटो भएर बर्सेनि हजारौं पर्यटक आउँछन् । सन्दकपुरमा 1–2 वटा मात्रै व्यवस्थित होटल छन् । त्यसभन्दा केही तलको भू–भागमा चाहिँ होम–स्टे र होटल खुल्नेक्रम तीव्र छ । भारतपट्टि भने

पर्यटकका लागि दर्जनौं कटेजहरू छन् । भारततिरबाट यहाँ तेस्रो बंगाली र तेस्रो मुलुकका पर्यटक आउँछन् ।

चियाबारीले ढाकेको इलाम सदरमुकाम घुम्ने सिजन पनि यही हो । नेपालमै पहिलोपटक चिया खेती गरिएको चियाबारी र देशकै पुरानो कारखाना पनि सदरमुकाममै पर्छ । यो चियाबारी सौन्दर्य र आम्दानीको स्रोतमात्र होइन, ऐतिहासिक महवको समेत छ । चीनले कोसेलीका रूपमा पठाएको चिया डेढसय वर्षअघि इलाममा रोपिएको थियो । इलामे चियाले बोकेको नेपाल–चीन सम्बन्धको ऐतिहासिक महव बुझेका व्यक्तिका लागि यो चियाबारी आकर्षणको केन्द्र भएको छ । इलामको अर्को महत्वपूर्ण पर्यटकीय गन्तव्य हो माइपोखरी । सदरमुकामबाट 13 किलोमिटरमा पर्ने माइपोखरीको जैविक विविधता अवलोकन र अध्ययन गर्ने सिजन भदौपछि नै सुरु हुन्छ । यो मौसम पर्यटकका लागि उपयोगी भएकाले प्रायः पर्यटकले खाली हुँदैन माइपोखरी । धार्मिक आस्थाको केन्द्र पनि भएकाले माइपोखरीमा पूजापाठ गर्ने, जल चढाउने, सदबीज छर्ने कामका लागि धार्मिक पर्यटक धुइरो लाग्छन् । यहाँ मंसिरे एकादशीमा ठूलो धार्मिक मेला लाग्छ । बाह्रैमास चिसो मौसम रहने माइपोखरीमा प्रायः मंगलबार र शनिबार धार्मिक पर्यटक घुइँचो लाग्ने भएपनि अरू दिनसमेत पर्यटकले खाली हुन पाउँदैन ।

जैविक विविधतामा धनी माइपोखरी विश्व संरक्षण सूचीमा समेत सूचीकृत छ । 28 अक्टोबर सन् 2008 मा दक्षिण कोरियाको चाङबाङमा सम्पन्न रामसार महासन्धिको दसौं बैठकले माइपोखरीलाई विश्वसम्पदा सूचीमा राखेको छ । 2 हजार 1 सय 21 मिटर उचाईको पहाडी थाप्लोमा ठूलो जलाशय छ । दर्जनौं प्रजातिका चाँप, गुराँस र लोपोन्मुख जडीबुटीले वरिपरिबाट पहरा दिइरहेको छ यसलाई । आकाश उघ्रेका बेला कञ्चन पानीमा देखिने कोणधारी धुपी र सल्लाघारीको छाया आशर्षक देखिन्छ । उच्च पहाडी र चिसो ठाउँ भएकाले गर्मी याममा माइपोखरीको महŒव बढ्छ । पोखरीको वरपर 90 हेक्टरको धार्मिक वन छ । 2 हेक्टरमा जलाशय रहेको यो क्षेत्रको 12 हेक्टर सिमसारलाई अत्यन्त संवेदनशील मानिएको छ । प्रचार - प्रसार नै नभएका पर्यटकीयस्थलको संख्या पनि इलाममा धेरै छ । छिन्टापु, गोरुवाले, जौबारी, नयाँबजारलगायतका पर्यटकीयस्थलको प्रचारप्रसार हुन सकेको छैन । नयाँबजारको सिद्धपोखरी, सोयाङको साततले झर्ना र मलुपोखरी, माइमझुवाको जैविक विविधता, टोड्के

झर्ना पर्यटीय गन्तव्य हुन् । सदरमुकामनजिकैको बालनगाउँ, जमुनाको चोयाटार वन, प्याङको थुम्के, पानीटार चियाबारी, सिद्धिथुम्का, मिक्लाचोङलगायत दर्जनौं पर्यटकीयस्थलको पूर्वाधार विकास हुन बाँकी छ । 'पर्यटन वर्ष सन् 2020 का लागि पूर्वाधार विकासमा सक्रिय छौं, धेरै पूर्वाधार त तयार गरिसकिएको छ,' पूर्वीपहाको पर्यटकीय नगरी सूर्योदय नगरपालिकाका मेयर रणबहादुर राई भन्नुहुन्छ 'इलाममा पर्यटक भित्रिनुले यहाँको समृद्धिमा सघाउँछ ।'

प्राकृतिक सुन्दरताभित्र फन्को मार्नका लागि हामीसँग अनगिन्ति गन्तव्यहरु छन् । यस्ता आकर्षक र धार्मिक महत्वका गन्तव्यको प्रवद्र्धन गर्नका लागि नेपाल र भारतका केही पत्रकार एवम् पर्यटन व्यबसायीहरुको टोलीले मेची पहाडी क्षेत्रका पर्यटकिय गन्तव्यको भ्रमण ग¥यो । यसको व्यवस्थापन जिम्मा लिएको मेची पहाडी क्षेत्र पर्यटन प्रवद्र्धन विकास समितिले आन्तरिक तथा बाह्य पर्यटकहरुले रुचाउने र चासो राख्ने मनमोहक, आकर्षक एवम् धार्मिक महत्वका केही क्षेत्रसँग साइनो जोड्ने जमर्को गरायो । पूर्व मेचीको हरित सहर इलामदेखी धार्मिक आस्थाको केन्द्र ताप्लेजुङसम्म पुगेपछि वास्तविक नेपालको चित्र देख्र र बुझ्न सकिन्छ । अथाह प्राकृतिक, धार्मिक र सांस्कृतिक स्वरुप ग्रहण गरेका यी क्षेत्रमा बार्षिक सात लाखभन्दा बढि आन्तरिक पर्यटकको आगमन हुने गरेता पनि अझै बाह्य पर्यटकको आगमनको प्रतिक्षामा छ मेची पहाडी क्षेत्र ।

संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालय अन्र्तगतको मेची पहाडी पर्यटन विकास समिति इलाम, पाँचथर र ताप्लेजुङ्गको पर्यटकिय विकासका लागि भौतिक संरचनालगायतका पूर्वाधार विकासका लागि कार्यरत रहेको छ । बार्षिक 4 करोड रुपैयाँ मेची पहाडी क्षेत्रको विकासका लागि खर्च गरेर यस क्षेत्रको पर्यटन प्रबद्र्धन गरिरहेको समितिका अध्यक्ष रणबहादुर खड्काले बताए । भ्रमणका क्रममा आयोजना गरेको अन्तरक्रियामा पर्यटन बोर्डका वरिष्ठ अधिकृत सुमन घिमिरे, टानका कार्यसमिति सदस्य संगम शेर्पा, मेची पहाडी समितिका कार्यकारी निर्देशक केशव द्यौराली, पर्यटन व्यवसायी कुमार थापा, कृष्णहरि खत्री, दोलखा पर्यटन उद्योग संघका अध्यक्ष वैकुण्ठ श्रेष्ठ लगायतले मेची पहाडी क्षेत्रका जिल्लाको पर्यटकीय विकासका लागि कार्ययोजना र प्याकेज निर्माण गरेर स्थानीय स्तरबाट भूमिका खेल्नुपर्नेमा जोड दिए । चियाका लागि प्रसिद्ध इलाम, उत्पादनका लागि परिचित पाँचथर र धार्मिक एवम् सांस्कृतिक पहिचान बोकेको ताप्लेजुङ पुगेपछि यहाँ पुग्ने जो कोहीले आफुलाई गौरवको महशुस गर्दछ ।

**'हरियो, भरियो इलामलाई देख्दा मलाई नेपालभरि अलिअलि इलाम छर्न मन लाग्यो** ।' – कवि भूपि शेरचन । इलाम पुग्दा नरमाउने मन कस्को होला र ? त्यही भएर पनि कवि भूपि शेरचनले नेपालको रुप नै इलाम जस्तो देख्न चाहेका थिए । इलाम र चिया पर्याय हुन् । एक सय 51 बर्षअघिदेखी शुरु भएको चिया उत्पादनले आजसमम्म इलामको परिचयलाई जिबन्त बनाएको छ । चिया र हरियालीको स्वरुप नै इलाम हो भन्ने आम मानिसको बुझाई छ । चिया उत्पादनका दृष्टिकोणले मात्रै बुझ्दा इलामलाई अन्याय हुन्छ । यो जिल्ला आफैमा पर्यटकिय गन्तव्य हो । चिया बाहेक अलैची, अम्रिसो, आलु, अदुवा, किविको लागि उर्वर भूमि हो इलाम । काठमाडौंबाट सिन्धुलीको बाटो हुँदै 5 सय 72 किलिमिटरको दुरी तय गरेपछि सदरमुकाम इलाम पुग्न सकिन्छ ।

यहाँ प्राकृतिक सुन्दरताका साथ सुर्योदय र सुर्यास्तको मज्जा लिन सकिन्छ । सिंहलीला राष्ट्रिय पार्क, माइपोखरी, कन्याम, फिक्कल, चिज फ्याक्ट्री, अर्गानिक चिया बगैचा, चिया फ्याक्ट्री घुम्नका लागि स्वदेशी तथा विदेशी पर्यटकहरु इलाम आउने गर्दछन् । यहाँको भ्यू टावरमा बसेर पुरै इलामलाई नियाल्न सकिन्छ । पर्यटकको इच्छा र चाहना बमोजिम बिभिन्न टुर प्याकेट तयार पारिएको छ । बस्नका लागि सस्ता र राम्रा होटलको व्यबस्था गरिएको छ ।

## 13.5 भूपि शेरचनको कृतिमा निहित सांस्कृतिक

नेपाली राष्ट्र गायनका सङ्गीत सर्जक दार्जीलिङका अम्बर गुरुङ सन् 1961 मा कलकत्तामा अगमसिंह गिरीको 'नौलाख तारा उदाए' गीत रेकर्डिङबाटै चर्चित भइसकेका थिए । पछि तत्कालीन राजा महेन्द्रको आग्रहमा गुरुङको नेपालको स्थायी बसोबास र यसैगरी नारायणगोपालसँगको मितेरी साइनो पछि अर्का गीत, सङ्गीत र गायनका त्रिवेणी गोपाल योञ्जनको आगमन नेपाली सुगम सङ्गीतका निम्ति 'टर्निङ पोइन्ट' थिए । गुरुङ र योञ्जन जस्तै दार्जीलिङका शरण प्रधान, अरुणा लामा, जितेन्द्र बर्देवा, रञ्जित गजमेर, कर्म योञ्जन, शान्ति ठटाल, दिव्य खालिङ आदिको योगदान नेपाली सङ्गीतका निम्ति अतुलनीय रह्यो । यसैगरी नेपालभित्रकै नातिकाजी, शिवशङ्कर, बच्चु कैलाश, नारायणगोपाल, प्रेमध्वज प्रधान, तारादेवी, दीप श्रेष्ठ, भक्तराज आचार्य, ओमविक्रम विष्ट, दीपक खरेल

आदिका हृदयस्पर्शी सङ्गीत र स्वरमाधुर्यले नेपाली सङ्गीतलाई भारतीय सङ्गीतको प्रभावबाट मुक्त गर्दै छुट्टै पहिचान दियो ।

20 को दशकको अन्त्यसम्मका उनका कविता मूलतः प्रगतिशील चेतनाबाट डोरिएका छन् । त्यसपछिका कवितामा उनका पूर्ववर्ती कवितामा पाइने विशेषताहरू क्रमशः कमजोर बन्दै गएका छन् । उनमा निराशा, विसंगतिबोध र कुण्ठाको विकास आरम्भ गरेको पाइन्छ । उनमा आएको यो परिवर्तन विचाराधारात्मक परिवर्तनसँग जोडिएको छ । दुईवटा ‘क’ अर्थात् ‘कम्युनिस्ट’ र ‘कवि’ भएर बिग्रिएँ भन्ने उनको कथन यसैसँग सम्बन्धित छ । उनको लेखकीय जीवनको उत्तराद्र्ध लेखनका दृष्टिले त्यति महत्वपूर्ण हुन नसक्नुमा यसले पनि काम गरेको छ । 016 देखि 025 सम्मको अवधिमा लेखिएका भूपिका कविता सर्वाधिक शक्तिशाली छन् । यस अवधिका केही कवितालाई छाडिदिने हो भने उनका समग्र कवितामा प्रगतिशील चेतना पाइन्छ । यही चेतनाको सशक्त कलात्मक अभिव्यक्ति उनको सबैभन्दा महत्वपूर्ण विशेषता हो ।

भूपि नेपाली कवितामा विकसित आधुनिकतावादी धाराका विरुद्ध संघर्ष गर्दै आफ्नो कविता लेखनलाई उचाइ प्रदान गरेका स्रष्टा हुन् । 016 पछि आधुनिक नेपाली कवितामा आधुनिकतावादी दृष्टिकोण र प्रवृत्तिको विकास भएको थियो । पश्चिममा आधुनिकतावादको जन्म प्रयोगपरक एवं अम्बागार्द प्रवृत्तिका रूपमा भएको पाइन्छ । आधुनिक नेपाली कवितामा पाइने प्रतीकवादी, अतियथार्थवादी, विसंगतिवादी, शून्यवादी आदि दृष्टिकोण र प्रवृत्तिहरू आधुनिकतावादका दृष्टान्त हुन् । यस्ता कवितामा अन्तर्वस्तुका रूपमा विसंगति, कुण्ठा, निराशा, अराजकता, विद्रोह, पलायन आदि आएका छन् भने प्रयोग, अमूर्तता, क्लिष्टता, जटिलता, अबोधगम्यता कविताका शिल्पगत विशेषता रहेका छन् । कवितामा आधुनिकतावादी स्वर र शैली बलियो हुँदै गरेका वेला भूपिले सरल, सरस, कलात्मक, सम्प्रेष्य र सामाजिक सरोकारका गम्भीर कविता रचना गरेर कवितालाई एक नयाँ रूप र दिशा प्रदान गरेका थिए । भूपि नेपाली कवितामा गोपालप्रसाद रिमालबाट आरम्भ भएको कविता परम्परालाई अघि बढाउने उल्लेखनीय व्यक्तित्व हुन् ।

## 13.6 भूपि शेरचनको कृतिमा निहित मानवीय मूल्य

सन् 60 को दशकसँगै नेपाली साहित्यमा प्रयोगधर्मी लेखकहरूको दबदबा देखियो। गोपालप्रसाद रिमाल, भूपि शेरचन, शङ्कर लामिछाने, ईश्वरवल्लभ, मोहन कोइराला, बैरागी काइला आदि लेखकले साहित्य मार्फत नै सिर्जनात्मक विद्रोह अभ्यास गरे। नेपाली साहित्यलाई साहित्यको वैश्विक आन्दोलनको आलोकमा हेर्नुपर्दा अंग्रेजी रोमान्टिक कविहरू किट्स र शेलीहरूले संसार छाडेको शताब्दी पछि मात्र लक्ष्मीप्रसाद देवकोटाहरूले स्वच्छन्दतावादी धार पछ्याएको देखिन्छ। ठीक विपरीत चित्रकारिताको हकमा भने हाम्रा चित्रकारहरूले युरोपबाट सोझै 'मोडर्निज्म' भित्र्याएको पाइन्छ।

सन् 50 को दशकतिरै लैनसिंह बाङ्देल चित्रकारिता अध्ययनका लागि पेरिस पुगिसकेका थिए। त्यसैगरी, सन् 60 को दशकमा नेपालबाट दुई मोडर्निस्ट चित्रकारहरू उर्मिला उपाध्याय गर्ग र लक्ष्मण श्रेष्ठ पनि पेरिस पुगे। बाङ्देलले जस्तै उनीहरूले पनि क्युविज्मका प्रणेता पाब्लो पिकासो र जर्ज ब्राक, सरियालिस्ट पेन्टर साल्भादोर दाली जस्ता प्रयोगधर्मी मोडर्निस्ट कला शिल्पीका कर्म र जीवन नजिकबाट नियाल्ने मौका पाए।

भूपिका कवितामा हिमाली पाखाका लाली गुराँस र धूपिसल्ला, पहाडका लालुपाते र सुनाखरी, तराईका चाँप र धानका बालामा मात्र नभई चियाका बोटमा नेपाली पिरती घनीभूत हुँदा कवितात्मक सौन्दर्यले मन तान्छ। यस्तै भैरहवाको तातो हावामा लाहुरेको गन्ध सुघ्दा, चिसो ऐस्ट्रेरूपी काठमाडौंको रानीपोखरीमा बल्छी खेल्ने जिन्दगी हेर्दा, पोखरामा सेतीको गुम्फनभित्र माछा पुच्छे र फेवातालको गर्वमा राष्ट्रियता पढ्दा कहाँ भूपिलाई बिर्सन सकिन्छ र ? हामी सामाजिक हुन नसक्दाका बेथितिलाई उनी कविताका जलपले चम्काउँछन्। त्यसैले केही क्षण मान्छेले बिर्से पनि उनले दिएका कवितात्मक (साहित्यिक) खुराकमा साहित्यिक माटाले उनलाई बिर्सने छैन। उनी साहित्यिक माटामा आफ्नो युग बनाएर हुर्किसकेका छन्। उनका कविता र गीतका माध्यमले नेपाली साहित्यका क्षेत्रमा उनी शिखर कविका रूपमा चम्किरहने छन् भन्न सकिन्छ। भूपिले कवितामा आफ्नो युग बनाएका छन्। उनले बनाएको युगमा उनले हुर्काएको सरलता, सरसता र सहजता, व्यङ्ग्य र अलङ्कारको घोलबाट जीवनका यथार्थ जसरी जीवन्त छन् त्यसरी नै भूपि पनि नेपाली भाषा, जाति र कविताका माटामा जिउँदा र अमर बनेका छन्।

भूपिको कविता लेखनका बारेमा आधुनिकतावादीबाट तिखा टिप्पणी पनि भएका छन् । उनका कवितालाई नारा, प्रचारमुखी र कलाविहीन भनेर पनि आलोचना गरिएको छ । यो आलोचना सिर्जनाका क्षेत्रमा चल्ने वैचारिक संघर्षकै एक अंग थियो । यो कला, कलाको प्रयोजन र भूमिकालाई हेर्ने भिन्न दृष्टिकोण बीचको संघर्ष थियो । आधुनिकतावादी प्रवृत्ति फस्टाउँदै र बलियो हुँदै गरेको समयमा भूपिले जसरी कवितालाई आफ्नो समयको यथार्थसँग जोडेर त्यसलाई प्रखर अभिव्यक्ति दिए, त्यो निकै महत्वपूर्ण छ । उनका कविताको सामथ्र्य पनि उनीमाथि प्रहारको एक प्रमुख कारण थियो । आफ्नो समयलाई भूपिले जति सशक्त अभिव्यक्ति उनका समकालीन अरू कसैले दिएका छैनन् । कवितामा आफ्नो समयको यथार्थको अंकनका दृष्टिले उनी श्रेष्ठ कवि हुन् । उनका कवितामा यथार्थको कलात्मक प्रतिविम्बन आलोचनात्मक चेतनासहित भएको छ । भूपिले 'कवि हुनु' शीर्षक कवितामा कवि हुनुलाई परिभाषित गर्दै 'कवि हुनु, अँध्यारो कोठामा प्रकाश ल्याउन बिजुलीका नांगा तारहरूलाई छुनु हो' भनेका छन् । उनले आफ्ना कवितामार्फत यही गरेका छन् । उनले साहसपूर्वक जसरी आफ्नो समयको कुरूप यथार्थको उद्घाटन गरेका छन्, त्यो बिजुलीका नांगा तारहरूलाई छोएसमान छ । कविमा रहेको उज्यालोको भोक यस साहसको मूल आधार रहेको पाइन्छ ।

भूपिले कविता पाठकबाट टाढिन र अलोकप्रिय बन्न आरम्भ गरेको वेला कवितालाई लोकप्रिय बनाए र यसको नैसर्गिक स्वभावलाई अझ सबल बनाउन महत्वपूर्ण भूमिका सम्पादन गरे । कविताको नैसर्गिक स्वभावले आममानिस, उनीहरूको संवेदना, व्यवहार, भाषा, अनुभव, स्वप्न, संघर्ष आदिसँग कविताको गहिरो सम्बन्धलाई बुझाउँछ । कविता आफ्नो कठिन यात्रामा यही विशेषताका कारण लोकप्रिय रहँदै आएको छ । आफ्नो यात्राको प्रारम्भिक चरणमा मानिसको हृदयलाई स्पर्श गर्ने दृष्टिले कवितामा पाइने असाधारण क्षमता यसैसँग सम्बन्धित छ । आफ्नो नैसर्गिक स्वभावलाई गुमाउँदै कविता आममानिससँग टाढिदै जानु र अमूर्त, क्लिष्ट र जटिल बन्नु कविता अलोकप्रिय बन्नुको एक महत्वपूर्ण कारण हो । आममानिससँग कविताको सम्बन्ध र संवादका सन्दर्भमा भूपि सधैँ गम्भीर रहेका पाइन्छन् । यो गम्भीरता एक कविका रूपमा उनको सफलताको महत्वपूर्ण आधार हो ।

## 13.7 भूपि शेरचनको कृतिमा निहित सार्वजनीनता

भूपि लामो समयको मौनता तोडेर वि.सं. 2041 मा "सर्पहरूको खोजीमा" भन्ने कविता लेख्छन् । त्यसै समयमा भूपि आफ्ना बारेमा भन्छन्– "विगत दुई दशकदेखि मभित्र कविता लेखनप्रति विरक्त्याइँ क्रमशः बढ्दै गएको तथा एक दशकदेखि मेरो स्वास्थ्य बिग्रदै गएकाले मैले लेख्न नसकेको हुँ" (गरिमा, 2041 ः पूर्णाङ्क 18) । भूपि कम्युनिस्ट र कवितामा लागेर आफु बिग्रिएको तथ्यलाई खोल्दा उनले बहुदलवादीहरूप्रति रोष प्रकट गर्छन् । आँधी र हुरी नआएसम्म समाजमा परिवर्तनको नयाँ बिहानी नआउने धारणा राखेर क्रान्तिमा समर्पित कवि राजाको निगाहलाई सर्वस्व ठानेर बाँच्नमा गर्व गरेका छन् । परिवार पाल्ने समस्यालाई "को बाल्न सक्छ दियो हुरी चलेको घरमा" भनेर यथार्थबाट पलायन भएका छन् । उनी आफ्ना जीवनका महइभ्वपूर्ण घटनामा "औंसीमा जन्मी मूलमा पर्नु, किशोरावस्थामा कम्युनिस्ट भएर भूलमा पर्नु र अहिले कर्मनिस्ट हुनु" (गरिमा, 2041 ः9) बताउँछन् । यसबाट उनको वैचारिक यात्रा स्पष्ट हुन्छ ।

प्रज्ञा प्रतिष्ठानको कुर्ची पदबाट भूपि सन्तुष्ट भने देखिँदैनन् । उनी "घुम्ने मेचमाथि पुगेपछि म आधा अन्धो मान्छेचाहिँ भएँ" भनी यसप्रति असन्तुष्टि व्यक्त गर्छन् । यस प्रसङ्गमा दाहिने आँखो पहिल्यै अन्धो भएको र देब्रे आँखो पनि बिग्रदै गएको उनको कथन छ (गरिमा, 2041 ः पूर्णाङ्क 18) । उनी नेपाली मगज 'जेट युग' मा र च्यापुभन्दा तल 'पेट युग' मा भएको वास्तविकतालाई राम्ररी मनन गर्छन् । उनले समसामयिक कविहरूका बारेमा अध्ययन–अनुसन्धान गर्न प्रेरित गर्थे भन्ने भनाइ स्मरणीय छ (शर्मा, 2046ः 112) । आठ सन्तानका पिता र दुई पत्नीका पति भूपि सङ्गीत, क्रिकेटमा रूचि राख्थे भन्ने पाइन्छ । 'प्रेम प्रसङ्ग' (विगत) का कुरा नगरौं थुप्रै सुखी परिवार दुःखी होलान् भन्ने उनको भनाइबाट रसिक भूपिलाई सहजै चिन्न सकिन्छ । यस धर्तीमा रहुन्जेल उनका जीवनका जे जस्ता पाटा भए पनि उनको अमर कार्य कविता सिर्जना नै हो । यस धर्तीमा 54 वर्ष बिताएर वि.सं. 2046 जेठ 1 गते (गोरखापत्र, 2046) कवि भूपि यस धर्तीबाट सदाका लागि विदा भए । उनको भौतिक देह हाम्रा माझमा नभए पनि उनको कवि व्यक्तित्व जिउँदो रूपमा हाम्रासामु उभिइरहेको छ ।

यस सन्दर्भमा "उनको दाहसंस्कारमा नौजना साहित्यकारहरू मात्र सम्मिलित हुन सकेछन् र सारा साहित्यिक समाजले उनलाई बिर्सेजस्तै भएछ तर उनी हाम्रा हृदयमा कहिल्यै मर्दैनन्" (शर्मा, 2046 ः 112) भन्ने मूल्याङ्कन स्मरणीय छ ।

भूपिका कविता सत्यं शिवं र सुन्दरम्का निम्ति आफ्नो समयसँग गरिएका प्रभावकारी संवाद हुन् । वस्तुतः एउटा कवि आफ्नो समयसँगको शक्तिशाली संवादमा जिउँछ । भूपिका कविताले आफ्नो समयसँग सार्थक संवाद गरेका छन् । आफ्नो समयसँग सशक्त संवाद गर्ने उनका कविताको भाषाशैली, सरल, सरस, अनुप्रासमय र कलात्मक छ । विम्ब र प्रतीकहरू नेपाली माटो र जीवनबाट टिपिएका छन् । अलंकारको सुन्दर रूपमा प्रयोग गरिएको छ । भाषाको दुरुपयोग र विषयवस्तुको पुनरावृत्तिको दोषबाट उनी बचेका छन् । उनका कविता सरल भइकन पनि कसरी उत्कृष्ट हुन सक्छन् भन्ने कुराका दृष्टान्त हुन् । उनका कवितामा सामञ्जस्यता, सन्तुलन, आवेग, गहिरो व्यञ्जनात्मकता, तनाव, लालित्य, सुस्पष्ट काव्यदृष्टि र गम्भीर सामाजिक सरोकार पाइन्छन् । कविता उत्कृष्ट हुनका निम्ति यी सबै कुरा आवश्यक छन् । समकालीन हुँदाहुँदै पनि भूपिका कविताले सार्वकालीन चरित्र ग्रहण गरेका छन् ।

## 13.8 उपसंहार

भूपिले कवितालाई मानिसको मुक्तिधर्मी संघर्षसँग जोडेर त्यसलाई शक्तिशाली एवं लोकप्रिय बनाएका थिए । भूपिले 'जसरी हिमाल पग्लिँदा निर्मल खोलाको जन्म हुन्छ, त्यसरी नै कवि पग्लिँदा कविताको जन्म हुन्छ' भनेका छन् । भूपिको कथन कवितालाई सार्थक संवाद बनाउने कुरासँग सम्बन्धित छ । उनले कवि संवेदना र विचारका तहमा समाजसँग जोडिनुपर्ने कुरामा जोड दिएका छन् । कविको हृदयको पग्लाइ जीवन र जगत्का गम्भीर सरोकारसँग सम्बन्धित हुनुपर्छ भन्ने उनको दृष्टिकोण थियो । उनी कवितालाई आममानिस, उनीहरूका स्वप्न र संघर्षसँग जोडेर मात्र शक्तिशाली संवादका रूपमा प्रस्तुत गर्न सकिन्छ भन्थे । उनका कविताको लोकप्रियता यसको दृष्टान्त हो । उनका कविता आफ्नो समयसँग सशक्त संवादका नमुना हुन् ।

उनका कविताले हामीलाई कवितालाई एकालाप वा स्वागत कथन हुनबाट बचाउनुपर्छ मात्र भन्दैनन्, यसको भाषालाई धारिलो बनाउनुपर्छ पनि भन्छन् । कवितालाई आममानिसको भाषा बनाउन सक्दा नै यसलाई जीवित राख्न सकिन्छ भन्ने सन्देश उनका कविताले दिन्छन् । भूपिका कविताले कठिन बाटोमा हिँड्न ऊर्जा मात्र प्रदान गर्दैनन्, दृष्टि पनि प्रदान गर्छन् । भूपिको काव्य सामर्थ्यलाई अन्तर्वस्तु र रूपको सुन्दर एकतामा हेर्नुपर्छ । उनका कवितामा कविताको बाह्य

र आन्तरिक पक्षको सुन्दर एकता पाइन्छ । उनले आफ्ना कवितामा युग–जीवनका प्रतिनिधि पक्षलाई मात्र उठाएनन्, त्यसको प्रभावकारी अभिव्यक्तिका निम्ति त्यस्तै भाषाशैली, विम्ब, प्रतीक, अलंकारको प्रयोग पनि गरे । लयात्मकता उनका कविताको एक महत्वपूर्ण विशेषता हो । भूपिको काव्यसामथ्र्यको मूल आधार विसंगति र विकृतिप्रति तिखो प्रहार, समानतामा आधारित न्यायपूर्ण समाजको स्थापनाको आकांक्षा, प्रगतिशील मानवतावादी दृष्टिकोण, प्रगाढ राष्ट्रवाद र भविष्यप्रतिको आस्था हुन् ।

भूपिले आफ्नो समयका राजनीतिक, सामाजिक, सांस्कृतिक जीवनका कुरूप पक्षमाथि गहिरो एवं मार्मिक व्यंग्य गरेका छन् । आफ्नो समयको कुरूप यथार्थमाथि यति चोटिलो प्रहार त्यसवेलाका अरू कुनै कविबाट भएको पाइन्न । भूपिका कवितामा गम्भीर इतिहास दृष्टि पनि पाइन्छ । उनी इतिहासप्रति आलोचनात्मक छन् । यसैअनुरूप कवितामा प्रस्तुत भएका छन् । उनका कवितामा उत्पीडित राष्ट्रले उत्पीडक राष्ट्रविरूद्ध गरेको संघर्षको समर्थन र त्यसप्रति ऐक्यबद्धता पनि पाइन्छ । उनी साम्राज्यवाद, उपनिवेशवादका विरोधी थिए ।

## 13.9 सार

यस प्रखण्डमा **भूपि शेरचनको कृतिमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनता**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- विक्रम सम्वत् 1992 साल पुस 10 गते जन्मिएका भूपि शेरचन नेपाली कविताको मानक कवि मानिन्छन् ।

- कवि भूपि शेरचनको नयाँ झ्याउने, निर्झर, परिवर्तन आदि कृतिहरू मध्ये 'घुम्ने मेचमाथि अन्धो मान्छे' कविता संग्रहलाई नेपाली कवितामा विशिष्ट मानिन्छ । भूपिले सो कृतिबाट 2026 सालको साझा पुरस्कार समेत पाएका थिए ।

- भूपिले कवितालाई मानिसको मुक्तिधर्मी संघर्षसँग जोडेर त्यसलाई शक्तिशाली एवं लोकप्रिय बनाएका थिए ।

- भूपिले 'जसरी हिमाल पग्लिँदा निर्मल खोलाको जन्म हुन्छ, त्यसरी नै कवि पग्लिँदा कविताको जन्म हुन्छ' भनेका छन् । भूपिको कथन कवितालाई सार्थक संवाद बनाउने कुरासँग सम्बन्धित छ ।
- उनले कवि संवेदना र विचारका तहमा समाजसँग जोडिनुपर्ने कुरामा जोड दिएका छन् । कविको हृदयको पग्लाइ जीवन र जगत्का गम्भीर सरोकारसँग सम्बन्धित हुनुपर्छ भन्ने उनको दृष्टिकोण थियो ।
- उनी कवितालाई आममानिस, उनीहरूका स्वप्न र संघर्षसँग जोडेर मात्र शक्तिशाली संवादका रूपमा प्रस्तुत गर्न सकिन्छ भन्थे ।
- उनका कविताको लोकप्रियता यसको दृष्टान्त हो । उनका कविता आफ्नो समयसँग सशक्त संवादका नमुना हुन् ।
- उनका कविताले हामीलाई कवितालाई एकालाप वा स्वागत कथन हुनबाट बचाउनुपर्छ मात्र भन्दैनन्, यसको भाषालाई धारिलो बनाउनुपर्छ पनि भन्छन्।
- कवितालाई आममानिसको भाषा बनाउन सक्दा नै यसलाई जीवित राख्न सकिन्छ भन्ने सन्देश उनका कविताले दिन्छन् । भूपिका कविताले कठिन बाटोमा हिँड्न ऊर्जा मात्र प्रदान गर्दैनन्, दृष्टि पनि प्रदान गर्छन् ।
- भूपिको काव्य सामथ्र्यलाई अन्तर्वस्तु र रूपको सुन्दर एकतामा हेर्नुपर्छ । उनका कवितामा कविताको बाह्य र आन्तरिक पक्षको सुन्दर एकता पाइन्छ ।
- उनले आफ्ना कवितामा युग–जीवनका प्रतिनिधि पक्षलाई मात्र उठाएनन्, त्यसको प्रभावकारी अभिव्यक्तिका निम्ति त्यस्तै भाषाशैली, विम्ब, प्रतीक, अलंकारको प्रयोग पनि गरे । ल
- यात्मकता उनका कविताको एक महत्वपूर्ण विशेषता हो । भूपिको काव्यसामथ्र्यको मूल आधार विसंगति र विकृतिप्रति तिखो प्रहार, समानतामा आधारित न्यायपूर्ण समाजको स्थापनाको आकांक्षा, प्रगतिशील मानवतावादी दृष्टिकोण, प्रगाढ राष्ट्रवाद र भविष्यप्रतिको आस्था हुन् ।
- भूपिले आफ्नो समयका राजनीतिक, सामाजिक, सांस्कृतिक जीवनका कुरूप पक्षमाथि गहिरो एवं मार्मिक व्यंग्य गरेका छन् । आफ्नो समयको कुरूप यथार्थमाथि यति चोटिलो प्रहार त्यसवेलाका अरू कुनै कविबाट भएको पाइन्न ।

- ❖ भूपिका कवितामा गम्भीर इतिहास दृष्टि पनि पाइन्छ । उनी इतिहासप्रति आलोचनात्मक छन् । यसैअनुरूप कवितामा प्रस्तुत भएका छन् ।
- ❖ उनका कवितामा उत्पीडित राष्ट्रले उत्पीडक राष्ट्रविरूद्ध गरेको संघर्षको समर्थन र त्यसप्रति ऐक्यबद्धता पनि पाइन्छ । उनी साम्राज्यवाद, उपनिवेशवादका विरोधी थिए ।

यस प्रखण्डको अध्ययनले **भूपि शेरचनको कृतिमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनता**बारे बुनियाँदी जानकारी प्राप्त भयो । यस अतिरिक्त भूपि शेरचनको साहित्यिक परिचय र उनका कृतिमा निहित विभिन्न पक्षहरू सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 13.10 अनुशीलनी

1. कवि भूपि शेरचनको जीवनबारे चर्चा गर्दै उनको साहित्यिक योगदानबारे सविस्तार चर्चा गर्नुहोस् ।

2. कवि भूपि शेरचनका कवितामा पाइने प्रमुख विशेषताबारे टिप्प्णी गर्नुहोस् ।

3. भारतेली नेपाली साहित्यमा कवि भूपि शेरचनको महत्त्व र मूल्य के कस्तो रहेको छ ? बताउनुहोस् ।

4. कवि भूपि शेरचनका कविताहरूबारे सबिस्तार रूपमा चर्चा गर्दै उनलाई प्रसिद्ध कविको रूपमा चिनाउनुहोस् ।

5. कवि भूपि शेरचनका कविताहरूमा पाइने काव्यकारितालाई विस्तृत रूपमा प्रस्तुत गर्नुहोस् ।

6. भूपि शेरचनका रचनाहरूमा शैली पक्ष कस्तो रहेको मानिन्छ ? आफ्नो तर्क दिनुहोस् ।

7. कवि भूपि शेरचनलाई एक दक्ष गीतकारको रूपमा चिनाउँदै उनका गीतहरूबारे चर्चा गर्नुहोस्।

8. कवि भूपि शेरचनको साहित्यिक योगदानबारे एउटा टिप्पणी लेख्नुहोस्।

9 कवि भूपि शेरचनका कृतिगत संरटनाबारे लेख लयार पार्नुहोस् ।

10. कवि भूपि शेरचनलाई कथाकार र सम्पादकको रूपमा चिनाउँदै उनको साहित्यको वैशिष्ठबारे आफ्नो मनतव्य लेख्नुहोस् ।

## 13.11 अतिरिक्त अध्ययन

1. ठकुरी , मोहन - **नेपाली कविता यात्रा** ।

2. राई, असीत - **भारतीय नेपाली साहित्यको इतिहास** ।

3. ठाकुर, मोहन - **स्वतन्त्रतोत्तर नेपाली कविता** ।

4. रिसाल, राममणि - **नेपाली काव्य र कवि** ।

5. श्रेष्ठ, रमेश - **नेपाली कविताको प्रवृत्ति** ।

६. शर्मा, तारानाथ – **नेपाली साहित्यको इतिहास** ।

७. जिम्बा, टेकध्वज आशा – **आधुनिक भारतीय कविता संचयन** ।

८. नेपाल, घनश्याम - **नेपाली साहित्यको परिच्यात्मक इतिहास** ।

९. प्रधान, कृष्णचन्द्रसिंह - **नेपाली कविताको आधुनिक प्रवृत्ति** ।

१०. नवपानीया, हरिभक्त – **नेपाल बाहिर नेपाली साहित्यको गतिविधि** ।

११. अधिकारी, रविलाल - **प्रगतिवादी नेपाली कविता** ।

१२. कुँवर, उत्तम - **स्रष्टा र साहित्य** ।

१३. चापागाई, नरेन्द्र - **केही सृष्टि : केही दृष्टि** ।

१४. त्रिपाठी, वासुदेव - **नेपाली कविताको सिंहावलोकन** ।

१५. प्रधानाङ्ग, विकासमान (2047), (संयोजक) - **भूपि स्मृति ग्रन्थ** ।

१६. बराल, कृष्णहरि - **कवि भूपि विश्लेषण र मूल्याङ्कन** ।

१७. रिमाल 'यात्री' बासु - **केही साहित्यिक चिन्तनहरू** ।

**१८.** दिलकुमार प्रधान (सम्पा.) - **भारतेली नेपाली कविता ।**

१९. शर्मा, तारानाथ - 'हुँदैन बिहान मिर्मिरमा तारा झरेर नगए', गरिमा, (वर्ष 7, अङ्क 6 ।

२०. शर्मा, सुकुम (2053) 'रूपरेखा, रक्सी र भूपि' प्रयोग, वर्ष 1 अङ्क 8 ।

२१. …… (2054) 'भूपिका कवितामा चित्रात्मक प्रयोग' वन्दना, वर्ष 16 अङ्क 3 ।

...... (2055) 'भूपिले कवितामा उतारेको पोखरालाई अवलोकन गर्दा' उदय, वर्ष 61 अङ्क 2 ।

२२. ...... (2055) 'भूपिको यो हल्लै हल्लाको देश हो भन्ने कवितालाई खोतल्दा' साहित्यसागर, वर्ष 1 अङ्क 1 ।

२३. ...... (2056) 'भूपिको 'भूपि शेरचन' कवितालाई खोतल्दा' समष्टि, वर्ष 20, अङ्क 5 । ...... (2056) 'कवि भूपि शेरचनको जीवनीको छोटो झलक' साहित्यसागर, वर्ष 2 अङ्क 1, पूर्णाङ्क 4 ।

२४. ...... (2056) 'गलत लाग्छ मलाई मेरो देशको इतिहास' आजको समाचारपत्र,।

...... (2058) 'कवि भूपिका आँखामा नेपाल र नेपालीहरू' प्रतिभा, वर्ष 7 अङ्क 5 ।

यस अतिरिक्त **भूपि शेरचन**बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 13.12 मूल्यबृद्धिको निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

२६. कवि भूपि शेरचनका सामान्य परिचय ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 13.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२७. भूपि शेरचनका कृतिमा निहित सामाजिक मूल्य ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 13.5 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२८. भूपि शेरचनका कृतिमा निहित सांस्कृतिक मूल्य ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 13.6 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२९. भूपि शेरचनका कृतिमा निहित मानवीय मूल्य ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 13.7 को खण्ड अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

३०. भूपि शेरचनका कृतिमा निहित सार्वजनीनता ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 13.8 को खण्ड अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 14, भूपि शेरचनको विशेष साहित्यिक योगदान र उनका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषता

**संरचना**

14.0 उद्देश्य

14.1 परिचय

14.2 भूपि शेरचनको साहित्यिक योगदान

14.2.1 कविको रूपमा

14.2.2 गीतकारको रूपमा

14.2.3 नाटककारको रूपमा

14.2.4 अन्य क्षेत्रको रूपमा

14.3 भूपि शेरचनका रचनाहरू

14.4 भूपि शेरचनका रचनाहरूको संरचना पाइने विशेषता

14.5 भूपि शेरचनका रचनाहरूको शैलीमा पाइने विशेषता

14.6 उपसंहार

14.7 सार

14.8 अनुशीलनी

14.9 अतिरिक्त अध्ययन

14.10 मूल्यबृद्धिको निम्ति उत्तर

## 14.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- भूपि शेरचनको साहित्यिक यात्रा
- भूपि शेरचनको साहित्यिक योगदान

- कविको रूपमा
- गीतकारको रूपमा
- नाटककारको रूपमा
- अन्य क्षेत्रको रूपमा
- भूपि शेरचनका रचनाहरू
- भूपि शेरचनका रचनाहरूको संरचना पाइने विशेषता
- भूपि शेरचनका रचनाहरूको शैलीमा पाइने विशेषता

## 14.1 परिचय

भूपी शेरचनको वास्तविक नाम भुपेन्द्रमान शेरचन हो। उनको जन्म वि. सं. 1992 मा नेपालको मुस्ताङ जिल्लाको छाक टुकुचेमा भएको थियो । भूपिको सानै उमेरमा आमाकी मृत्यु भएको थियो । बाल्यवस्था मातृहीन भएको कारण उनको कवि ह्रदय अत्यन्त सम्वेदनशील पाइन्छ ।

सन् 1969 मा **घुम्ने मेचमाथि अन्धो मान्छे** कविता सङ्ग्रहमा साझा पुरस्कारले सम्मानित भएका कवि भूपि शेरचन वि. सम. 2012 मा नेपाल कनुनिष्ट पार्टीका जिल्ला सचिव र वि. सं. 2026 मा नेपाल राजकीय प्रक्षा प्रतिष्ठानका सदस्य पनि भएका थिए । 'यो नेपाली शिर उचाली संसारमा लम्कन्छौँ' गीतका रचयिता भूपी शेरचनको आज 84 औँ जन्म जयन्ती हो भूपि शेरचनको जन्म विक्रम सम्बत् 1992 पुस 12 गते मुस्ताङको टुकुचे भन्ने गाउँमा भएको हो । सुब्बा हितमान शेरचन र पदमकुमारी शेरचनका कान्छा छोरा भूपि शेरचनको खास नाम भूपेन्द्रमान शेरचन हो । भूपेन्द्रमान शेरचनले घुम्ने मेचमाथि अन्धो मान्छे कवितासङ्ग्रहमार्फत आफूलाई भूपि शेरचन भनेर आपूmलाई चिनाएका हुन् । भूपि पाँच वर्षका हुँदा उनकी आमाको मृत्यु भएकाले र उनका दिदीबैनी नभएकाले उनी मातृजातिको स्नेहबाट वञ्चित भएको उल्लेख छ । त्यति मात्र नभएर छोरीको आशमा छोरा भइदिएकोले पारिवारिक उपेक्षामा उनको बाल्यकाल बितेका थिए ।

आफ्नो पारिवारिक विषम परिस्थितिमा हुर्किएका कवि शेरचन 10 र 12 वर्षको उमेरदृखि शिक्षा अध्ययन गरान्थ बनारसमा बसेका थिए । बनारसमा बसेर स्नातकसम्मको शिक्षा लिएका कवि भूपि माक्सवादी चिन्तनप्रति आक्रषित पनि

भएको बुझिन्छ । यसै क्रममा उनी कम्युनिस्ट राजनीतिमा प्रतिबद्ध भएको पाइन्छ।

# 14.2 भूपि शेरचनको साहित्यिक योगदान

## 14.2.1 कविको रूपमा

सुब्बा हितमान शेरचन र पद्म कुमारी शेरचनको परिवार थाकखोलाका नामुद धनी व्यापारी थिए। उनको व्यापार थाकखोलाबाट पोखरा, बुटवल, भैरहवा हुँदै नौतनासम्म फैलिएको थियो। तिनैका कोखबाट भूपेन्द्रमान शेरचनको जन्म भएको हो। धौलागिरिको काखमा मुस्ताङ जिल्लाको थाक टुकुचेमा वि.सं. 1992 साल पुस महिनामा जन्मिएका हुन् भूपेन्द्रमान शेरचन। हितमान शेरचनका चार भाइ छोरामध्ये अन्तिम सन्तान भनेका नै भूपेन्द्रमान हुन्। चार छोरा भइसकेपछि छोरीको अपेक्षा गर्दागर्दै पाँचौं सन्तानको रूपमा उनको जन्म भएको हो। छोरीको अपेक्षामा बज्र त परेको थियो नै त्यसमा पनि पुषे औंशीको दिन -अम्ष्या) मूल परेर जन्मुन उनको परिवारमा ठूलो चिन्ता र निराशाको कुरा राखेको पाइन्छ। सोही कारण उनका बाबुले छ महिनासम्म उनको मुख हेरेनन् भनिन्छ। छ महिनाको समयपश्चात एक चर्चित ज्योतिषीलाई जन्मकुण्डली हेराउँदा कसैलाई नपिर्ने, आफूलाई नै पिर्ने बताएपछि पिता हितमानले उनको मुख हेरेका थिए।

विडम्बना पाँच वर्षको उमेरमा उनकी आमाको मृत्यु हुनाले उनलाई ‘आमा टोकुवा’ को आभूषण पहिऱ्याउने काम भयो। गाउँ समाजमा उनलाई गाली गलौच गरिदा कलिलो मस्तिष्कमा आफ्ना कलिला दाँतहरूले कसरी आमालाई टोके भन्ने छाप पऱ्यो, अन्तत उनी व्रिरोही बन्दै गए। थाकटुकुचेको स्वच्छ हावापानी र उच्च मध्यमवर्गमा हुर्केका शेरचनलाई नेपाली समाजमा प्रचलित कुसंस्कारले पीडित बनाएको थियो। छोरी जन्माउने आसमा जन्मेका शेरचन, त्यसमा पनि मूल नक्षत्रमा परेर। उनको परिवारमै समेत उपेक्षाको व्यवहार भयो भने गाउँ समाजमा कस्तो रÞयो भन्ने कुरा अनुमान गर्न गाह्रो छैन। पाँच वर्षको उमेरमा टुहुरो बनेका उनी १०, १२ वर्षको कलिलो उमेरमै बनासरमा अध्ययन गर्नका लागि प्रवेश गरे। उनका दाजु योगेन्द्रमान शेरचन र भतिजी उर्मिलाका साथ बनासरको अस्सी भन्ने ठाउँमा सि•ै घर भाडामा लिएर दाजुसँग बसेका थिए उनी। सरल भाषामा भन्नुपर्दा उनको परिवार सम्पन्न भएको कारण स्याहारसुसारका लागि आवश्यक

Notes

भान्से र नोकरचाकरसमेत नेपालबाटै लगिएका थिए। पारिवारिक माया ममताबाट विरक्तिएका उनी विद्यार्थी कालदेखिनै अनौठो स्वभावका थिए। आफ्नो जीवनमा किशोरावस्था प्रवेश गरेदेखि आमाको मायामा विरक्तिन पुगेर मनमा उब्जेको पीडाको अन्त्यका लागि खैनी, चुरोट र रक्सीको सहायता लिने गर्न थाले। अन्ततः उनमा त्यसको लत बस्दै गयो।

समय बित्दै जाँदाजाँदा उनी राजनीतिमा पनि विस्तारै तानिदै गए। जब बनारस विश्वविद्यालयमा पढ्दै थिए। उनका साथीहरूको राजनीत्रितिको शोखले ठूलो प्रभाव पार्‍यो। बनासरका विद्यार्थी राजनीतिका दुईटा खेमामा विभाजित थिए। एकथरि नेपाली काङ्ग्रेस खेमा थिए भने अकोर्थरि कम्युनिष्ट। उनी गाउँ समाजमै रहँदै आमा टोकुवा भन्ने संस्कारका विरोधी बनिसकेका थिए। फलस्वरूप उनको प्रगतिशील विचारधारातर्फ झुकाव थियो नै। जब उनले 'जनवाद' नाटक प्रकाशित गरे। त्यो समय भूपेन्द्रमान शेरचनको पछाडि 'सर्वहारा' फुको जाडे। उक्त नाटक बनासर विश्वविद्यालयको सभाकक्षमा नेपाली छात्र सङ्घले मञ्चन गरेको थियो। जसमा एउटा झयाउरे गीत 'धनवाद त्रिरो, जनवाद हाम्रो।' उनले आफ्नै स्वरमा गाएका थिए। नाम चलेका व्यापारी हितमान शेरचनका छोरा काङ्ग्रेसका कट्टर नेता योगेन्द्रमान शेरचनका भाइ सर्वहारालेखी एक्कासी कम्युनिष्ट कसरी भयो – सबै आर्श्चर्यचकित भए। यसबाट स्वयम् काङ्ग्रेसी दाजु रूष्ट भए। दाजुभाइबीच सैद्धान्तिक विवाद भयो र डेरा सर्र्नुपर्ने अवस्था आयो।

सोखको विषय नै बाधक बन्न पुग्यो। उनी डेरा सर्नुपयो त्यही नाटकका कारण। अस्सीघाटको ब•ाली टोलको एउटा घरमा कोठा लिएर बसे। विद्यार्थीकालदेखि नै सर्वहारा उपनाम राखेर कविताहरू लेख्न थाले। केही समयपश्चात् नेपालमा राणाहरूको जनताविरोधी शासन पद्धति सुरु भयो। उनी त्यो शासनपद्धतीप्रति परिचित थिए र अध्ययनलाई बीचैमा छोडेर भद्रअवज्ञा आन्दोलनमा सामेल भए। जब आन्दोलनमा सामेल भएका मात्र थिए। आन्दोलनमा सरीक भएबापत नै जेल जीवनसमेत बिताउनुपर्‍यो उनले। भूपेन्द्रमान शेरचनले अरू शेरचन समाजको जस्तो व्यवसाय र उद्योगधन्दा गरेनन्। परिवारसँग व्रिरोह गरेर उनले आफ्नै स्वइच्छाको उद्योग सञ्चालन गरे। त्यही उद्योगका उद्योगपती बने। परिवारको उद्योगधन्दा नसम्हाल्ने भयो भन्ने चिन्तालाई दुर गर्न चाहन्थे। फेरि अरूको दबाबमा रहेर उद्योग सञ्चालन गर्न पनि चाहन्नथे उनी। घरपरिवार मात्र होइन,

गाउँ, टोल र समाजमा उसले बाबुआमाको उद्योगको बिँडो नधान्ने भयो भन्ने ठूलो पीर परेको थियो।

हिजो हितमानको उद्योग के थियो ( टुकुचेका आसेपासेलाई मात्र थाहा होला। यो पंक्तिकारलाई थाहा छैन। भूपेन्द्रमान शेरचनका 'परिवर्तन' (नाटक-२०१०) , 'नयाँ झयाउरे' -गीतिकविता सङ्ग्रह (२०१०), 'निर्झर' -कविता सङ्ग्रह (२०१५), 'घुम्नेमेचमाथी अन्धो मान्छे' –कवितासंग्रह(२०२५), र पछिल्लो समय २०५७ सालमा शिव रेग्मीको सम्पादनमा 'भूपि शेरचनका कविताहरू' –कवितासङ्ग्रह(२०५७) कृति प्रकाशन भएका छन्। आज भूपेन्द्रमान शेरचनले समालेको उद्योग कालजयी रहेको छ। राणाहरूको जनता विरोधी शासन पद्धति सुरु भएपछि उनले आफ्नो उद्योग सञ्चालन गरेर जागरणोन्मुखी कविताहरू लेख्न थाले। आफ्नो लेखनमा अटल विश्वास राख्नु नै नेपाली साहित्यको लागि गर्वको कुरा हो। उनका कृतिमा नेपाली वाङ्मय गौरव गरेको छ।

सबैले अनुमान गरेको कुरा हो, 'नजिकको तीर्थ हेला हुन्छ' भनेर त्यसैले एक कविलाई जीवित छँदै हेर्नु र मृत्युपश्चात हेर्नुमा फरक पर्दछ। आज नेपाली वाङ्मयका सम्पूर्ण अग्रज, समकालीन र अनुज समालोचक, लेखक र साहित्यकार उनलाई सम्झँदै हिँड्नु, उनले सञ्चालन गरेको उद्योगको प्रशंसा गर्नु चानेचुने कुरा होइन। आखिर लेख्नु, लेख्नु नै हो। धेरै लेख्नु र थोरै लेख्नुमा कुनै भिन्नता छैन। धेरै लेख्नुमात्र ठूलो कुरा पनि होइन र थोरै लेखेर योगदान थोरै हुने पनि। आखिर हुनुपर्ने गुण हो। जब हामी तरकारी पकाउँछौं त्यसमा आवश्यकतानुसार मसला, नुन, खुसानी र आवश्यक अन्य पदार्थहरूको मात्रा उचित लागेको छैन भने त्यसको स्वाद कस्तो रहन्छ – हाम्रो जिब्रोले सहजै अनुमान गर्न सक्छ। लेखाईमा पनि त्यो स्वादको जरूरी पर्दछ। समग्र देश, समाज र माटोको आत्मा हुनुपर्दछ। त्यो भएन भने लेखनको कुनै तुक रहँदैन। त्यसैले भूपेन्द्रमानका रचनामा चाहे उनको सर्वहारा फुको जोडेर पहिलो पटक लेखिएको नाटक होस् या त्यसपछिका कविता कृतिहरू हुन ती सबैमा अपेक्षा गरेको आत्मा भेटिन्छन्। उनका कृतिको लेखाजोखा गरेर राम्रो नराम्रो भन्न खोज्नु डाक्टर र वैद्यलाई रोगको निधानका लागि लडाउनु जस्तो हो। जहाँ डाक्टर र वैद्यले आफ्नो, आफ्नो होमियोप्याथिक र एलोप्याथिक उपचारमा जोड दिने निश्चित छ।

भूपेन्द्रमान शेरचन नेपाली साहित्यमा लागेपछि भूपि शेरचन बनेका हुन्। यसैले उनी नेपाली साहित्यका मूर्धन्य व्यक्तित्व हुन्। नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालयले वि.सं. २०५६ सालमा उनको फोटो अङ्कित हुलाक टिकट सार्वजनिक गरेको छ। भूपि शेरचनको अभावमा नेपाली साहित्य जगत अपा• भएको छ। परिवर्तन नाटक, नयाँ झयाउरे र निर्झरका रचनाकार भूपि नेपालीसाहित्यको स्तरियताका धर्मले शिखर पुरूष हुन्। किनकि उनलाई भूपि भनेर चिनाएको घुम्ने मेचमाथी अन्धो मान्छे जसको वि.सं. २०६४ को बाह्रौं संस्करणसम्म आइपुग्दा ४० हजारको हाराहारीमा बिक्री भएको छ। नेेपाली साहित्य आकाशमा आफ्ना रचना र व्यक्तित्वका कारणले समानरूपले चर्चित प्रख्यात व्यक्तित्व महाकवि देवकोटापछिका नयाँ पुस्तकाका कवि भूपि शेरचन नै हुन्। नेपाली कविताको एक युग 'भूपि युग' बनेको थियो। पहिलाको समयमा काठमाडौँको चोकदेखि थाक टुकुचेको चोकसम्म त्यो युग रहेकोमा विस्तारै-विस्तारै त्यसले दायरा फराकिलो बनाउँदै अन्तर्राष्ट्रिय जगतमै प्रवेश गर्‍यो, त्यो हामीले कदापि बिर्सन हुँदैन र बिर्सन सक्दैनौं पनि। 'घुम्ने मेचमाथि अन्धो मान्छे'का बारेमा समालोचक डा. तारानाथ शर्माले महाकवि लक्ष्मीप्रसाद देवकोटाको मुनामदनपछि सबैभन्दा धेरै रूचाइएको नेपाली काव्यग्रन्थ हो भनेका छन्।

कवि शेरचन आफूमात्र लोकप्रिय भएनन्। आफ्ना कवितालाई पनि त्यस्तै लोकप्रिय बनाए यो उनको भाषाशैली र प्रवृत्तिको देन थियो। नेपाली साहित्यमा कविताको उचाईलाई सदसर्वदा अग्रस्थानमा राखे। सरल भाषाशैली र गद्य भए पनि लयात्मक प्रस्तुति उनको मूख्य विशेषता हो। उनको कवितामा मानव जनजीवनका अनुभूतिको गहिराई रहेको छ। मानव जीवनको समकालिन युगबोधको भाषा प्रयोग गरेर क्रान्ति चेतना छरेका छन्। देशको जर्जर अवस्थामा सर्वसाधारण जनताहरू राणाहरूको मोजमस्तीका लागि उनीहरूले अपनाउने अनेक कर्तुतहरूको गहिराइमा चुर्लुम्म डुबेर उनका कविताले गहिराइको मापन गरेको छ। समाजको प्रतिनिधित्व गर्ने आवाज बुलन्द पारेको छ।भूपिको काव्य संवेदना नेपाली काव्यसाहित्यको ऊध्र्वगामी धाराबाट निर्मित छ र यो आफ्नो माटोसँग गहिरो गरी जोडिएको छ । भूपिको काव्यसंवेदनाको चर्चा गर्दा प्रसिद्ध रुसी कवयित्री आख्मातोबाबारे अर्का प्रसिद्ध रुसी कवि ओसिप मान्देलस्तामले गरेको टिप्पणीको सम्झना हुन्छ । मान्देलस्तामले आख्मातोवाको काव्यसंवेदनाका जराहरू उन्नाइसौँ शाताब्दीको यथार्थवादी रुसी साहित्यसँग

जोडिएको उल्लेख गरेका छन् । यसको केन्द्रमा तोल्सतोय, गोगोल, चेखब र दोस्तोयवस्कीहरू थिए । भूपिको काव्यसंवेदनाको निर्माण नेपाली काव्य परम्परा, आफ्नो माटो, त्यसका सुख–दुःख, स्वप्न–संघर्षबाट भएकाले उनका कविताले आफ्नो समयलाई सजीव अभिव्यक्ति दिएका हुन् । संवेदनाको निर्माण कविको विश्वदृष्टिसँग जोडिन्छ । काव्यदृष्टि विश्वदृष्टिसँग गाँसिन्छ । काव्यदृष्टि कविता र त्यसको सिर्जनाका सम्बन्धमा कविको दृष्टिकोण हो ।

कवितामा पाइने विचार कविको विचारधारात्मक पक्षधरताबाट निर्माण हुन्छ । भूपिका कविताले कलाका सर्तभित्र रहेर विचारको प्रक्षेपण गरेका छन् । विचारका कारण उनका कविता कमजोर छन् भन्ने पनि छन्, तर विचारका कारण उनका कविता कमजोर छैनन् । विचार कवितामा आवश्यक मानिन्छ, तर त्यो जीवनका अनुभवसँग एकीकृत भएर, संवेदनासँग जोडिएर, आफ्नो समयसँग सार्थक संवाद गर्दै व्यक्त हुनुपर्छ । भूपिका कवितामा विचार यसैगरी आएको पाइन्छ । उनका कविताको प्रभाव समकालीन नेपाली कविमा पनि परेको छ । उनले निर्माण गरेको काव्यमार्गलाई आजका कैयौँ कविले पछ्याइरहेका छन् । समकालीन नेपाली कविता मूलतः रिमाल र भूपिद्वारा निर्मित काव्यमार्गमा नै हिँडिरहेछ । समग्रमा भन्दा भूपि कवितामा प्रगतिशील स्वरलाई उच्च कलात्मक अभिव्यक्ति दिने आधुनिक नेपाली कविताको दोस्रो चरणका विशिष्ट प्रतिभा हुन् ।

## 14.2.2 गीतकारको रूपमा

गीतको परिभाषा दिनु एउटा कठिन कार्य हो। मनका कोमल भावलाई लयात्मक रूपमा अभिब्यक्ति गीत हो भन्दा अत्युक्ति नहोला। अझ सजिलोसँग भन्नुपर्दा, गाउनका लागि रचिएको लयात्मक अभिव्यक्ति हो गीत। गीतलाई छुट्टै विधा मान्नुभन्दा कविताकै एउटा उपविधा मान्नु उचित देखिन्छ। यद्यपि अब यसले छुट्टै विधाको रूपमा पनि दरिएको छ। यसमा मानसिक अवस्थाको तीब्र अभिव्यक्ति हुन्छ। गीतमा संरचना, विषयवस्तु, लयविधान, बिम्बविधान, संगीतात्मकता, दृष्टिविन्दु, भाषा, शैली, अलङ्कार, संवेग, कल्पना, जस्ता तत्वहरू हुन्छन्। त्यसैगरी गीतमा सरलता, आत्मनिष्ठता, असीमता, एकलता, गेयमाधुर्य, संक्षिप्तता, भावुकता, वैयक्तिकता, आत्मपरकता, अभिव्यक्तिमय निश्छलता, सहजाभिव्यक्ति, सम्बोधन, संक्षिप्तता इत्यादि जस्ता विशेषता रहेका हुन्छन्।

नेपाली गीतको फाँटमा भारतका प्रतिभाहरूको योगदान अत्यन्त उल्लेखनीय छ। चाहे गीत लेखन होस, चाहे संगीत पक्षमा वा गायनको क्षेत्र होस्, यहाँबाट ठुलो योगदान रहेको पाइन्छ। नेपाली गीतको प्रारम्भतिरका मित्रसेन थापा, बहादुरसिंह बराल देहरादूनका थिए। उनीहरूले गीतको माध्यमद्वारा नेपाली समाजको जागरण, धार्मिक सन्देश दिन्थे। नेपाली संगीतको अमर संगीतकार गोपाल योञ्जन, अम्वर गुरूङ, प्रकाश गुरूङ, दिव्य खालिङ, अरूणा लामा, दिलमाया़ खाती दार्जीलिङकै हुन्।

भारतमा नेली लेखनको इतिहास हेर्दा हालसम्म मोटामोटी रूपमा सय वर्षको समय तय गर्दैछ। सम् 1916 सालमा रेकर्डिङ भएको

**अरे राजा झम झम परेला**

**आना सेरको करेला**

**दुइ पैसा रामभेंडा**

अरे राजा एक एक आना चक्की (सन्दर्भ स्रोत- अजीत बस्नेत, नेपाली गीत-लेखन केही कुरा, दार्जीलिङको नेपालीभाषी समुदाय, नयाँ दिल्ली, साहित्य एकाडमी,2009) । त्यस सालदेखि आजसम्मको भारतमा लेखिएका नेपाली गीतलाई चार चरणमा विभाजन गर्न सकिन्छ-

1. पहिलो चरण - सन् 1916- सन् 1939 सम्म,

2. दोस्रो चरण- सन् 1940-सन् 1959 सम्म,

3. तेस्रो चरण - सन 1960 देखि 1979 सम्म

4. चौथो चरण – सन् 1980 यता

तेस्रो चरण लगभग सन् 1960 देखि अगमसिंह गिरी र हरिभक्त कटुवाल, अम्बर गुरूङ आदिको आगमन भएपछि नेपाली गीतलेखन क्षेत्रमा अर्कै रौनक आउँछ। सन् 1960 मा अगमसिंह गिरीको नौलाखे तारा उदाए भन्ने गीतले निकै चर्चित भएको थियो। यस चरणदेखि नेपाली गीत-लेखनका भाव-भावना, भाषिक सौन्दर्य, युग चेतना, लोकतत्व आदि निकै प्रवल रूपमा आउँछन्।यस चरणका केही प्रमुख गीतकारहरूमा हाँसे, चौदे, गीता चहार, हर्कबहादुर कुमाई, डोरोथी सितलिङ,

मनबहादुर सुन्दास, माया ठटाल, एस रविदास, गोपाल योञ्जन, गगन गुरूङ, पुरण गुरूङ,मनबहादुर गुरूङ, अगमसिंह गिरी, लक्खीदेवी सेवा, नवीन बरदेवा, जितेन्द्र बरदेवा, एस रविदास, एम बी सुन्दास, आई. के. सिंह, दलसिंह गहतराज, बी बी. मुखिया, गोविन्दसिंह घतानी, काजीसिंह विद्यार्थी, मनबहादुर मुखिया, , पी. अर्जुन, दलसिंह अकेला, नन्द हाङखिम, शंखमणि दास, जस योञ्जन प्यासी, सरोज कार्थक, नरबहादुर तोया मदन ओझा, चन्द्रमित लक्सम, शान्ति ठटाल, शशि ठटाल, प्रतापसिंह लोहार, केसाङ लामा, आई. के. सिंह सन्तवीर लकान्द्री, पासाङ बाङबल, गोपाल योञ्जन, ,बिसासन लामा, तेजेन्द्र गुरूङ, शरण प्रधान, नरदेन रूम्बा, चन्द्रकला नेवार, कृष्णनारायण प्रधान आदि हुन्। कवि भूपि शेरचनको समयका गायक तथा संगीतकार गोपाल योञ्जन, अम्बर गुरुङ, अरुणा लामा, तारादेवी, नातिकाजी दिवंगत भइसकेका छन् । गीतले धेरै कुरा बोकेको हुन्छ । राजनीतिमा, सभ्यतामा, समाजको सबै पाटामा प्रभाव पर्छ नि हो । उताको गीत संगीत कस्तो छ भनेर यताको, यताको हेरेर उताकाले आफ्नो नराम्रो सुधार्छ । राम्रोलाई लिन्छ । बिहे गरेर घर बसाउ भनेर सोच्ने समय निकाल्नै भुलेँ मैले सांगीतिक क्षेत्रमा लागेर । यही संगीतले सबै थोक दियो त्यतिमात्र हैन कि, त्यहाँको राजनीतिमा पनि संगीतको रोल हुन्छ । त्यसको उदाहरण अम्बर गुरुङले गाएको नौलाख तारा, सुनको तारा जस्ता गीत छन् । अम्मर गुरुङले गाएको अगमसिंह गिरीको रचनाको ै नौ लाख तारा बोलको गीतकै कारण अम्मर गुरुङले दार्जीलिङ छाडे त्योबेला । त्यो एउटा उदाहरण हो । त्यस्ता अनेकौं उदाहरण छन्, गीत संगीतले समाजलाई हाँकेको ।

अहिले गीत गाउन जाने पनि नजाने पनि हरेक एकजना गायक बन्न सक्छ । उति सारो साधनाको आवश्यकता पनि पर्दैन । रहर छ भने अहिलेको अहिल्यै रेकर्ड गर्न सक्छ । गीत हुन्थ्यो । गीतपछि कविता वाचन । धुन बीचबीचमा । फेरि गीत हुन्थ्यो । यति राम्रो हुन्थ्यो । त्यही क्षण मेरो जीवनको सबैभन्दा यादगार भएर रहेका छन् । मेरो त्यही रेकर्डिङलाई क्यान्टाटा भनिएको हो । कवि शेरचनले लेखेको **स्वदेश गान : यो नेपाली शीर उचाली** निकै प्रसिद्धि छ । उदाहरण -

**यो नेपाली शीर उचाली संसारमा लम्किन्छ**
**जुनकिरी झैं ज्योति बाली अन्धकारमा चम्किन्छ**

**चाहे झुकोस निलो आकास यो नेपाली झुक्दैन**
**चाहे रुकोस् चिसो बतास यो नेपाली रुक्दैन**
**एकातिर तराईको चारकोसे झाडी छ**
**अर्कोतिर उच्च शीर ठुल्ठुला पहाडी छ**

**जन्मे यहीं गौतम बुद्ध शान्तिका अग्रदूत**
**सगरमाथा बिजय गर्ने यही देशका हुन सपूत**

*शब्द– भूपि शेरचन*
*स्वर– प्रकाश श्रेष्ठ, लोचन भट्टराई, सपनाश्री, यम बराल*
*संगीत– नातीकाजी*
*एल्बम– गाउँछ गीत नेपाली*

गीत : सानै हुरीमा बैंशको सपना

**सानै हुरीमा बैंशको सपना**
**सिमलको भुवा झैँ उडी गयो**
**तिमि के गयौ खुशीले पनि**
**मलाई आँखा तरी गयो**
**सानै हुरीमा...**

**धेरै हाँसे साँच्ची नै रुनु पर्दोरहेछ**
**हाँसोलाई आँशुले धुनु पर्दोरहेछ**
**बिर्सुं भन्ने निस्थुरी बिर्सुं कसरि**
**पहिले नै टाढा टाढा हुनु पर्दोरहेछ**
**सानै हुरीमा...**
**बेदनाले ओंठ निलो भइ सक्यो अब त**
**आँखा पनि गिलो गिलो भइ सक्यो अब त**
**नरोउ भन्दैमा के रुक्थे यी मेरा आँशुहरु**
**सारै नै सारै ढिलो भइ सक्यो अब त**
**सानै हुरीमा...**

*शब्दः भूपी शेरचन*

*संगीतः गोपाल योन्जन*

*स्वरः नारायण गोपाल*

युगल गीत : मैले गाएको गीतमा

**मैले गाएको गीतमा तिम्रै हँसिलो मुहार छ**
**मैले लाएको प्रीतमा तिम्रै रसिलो प्यार छ**

**मेरो दिनको घाम हौ तिमि, मेरो रातको जून**
**मेरो अधरको गीत हौ तिमि, मेरो गीतको धून**
**मैले पाएको जीतमा तिम्रै जोशिलो पुकार छ**
**मैले लाएको....**
**मेरो यौवनको रुप हौ तिमि, मेरो रूपको शृंगार**
**मेरो यात्राको बास हौ तिमि, मेरो पथको आधार**
**मैले चाहेको निंदमा, तिम्रै सपनाको विचार छ**
**मैले लाएको....**

*शब्दः भूपी शेरचन*

*संगीतः नातिकाजी*

*स्वरः नारायण गोपाल र तारा देबी*

गीत : अल्झेछ क्यारे पछ्यौरी

**अल्झेछ क्यारे पछ्यौरी तिम्रो चियाको बुटामा 2**
**बल्झेछ क्यारे सुनको काँडा कलिलो खुट्टामा**
**अल्झेछ क्यारे पछ्यौरी तिम्रो चियाको बुटामा**

**आउँछ कि चेली भनेर आमा दोबाटो धाइथी 2**
**तीजमा पनि बिर्सेछ क्यारे गरिब माइती**
**सल्लाझैँ आमा सुसाइरहिन् 2**
**एकलै कोठामा – अल्झेछ क्यारे पछ्यौरी तिम्रो चियाको बुटामा**
**अल्झेछ क्यारे पछ्यौरी तिम्रो चियाको बुटामा**

**छोरीलाई आशिष् हाल्न पाइनन् अन्तिम कालैमा 2**
**भन्थे नि बाबाले आँशु झारी टीकाको थालीमा**
**त्यही आँशु टीका पठाइदिऊँ कि 2**
**प्रवासको पातैमा – अल्झेछ क्यारे पछ्यौरी तिम्रो चियाको बुटामा**
**अल्झेछ क्यारे पछ्यौरी तिम्रो चियाको बुटामा**

**भन्थे नि दाइले भाइटिकामा बहिनी फर्केला 2**
**क्षितिजमा जस्तै निधारमा हाम्रो इन्द्रेणी लर्केला**
**दिनभरि काग कराइरह्यो 2**
**बेलको ठुटामा – अल्झेछ क्यारे पछ्यौरी तिम्रो चियाको बुटामा**
**अल्झेछ क्यारे पछ्यौरी तिम्रो चियाको बुटामा**

**बल्झेछ क्यारे सुनको काँडा कलिलो खुट्टामा**
**अल्झेछ क्यारे पछ्यौरी तिम्रो चियाको बुटामा**

*शब्दः भूपि शेरचन*
*सङ्गीतः गोपाल योञ्जन*
*स्वरः नारायण गोपाल*

## 14.2.3 नाटककारको रूपमा

भूपिको साहित्यतिर अभिरूचि 2006 सालबाटै देखिए पनि उनको पहिलो प्रकाशित रचना/कृति भने 'परिवर्तन' (2010) नाटक हो । भूपिको साहित्यतिर अभिरूचि 2006 सालबाटै देखिए पनि उनको पहिलो प्रकाशित रचना कृति भने 'परिवर्तन' (2010) नाटक हो ।

वि.सं. 2010 मा प्रकाशित 'परिवर्तन' नाटकका भूमिकामा "साहित्यप्रति अभिरूचि चार वर्ष अघिदेखि नै जनजीवनको अनुभूतिबाट सर्वहाराजीमा हुन गयो" भन्ने वाक्य लेखिएको छ । यस आधारमा उनको साहित्यिक यात्रा 2006 सालबाटै भएको बुझिन्छ ।

## 14.2.4 अन्य क्षेत्रको रूपमा

कवि भूपि शेरचन एक दक्ष सम्पादक, अनुवादक र फुटकर कृतिका लेखक पनि हुन् । उनले **कविता** त्रैमासिक- सम्पादन, **प्रज्ञा** त्रैमासिक - सम्पादन साथै विभिन्न पत्र- पत्रिकामा लेख, कविता प्रकाशित गराएका छन् ।

## 14.3 भूपि शेरचनका रचनाहरू

10 पुस 1992 मा मुस्ताङको थाक टुकुचेको सम्पन्न थकाली परिवारमा जन्मिएका उनी करिब साढे तीन दशक साहित्य सिर्जनामा सक्रिय रहे । उनी साढे तीन दशक जति साहित्य सिर्जनामा सक्रिय रहे । 30 को दशकपछि सिर्जनशीलताका दृष्टिले उनी त्यति सक्रिय र उर्वर देखिन्नन् । उनका वि. सं. 2010 मा 'परिवर्तन' (नाटक), वि. सं. 2011 मा 'नयाँ झ्याउरे' कविता संग्रह, वि. सं. 2012 मा 'निर्झर' (कविता संग्रह), वि. सं. 2027 मा 'घुम्ने मेचमाथि अन्धो मान्छे' (कविता संग्रह) र वि. सं. 2057 मा 'भूपि शेरचनका कविता' (कविता संग्रह) गरी पाँचवटा कृतिहरू प्रकाशित छन् ।

कविताको क्षेत्रमा कवि भूपिलाई कृति **धुम्ने मेचमाथि अन्धो मान्छे**ले चिनाएको हो । आधुनिक नेपाली गद्य कवितामा भूपि सर्वाधिक लोकप्रिय कवि हुन् ।

## 14.4 भूपि शेरचनका रचनाहरूको संरचना पाइने विशेषता

नेपालमा अहिले कविता सबैभन्दा उर्वर छ । बजारमा उपन्यासको दबदबा होला, यो बेग्लै कुरा हो । नयाँ पुस्ताले, खासगरी सीमान्तकृत संस्कृति भएका समुदायले आफ्ना मिथ र संस्कृतिका बिम्बलाई प्रवेश गराएर कविताका स्वर र स्वरूपलाई मात्र नयाँपन दिएका छैनन्, नेपाली भाषालाई नै समृद्ध बनाएका छन् । तथापि, गोपालप्रसाद रिमाल, भूपी शेरचन र देवकोटाका केही गद्य कविताको शिखरलाई अहिले पनि हामीले छुन सकेका छैनौं । रिमाल र भूपीको चेतनास्तर त कता हो कता अझै हाम्रा लागि अगम्य जस्तै छ । नयाँ त तब पो नयाँ जब उसले पुरानालाई जित्छ । कवितासम्बन्धी मेरो धारणा कतिलाई नपच्ला तर नेपाली साहित्यको नयाँ पुस्ताका लागि यो पन्छाउनै नमिल्ने चुनौती हो ।

एकताका नेपाली साहित्य तथा संगीतको केन्द्र दार्जिलिङ र पेरिफेरी चाहिँ काठमाडौं भएजस्तो लाग्थ्यो ।दार्जिलिङका इन्द्रबहादुर राईसँग मिलेर

यताबाट गएका ईश्वर वल्लभ तथा वैरागी काइँलाले साहित्यमा तेस्रोआयाममार्फत तहल्का मच्चाएका थिए । नेपाली समुदायको अस्मिताको आवाज उराल्ने अगमसिंह गिरीको 'नौ लाख तारा उदाए' गाएर अम्बर गुरुङ दार्जिलिङबाटै नेपालमा प्रसिद्ध भइसकेका थिए । पछि नेपाल आएर गुरुङ, अरुणा लामा, गोपाल योञ्जन, जशयोञ्जन प्यासी, रञ्जित गजमेर आदिले संगीत तथा गायनमा अनि प्रताप सुब्बा, तुलसी घिमिरे, निरुता सिंहलगायतले सिनेमामा योगदान गरे । अब नेपाली साहित्य र कलाका केन्द्र दार्जिलिङ नभई काठमाडौं नै हुन थालेको छ तथापि भारतीय नेपालीका तर्फबाट राजा पुनियानी, लेखनाथ क्षेत्री, मनोज बोगटी, नीमा शेर्पा, भूपेन्द्र सुब्बालगायतका रचना र हस्तक्षेप अभियानले काठमाडौंलाई तरंगित पारिरहेको छ ।

कवि तथा प्रगतिवादी गायक संगीत श्रोताको विचारमा संसारभरिकै नेपाली भाषी समुदाय काठमाडौंतर्फ ढल्कनुको अर्थ पनि यही हो । यहीँबाट लहर वा ट्रेन्ड अन्ततिर फैलन थालेको छ । यहाँ बर्तोल्त ब्रेख्त, ल्यांग्स्टन ह्युज, धुमिल वा गोपालप्रसाद रिमाल, भूपी शेरचनका लिगेसी बोक्ने कविकै कविता बढी प्रभावशाली छन् । संघर्षशील र चेतनाका कविताले नेपालमा सबैभन्दा प्रस्ट र साकार रूप लिएको देख्न सकिन्छ । अन्य विधामा पनि झन्डै त्यही स्थिति छ । सांस्कृतिक निजताको संरक्षण र पैरवीको आवाज उराल्ने, पिछडिएका समुदाय, क्षेत्र, वर्ग, दलित, मधेसी, जनजातिका अधिकारका कुरा स्थानीयताको रङसहित आउँदा नेपाली कविताको भाषा अझ तिख्खर हुँदैछ । बजारका हिसाबले यहाँ सबैभन्दा बढी उपन्यास र आत्मकथाको माग देखिन्छ । अतः थुप्रै कविहरू रातारात हिट हुने लालसामा उपन्यास लेखनतिर लहसिन थालेका छन् । 'तर, यो एउटा छाल हो, लामो समय टिक्लाजस्तो मलाई लाग्दैन', संगीतको कथनमा हाम्रो पनि सहमति थियो।

नेपाल बाहिर नेपाल नेपाली मूलका मानिस संसारमा जहाँ-जहाँ छन्, त्यहाँ नेपाली भाषाकै आधारमा छुट्टै उपराष्ट्रियता बनिरहेको छ । ताजा उदाहरण दार्जिलिङ क्षेत्रमा देख्न सकिन्छ । नेपालमा हरेक जात, समुदाय, क्षेत्र र वर्गका सांस्कृतिक निजता र अधिकारका पक्षमा आन्दोलन चलिरहँदा ती क्षेत्रमा नेपाली भाषाले नै नेपाली मूलका सबै जाति र समुदायका मानिसलाई एउटै मालामा उनेको छ । नेपाली भाषाकै आधारमा गोर्खाल्यान्डको माग गर्दै दार्जिलिङ क्षेत्र

105 दिन बन्द भयो । नेपाली भाषा बोलेकै कारण भुटानबाट त्यत्रा नेपाली खेदिए र पूर्वी नेपालमा शरणार्थी भएर शिविरमा बस्न बाध्य भए ।

नेपाली भाषी समुदायको बसोबास भए पनि अन्य देशमा जिब्रो फट्कारेर नेपाली बोल्न पनि नपाइने स्थिति छ । देहरादुनवासी साहित्यकार भूपेन्द्र अधिकारीका अनुसार, भानुभक्त आचार्यकै परिचय पनि गलत किसिमले दिने गरिएको छ । आसाममा भने नेपाली भाषाको साहित्य भाषिक तथा जातीय अस्मितामा बढी केन्द्रित छ । 'त्यहाँ अन्य भाषाका लेखकले पनि नेपालीमा लेखेका छन्', आसामका लेखक रुद्र बरालले भने, 'स्थिति जति प्रतिकूल भए पनि नेपाली भाषीहरू उत्साहसाथ लेखिरहेका छन् ।' अल इन्डिया रेडियोकी समाचारवाचक तथा कवि उषाकिरण सत्यदर्शीले नेपाली भाषीको पहिचान आन्दोलन, गोर्खाल्यान्डबारे दार्जिलिङ, खर्साङतिरका बौद्धिक समाज मौन रहने गरेको उल्लेख गर्दा मलाई पनि हाम्रा बुद्धिजीवीहरूको भारदारी प्रवृत्तिले रन्थन्यायो ।

## 14.5 भूपि शेरचनका रचनाहरूको शैलीमा पाइने विशेषता

आरम्भमा माक्र्सवादी दर्शनबाट डोरिएका भूपि शेरचन आधुनिक नेपाली कविताका दोस्रो प्रहरका प्रखर प्रतिभा थिए । केही समय उनी कम्युनिस्ट राजनीतिमा पनि सक्रिय रहे । 20 को दशकको अन्त्यसम्मका उनका कविता मूलतः प्रगतिशील चेतनाबाट डोरिएका छन् । त्यसपछिका कवितामा उनका पूर्ववर्ती कवितामा पाइने विशेषताहरू क्रमशः कमजोर बन्दै गएका छन् । उनमा निराशा, विसंगतिबोध र कुण्ठाको विकास आरम्भ गरेको पाइन्छ । उनमा आएको यो परिवर्तन विचाराधारात्मक परिवर्तनसँग जोडिएको छ । दुईवटा ‘क’ अर्थात् ‘कम्युनिस्ट’ र ‘कवि’ भएर बिग्रिएँ भन्ने उनको कथन यसैसँग सम्बन्धित छ । उनको लेखकीय जीवनको उत्तराद्र्ध लेखनका दृष्टिले त्यति महत्वपूर्ण हुन नसक्नुमा यसले पनि काम गरेको छ । 016 देखि 025 सम्मको अवधिमा लेखिएका भूपिका कविता सर्वाधिक शक्तिशाली छन् । यस अवधिका केही कवितालाई छाडिदिने हो भने उनका समग्र कवितामा प्रगतिशील चेतना पाइन्छ । यही चेतनाको सशक्त कलात्मक अभिव्यक्ति उनको सबैभन्दा महत्वपूर्ण विशेषता हो ।

भूपि नेपाली कवितामा विकसित आधुनिकतावादी धाराका विरुद्ध संघर्ष गर्दै आफ्नो कविता लेखनलाई उचाइ प्रदान गरेका स्रष्टा हुन् । 016 पछि आधुनिक नेपाली कवितामा आधुनिकतावादी दृष्टिकोण र प्रवृत्तिको विकास भएको थियो । पश्चिममा आधुनिकतावादको जन्म प्रयोगपरक एवं अम्बागार्द प्रवृत्तिका रूपमा भएको पाइन्छ । आधुनिक नेपाली कवितामा पाइने प्रतीकवादी, अतियथार्थवादी, विसंगतिवादी, शून्यवादी आदि दृष्टिकोण र प्रवृत्तिहरू आधुनिकतावादका दृष्टान्त हुन् । यस्ता कवितामा अन्तर्वस्तुका रूपमा विसंगति, कुण्ठा, निराशा, अराजकता, विद्रोह, पलायन आदि आएका छन् भने प्रयोग, अमूर्तता, क्लिष्टता, जटिलता, अबोधगम्यता कविताका शिल्पगत विशेषता रहेका छन् । कवितामा आधुनिकतावादी स्वर र शैली बलियो हुँदै गरेका वेला भूपिले सरल, सरस, कलात्मक, सम्प्रेष्य र सामाजिक सरोकारका गम्भीर कविता रचना गरेर कवितालाई एक नयाँ रूप र दिशा प्रदान गरेका थिए । भूपि नेपाली कवितामा गोपालप्रसाद रिमालबाट आरम्भ भएको कविता परम्परालाई अघि बढाउने उल्लेखनीय व्यक्तित्व हुन् ।

भूपिको कविता लेखनका बारेमा आधुनिकतावादीबाट तिखा टिप्पणी पनि भएका छन् । उनका कवितालाई नारा, प्रचारमुखी र कलाविहीन भनेर पनि आलोचना गरिएको छ । यो आलोचना सिर्जनाका क्षेत्रमा चल्ने वैचारिक संघर्षकै एक अंग थियो । यो कला, कलाको प्रयोजन र भूमिकालाई हेर्ने भिन्न दृष्टिकोण बीचको संघर्ष थियो । आधुनिकतावादी प्रवृत्ति फस्टाउँदै र बलियो हुँदै गरेको समयमा भूपिले जसरी कवितालाई आफ्नो समयको यथार्थसँग जोडेर त्यसलाई प्रखर अभिव्यक्ति दिए, त्यो निकै महत्वपूर्ण छ । उनका कविताको सामथ्र्य पनि उनीमाथि प्रहारको एक प्रमुख कारण थियो । आफ्नो समयलाई भूपिले जति सशक्त अभिव्यक्ति उनका समकालीन अरू कसैले दिएका छैनन् । कवितामा आफ्नो समयको यथार्थको अंकनका दृष्टिले उनी श्रेष्ठ कवि हुन् । उनका कवितामा यथार्थको कलात्मक प्रतिविम्बन आलोचनात्मक चेतनासहित भएको छ । भूपिले 'कवि हुनु' शीर्षक कवितामा कवि हुनुलाई परिभाषित गर्दै 'कवि हुनु, अँध्यारो कोठामा प्रकाश ल्याउन बिजुलीका नांगा तारहरूलाई छुनु हो' भनेका छन् । उनले आफ्ना कवितामार्फत यही गरेका छन् । उनले साहसपूर्वक जसरी आफ्नो समयको कुरूप यथार्थको उद्घाटन गरेका छन्, त्यो बिजुलीका नांगा

तारहरूलाई छोएसमान छ । कविमा रहेको उज्यालोको भोक यस साहसको मूल आधार रहेको पाइन्छ ।

भूपिले कविता पाठकबाट टाढिन र अलोकप्रिय बन्न आरम्भ गरेको वेला कवितालाई लोकप्रिय बनाए र यसको नैसर्गिक स्वभावलाई अझ सबल बनाउन महत्वपूर्ण भूमिका सम्पादन गरे । कविताको नैसर्गिक स्वभावले आममानिस, उनीहरूको संवेदना, व्यवहार, भाषा, अनुभव, स्वप्न, संघर्ष आदिसँग कविताको गहिरो सम्बन्धलाई बुझाउँछ । कविता आफ्नो कठिन यात्रामा यही विशेषताका कारण लोकप्रिय रहँदै आएको छ । आफ्नो यात्राको प्रारम्भिक चरणमा मानिसको हृदयलाई स्पर्श गर्ने दृष्टिले कवितामा पाइने असाधारण क्षमता यसैसँग सम्बन्धित छ । आफ्नो नैसर्गिक स्वभावलाई गुमाउँदै कविता आममानिससँग टाढिदै जानु र अमूर्त, क्लिष्ट र जटिल बन्नु कविता अलोकप्रिय बन्नुको एक महत्वपूर्ण कारण हो । आममानिससँग कविताको सम्बन्ध र संवादका सन्दर्भमा भूपि सधैँ गम्भीर रहेका पाइन्छन् । यो गम्भीरता एक कविका रूपमा उनको सफलताको महत्वपूर्ण आधार हो ।

भूपिले कवितालाई मानिसको मुक्तिधर्मी संघर्षसँग जोडेर त्यसलाई शक्तिशाली एवं लोकप्रिय बनाएका थिए । भूपिले 'जसरी हिमाल पग्लिँदा निर्मल खोलाको जन्म हुन्छ, त्यसरी नै कवि पग्लिँदा कविताको जन्म हुन्छ' भनेका छन् । भूपिको कथन कवितालाई सार्थक संवाद बनाउने कुरासँग सम्बन्धित छ । उनले कवि संवेदना र विचारका तहमा समाजसँग जोडिनुपर्ने कुरामा जोड दिएका छन् । कविको हृदयको पग्लाइ जीवन र जगत्का गम्भीर सरोकारसँग सम्बन्धित हुनुपर्छ भन्ने उनको दृष्टिकोण थियो । उनी कवितालाई आममानिस, उनीहरूका स्वप्न र संघर्षसँग जोडेर मात्र शक्तिशाली संवादका रूपमा प्रस्तुत गर्न सकिन्छ भन्थे । उनका कविताको लोकप्रियता यसको दृष्टान्त हो । उनका कविता आफ्नो समयसँग सशक्त संवादका नमुना हुन् । उनका कविताले हामीलाई कवितालाई एकालाप वा स्वागत कथन हुनबाट बचाउनुपर्छ मात्र भन्दैनन्, यसको भाषालाई धारिलो बनाउनुपर्छ पनि भन्छन् । कवितालाई आममानिसको भाषा बनाउन सक्दा नै यसलाई जीवित राख्न सकिन्छ भन्ने सन्देश उनका कविताले दिन्छन् । भूपिका कविताले कठिन बाटोमा हिँड्न ऊर्जा मात्र प्रदान गर्दैनन्, दृष्टि पनि प्रदान गर्छन् ।

## 14.6 उपसंहार

भूपिको काव्य संवेदना नेपाली काव्यसाहित्यको ऊध्र्वगामी धाराबाट निर्मित छ र यो आफ्नो माटोसँग गहिरो गरी जोडिएको छ । भूपिको काव्यसंवेदनाको चर्चा गर्दा प्रसिद्ध रुसी कवयित्री आख्मातोबाबारे अर्का प्रसिद्ध रुसी कवि ओसिप मान्देलस्तामले गरेको टिप्पणीको सम्झना हुन्छ । मान्देलस्तामले आख्मातोवाको काव्यसंवेदनाका जराहरू उन्नाइसौँ शताब्दीको यथार्थवादी रुसी साहित्यसँग जोडिएको उल्लेख गरेका छन् । यसको केन्द्रमा तोल्सतोय, गोगोल, चेखब र दोस्तोयवस्कीहरू थिए । भूपिको काव्यसंवेदनाको निर्माण नेपाली काव्य परम्परा, आफ्नो माटो, त्यसका सुख–दुःख, स्वप्न–संघर्षबाट भएकाले उनका कविताले आफ्नो समयलाई सजीव अभिव्यक्ति दिएका हुन् । संवेदनाको निर्माण कविको विश्वदृष्टिसँग जोडिन्छ । काव्यदृष्टि विश्वदृष्टिसँग गाँसिन्छ । काव्यदृष्टि कविता र त्यसको सिर्जनाका सम्बन्धमा कविको दृष्टिकोण हो ।

भूपि वि. सं. 2012 मा वैवाहिक बन्धनमा बाँधिएको पाइन्छ । यसै ताका भद्र अवज्ञा आन्दोलनमा भाग लिँदा उनी जेलमा समेत परेका थिए । वि. सं. 2026 मा उनले दोस्रो विवाह गरे । वि. सं. 2026 मै उनको “घुम्ने मेचमाथि अन्धो मान्छे”ले साझा पुरस्कार जित्यो । यसपछि भूपिका फुटकर रूपमा फाट्टफुट्ट कविता र अन्य रचना पत्रपत्रिकामा प्रकाशित भए पनि कृति भने प्रकाशनमा आएको पाइँदैन । वि.सं. 2030 तिर उनी चर्कि बिरामी परेका र बिरामीबाट तङ्ग्रिएपछि दम र मधुमेहको रोगसित लड्दै साहित्यिक संसारमा क्रियाशील भएका थिए ।

भूपि वि .सं. 2036 मा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका सदस्य बनेका थिए । प्रज्ञा प्रतिष्ठानको कुर्ची पदबाट भूपि सन्तुष्ट भने देखिँदैनन् । उनी “घुम्ने मेचमाथि पुगेपछि म आधा अन्धो मान्छेचाहिँ भएँ” भनी यसप्रति असन्तुष्टि व्यक्त गर्छन् । आठ सन्तानका पिता र दुई पत्नीका पति भूपि सङ्गीत, क्रिकेटमा रूचि राख्थे । वि. सं. 2046 जेठ 1 गते 54 वर्षको उमेरमा उनको निधन भएको हो ।

## 14.7 सार

यस प्रखण्डमा **भूपि शेरचनको विशेष साहित्यिक योगदान र उनका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषता**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- विक्रम सम्वत् 1992 साल पुस 10 गते जन्मिएका भूपि शेरचन नेपाली कविताको मानक कवि मानिन्छन् ।
- भूपिको काव्य संवेदना नेपाली काव्यसाहित्यको ऊध्र्वगामी धाराबाट निर्मित छ र यो आफ्नो माटोसँग गहिरो गरी जोडिएको छ ।
- भूपिको काव्यसंवेदनाको चर्चा गर्दा प्रसिद्ध रुसी कवयित्री आख्मातोबाबारे अर्का प्रसिद्ध रुसी कवि ओसिप मान्देलस्तामले गरेको टिप्पणीको सम्झना हुन्छ ।
- मान्देलस्तामले आख्मातोवाको काव्यसंवेदनाका जराहरू उन्नाइसौँ शाताब्दीको यथार्थवादी रुसी साहित्यसँग जोडिएको उल्लेख गरेका छन् । यसको केन्द्रमा तोल्सतोय, गोगोल, चेखब र दोस्तोयवस्कीहरू थिए ।
- भूपिको काव्यसंवेदनाको निर्माण नेपाली काव्य परम्परा, आफ्नो माटो, त्यसका सुख–दुःख, स्वप्न–संघर्षबाट भएकाले उनका कविताले आफ्नो समयलाई सजीव अभिव्यक्ति दिएका हुन् ।
- संवेदनाको निर्माण कविको विश्वदृष्टिसँग जोडिन्छ । काव्यदृष्टि विश्वदृष्टिसँग गाँसिन्छ । काव्यदृष्टि कविता र त्यसको सिर्जनाका सम्बन्धमा कविको दृष्टिकोण हो ।
- कवि भूपि शेरचनको नयाँ झ्याउने, निर्झर, परिवर्तन आदि कृतिहरू मध्ये ‘घुम्ने मेचमाथि अन्धो मान्छे’ कविता संग्रहलाई नेपाली कवितामा विशिष्ट मानिन्छ । भूपिले सो कृतिबाट 2026 सालको साझा पुरस्कार समेत पाएका थिए ।
- भूपिका कवितामा हिमाली पाखाका लाली गुराँस र धूपिसल्ला, पहाडका लालुपाते र सुनाखरी, तराईका चाँप र धानका बालामा मात्र नभई चियाका बोटमा नेपाली पिरती घनीभूत हुँदा कवितात्मक सौन्दर्यले मन तान्छ ।

- भैरहवाको तातो हावामा लाहुरेको गन्ध सुघ्दा, चिसो ऐस्ट्रेरूपी काठमाडौंको रानीपोखरीमा बल्छी खेल्ने जिन्दगी हेर्दा, पोखरामा सेतीको गुम्फनभित्र माछा पुच्छे र फेवातालको गर्वमा राष्ट्रियता पढ्दा कहाँ भूपिलाई बिर्सन सकिन्दैन ।

- हामी सामाजिक हुन नसक्दाका बेथितिलाई कवि शेरचन कविताका जलपले चम्काउँछन् ।

- त्यसैले केही क्षण मान्छेले बिर्से पनि उनले दिएका कवितात्मक (साहित्यिक) खुराकमा साहित्यिक माटाले उनलाई बिर्सने छैन ।

- कवि भूपि साहित्यिक माटामा आफ्नो युग बनाएर हुर्किसकेका छन् । उनका कविता र गीतका माध्यमले नेपाली साहित्यका क्षेत्रमा उनी शिखर कविका रूपमा चम्किरहने छन् भन्न सकिन्छ ।

- भूपिले कवितामा आफ्नो युग बनाएका छन् । उनले बनाएको युगमा उनले हुर्काएको सरलता, सरसता र सहजता, व्यङ्ग्य र अलङ्कारको घोलबाट जीवनका यथार्थ जसरी जीवन्त छन्

- त्यसरी नै भूपि पनि नेपाली भाषा, जाति र कविताका माटामा जिउँदा र अमर बनेका छन् ।

- नेपाली साहित्यका चर्चित गीतहरू लेख्ने कविहरू अगमसिंह गिरी, हिरभक्त कटुवाल मध्ये कवि भूपि शेरचनको नाउँ पनि अग्रिम पंक्तिमा आउँछ । उनी ‘यो नेपाली शिर उचाली संसारमा लम्कन्छौँ ’ लेखेर निकै नामी कवि भएका थिए । लोकप्रिय कवि भएका थिए ।

यस प्रखण्डको अध्ययनले **भूपि शेरचनको विशेष साहित्यिक योगदान र उनका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषता**बारे बुनियाँदी जानकारी प्राप्त भयो । यस अतिरिक्त भूपि शेरचनको साहित्यिक परिचय र उनका साहित्यिक योदगान सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 14.8 अनुशीलनी

1. कवि भूपि शेरचनको जीवनबारे चर्चा गर्दै उनको साहित्यिक योगदानबारे सविस्तार चर्चा गर्नुहोस् ।

2. कवि भूपि शेरचनका कवितामा पाइने प्रमुख विशेषताबारे टिप्प्णी गर्नुहोस् ।

3. भारतेली नेपाली साहित्यमा कवि भूपि शेरचनको महत्त्व र मूल्य के कस्तो रहेको छ ? बताउनुहोस् ।

4. कवि भूपि शेरचनका कविताहरूबारे सबिस्तार रूपमा चर्चा गर्दै उनलाई प्रसिद्ध कविको रूपमा चिनाउनुहोस् ।

5. कवि भूपि शेरचनका कविताहरूमा पाइने काव्यकारितालाई विस्तृत रूपमा प्रस्तुत गर्नुहोस् ।

6. भूपि शेरचनका रचनाहरूमा शैली पक्ष कस्तो रहेको मानिन्छ ? आफ्नो तर्क दिनुहोस् ।

7. कवि भूपि शेरचनलाई एक दक्ष गीतकारको रूपमा चिनाउँदै उनका गीतहरूबारे चर्चा गर्नुहोस्।

8. कवि भूपि शेरचनको साहित्यिक योगदानबारे एउटा टिप्पणी लेख्नुहोस् ।

9 कवि भूपि शेरचनका कृतिगत संरटनाबारे लेख लयार पार्नुहोस् ।

10. कवि भूपि शेरचनलाई कथाकार र सम्पादकको रूपमा चिनाउँदै उनको साहित्यको वैशिष्ठबारे आफ्नो मनतव्य लेख्नुहोस् ।

## 14.9 अतिरिक्त अध्ययन

६. प्रधान, कृष्णचन्द्रसिंह - **साझा समालोचना** ।

1. प्रधान, प्रतापचन्द्र - **केही कृति केही स्मृति** ।

2 ,प्रधान .हृदयचन्द्रसिंह - नेपाली काव्य र उसका प्रतिनिधि कवि ।

3 .श्रेष्ठ, मोहनराज र दयाराम शर्मा - **नेपाली साहित्यको संक्षिप्त इतिहास** ।

4. लुइटेल, खगेन्द्रप्रसाद - **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** ।

5. आले, हरेन - **नव आधुनिक नेपाली कविता** ।

6 .सुन्दास, लक्खीदेवी (सम्पा) - **सम्मेलन कविता सङ्ग्रह** ।

7. ठकुरी , मोहन - **नेपाली कविता यात्रा** ।

8. राई, असीत - **भारतीय नेपाली साहित्यको इतिहास** ।

9. ठाकुर, मोहन - **स्वतन्त्रतोत्तर नेपाली कविता** ।

10. रिसाल, राममणि - **नेपाली काव्य र कवि** ।

11. श्रेष्ठ, रमेश - **नेपाली कविताको प्रवृत्ति** ।

12. शर्मा, तारानाथ – **नेपाली साहित्यको इतिहास** ।

13. जिम्बा, टेकध्वज आशा – **आधुनिक भारतीय कविता संचयन** ।

14. नेपाल, घनश्याम - **नेपाली साहित्यको परिच्यात्मक इतिहास** ।

15. प्रधान, कृष्णचन्द्रसिंह - **नेपाली कविताको आधुनिक प्रवृत्ति** ।

16. नवपानीया, हरिभक्त – **नेपाल बाहिर नेपाली साहित्यको गतिविधि** ।

17. अधिकारी, रविलाल - **प्रगतिवादी नेपाली कविता** ।

18. कुँवर, उत्तम - **स्रष्टा र साहित्य** ।

19. चापागाई, नरेन्द्र - **केही सृष्टि : केही दृष्टि** ।

20. त्रिपाठी, वासुदेव - **नेपाली कविताको सिंहावलोकन** ।

21. प्रधानाङ्ग, विकासमान (2047), (संयोजक) - **भूपि स्मृति ग्रन्थ** ।

22. बराल, कृष्णहरि - **कवि भूपि विश्लेषण र मूल्याङ्कन** ।

23. रिमाल 'यात्री' बासु - **केही साहित्यिक चिन्तनहरू** ।

24. शर्मा, तारानाथ - 'हुँदैन बिहान मिर्मिरमा तारा झरेर नगए', गरिमा, (वर्ष 7, अङ्क 6 ।

25. शर्मा, सुकुम (2053) 'रूपरेखा, रक्सी र भूपि' प्रयोग, वर्ष 1 अङ्क 8 ।

26. …… (2054) 'भूपिका कवितामा चित्रात्मक प्रयोग' वन्दना, वर्ष 16 अङ्क 3 । …… (2055) 'भूपिले कवितामा उतारेको पोखरालाई अवलोकन गर्दा' उदय, वर्ष 61 अङ्क 2 ।

27. …… (2055) 'भूपिको यो हल्लै हल्लाको देश हो भन्ने कवितालाई खोतल्दा' साहित्यसागर, वर्ष 1 अङ्क 1 ।

28. …… (2056) 'भूपिको 'भूपि शेरचन' कवितालाई खोतल्दा' समष्टि, वर्ष 20, अङ्क 5 । …… (2056) 'कवि भूपि शेरचनको जीवनीको छोटो झलक' साहित्यसागर, वर्ष 2 अङ्क 1, पूर्णाङ्क 4 ।

29. …… (2056) 'गलत लाग्छ मलाई मेरो देशको इतिहास' आजको समाचारपत्र,।

…… (2058) 'कवि भूपिका आँखामा नेपाल र नेपालीहरू' प्रतिभा, वर्ष 7 अङ्क 5 ।

यस अतिरिक्त **भूपि शेरचन**बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 14.10 मूल्यबृद्धिको निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस्** –

३१. कवि भूपि शेरचनको साहित्यिक योगदान ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 14.4 को खण्डमा उत्तर खोज्न सक्नेछन्)**

३२. भूपि शेरचन कवि र गीतकारको रूपमा ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 14.3.1 र 14.3.2 को खण्डमा उत्तर खोज्न सक्नेछन्)**

३३. भूपि शेरचन नाटककार र अन्य व्यक्तित्वको रूपमा ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 14.3.3 र 14.4.4 को खण्डमा उत्तर खोज्न सक्नेछन्)**

३४. भूपि शेरचनका रचनामा संरचना विशेषता ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 14.5 को खण्ड अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

३५. भूपि शेरचनका रचनामा शैली विशेषता ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 14.6 को खण्ड अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**